# आर्थिक सर्वेक्षण

## आर्थिक वर्ष
## २०६०/६१

श्री ५ को सरकार
अर्थ मन्त्रालय
२०६१

# प्राक्कथन

आर्थिक वर्ष २०६०/६१ को आय व्ययको सार्वजनिक जानकारी (बजेट) को कार्यान्वयनबाट देशको अर्थतन्त्रका विभिन्न क्षेत्रहरुमा हासिल गरिएका महत्वपूर्ण उपलब्धि र परिवर्तनहरुको समीक्षात्मक विश्लेषण समावेश भएको आर्थिक सर्वेक्षण २०६०/६१ सार्वजनिक जानकारीका लागि प्रस्तुत गरेको छु। प्रस्तुत आर्थिक सर्वेक्षणले मुख्यतः आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा हासिल गरिएका समष्टिगत आर्थिक गतिविधिका परिसूचकहरुको विश्लेषण तथा आर्थिक वर्ष २०५९/६० मा देशको आर्थिक क्षेत्रमा देखिएका यथार्थ गतिविधि र उपलब्धिहरुको विस्तृत समीक्षा प्रस्तुत गरेको छ। यसका अन्य केही विशेषताहरु यसप्रकार छन् :

- यथार्थ कुल गार्हस्थ्य उत्पादन र प्रमुख खाद्यान्न तथा नगदेबाली उत्पादनसंग सम्बन्धित तथ्यांक एवं सूचनाहरु २०५१/५२ लाई आधार वर्ष मानी प्रस्तुत गरिएको, आर्थिक कियाकलापका विविध गतिविधि तथा तथ्याङ्कीय विश्लेषणलाई यथासम्भव अद्यावधिक गरिएको र उपलब्धताका आधारमा थप तथ्याङ्कहरु समेत समावेश गर्ने प्रयास गरिएको छ।

- प्रस्तुत आर्थिक सर्वेक्षणलाई सरल, विवेचनात्मक, सूचनामूलक तथा वस्तुगत बनाउनुका साथै सर्वेक्षणको परिधिलाई विस्तृत बनाउने उद्देश्यले संभव र उपलब्ध भएसम्मका आर्थिक क्षेत्रका गतिविधि तथा जानकारीलाई समेट्ने प्रयास गरिएको छ।

- विगत एक वर्षको अवधिमा श्री ५ को सरकार तथा सम्बन्धित निकायहरुबाट लिइएका सार्वजनिक महत्वका नीतिगत निर्णयहरुलाई समेत संक्षिप्त रुपमा प्राथमिकताका साथ प्रस्तुत गरिएको छ।

- परिवर्तित बाह्य तथा आन्तरिक परिस्थितिका सन्दर्भमा अर्थतन्त्रका विविध क्षेत्रहरुमा देखिएका चुनौतीहरुलाई क्षेत्रगत रुपमै समेट्ने प्रयास गरिएको छ।

प्रस्तुत आर्थिक सर्वेक्षण नेपालको अर्थतन्त्रका विविध क्षेत्रहरुको विकासका प्रवृत्ति एवं विद्यमान नीतिगत एवं संरचनागत चुनौतीहरुबारे जानकारी लिन अभिरुचि राख्ने समस्त बुद्धिजीवी, पेशाविद्, अर्थशास्त्री, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, उद्योगपति, व्यापारी एवं सर्वसाधारण जनताका लागि सूचनामूलक एवं उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

यस आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न अर्थ मन्त्रालय तथा नेपाल राष्ट्र बैंकका सबै सम्बद्ध अधिकृत तथा कर्मचारीहरु र समयमै आवश्यक तथ्याङ्क एवं सूचना उपलब्ध गराई सदा झैं सहयोग पुऱ्याउने सम्बन्धित सम्पूर्ण निकायहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

आषाढ, २०६१

**भरतमोहन अधिकारी**
**उप-प्रधानमन्त्री तथा अर्थ मन्त्री**

## विषय–सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | अन्तर्राष्ट्रिय र राष्ट्रिय आर्थिक गतिविधि | १ |
| २. | सार्वजनिक वित्त | १६ |
| ३. | मूल्य तथा आपूर्ति स्थिति | ३५ |
| ४. | मुद्रा, बैंकिङ्ग तथा कर्जा | ४५ |
| ५. | मुद्रा तथा पूँजी बजार | ८१ |
| ६. | वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति | ९० |
| ७. | गरिबी निवारण र रोजगारी | १०३ |
| ८. | कृषि | ११८ |
| ९. | उद्योग, पर्यटन तथा सरकारी संस्थान | १३० |
| १०. | ऊर्जा, वन तथा वातावरण | १४६ |
| ११. | यातायात तथा संचार | १६० |
| १२. | सामाजिक सेवा | १७१ |

# चार्ट–सूची


| चार्ट नं. | विषय | पृष्ठ |
|---|---|---|
| १(क) | कुल गार्हस्थ्य उत्पादन (२०५१/५२ को मूल्यमा) | ९ |
| १(ख) | कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | ११ |
| १(ग) | लगानी, पूँजी निर्माण र बचत | १३ |
| २(क) | सरकारी राजस्व, खर्च तथा न्यून वित्त | १९ |
| २(ख) | कुल विकास खर्च, सामाजिक सेवा र शिक्षा | २१ |
| २(ग) | स्वीकृत वैदेशिक सहायता र उपयोग | २६ |
| २(घ) | सरकारी ऋणपत्र र ट्रेजरी विलको स्वामित्वको विवरण | २८ |
| २(ङ) | सरकारी न्यून वित्त तथा वैदेशिक ऋण र आन्तरिक ऋण | ३२ |
| ३(क) | राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकाङ्क | ३९ |
| ४(क) | मुद्रा प्रदायलाई असर पार्ने कारकहरु | ६४ |
| ४(ख) | मुद्रा प्रदायको बृद्धिदर | ६६ |
| ४(ग) | वाणिज्य बैंकहरुको कर्जा तथा लगानी र निक्षेप | ६८ |
| ४(घ) | नेपाल औद्योगिक विकास निगमको कर्जा विवरण | ७१ |
| ४(ङ) | कृषि विकास बैंकको कर्जा विवरण | ७३ |
| ४(च) | कर्मचारी सञ्चयकोषको कर्जा विवरण | ७५ |
| ४(छ) | कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम र कर्मचारी सञ्चयकोषको कुल कर्जा विवरण | ७७ |
| ५(क) | चुक्ता मूल्य तथा कारोवार रकम | ८३ |
| ५(ख) | नेप्से सूचकाङ्क | ८३ |
| ५(ग) | निष्काशन स्वीकृति | ८४ |
| ५(घ) | बजार पूँजीकरण मूल्य | ८४ |
| ६(क) | वैदेशिक व्यापार | ९४ |
| ६(ख) | बैंकिंङ्ग प्रणालीमा रहेको विदेशी विनिमय संचिति | १०० |
| ८(क) | खाद्यान्न बालीको  सूचकाङ्क | १२० |
| ८(ख) | नगदे बालीको सूचकाङ्क | १२२ |
| ९(क) | औद्योगिक उत्पादनको सूचकाङ्क | १३२ |
| ९(ख) | पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा | १४० |
| १०(क) | विद्युत् उत्पादन तथा खपत | १५२ |
| ११(क) | सडक सुविधाको विस्तार | १६१ |
| ११(ख) | टेलिफोन सुविधा विस्तार | १६७ |

| | | |
|---|---|---|
| १२(क) | सार्वजनिक विद्यालयहरुको संख्या | १७५ |
| १२(ख) | विद्यालयहरुको क्षेत्रगत विवरण | १७७ |
| १२(ग) | विद्यार्थी भर्ना संख्या | १७९ |
| १२(घ) | स्वास्थ्य सेवाको विस्तार | १८५ |
| १२(ङ) | स्वास्थ्य सुविधाको विस्तार | १८७ |

## विषय तालिका–सूची


| तालिका नं. | विषय | पृष्ठ |
|---|---|---|
| १(क) | विश्वको आर्थिक वृद्धिदर (प्रतिशतमा) | २ |
| १(ख) | विश्व व्यापार (वार्षिक प्रतिशत परिवर्तन) | ३ |
| १(ग) | विश्वको मूल्य स्थिति (वार्षिक प्रतिशत परिवर्तन) | ३ |
| १(घ) | कुल गार्हस्थ्य उत्पादन (वार्षिक प्रतिशत परिवर्तन) | ४ |
| १(ङ) | आर्थिक गतिविधिका प्रमुख परिसूचकहरु | ६ |
| २(क) | सरकारी खर्च र राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात (प्रचलित उत्पादक मूल्यमा) | १६ |
| २(ख) | विकास खर्च र सोको पूर्ति गर्ने स्रोत | १७ |
| २(ग) | प्राथमिक र वित्तीय घाटा | ३१ |
| ३(क) | शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क (प्रतिशत परिवर्तन) | ३५ |
| ३(ख) | शहरी क्षेत्रको विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क (प्रतिशत परिवर्तन) | ३८ |
| ३(ग) | राष्ट्रिय थोक मूल्य सूचकाङ्क (प्रतिशत परिवर्तन) | ४१ |
| ४(क) | ग्रामीण विकास बैंकहरुको कियाकलाप (२०६० पौष मसान्त) | ७४ |
| ५(क) | प्राथमिक बजारको प्रवृत्ति | ८१ |
| ५(ख) | दोस्रो बजार कारोबार | ८२ |
| ७(क) | गरिवी निवारणका लक्ष्य | ११२ |
| ७(ख) | देशगत वैदेशिक रोजगारी | ११५ |
| ८(क) | कृषि उत्पादनको उत्पादकत्व | १२३ |
| ९(क) | आर्थिक वर्ष २०५९/६० मा वैदेशिक लगानीका लागि स्वीकृति दिइएका उद्योगहरु | १३३ |
| ९(ख) | आर्थिक वर्ष २०६०/६१ मा वैदेशिक लगानीका लागि स्वीकृति दिइएका उद्योगहरु | १३४ |
| ९(ग) | देशगत रुपमा वैदेशिक लगानी | १३४ |
| ९(घ) | निजीकरण गरिएका संस्थानहरुको विवरण | १४३ |
| ११(क) | नेपालमा उपलब्ध सडक सुविधा | १६० |
| ११(ख) | सवारी साधनहरुको संख्या | १६२ |
| ११(ग) | टेलिफोन सेवा (एक्सचेञ्ज) विस्तार | १६८ |
| १२(क) | विद्यालय, विद्यार्थी र शिक्षक अनुपात | १७४ |
| १२(ख) | विद्यार्थी/शिक्षक अनुपात, २०६०/६१ | १७६ |
| १२(ग) | शैक्षिक सत्र २०६०/६१ सम्म सम्बन्धनप्राप्त विद्यालयहरु | १७८ |

| | | |
|---|---|---|
| १२(घ) | शैक्षिक सत्र २०५०/५१ देखि २०६०/६१ सम्म कक्षा ११ र १२ को परीक्षामा उपस्थित विद्यार्थी संख्या | १७८ |
| १२(ङ) | भौगोलिक अवस्थितिका आधारमा शैक्षिक सत्र २०६०/६१ सम्म सम्बन्धनप्राप्त विद्यालयहरु | १८० |
| १२(च) | त्रिभुवन विश्वविद्यालय प्राविधिक क्षेत्रका अध्ययन संस्थानहरुको उत्पादन विवरण | १८१ |
| १२(छ) | विद्यावारिधि उत्पादन विवरण | १८२ |

## मञ्जूषा–सूची


| मञ्जूषा नं. | विषय | पृष्ठ |
|---|---|---|
| २(१) | नेपाल विकास मञ्च, २०६१ | २३ |
| २(२) | समष्टिगत आर्थिक संरचनात्मक विश्लेषण | २९ |
| ४(१) | आर्थिक वर्ष २०६०/६१ को मौद्रिक नीति तथा कार्यक्रम | ४५ |
| ४(२) | अनिवार्य नगद मौज्दात अनुपातमा गरिएको परिवर्तन (प्रतिशत) | ४९ |
| ४(३) | प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह हुनुपर्ने कर्जा | ५१ |
| ४(४) | नेपाल राष्ट्र बैंकको पुनर्संरचनागत सुधार | ५२ |
| ४(५) | गरिवी निवारण तथा आर्थिक वृद्धिका लागि सहुलियतपूर्ण ऋण (PRGF) | ५३ |
| ४(६) | वाणिज्य बैंक स्थापना सम्वन्धी नीति एवं नियमन तथा निर्देशनमा परिमार्जन | ५४ |
| ४(७) | बैंक तथा वित्तीय संस्था सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश, २०६० | ५७ |
| ४(८) | बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजीको आधारमा वर्गीकरण र अन्य व्यवस्था | ५९ |
| ६(१) | विश्व व्यापार संगठनमा नेपालको सदस्यता | ९१ |
| ६(२) | नेपाल व्यापार तथा प्रतिस्पर्धात्मकता अध्ययन | ९५ |
| ६(३) | शोधनान्तर तथ्यांक प्रस्तुतीकरण ढाँचा (format) मा परिमार्जन | ९८ |
| ७(१) | गरिवी निवारणका लागि सहुलियतपूर्ण ऋण सुविधा कार्यक्रम (PRSC) | १०५ |
| ८(१) | सिंचाइ नीति, २०६० | १२६ |
| ९(१) | पर्यटन क्षेत्रमा भएका केही गतिविधिहरु | १३८ |

# ACRONYMS USED

| | |
|---|---|
| ACC | Area Control Centre |
| ADB | Asian Development Bank |
| AOC | Air Operator Certificate |
| ASA | Air Services Agreement |
| BIMST-EC | Bangladesh, India, Myanmar, Sri-Lanka and Thailand - Economic Co-operation |
| BOOT | Build, Own, Operate and Transfer |
| CAD | Cash Against Document |
| CAMELS | Capital, Assets, Management, Earnings, Liquidity and Sensitivity |
| CBR | Community Based Rehabilitation |
| CCTV | Close Circuit Television |
| CEDAW | Convention on the Elimination of All Forms of Discrimination Against Women |
| CFG | Corporate and Financial Government |
| CNS/ATM | Communication, Navigation, Surveillance / Air Traffic Management |
| CVOR/DME | Conventional Very High Frequency Omni Directional Radio Range/Distance Measuring Equipment |
| DOLIDAR | Department of Local Infrastructure of Agriculture Road |
| DSNG | Digital Satellite News Gathering |
| DVOR/DME | Doppler Very High Frequency Omni Directional Radio Range /Distance Measuring Equipment |
| EMARSSH | Europe, Middle East / Asia Route Structure South of the Himalayas |
| FM | Frequency Modulation |
| GATT | General Agreement on Tariffs and Trade |
| GDP | Gross Domestic Product |
| GMPCS | Global Mobile Personal Communication System |
| GNP | Gross National Product |
| GNSS | Global Navigation Satellite System |
| GPS | Global Positioning System |
| HDI | Human Development Index |
| HEI | Human Empowerment Index |

| | |
|---|---|
| IAS | International Accounting Standards |
| IATA | International Air Transport Association |
| ICAO | International Civil Aviation Organisation |
| IDA | International Development Association |
| IGT | Inter-generational Transmission |
| ILO | International Labor Organisation |
| L/C | Letter of Credit |
| MDGs | Millennium Development Goals |
| MGEP | Mainstreaming Gender Empowerment Program |
| MTEF | Medium Term Expenditure Framework |
| NARC | Nepal Agriculture Research Council |
| NDF | Nepal Development Forum |
| NTV | Nepal Television |
| OPEC | Organisation of Petroleum Export Countries |
| PET | Public Expenditure Tracking |
| PMAS | Poverty Monitoring Analysis System |
| PMIS | Poverty Monitoring Information System |
| PRGF | Poverty Reduction Growth Facility |
| PRSC | Poverty Reduction Support Credit |
| PRSP | Poverty Reduction Strategy Paper |
| RCAG | Remote Control Air Ground |
| SAFTA | South Asian Free Trade Area |
| SARS | Severe Acute Respiratory Syndrome |
| SITC | Standard International Trade Classification |
| SMD | Strengthen Maintenance Division |
| SSB | Single Side Band |
| STOL | Short Take-off and Landing |
| UNFPA | United Nations Fund for Population Activity |
| VHF | Very High Frequency |
| V-SAT | Very Small Appredore Terminal |
| WLL | Wire Less Loop |

# १. अन्तर्राष्ट्रिय र राष्ट्रिय आर्थिक गतिविधि

## अन्तर्राष्ट्रिय आर्थिक गतिविधि

१.१. विश्व अर्थव्यवस्थामा देखा परेका विभिन्न प्रतिकूल कारणहरुबाट विश्वव्यापी रुपमा उत्पन्न नकारात्मक प्रभावले गर्दा विश्वको आर्थिक वृद्धिदर सन् २००१ मा २.३ प्रतिशतमा सीमित रह्यो । यसपछि वस्तु तथा सेवाको व्यापारमा आएको सुधार र समग्र आर्थिक व्यवस्थापनमा भएको दक्षता अभिवृद्धिको प्रयासको फलस्वरुप विश्वको आर्थिक क्रियाकलापमा सुधार आई सन् २००२ मा विश्वको आर्थिक वृद्धिदर ३.० प्रतिशत पुग्यो । विगतका प्रतिकूल गैर-आर्थिक घटनाहरु जस्तै सेप्टेम्वर ११, २००१ मा संयुक्त राज्य अमेरिकामा भएको आतंककारी हमला तथा अधिकांश एशियाली मुलुकहरुमा फैलिएको श्वास-प्रश्वास सम्वन्धी संक्रामक रोग (SARS) समेतका कारणले अल्प अवधिमा मात्र नभै मध्यम अवधिमा समेत विश्वासको संकट र आर्थिक शिथिलता सिर्जना भएको थियो । तर मुख्य रुपमा संयुक्त राज्य अमेरिका र पूर्वी एशियाली मुलुकहरुले वित्तीय तथा मौद्रिक क्षेत्रमा अपनाएका विस्तारकारी नीतिको परिणामस्वरुप विश्व अर्थतन्त्रको गतिशीलता पुनर्स्थापित हुन सकेको हो । स्मरणीय छ, विस्तारकारी नीतिहरुको प्रभावकारी संचालनमा संयुक्त राज्य अमेरिकाले सफलता पाउनुमा त्यहाँको सुदृढ वित्त व्यवस्थाका साथै मौद्रिक विस्तारको यथेष्ट सम्भावनाले समेत भूमिका खेलेको छ । फलस्वरुप, सन् २००३ मा विश्वको आर्थिक वृद्धिदर ३.९ प्रतिशतले वृद्धि भएको छ ।

१.२ यद्यपि भू-राजनीतिक जोखिमका साथै आतङ्ककारी हमला र तेलको मूल्य जस्ता अनिश्चितताका विषयहरु संवेदनशील सवालकै रुपमा रहेका छन्, तापनि विश्वको बढ्दो औद्योगिक उत्पादन, केही हदसम्म उपभोक्ताहरुमा बढ्दो विश्वास, विश्व व्यापारमा तीव्र वृद्धि, वित्तीय बजारमा देखिएको गतिशीलता, संयुक्त राज्य अमेरिका र एशियाका ठूला एवं उदीयमान आर्थिक शक्ति राष्ट्रहरुको आर्थिक वृद्धिदरमा उत्साहप्रद प्रगति आदि जस्ता कारणहरुले विश्व अर्थतन्त्रको जोखिम सन्तुलनमा उल्लेख्य सुधार देखिएको छ । यसै परिप्रेक्ष्यमा, अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २००४ को लागि विश्वको आर्थिक वृद्धिदर ४.६ प्रतिशत पुग्ने प्रक्षेपण गर्दै यसलाई विगत एक दशकको अवधिमा विश्व अर्थतन्त्रले सर्वाधिक गतिशीलता हासिल गरेको जनाएको छ । त्यसैगरी, सन् २००५ मा विश्वको आर्थिक क्रियाकलाप सुधार कार्यक्रमले निरन्तरता पाउने अनुमानको आधारमा आर्थिक वृद्धिदर ४.४ प्रतिशत हुने प्रक्षेपण पनि कोषले गरेको छ । यस सन्दर्भमा हेर्दा, विश्व अर्थतन्त्रमा सन्तुलन स्थापना गर्ने विषय, उदाहरणार्थ, संयुक्त राज्य अमेरिकाको ठूलो चालु खाता घाटा र अन्य सबैजसो मुलुकहरुको चालु खाता बचत, धेरैजसो औद्योगिक र बजारमुखी अर्थतन्त्रमा मध्यमकालीन रुपमा देखिएको समस्यामूलक वित्तीय स्थिति, उच्च ब्याजदर तर्फको संक्रमणको व्यवस्थापन आदि, विश्वसामु चुनौती र जोखिमका रुपमा रहेका छन् । तसर्थ, विश्व अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने नीति निर्माणकर्ताहरुले सुधारको क्रमलाई दिगो राख्नुका साथै, विश्व आर्थिक असंतुलनलाई विश्वसनीय र सहकार्यको शैलीबाट समाधान गर्न र अनपेक्षित झट्काहरु (shocks) बाट बच्न सक्ने नीतिगत सोंच राख्नुपर्ने प्रष्टै देखिन्छ ।

विकसित र विकासोन्मुख मुलुकहरुले सुधारको यो स्थितिबाट लाभ उठाउँदै संरचनात्मक सुधारद्वारा आर्थिक वृद्धिदरमा निरन्तरता दिई लचिलो नीति अवलम्वनद्वारा संरक्षणवादी चापलाई थेग्नेतर्फ आर्थिक नीति लक्षित गर्नुपर्ने देखिन्छ ।

१.३ एशियाली विकासोन्मुख मुलुकहरुको आर्थिक वृद्धिदर सन् २००३ मा ७.८ प्रतिशत रहेकोमा अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २००४ मा ७.४ प्रतिशत र सन् २००५ मा ७.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ । दक्षिण एशियामा आर्थिक वृद्धिदर सन् २००३ मा ७.० प्रतिशत रहेकोमा सन् २००४ र सन् २००५ मा क्रमशः ६.५ प्रतिशत र ६.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । नेपालका छिमेकी मुलुकहरुमध्ये भारत र चीनमा सन् २००३ मा क्रमशः ७.४ प्रतिशत र ९.१ प्रतिशतको आर्थिक वृद्धिदर रह्यो । यसरी भारत र चीनले उल्लेख्य आर्थिक वृद्धिदर हासिल गर्नमा अन्य कुराका अतिरिक्त भारतमा मौसमी अनुकूलता एवं न्यून आन्तरिक व्याजदरलाई, र चीनमा, लगानीमा भएको अत्यधिक वृद्धि र निर्यात व्यापारमा भएको उल्लेख्य विस्तारलाई प्रमुख कारणका रुपमा लिइएको छ । भारतमा सन् २००४ र सन् २००५ मा आर्थिक वृद्धिदर क्रमशः ६.८ प्रतिशत र ६.० प्रतिशत हुने र चीनमा ती वर्षहरुमा क्रमशः ८.५ प्रतिशत र ८.० प्रतिशतको आर्थिक वृद्धिदर हुने प्रक्षेपण छ ।

**तालिका १(क) : विश्वको आर्थिक वृद्धिदर**

**(प्रतिशतमा)**

| | २००१ | २००२ | २००३ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००४ | २००५ |
| विश्वको उत्पादन | २.३ | ३.० | ३.९ | ४.६ | ४.४ |
| विकसित अर्थतन्त्रहरु | ०.९ | १.७ | २.१ | ३.५ | ३.१ |
| प्रमुख विकसित अर्थतन्त्रहरु* | १.१ | १.४ | १.७ | २.९ | २.६ |
| अन्य विकसित अर्थतन्त्रहरु | १.६ | २.८ | १.९ | ३.२ | ३.५ |
| विकासोन्मुख मुलुकहरु | ३.९ | ४.६ | ६.१ | ६.० | ५.९ |
| विकासोन्मुख एशिया | ५.७ | ६.४ | ७.८ | ७.४ | ७.० |
| आसियान-४** | २.६ | ४.३ | ५.० | ५.४ | ५.४ |
| चीन | ७.३ | ८.० | ९.१ | ८.५ | ८.० |
| दक्षिण एशिया*** | ४.१ | ४.६ | ७.० | ६.५ | ६.० |
| बंगलादेश | ५.३ | ४.९ | ५.४ | ५.८ | ६.३ |
| भारत | ४.२ | ४.७ | ७.४ | ६.८ | ६.० |
| पाकिस्तान | ३.६ | ४.४ | ५.५ | ५.४ | ५.७ |

* *संयुक्त राज्य अमेरिका, जापान, जर्मनी, फ्रान्स, संयुक्त अधिराज्य र क्यानडा ।*

** *इण्डोनेशिया, मलेशिया, फिलिपिन्स र थाइल्याण्ड ।*

*** *बंगलादेश, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंका ।*

*स्रोतः वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्टन डि.सी., अप्रिल २००४, पृ. ३ र ३३ ।*

१.४ विश्वको व्यापार आयतन (trade volume) अर्थात् वस्तु तथा सेवाको आयात र निर्यात व्यापार सन् २००१ मा ऋणात्मक रहेकोमा विश्वको आर्थिक गतिविधिमा देखिएको क्रमिक सुधारले सन् २००२ मा त्यस्तो व्यापार आयतनमा ३.१ प्रतिशतले वृद्धि भयो । सन् २००३ मा विश्वको व्यापार आयतनमा अघिल्लो वर्षको तुलनामा थप १.४ प्रतिशत विन्दुले सुधार भई ४.५ प्रतिशतले वृद्धि भयो । विकासोन्मुख मुलुकहरुको तुलनामा विकसित मुलुकहरुको व्यापारमा बढी संकुचन देखिएको छ । अन्तर्राष्ट्रिय मुद्रा

कोषले सन् २००४ र सन् २००५ को निम्ति विश्वको व्यापार आयतन क्रमशः ६.८ प्रतिशत र ६.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ ।

**तालिका १(ख) : विश्व व्यापार**

**(वार्षिक प्रतिशत परिवर्तन)**

| | २००१ | २००२ | २००३ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००४ | २००५ |
| विश्वको व्यापार आयतन (वस्तु र सेवा) | -०.१ | ३.१ | ४.५ | ६.८ | ६.६ |
| आयात | | | | | |
| विकसित मुलुकहरु | -१.१ | २.३ | ३.५ | ५.७ | ५.४ |
| विकासोन्मुख मुलुकहरु | २.२ | ६.२ | ८.९ | १०.२ | ९.४ |
| निर्यात | | | | | |
| विकसित मुलुकहरु | -१.० | १.९ | २.७ | ६.३ | ६.१ |
| विकासोन्मुख मुलुकहरु | ३.३ | ६.५ | ८.७ | ८.१ | ८.७ |

*स्रोत : वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्टन डि.सी., अप्रिल २००४, पृ. ३ ।*

१.५ सन् २००३ मा उपभोक्ता मूल्य वृद्धिदर विकसित मुलुकहरुमा १.८ प्रतिशत, विकासोन्मुख मुलुकहरुमा ६.१ प्रतिशत र दक्षिण एशियामा ३.९ प्रतिशत रह्यो । यो मूल्य वृद्धि सन् २००४ मा विकसित मुलुकहरुमा १.७ प्रतिशत, विकासोन्मुख मुलुकहरुमा ५.७ प्रतिशत र दक्षिण एशियामा ४.४ प्रतिशत रहने प्रक्षेपण छ । त्यसैगरी सन् २००५ मा उपर्युक्त समूहका मुलुकहरुमा क्रमशः १.७ प्रतिशत, ५.० प्रतिशत र ४.१ प्रतिशतले मूल्य वृद्धि हुने पूर्वानुमान गरिएको छ । भारतको मूल्य वृद्धिदर सन् २००३ मा ३.८ प्रतिशत रहेकोमा सन् २००४ मा ४.३ प्रतिशत र सन् २००५ मा ४.१ प्रतिशतले हुने प्रक्षेपण रहेको छ । त्यस्तै, चीनको मूल्य वृद्धिदर सन् २००३ मा १.२ प्रतिशत रहेकोमा सन् २००४ मा ३.५ प्रतिशत र सन् २००५ मा ३.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।

**तालिका १(ग) : विश्वको मूल्य स्थिति**

**(वार्षिक प्रतिशत परिवर्तन)**

| | २००१ | २००२ | २००३ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००४ | २००५ |
| तेल (oil) * | -१३.० | २.५ | १५.८ | ३.८ | -१०.० |
| गैर-ऊर्जा (non-fuel) वस्तुहरु | -५.४ | ०.५ | ७.१ | ७.६ | -०.८ |
| उपभोक्ता मूल्य | | | | | |
| विकसित अर्थतन्त्रहरु | २.२ | १.५ | १.८ | १.७ | १.७ |
| विकासोन्मुख मुलुकहरु | ५.८ | ६.० | ६.१ | ५.७ | ५.० |
| आसियन - ४ ** | ६.६ | ५.८ | ३.९ | ३.७ | ३.३ |
| चीन | ०.७ | -०.८ | १.२ | ३.५ | ३.० |
| दक्षिण एशिया ** | ३.८ | ४.२ | ३.९ | ४.४ | ४.१ |
| बंगलादेश | १.६ | ३.८ | ४.९ | ५.१ | ३.५ |
| भारत | ३.८ | ४.३ | ३.८ | ४.३ | ४.१ |
| पाकिस्तान | ३.१ | २.९ | ३.६ | ४.० | ४.० |

** संयुक्त अधिराज्यको ब्रेन्ट, दुवइ र पश्चिम टेक्सासको कच्चा तेलको औसत मूल्य ।*

*** तालिका १(क) मा उल्लेख भए अनुरुप ।*

*स्रोत : वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्टन डि.सी., अप्रिल २००४, पृ.३ र ३३ ।*

## राष्ट्रिय समष्टिगत आर्थिक स्थिति

१.६ आर्थिक वर्ष २०६०/६१ शान्ति-सुरक्षाको दृष्टिकोणबाट असहज नै रहेतापनि आर्थिक वर्ष २०५९/६० को तुलनामा समष्टिगत आर्थिक परिसूचकका दृष्टिले सुधारोन्मुख देखिएको छ । सो आर्थिक वर्षमा, विगत वर्षहरुमा चालिएका नीतिगत तथा संस्थागत सुधारका साथै आर्थिक सुधारका विभिन्न कार्यक्रमहरु, कानूनी सुधार, विश्व व्यापार संगठन (WTO) मा सदस्यता, गरिवी निवारणका लागि प्राप्त हुने ऋण सहायता (PRSC), गरिवी निवारण तथा आर्थिक वृद्धिका लागि सहुलियतपूर्ण ऋण (PRGF), नेपाल विकास मञ्च (NDF) को वैठक आदिको कार्यान्वयनमा क्रमिक सफलता हासिल गर्नमा श्री ५ को सरकारको प्रयत्न सार्थक रह्यो । विगत केही वर्षदेखि बढ्दै गएका हिंसा र आतङ्कका घटनाका कारण सृजित समस्यालाई राजनीतिक ढंगबाट संवादको माध्यमद्वारा शान्तिपूर्ण रुपमा समाधान गर्नु नै श्री ५ को सरकारको प्रमुख कार्यसूची रहे पनि दिगो र स्थायी शान्ति-सुरक्षा पुनर्वहालीको कार्यले पूर्ण सफलता पाउन भने सकेन । परन्तु, समग्रमा आर्थिक वर्ष २०५९/६० को आर्थिक क्रियाकलाप एवं आर्थिक वृद्धिदरको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा सुधार आएको अनुमान छ ।

**तालिका : १(घ) : कूल गार्हस्थ्य उत्पादन**

**(बार्षिक प्रतिशत परिवर्तन)**+

| उद्योग | | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०५८/५९ | २०५९/६०* | २०६०/६१** |
| १ | कृषि, मत्स्यपालन तथा वन | २.२ | २.५ | ३.७ |
| २ | खानी | १.६ | १.९ | २.५ |
| ३ | उत्पादन उद्योग | -१०.० | २.० | २.५ |
| ४ | विद्यूत, ग्यास तथा पानी | १२.८ | ७.५ | ७.६ |
| ५ | निर्माण | १.१ | १.७ | ०.३ |
| ६ | व्यापार, रेष्टूरां तथा होटल | -१०.१ | ४.१ | ५.८ |
| ७ | यातायात, संचार तथा भण्डार | १.६ | ३.९ | ५.६ |
| ८ | वित्त तथा घर जग्गा | ३.३ | २.८ | २.८ |
| ९ | सामूदायिक तथा सामाजिक सेवाहरु | १.७ | २.४ | ३.१ |
| | ***कृषि गार्हस्थ्य उत्पादन*** | **२.२** | **२.५** | **३.७** |
| | ***गैर-कृषि गार्हस्थ्य उत्पादन*** | **-१.९** | **२.९** | **३.३** |
| **१०** | **कूल गार्हस्थ्य उत्पादन (साधनको लागतमा)** | **-०.३** | **२.७** | **३.५** |
| ११ | बैंकिंग सेवा शुल्क (-) | ३.० | ४.१ | -१.७ |
| **१२** | **कूल गार्हस्थ्य उत्पादन** | **-०.४** | **२.७** | **३.६** |
| १३ | खुद अप्रत्यक्ष कर (+) | -२.८ | ८.३ | ५.० |
| **१४** | **कूल गार्हस्थ्य उत्पादन (उत्पादक मुल्यमा)** | **-०.६** | **३.१** | **३.७** |

*+ २०५१/५२ को मूल्यमा*
** संशोधित अनुमान*
*** प्रारम्भिक अनुमान*
*स्रोत : केन्द्रीय तथ्यांक विभाग ।*

१.७ आर्थिक वर्ष २०५९/६० मा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन (साधनको लागत–factor cost) स्थिर मूल्यमा २.५ प्रतिशतले र गैर-कृषि क्षेत्रको उत्पादन २.९ प्रतिशतले बढी बैंक सेवा शुल्क (bank service charges) घटाएपछिको कुल गार्हस्थ्य उत्पादन २.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादन क्रमशः ३.७ प्रतिशत र ३.३ प्रतिशतले वृद्धि भई समग्रमा आर्थिक वृद्धि ३.६ प्रतिशतले हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०५९/६० को न्यून आर्थिक वृद्धिदरलाई आधार मान्दा आर्थिक वर्ष २०६०/६१ को वृद्धिदर ४.३-४.५ प्रतिशत रहनुपर्ने अपेक्षा गरिएको भएतापनि आन्तरिक एवं बाह्य घटनाहरुको प्रतिकूल प्रभावबाट अर्थतन्त्र अझै पनि पूर्णतया मुक्त भई नसकेकोले मौसमको अनुकूलता र श्री ५ को सरकारले अवलम्बन गरेको विभिन्न नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट आर्थिक वृद्धिदर उक्त तहमा पुग्न सकेको हो । अर्थतन्त्रमा देखिएका विभिन्न आर्थिक गतिविधिका प्रमुख परिसूचकहरु तालिका १(ङ) मा प्रस्तुत गरिएको छ ।

१.८ कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत स्रोत अनुसारको प्रवृत्ति विश्लेषण गर्दा कृषि तथा गैर कृषि दुवै क्षेत्रको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०५९/६० मा भन्दा आर्थिक वर्ष २०६०/६१ मा बढी दरले बढेको छ । आर्थिक वर्ष २०५९/६० मा २.५ प्रतिशत रहेको कृषि क्षेत्रको वृद्धिदर आर्थिक वर्ष २०६०/६१ मा ३.७ प्रतिशतले वृद्धि भएको छ । यसरी कृषि क्षेत्रको आर्थिक वृद्धिदर उच्च रहनुको कारण जौ, उखु, सुर्ति, जुट र फलफूलको उत्पादन घट्न गएतापनि धान, आलु, माछा आदिको उत्पादनमा उल्लेख्य वृद्धि हुनुका साथै अन्य बालीहरुको उत्पादनमा सामान्य वृद्धि हुनु रहेको छ। आर्थिक वर्ष २०६०/६१ को उपक्षेत्रगत आर्थिक वृद्धिदरमा सर्वाधिक अंश विद्युत्, ग्याँस तथा पानीको रहन गएको छ जसको वृद्धिदर ७.६ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०५९/६० मा पनि यो वृद्धिदर ७.५ प्रतिशतको उच्च दरले बढेको थियो । आर्थिक वर्ष २०५९/६० मा यस उपक्षेत्रमा उल्लेख्य वृद्धिदर हासिल हुनुमा काली गण्डकी “ए” पूर्ण क्षमतामा संचालन हुनुको योगदान थियो भने आर्थिक वर्ष २०६०/६१ मा पिलुवा खोला (३ मेगावाट) र चिलिमे (२० मेगावाट) जस्ता आयोजनाहरुबाट थप विद्युत् उत्पादन हुनु प्रमुख कारण रहेको छ । आर्थिक वर्ष २०५९/६० मा व्यापार, रेष्टुरेन्ट तथा होटल उपक्षेत्रको वृद्धिदर ४.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा कृषिजन्य वस्तुहरुको उत्पादनमा सकारात्मक वृद्धि, पर्यटक आगमनको संख्यामा उल्लेख्य वृद्धि र आयातित तथा स्वदेशी वस्तुहरुको आपूर्तिमा वृद्धि भएका कारण यस उपक्षेत्रको गार्हस्थ्य उत्पादन ५.८ प्रतिशतको उल्लेख्य दरले बढ्ने अनुमान छ । त्यसैगरी आर्थिक वर्ष २०५९/६० मा ३.९ प्रतिशतको वृद्धिदर रहेको यातायात, संचार तथा भण्डारण उपक्षेत्रमा आर्थिक वर्ष २०६०/६१ मा ५.६ प्रतिशतको वृद्धिदर रहने अनुमान छ । यसो हुनुमा दूर संचार क्षेत्रमा निजी क्षेत्रको सहभागिता र नेपाल दूर संचार संस्थानको सेवा विस्तार आदि प्रमुख कारण रहेका छन् ।

१.९ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा सरकारी खर्चमा भएको वृद्धि संगसंगै विकास खर्चमा भएको उल्लेख्य वृद्धिका कारण सामुदायिक तथा सामाजिक क्षेत्रमा आर्थिक वर्ष २०५९/६० को २.४ प्रतिशतको वृद्धिको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा सो वृद्धिदर ३.१ प्रतिशत रहने अनुमान छ । तुलनात्मक रुपमा शहरी क्षेत्रमा शान्ति सुरक्षाको अवस्था राम्रो हुनु,

## तालिका १ (ङ) आर्थिक गतिविधिका प्रमुख परिसूचकहरु◎

| क.स. | विवरण | इकाई | आर्थिक वर्ष | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१* |
| १ | कुल गार्हस्थ्य उत्पादन (२०५१/५२ को उत्पादक मूल्यमा) घ | वार्षिक % परिवर्तन | ३.३ | ५.३ | ५.३ | २.९ | ४.५ | ६.१ | ५.५ | -०.६ | ३.१ | ३.७ |
| २ | **कुल गार्हस्थ्य उत्पादन क** | ,, | २.७ | ५.४ | ४.८ | ३.३ | ४.५ | ६.१ | ४.७ | -०.३ | २.७ | ३.५ |
| | - कृषि | ,, | -०.९ | ३.७ | ४.२ | ०.८ | २.८ | ४.९ | ५.५ | २.२ | २.५ | ३.७ |
| | - गैर-कृषि | ,, | ५.१ | ६.५ | ५.२ | ४.७ | ५.३ | ६.८ | ४.३ | -१.९ | २.९ | ३.३ |
| ३ | कुल गार्हस्थ्य उत्पादन (प्रचलित उत्पादक मूल्यमा) | ,, | १०.० | १३.६ | १२.७ | ७.२ | १३.७ | १०.९ | ८.२ | २.८ | ७.७ | ८.८ |
| ४ | **कुल गार्हस्थ्य उत्पादन ख** | ,, | ९.६ | १४.० | १२.६ | ७.५ | १३.९ | ११.० | ७.५ | ३.१ | ७.४ | ८.५ |
| | - कृषि | ,, | ६.२ | १३.२ | १२.३ | ३.४ | १७.७ | ९.६ | ४.१ | ६.० | ६.८ | ७.२ |
| | - गैर-कृषि | ,, | १२.१ | १४.५ | १२.८ | १०.३ | ११.५ | ११.९ | ९.७ | १.२ | ७.७ | ९.३ |
| ५ | कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) | ,, | १०.३ | १२.७ | १२.९ | ७.६ | १५.० | ११.२ | ८.७ | ३.२ | ६.९ | ७.८ |
| ६ | **प्रमुख कृषि बाली उत्पादन ग** | ,, | - | ४.२ | ४.३ | ०.८ | २.८ | ४.९ | ४.३ | २.४ | २.३ | ३.७ |
| | - खाद्यान्न बाली | ,, | - | १६.१ | ०.७ | ०.६ | २.० | ७.९ | २.८ | ०.७ | १.२ | ५.५ |
| | - नगदे बाली | ,, | - | ७.७ | ४.७ | -२.३ | १३.९ | ६.५ | ९.१ | ७.६ | १.९ | ५.२ |
| ७ | प्रमुख औद्योगिक वस्तु उत्पादन (२०४३/४४=१००) | ,, | ९.२ | ९.७ | ३.० | ३७.६ | १४.६ | ६.१ | ६.३ | २.० | -७.१ | २.८ |
| ८ | **कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकांक ग** | ,, | ६.७ | ७.९ | ७.२ | ४.० | ८.९ | ४.६ | २.६ | ३.४ | ४.५ | ४.८ |
| | - कृषि | ,, | ७.२ | ९.१ | ७.६ | २.५ | १४.४ | ४.५ | -१.३ | ३.७ | ४.२ | ३.३ |
| | - गैर-कृषि | ,, | ६.३ | ७.६ | ६.५ | ५.० | ५.५ | ४.७ | ५.२ | ३.२ | ४.७ | ५.८ |
| ९ | राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकाङ्क, वार्षिक औसत (२०५२/५३=१००) | ,, | ७.७ | ८.१ | ८.१ | ८.४ | ११.४ | ३.५ | २.४ | २.९ | ४.८ | ४.० |
| १० | कुल राष्ट्रिय बचत/कुल राष्ट्रिय उत्पादन अनुपात | % | १७.० | १५.४ | १५.७ | १५.८ | १६.६ | १८.६ | १८.९ | १६.४ | १५.२ | १४.८ |
| ११ | **कुल गार्हस्थ्य उत्पादन (प्रचलित उत्पादक मूल्य) संगको अनुपात** | | | | | | | | | | | |
| | - कुल गार्हस्थ्य बचत | % | १४.८ | १३.८ | १४.० | १३.८ | १३.६ | १५.२ | १४.९ | १२.० | ११.६ | १२.२ |
| | - कुल लगानी | % | २५.२ | २७.३ | २५.३ | २४.८ | २०.५ | २४.३ | २४.० | २४.१ | २५.८ | २६.७ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | - गार्हस्थ्य बचत र लगानी बीचको अन्तर | % | -१०.४ | -१३.५ | -११.४ | -११.१ | -६.९ | -९.१ | -९.१ | -१२.१ | -१४.२ | -१४.५ |
| | - कुल उपभोग | % | ८५.२ | ८६.२ | ८६.० | ८६.२ | ८६.४ | ८४.८ | ८५.० | ८८.० | ८८.४ | ८७.८ |
| | - कुल सरकारी खर्च | % | १७.८ | १८.७ | १८.१ | १८.६ | १७.४ | १७.५ | १९.४ | १९.० | १८.५ | |
| | - साधारण खर्च | % | ८.८ | ८.७ | ८.६ | ९.० | ९.१ | ९.१ | १०.४ | ११.५ | १२.१ | |
| | - विकास खर्च | % | ९.० | १०.० | ९.५ | ९.६ | ८.३ | ८.४ | ९.० | ७.५ | ६.४ | |
| | - कुल राजस्व | % | ११.२ | ११.२ | १०.८ | १०.९ | १०.९ | ११.३ | ११.९ | १२.० | १२.४ | |
| | - कर राजस्व | % | ९.० | ८.७ | ८.७ | ८.६ | ८.४ | ८.७ | ९.५ | ९.३ | ९.४ | |
| | - गैर-कर राजस्व | % | २.२ | २.५ | २.१ | २.३ | २.५ | २.६ | २.४ | २.६ | ३.० | |
| | - बजेट घाटा | % | -४.८ | -५.६ | -५.१ | -५.९ | -५.३ | -४.७ | -५.९ | -५.४ | -३.६ | |
| | - प्राप्त वैदेशिक ऋण | % | ३.३ | ३.८ | ३.२ | ३.७ | ३.५ | ३.१ | २.९ | १.८ | १.० | |
| | - प्राप्त वैदेशिक ऋण र अनुदान | % | ५.१ | ५.७ | ५.४ | ५.५ | ४.७ | ४.६ | ४.६ | ३.४ | ३.५ | |
| | - कुल तिर्न बाँकी आन्तरिक ऋण | % | १४.६ | १३.८ | १२.८ | १२.८ | १४.५ | १४.३ | १४.६ | १७.४ | १८.६ | |
| | - कुल तिर्न बाँकी वैदेशिक ऋण | % | ५१.६ | ५१.४ | ४७.१ | ५३.६ | ४९.६ | ५०.२ | ४८.८ | ५२.२ | ४९.१ | |
| | - कुल तिर्न बाँकी ऋण | % | ६६.२ | ६५.२ | ५९.९ | ६६.४ | ६४.१ | ६४.५ | ६३.४ | ६९.६ | ६७.७ | |
| | - कुल (वस्तु) निर्यात | % | ८.० | ८.० | ८.१ | ९.१ | १०.४ | १३.१ | १३.५ | ११.१ | ११.० | |
| | - कुल (वस्तु) आयात | % | २९.१ | ३०.० | ३३.४ | २९.६ | २५.६ | २८.६ | २८.२ | २५.४ | २७.३ | |
| | - व्यापार घाटा | % | -२१.१ | -२२.० | -२५.३ | -२०.४ | -१५.२ | -१५.५ | -१४.६ | -१४.३ | -१६.४ | |
| | - चालु खाता | % | -५.४ | -८.६ | -५.९ | -५.० | ०.१ | ४.५ | ४.९ | ४.३ | २.६ | |
| १२ | कुल तिर्न बाँकी वैदेशिक ऋण/कुल सरकारी राजस्व | % | ४५९.८ | ४५९.० | ४३४.९ | ४८९.४ | ४५४.९ | ४४४.६ | ४१२.२ | ४३६.४ | ३९७.४ | |
| १३ | कुल तिर्न बाँकी वैदेशिक ऋण/कुल निर्यात | % | ६४०.६ | ६४४.० | ५८३.५ | ५८५.९ | ४७४.८ | ३८२.६ | ३६०.१ | ४६८.९ | ४४७.५ | |
| १४ | कुल सरकारी राजस्व | % परिवर्तन | २५.५ | १३.५ | ८.९ | ८.४ | १३.१ | १५.१ | १४.० | ३.२ | ११.५ | |
| १५ | साधारण खर्च | % परिवर्तन | ५५.२ | ११.९ | १२.१ | १२.४ | १४.३ | ११.२ | २३.९ | १३.६ | १३.१ | |
| १६ | विकास खर्च | % परिवर्तन | ९.३ | २६.२ | ६.२ | ९.० | -१.४ | ११.३ | १६.७ | -१५.१ | -७.८ | |
| १७ | कुल सरकारी खर्च | % परिवर्तन | १६.३ | १९.२ | ९.० | १०.६ | ६.२ | ११.२ | २०.५ | ०.३ | ४.९ | |
| १८ | ऋण सेवा (सांवा र व्याज भुक्तानी)/साधारण खर्च | % | ३१.६ | ३१.१ | ३१.१ | २८.३ | २८.१ | २९.१ | २४.३ | २५.१ | २९.४ | |
| १९ | संकुचित मुद्रा प्रदाय (एम$_1$) | % परिवर्तन | १५.७ | १०.६ | ५.४ | १७.४ | १३.१ | १९.४ | १५.७ | ९.३ | ८.६ | ९.५ |
| २० | विस्तृत मुद्रा प्रदाय (एम$_2$) | % परिवर्तन | १६.१ | १४.४ | ११.९ | २१.९ | २०.८ | २१.८ | १५.२ | ४.५ | ९.८ | १३.५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | बैंकिग क्षेत्रबाट प्रवाहित कुल कर्जामा निजी क्षेत्र कर्जाको अंश | % | ५८.७ | ६२.२ | ६४.१ | ६६.३ | ६७.३ | ६९.३ | ६७.५ | ६४.३ | ६६.१ | ६७.७ |
| २२ | कुल निर्यात | % परिवर्तन | –८.५ | १२.६ | १३.८ | २१.५ | २९.६ | ३९.६ | ११.७ | –१५.६ | ६.४ | ५.० |
| २३ | कुल आयात | % परिवर्तन | २३.५ | १७.० | २५.६ | –४.८ | –१.६ | २३.९ | ६.६ | –७.२ | १५.८ | १०.० |
| २४ | निर्यात/आयात अनुपात | % | २७.७ | २६.७ | २४.२ | ३०.९ | ४०.७ | ४५.९ | ४८.१ | ४३.७ | ४०.२ | ३८.३ |
| २५ | चालु खाता घ | रु. करोडमा | –११७९ | –२१५४ | –१६५१ | –१५१९ | २३.५ | १७०८ | २०१५ | १८१६ | ११६२ | १३८४.९# |
| २६ | शोधनान्तर स्थिति घ | रु. करोडमा | –३१.४ | –१०८.१ | ३२०.२ | १०९७ | ९८४ | १४४५ | ५२२.१ | –३३४.५ | ४३६.४ | १४५०.०# |
| २७ | वैदेशिक विनिमय संचिति | रु. करोडमा | ४३०८.५ | ४४४३.८ | ४८५४.१ | ६५१५.८ | ७६६५.१ | ९३८५.८ | १०५१७ | १०५९० | १०८२३ | १२१९३.० |
| २८ | विनिमय दर च | अ.डलर १=रु... | ५०.७ | ५६.५ | ५७ | ६७.९ | ६८.५ | ७०.९ | ७५.० | ७८.३ | ७५.१ | ७३.८ |
| २९ | कुल जनसंख्या | हजारमा | २००५३ | २०५३३ | २१०२३ | २१५२६ | २२०४० | २२५६७ | २३१५१ | २३६७० | २४२०० | २४७४० |

◎ प्रस्तुत तालिकामा समाविष्ट केही तथ्यांकहरुलाई विभिन्न संबद्ध स्रोतहरुबाट प्राप्त विवरणको आधारमा अद्यावधिक गरिएकोले विगतका आर्थिक सर्वेक्षणहरुमा प्रस्तुत तथ्यांकसंग केही फरक परेको हुनसक्छ ।

\+ वार्षिक संशोधित अनुमान ।

* वार्षिक प्रारम्भिक अनुमान (प्रथम ८ महिनामा आधारित) ।

\# वार्षिक प्रारम्भिक अनुमान (प्रथम ६ महिनामा आधारित)

क वैंक सेवा शुल्क घटाउनुपूर्व साधनको लागतको स्थिर मूल्यमा ।

ख वैंक सेवा शुल्क घटाउनुपूर्व साधनको लागतको प्रचलित मूल्यमा ।

ग आधार वर्ष परिवर्तन भएको ।

घ आर्थिक वर्ष २०५६/५७ देखि शोधनान्तरको नयाँ ढाँचामा estimated विप्रेषण आय समावेश गरिएको ।

च आषाढ मसान्तमा खरीद र बिक्री दरको औसत ।

वित्तीय क्षेत्रको आन्तरिक कर्जामा वृद्धि, शहरी क्षेत्रको घर निर्माण कार्यमा तीव्रता र जग्गाको मूल्य वृद्धि तथा वित्तीय क्षेत्रको सेवामा देखिएको सकारात्मक प्रवृत्तिका कारण घर निर्माण तथा जग्गाको खरिद बिक्री कारोवारमा तीव्रता कायमै रहेको अनुमान छ। फलस्वरुप, आर्थिक वर्ष २०५९/६० र आर्थिक वर्ष २०६०/६१ मा वित्त तथा घर जग्गाको वृद्धिदर २.८ प्रतिशतको समान स्तरले बढेको अनुमान छ । कतिपय औद्योगिक वस्तुहरुको उत्पादनमा ह्रास आएतापनि विकास खर्चमा उल्लेख्य वृद्धि, भारतबाट अमेरिकी डलरमा आयात हुने वस्तुको संख्यामा वृद्धि, भुक्तानी प्रक्रियामा सरलता र सीमा वृद्धिले गर्दा केही औद्योगिक वस्तुहरुको उत्पादन वृद्धि भएका कारण आर्थिक वर्ष २०५९/६० मा करिव २.० प्रतिशतले बढेको औद्योगिक उपक्षेत्रको गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०६०/६१ मा २.५ प्रतिशतले वृद्धि हुने अनुमान छ। अन्य उपक्षेत्रहरु मध्ये निर्माण उपक्षेत्रमा आर्थिक वर्ष २०५९/६० को १.७ प्रतिशतको वृद्धिको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा ०.३ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ । त्यसैगरी खानी तथा उत्खननमा आर्थिक वर्ष २०६०/६१ मा २.५ प्रतिशतको आर्थिक वृद्धिदर रहने अनुमान छ, जुन आर्थिक वर्ष २०५९/६० मा १.९ प्रतिशत थियो ।

१.१० कुल गार्हस्थ्य उत्पादन, प्रचलित उत्पादक मूल्यमा आर्थिक वर्ष २०५९/६० मा रु. ४ खर्ब ५४ अर्ब ९३ करोड रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा रु. ३९ अर्ब ९५ करोडले वृद्धि भई रु. ४ खर्ब ९४ अर्ब ८८ करोड पुगेको अनुमान छ।

१.११ साधनको लागतको स्थिर मूल्यमा आर्थिक वर्ष २०५९/६० तथा २०६०/६१ दुबैमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३९.० प्रतिशत र गैर-कृषि क्षेत्रको योगदान ६१.० प्रतिशतको हाराहारीमा रहेको छ।

१.१२ आर्थिक वर्ष २०५९/६० मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (per capita GDP) प्रचलित उत्पादक मूल्यमा रु. १८,७९९।- (रु. अठार हजार सात सय उनान्सय अर्थात् अमेरिकी डलर करीव २४२) रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा जनसंख्या वृद्धिदर २.२ प्रतिशत समायोजन गर्दा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनमा ६.४ प्रतिशतले वृद्धि भई रु. २०,००३।- (रु. वीस हजार तीन अर्थात् अमेरिकी डलर करीव २६९) पुगेको छ। त्यसैगरी अमेरिकी डलरमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ११.२ प्रतिशतले वृद्धि भएको अनुमान छ। आर्थिक वर्ष २०६०/६१ मा प्रतिव्यक्ति आयको वृद्धिदर नेपाली रुपैयामा भन्दा अमेरिकी डलरमा उल्लेख्य रहनुमा नेपाली रुपैयाको अमेरिकी डलरसंगको पुनर्मूल्यन प्रमुख कारण रहेको छ। साथै प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन, उत्पादक मूल्यको स्थिर मूल्यमा आर्थिक वर्ष २०५९/६० मा ०.८ प्रतिशतले मात्र वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा १.५ प्रतिशतले वृद्धि हुने अनुमान छ।

## राष्ट्रिय उत्पादन

१.१३ कुल राष्ट्रिय उत्पादन प्रचलित बजार मूल्यमा आर्थिक वर्ष २०५९/६० को रु. ४ खर्ब ७१ अर्ब १३ करोडबाट वृद्धि भई आर्थिक वर्ष २०६०/६१ मा रु. ५ खर्ब ७ अर्ब ८४ करोड पुग्ने अनुमान छ। जनसंख्या वृद्धिदर २.२ प्रतिशतलाई समायोजन गर्दा आर्थिक वर्ष २०६०/६१ मा प्रतिव्यक्ति राष्ट्रिय उत्पादन (per capita GNP) मा ५.४ प्रतिशतले

वृद्धि हुने अनुमान छ। आर्थिक वर्ष २०५९/६० मा प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन रु. १९,४६८।- (रु. उन्नाइस हजार चार सय अठ्सठी अर्थात् अमेरिकी डलर करीव २५०) रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा त्यस्तो आयमा ५.४ प्रतिशतको वृद्धि भई रु. २०,५२७।- (रु. वीस हजार पाँच सय सत्ताइस अर्थात् अमेरिकी डलर २७६) पुगेको अनुमान छ। यसरी अमेरिकी डलरमा प्रतिव्यक्ति राष्ट्रिय उत्पादन गणना गर्दा आर्थिक वर्ष २०६०/६१ मा १०.४ प्रतिशतले बढ्न जाने अनुमान छ।

**चार्ट १(क) : कुल गार्हस्थ उत्पादन**
**(२०५१/५२ को मूल्यमा+)**




## स्रोत-साधनको उपयोग

१.१४ आर्थिक वर्ष २०५९/६० को प्रचलित उत्पादक मूल्यमा कुल गार्हस्थ्य उत्पादनसंग कुल उपभोगको अनुपात ८८.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा ८७.८ प्रतिशतमा झरेको अनुमान छ। आर्थिक वर्ष २०५९/६० मा निजी क्षेत्रको उपभोग ७८.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा ७७.६ प्रतिशत रहेको छ भने सार्वजनिक क्षेत्रको यो अनुपात आर्थिक वर्ष २०५९/६० र २०६०/६१ दुवैमा खासै फरक नआई १०.२ प्रतिशतको हाराहारीमा रहेको छ । यसरी कुल उपभोगको वृद्धिदरलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०५९/६० मा ८.३ प्रतिशतले वृद्धि भएको कुल उपभोग आर्थिक वर्ष २०६०/६१ मा ८.० प्रतिशतले वृद्धि भएको अनुमान छ। निजी क्षेत्रतर्फको उपभोगको वृद्धिदर आर्थिक वर्ष २०५९/६० र २०६०/६१ मा

समानस्तरको अर्थात ८.० प्रतिशत रहेको छ । सार्वजनिक क्षेत्रतर्फको उपभोगको वृद्धिदर आर्थिक वर्ष २०५९/६० मा १०.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा ८.१ प्रतिशतले बढेको अनुमान छ। परिणामत: प्रचलित उत्पादक मूल्यको कुल गार्हस्थ्य उत्पादनसंगको कुल लगानीको अनुपात आर्थिक वर्ष २०५९/६० मा २५.८ प्रतिशत रहेकोमा केही बढ्न गई आर्थिक वर्ष २०६०/६१ मा २६.७ प्रतिशत पुगेको अनुमान छ। कुल गार्हस्थ्य बचत/कुल गार्हस्थ्य उत्पादन अनुपात आर्थिक वर्ष २०५९/६० को ११.६ प्रतिशतबाट सीमान्त रुपमा बढी आर्थिक वर्ष २०६०/६१ मा १२.२ प्रतिशत पुगेको छ। यसरी कुल गार्हस्थ्य बचत र कुल लगानीमा भएको वृद्धि मध्ये लगानीको वृद्धिदर केही बढी भएकोले बचत-लगानी अन्तर (savings-investment gap) १४.२ प्रतिशतबाट बढ्न गई १४.५ प्रतिशत पुगेको छ। यसैगरी कुल राष्ट्रिय वचत/कुल गार्हस्थ्य उत्पादन अनुपात आर्थिक वर्ष २०५९/६० मा १५.२ प्रतिशत रहेकोमा सीमान्त रुपमा घटी आर्थिक वर्ष २०६०/६१ मा १४.८ प्रतिशतमा झरेको छ । कुल लगानी/कुल गार्हस्थ्य उत्पादन अनुपात यस अवधिमा केही वृद्धि भएको तर कुल राष्ट्रिय बचत/कुल गार्हस्थ्य उत्पादन अनुपातमा केही कमी आएकोले कुल राष्ट्रिय बचत–कुल लगानी अन्तर १०.६ प्रतिशतबाट वढी ११.९ प्रतिशत पुगेको छ । यद्यपि कुल गार्हस्थ्य बचत-लगानी अन्तरको तुलनामा कुल राष्ट्रिय बचत–लगानी अन्तर २.६ प्रतिशत विन्दुले कम रहेको छ ।

१.१५ यसैगरी प्रचलित उत्पादक मूल्यको कुल गार्हस्थ्य उत्पादनसंग वस्तु तथा सेवा निर्यातको अनुपात आर्थिक वर्ष २०५९/६० को १६.७ प्रतिशतबाट केही बढी आर्थिक वर्ष २०६०/६१ मा १७.३ प्रतिशत पुगेको छ भने वस्तु तथा सेवा आयातको यस्तो अनुपात आर्थिक वर्ष २०५९/६० को ३०.९ प्रतिशतबाट वृद्धि भई आर्थिक वर्ष २०६०/६१ मा ३१.७ प्रतिशतमा पुगेको फलस्वरुप निर्यात/आयात अनुपात आर्थिक वर्ष २०५९/६० को ५३.९ प्रतिशतबाट केही बढी आर्थिक वर्ष २०६०/६१ मा ५४.४ प्रतिशत पुगेको छ ।




**चार्ट १(ख) : कुल गार्हस्थ उत्पादन**

(प्रचलित मूल्यमा+)

१.१६ कुल पूँजी निर्माणको वृद्धिको प्रवृत्तिमा स्थिरताको संकेत देखा परेको अनुमान छ। फलस्वरुप, आर्थिक वर्ष २०५९/६० र २०६०/६१ दुवै वर्षमा कुल स्थिर पूँजी निर्माण ६.५ प्रतिशतकै हाराहारीमा वृद्धि भएको अनुमान छ। देशको असहज परिस्थितिमा सुधार आउन नसकेकाले निजी क्षेत्रको पूँजी निर्माण आर्थिक वर्ष २०५९/६० को १२.४ प्रतिशतको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा ६.५ प्रतिशतले मात्र वृद्धि भएको अनुमान छ। तर, सार्वजनिक क्षेत्रको साधन स्थिर पूँजी निर्माणमा बढी उपयोग गर्नुको साटो शान्ति-सुरक्षा र अन्य उपभोगका शीर्षकमा खर्च गर्नुपर्ने बाध्यता रहेतापनि सार्वजनिक पूँजी निर्माण आर्थिक वर्ष २०५९/६० मा २.५ प्रतिशतले घटेको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा ६.५ प्रतिशतको उच्चदरले बढेको छ। फलस्वरुप, कुल स्थिर पूँजी निर्माणमा वृद्धि ल्याउन सरकारी एवं निजी क्षेत्रको संयुक्त प्रयास सफल भएको अनुमान छ। तर कुल स्थिर पूँजी निर्माणको वृद्धिदर भन्दा प्रचलित उत्पादक मूल्यको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर बढी भएकोले कुल पूँजी निर्माणको उक्त गार्हस्थ्य उत्पादनसंगको अनुपात आर्थिक वर्ष २०५९/६० को १९.१ प्रतिशतबाट सीमान्त रुपमा घटी आर्थिक वर्ष २०६०/६१ मा १८.७ प्रतिशतमा झरेको अनुमान छ। यसैगरी, कुल गार्हस्थ्य उत्पादनसंग सार्वजनिक क्षेत्रको कुल स्थिर पूँजी निर्माणको अनुपात आर्थिक वर्ष २०५९/६० को ६.९ प्रतिशतबाट सीमान्त घट्न गई आर्थिक वर्ष २०६०/६१ मा ६.७ प्रतिशतमा ओर्लेको छ भने निजी क्षेत्रको पूँजी निर्माण पनि सोही अवधिमा १२.३ प्रतिशतबाट घटी १२.० प्रतिशतमा झरेको अनुमान छ। त्यस्तै, आर्थिक वर्ष २०५९/६० र २०६०/६१ दुवै अवधिमा कुल स्थिर पूँजी निर्माणमा निजी

क्षेत्र र सार्वजनिक क्षेत्रको अंश क्रमशः ६४.१ प्रतिशत र ३५.९ प्रतिशतको समानस्तरमा रहेको अनुमान छ । यसरी कुल गार्हस्थ्य उत्पादन, कुल राष्ट्रिय उत्पादन, कुल उपभोग, कुल लगानी तथा साधनको स्रोत तथा उपयोगको परिमाणमा आएको उल्लेख्य वृद्धिले आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा समष्टिगत अर्थतन्त्रमा देखिएको स्पष्ट सुधारको प्रवृत्तिलाई इङ्गित गर्दछ ।

१.१७ देशमा शान्ति सुरक्षाको असहज परिस्थिति रहँदा रहँदै पनि श्री ५ को सरकारको आम्दानी खर्चको विश्लेषण गर्दा आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा साधारण खर्च कमदरले वृद्धि भई कुल खर्चमा यसको अंशमा कमी आउनु, विकास खर्च उल्लेख्य दरले वृद्धि भई कुल खर्चमा यसको अंश बढ्नु र राजस्व उल्लेख्य रुपमा वृद्धि हुनु जस्ता कारणहरुले गर्दा समग्रमा सरकारी वित्त परिसूचकहरु सकारात्मक रहेको पाइएको छ । साधारण खर्च आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा देखिएको ११.१ प्रतिशतको वृद्धिको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ४.५ प्रतिशत मात्रले वृद्धि भएको छ भने विकास खर्च आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा २.६ प्रतिशतले ह्रास भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ११.७ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा कुल खर्चमा साधारण र विकास खर्चको अनुपात क्रमशः ७६.४ प्रतिशत र २३.६ प्रतिशत रहेको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा यी अनुपातहरु क्रमशः ७५.२ प्रतिशत र २४.८ प्रतिशत रहेका छन् । त्यसै गरी राजस्व संकलन आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ७.१ प्रतिशतले वृद्धि भएको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा १५.२ प्रतिशतले उल्लेख्य वृद्धि भई रु. ३५ अर्ब ९७ करोड पुग्न गएको छ ।

## चुनौतीहरु

१.१८ समग्र आर्थिक वृद्धिदरलाई दिगो, फराकिलो र उच्च पार्न मुख्यतः उत्पादनका साधनको उत्पादकत्व (factor productivity) दक्षिण एशिया क्षेत्रका अन्य मुलुकहरुको तुलनामा नेपालमा ज्यादै कम रहनु र कुल साधन र स्रोतको आकारमा अपेक्षित वृद्धि हुन नसक्नु जस्ता दुष्चक्र (vicious circle) तोड्नको निम्ति पनि उपलब्ध स्रोत र साधनको दक्षतापूर्वक उपयोग (efficient use) बढाउनुपर्ने संरचनात्मक चुनौती रहिरहेकै छ ।

१.१९ अझै पनि कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको हुँदा यस क्षेत्रको उत्पादन बढी सुनिश्चित गर्न नसक्दासम्म समग्र उत्पादन स्थितिमा उतार चढाव आइरहने नै हुन्छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व उच्च र दिगो रुपमा बढाउने क्रममा देखिएका संरचनागत समस्याहरुमध्ये कम गुणस्तरको मलको प्रयोगले माटोको उर्वराशक्तिमा ह्रास, स्थायी सिंचाइ सुविधाको अभावमा मौसमी निर्भरतामा खासै कमी नआउनु, सीमावर्ती क्षेत्रबाट सस्तो र कम गुणस्तरको उत्पादनद्वारा आन्तरिक उत्पादनको विस्थापन, कृषि/ग्रामीण सडकको अभावमा उचित मूल्य एवं बजार व्यवस्थाको अभाव, समग्रमा बजार निर्देशित उत्पादनको संस्थागत विकास हुन नसक्नु, सुरक्षित एवं पर्याप्त भण्डारणगृह तथा शीत भण्डारको अभाव आदि बढी चुनौतीपूर्ण रहेका छन् । साथै, उन्नत नश्लका पशुहरुको आपूर्ति तथा पशु स्वास्थ्य उपचार केन्द्र एवं प्राविधिक सहयोगको अभाव, उत्पादन र वितरण प्रणाली संगठित

हुन नसक्दा पशुजन्य उत्पादनहरुमा विविधता आउन नसक्नु र उच्च वीमा प्रिमियमका कारण पशु वीमाले गति लिन नसक्नु जस्ता कारणहरुले कृषि क्षेत्र अन्तर्गत महत्वपूर्ण उपक्षेत्र पशुपालन आधुनिक व्यवसायको रुपमा विकास हुन नसकी समग्र कृषि क्षेत्रको अपेक्षित विकास झनै चुनौतीपूर्ण बन्दै गएको छ ।

१.२० कुल गार्हस्थ्य वचतको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात उच्च रही त्यसलाई लगानीतर्फ उन्मुख गराउन सके मात्र उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गर्न सकिने हुन्छ । तर, नेपालको सन्दर्भमा हेर्दा बचतको दर न्यून रहनुमा आर्थिक वृद्धिदरमा उल्लेख्य प्रगति हुन नसक्नु एउटा कारण हो भने अर्कोतर्फ आर्थिक वृद्धि दर बढ्न नसक्नु न्यून बचतको कारण हो । यसैकारण कुल गार्हस्थ्य बचत र कुल गार्हस्थ्य उत्पादनलाई एक आपसमा कारण र असर (cause and effect) दुबैको रुपमा हेर्नुपर्ने हुन्छ । नेपालीको आयस्तर न्यून रहेका कारण अत्यावश्यक उपभोगको स्तर पनि न्यून नै रहेको हुँदा आयस्तर बढ्दा समेत सोको अनुपातमा बचत बढ्नुको सट्टा उपभोगकै स्तर बढ्न जाने भएकोले बचतदरलाई प्रोत्साहित गरी बचत र लगानी वीचको अन्तरलाई कम गर्दै लैजानु अर्को प्रमुख चुनौतीको रुपमा रहेको छ ।

१.२१ नेपालको निर्यात व्यापारको ठूलो अंश अझै पनि तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमतामा भन्दा व्यापार सम्झौता र समझदारीबाट प्राप्त सुविधा र सहुलियतमा आधारित छ । विश्व व्यापार संगठनको सदस्य भैसकेको नेपालले आफ्नो प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नुको अर्को विकल्प छैन । परम्परागत कृषिजन्य वस्तुहरुमा पनि नेपालको प्रतिस्पर्धात्मक क्षमता विस्तारै गुम्दै आएको छ । छिमेकी ठूला राष्ट्र एवं जनसंख्याको दृष्टिले ठूला अन्य राष्ट्रतर्फको बजारको मागको पहिचान गरी दीर्घकालीन दृष्टिले आयातित कच्चा पदार्थ उपयोग हुने निर्यातजन्य वस्तुका साथै स्थानीय कच्चा पदार्थमा आधारित कृषि एवं अन्य औद्योगिक श्रममूलक वस्तुहरुमा बढी प्राथमिकता दिई आयातको प्रवृत्ति र परिमाणलाई थेग्न सक्ने गरी निर्यात प्रवर्धन गर्दै लैजानु ठूलो चुनौतीको रुपमा रहिरहेकै छ ।

१.२२ निजी क्षेत्रको लगानीले प्रविधि र आधुनिक व्यवस्थापन प्रणालीको विकासद्वारा प्रतिस्पर्धात्मक क्षमता बढाउने हुँदा निजी क्षेत्रको लगानी आकर्षित गर्नका लागि पनि नीतिगत एवं कानूनी संरचनाहरुलाई लगानी-अनुकूल (investment friendly) बनाउनु आवश्यक छ । लगानीमा हुने सुधारले लगानी/कुल गार्हस्थ्य उत्पादन अनुपातमा सुधार ल्यांउन समेत मद्दत पुग्ने भएकोले गार्हस्थ्य वचतलाई लगानीको स्रोतको रुपमा लिई बचत दरमा समेत सुधार आउने गरी समग्र आर्थिक नीतिको तर्जुमा र संचालन गर्नु उत्तिकै चुनौतीपूर्ण रहेको छ ।

१.२३ विश्व अर्थतन्त्रमा देखिएको सुधारको प्रवृत्ति र विशेषगरी दुई छिमेकी देशहरुको उच्च र दिगो विकासबाट लाभान्वित हुन नेपालले आवश्यक संरचनात्मक सुधारद्वारा आर्थिक वृद्धिदरलाई उच्च राख्न लचिलो नीति अवलम्वन गर्नु अत्यन्त आवश्यक छ ।

१.२४ मुलुकमा केही वर्षदेखि अनुभूत द्वन्द्वका कारण उत्पन्न शान्ति-सुरक्षाको असहज परिस्थितिले गर्दा भौतिक संरचना एवं विकासका पूर्वाधारमा असामान्य क्षति पुगेको, निजी क्षेत्रको लगानी बढ्न नसकेको, सरकारी क्षेत्रको विकास खर्चले अपेक्षित गति लिन नसकेको, अधिराज्यमा छरिएर रहेका बैंक तथा वित्तीय संस्थाहरु बन्द हुने तथा गाभिने प्रवृत्ति बढेको, ठूलो संख्यामा रहेका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर-सरकारी

संस्थाहरुको कार्य संचालनमा अवरोध पुगेको र अनिश्चित रुपमा हुने बन्द, नाकाबन्दी जस्ता थुप्रै प्रतिकूल समस्याहरुले गर्दा समग्रमा उत्पादन, आपूर्ति, मूल्य, निक्षेप परिचालन, कर्जा प्रवाह तथा विकास परियोजना संचालनमा प्रतिकूल प्रभाव परिरहेको अवस्था विद्यमान छ । यसैगरी ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्र बढी सुरक्षित ठानी तदनुरुप आन्तरिक आप्रवासीको चाप बढ्दै गएको मात्र नभई ग्रामीण क्षेत्रको स्व-रोजगारीमा समेत कमी आएको प्रष्टै छ । तसर्थ, आम राष्ट्रिय सहमतिका आधारमा वार्ता र संवादको माध्यमबाट द्वन्द्वको समाधान गरी मुलुकको समष्टिगत आर्थिक विकासमा गतिशीलता पुर्नस्थापित गर्नु अहिले सर्वोपरि चुनौतीको विषय बनेको छ ।

# २. सार्वजनिक वित्त

## वित्तीय विकास तथा बजेट

२.१ आर्थिक वर्ष २०५८/५९ मा कुल गार्हस्थ्य उत्पादनसंग राजस्व परिचालनको अनुपात १२.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० मा ०.४ प्रतिशत विन्दुले वृद्धि भई १२.४ प्रतिशत पुगेको छ। खर्चतर्फ भने कुल खर्च आर्थिक वर्ष २०५८/५९ मा कूल गार्हस्थ्य उत्पादनको १९.० प्रतिशत भएकोमा आर्थिक वर्ष २०५९/६० मा ०.५ प्रतिशत विन्दुले घटेर १८.५ प्रतिशतमा झरेको छ। यस्तो हुनुको कारणमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विकास खर्चको अंश आर्थिक वर्ष २०५८/५९ मा भन्दा आर्थिक वर्ष २०५९/६० मा घट्न जानुलाई लिन सकिन्छ। यसरी कुल राजस्व र खर्च बीचको अन्तर आर्थिक वर्ष २०५८/५९ मा ७.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० मा ०.९ प्रतिशत विन्दुले घट्न गई ६.१ प्रतिशत रहेको छ।

**तालिका २(क) : सरकारी खर्च र राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात**
**(प्रचलित उत्पादक मूल्यमा)**

| आर्थिक वर्ष | सरकारी खर्च | | | राजस्व परिचालन | खर्च र राजस्वको अनुपात बीच हुने अन्तर |
|---|---|---|---|---|---|
| | साधारण | विकास | कुल | | |
| २०५२/५३ | ८.७ | १०.० | १८.७ | ११.२ | ७.५ |
| २०५३/५४ | ८.६ | ९.५ | १८.१ | १०.८ | ७.३ |
| २०५४/५५ | ९.० | ९.६ | १८.६ | १०.९ | ७.७ |
| २०५५/५६ | ९.१ | ८.३ | १७.४ | १०.९ | ६.५ |
| २०५६/५७ | ९.१ | ८.४ | १७.५ | ११.३ | ६.२ |
| २०५७/५८ | १०.४ | ९.० | १९.४ | ११.९ | ७.५ |
| २०५८/५९ | ११.५ | ७.५ | १९.० | १२.० | ७.० |
| २०५९/६० | १२.१ | ६.४ | १८.५ | १२.४ | ६.१ |

*स्रोत : महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग*

२.२ आर्थिक वर्ष २०५८/५९ मा राजस्व बचत कुल विकास खर्चको ५.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० मा १.६ प्रतिशत विन्दुले घटन गई ४.३ प्रतिशत हुन पुगेको छ। यसरी राजस्व बचतमा आएको कमीको कारण राजस्वको वृद्धिदर भन्दा साधारण खर्चको वृद्धिदर केही बढी हुनु हो। यस्तो हुनुमा असहज सुरक्षा स्थितिका कारण आर्थिक क्रियाकलापहरु अपेक्षित तवरमा बढ्न नसकी राजस्व असूलीमा अपेक्षाकृत वृद्धि हुन नसक्नु तथा साधारण खर्चमा भने वृद्धि भइरहनु जस्ता पक्षहरुलाई कारकको रुपमा लिन सकिन्छ। आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा साधारण खर्च १३.१ प्रतिशतले बढेको थियो भने राजस्व ११.५ प्रतिशतले मात्र बढेको थियो।

२.३ आर्थिक वर्ष २०५८/५९ मा राजस्व बचत र वैदेशिक अनुदानपछि हुन आउने न्यून वित्त परिचालनको अंश कुल विकास खर्चमा ७२.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० मा सो प्रतिशत ५६.६ मा झरेको छ। न्यून वित्त परिचालन र सो पूर्ति गर्ने स्रोतहरु तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २(ख) : विकास खर्च र सोको पूर्ति गर्ने स्रोत**

| शीर्षक | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० |
|---|---|---|---|---|---|
| क) कुल विकास खर्च (रु. करोडमा) | २८५३.१३ | ३१७४.९२ | ३७०६.५९ | ३१४८.२२ | २९०३.३० |
| ख) खर्च व्यहोर्ने स्रोतहरु (प्रतिशतमा) | | | | | |
| अ. राजस्व बचत | २१.७ | २६.४ | १६.५ | ५.९ | ४.३ |
| आ. वैदेशिक अनुदान | १५.२ | १८.० | १८.२ | २१.२ | ३९.१ |
| इ. न्यून वित्त परिचालन | ६३.१ | ५५.६ | ६५.३ | ७२.९ | ५६.६ |
| १. वैदेशिक ऋण | (४१.५) | (३७.२) | (३२.५ | (२४.५) | (१५.६) |
| २. आन्तरिक ऋण | (१६.५) | (१७.३) | (१८.९) | (२५.४) | (३०.६) |
| ३. मौज्दातमा परिवर्तन | (५.१) | (१.१) | (१३.९) | (२३.०) | (१०.४) |

*स्रोत : महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग*

## सरकारी वित्त

२.४ आर्थिक वर्ष २०५९/६० मा अघिल्लो आर्थिक वर्षको तुलनामा कुल सरकारी खर्च ४.९ प्रतिशतले वृद्धि भई रु. ८४ अर्ब ६१ लाख पुग्यो। आर्थिक वर्ष २०५९/६० को कुल खर्चमध्ये अघिल्लो आर्थिक वर्ष २०५८/५९ को तुलनामा साधारणतर्फ १३.१ प्रतिशत वृद्धि भएको थियो भने विकासतर्फ ७.८ प्रतिशतले घट्न गएको थियो। आर्थिक वर्ष २०५९/६० मा विकास खर्च कुल खर्चको ३४.६ प्रतिशत रहन गएको छ भने अघिल्लो आर्थिक वर्ष २०५८/५९ मा यस्तो प्रतिशत ३९.३ रहेको थियो। अघिल्लो आर्थिक वर्ष जस्तै आर्थिक वर्ष २०५९/६० मा पनि देशमा शान्ति सुरक्षाको स्थिति सुध्रन नसकी विकास आयोजनाहरुको संचालनमा बाधा परेको तथा साधारण खर्च बढ्ने क्रममा कमी नआएकोले कुल खर्चमा विकास खर्चको अनुपात घटी हुन गएको देखिन्छ।

२.५ आर्थिक वर्ष २०५८/५९ मा कुल सरकारी खर्च रु. ८० अर्ब ७ करोड २२ लाखमध्ये राजस्व परिचालनबाट ६३.० प्रतिशत, वैदेशिक अनुदानबाट ८.४ प्रतिशत, वैदेशिक ऋणबाट ९.६ प्रतिशत, आन्तरिक ऋणबाट १०.० प्रतिशत र मौज्दात परिवर्तनबाट ९.० प्रतिशत व्यहोरिएको थियो। आर्थिक वर्ष २०५९/६० मा कुल खर्च व्यहोर्ने स्रोतमध्ये राजस्व परिचालनबाट ६६.९ प्रतिशत, वैदेशिक अनुदानबाट १३.५ प्रतिशत, वैदेशिक ऋणबाट ५.४ प्रतिशत, आन्तरिक ऋणबाट १०.६ प्रतिशत र मौज्दात परिवर्तनबाट ३.६ प्रतिशत कायम हुन गई सरकारी खर्च व्यहोर्ने स्रोतमध्ये आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा वैदेशिक ऋणतर्फ ४.२ प्रतिशत विन्दुले र मौज्दात परिवर्तन तर्फ २.४ प्रतिशत विन्दुले घट्न गएको छ।

## साधारण खर्च

२.६ आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा साधारण खर्च १३.१ प्रतिशतले वृद्धि भई रु. ५४ अर्ब ९७ करोड ३१ लाख पुगेको छ। आर्थिक वर्ष २०५९/६० मा साँवा र ब्याज भुक्तानी अघिल्लो आर्थिक वर्षको तुलनामा ३२.६ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०५९/६० मा कुल साधारण खर्चमा साँवा र ब्याज भुक्तानीको अंश २९.४ प्रतिशत, सामाजिक सेवाको अंश २५.० प्रतिशत, आर्थिक सेवाको अंश ३.७ प्रतिशत र विविधको अंश ९.३ प्रतिशत रहेको छ। यसै गरी साधारण प्रशासन तर्फ १४.२ प्रतिशत, रक्षातर्फ १३.४ प्रतिशत र बाँकी अन्य शीर्षकहरुमा खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा साधारण खर्चमध्ये रक्षातर्फ २६.० प्रतिशतले, सामाजिक सेवातर्फ ३.० प्रतिशतले र आर्थिक सेवातर्फ ७.५ प्रतिशतले वृद्धि भएको देखिन्छ। वैदेशिक सेवा, राजस्व प्रशासन, आर्थिक प्रशासन तथा योजना र ऋण लगानी समेतको अन्य खर्च समष्टिगत रुपमा हेर्दा अघिल्लो आर्थिक वर्षको तुलनामा १२.० प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा रु. ३८ अर्ब ३४ करोड ६४ लाख साधारण खर्च भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ४.५ प्रतिशतले वृद्धि भई रु. ४० अर्ब ६ करोड ६६ लाख खर्च भएको छ।

## विकास खर्च

२.७ आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा विकास खर्च ७.८ प्रतिशतले घट्न गई रु. २९ अर्ब ३ करोड ३० लाख पुगेको छ। साधारण र विकास खर्चको अनुपात हेर्दा विकास खर्चको भन्दा साधारण खर्चको परिमाण बढी हुने प्रवृत्ति विगत आर्थिक वर्षहरुमा जस्तै आर्थिक वर्ष २०५९/६० मा पनि यथावत् रहेको छ। आर्थिक वर्ष २०५८/५९ मा कुल खर्चमध्ये साधारण र विकासको अनुपात ६०.७ र ३९.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० मा कुल खर्चमध्ये साधारण खर्च ६५.४ प्रतिशत र विकास खर्च ३४.६ प्रतिशत रहन गएको छ। प्रथम आठ महिनाको समीक्षा गर्दा आर्थिक वर्ष २०५९/६० मा रु. ११ अर्ब ८५ करोड १७ लाख विकास खर्च भएकोमा आर्थिक वर्ष २०६०/६१ मा सो खर्च ११.७ प्रतिशतले बढेर रु. १३ अर्ब २३ करोड ७७ लाख भएको देखिन्छ। यस आर्थिक वर्षको प्रथम आठ महिनाको विकास खर्चको प्रवृत्तिको विश्लेषणबाट विगत तीन वर्षदेखिको विकास खर्च घट्दै जाने प्रवृत्तिमा यस आर्थिक वर्षमा सुधार आउने अनुमान गर्न सकिन्छ।

२.८ विकास खर्चतर्फ आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा आर्थिक सेवातर्फ १०.७ प्रतिशतले र साधारण प्रशासनतर्फ ६०.५ प्रतिशतले घट्न गएको थियो भने सामाजिक सेवातर्फ ५.७ प्रतिशतले वृद्धि भएको थियो। सामाजिक सेवाहरु अन्तर्गत शिक्षा र स्वास्थ्यमा आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा क्रमशः ०.९ प्रतिशत र १२.७ प्रतिशतले विकास खर्च घटेको देखिन्छ भने स्थानीय विकास तथा पिउने पानी क्षेत्रमा आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा क्रमशः २६.७ प्रतिशत र १५.१ प्रतिशतले विकास खर्चमा वृद्धि भएको देखिन्छ।

चार्ट २(क) : सरकारी राजस्व, खर्च तथा न्यून वित्त




२.९ आर्थिक सेवाहरुतर्फ आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा कृषि, सिंचाइ, विद्युत् र यातायातमा क्रमशः २८.५ प्रतिशत, ३२.० प्रतिशत, ११.२ प्रतिशत र १७.६ प्रतिशतले विकास खर्च घट्न गएको थियो । आर्थिक वर्ष २०५९/६० मा कुल विकास खर्चमध्ये आर्थिक सेवातर्फको खर्च ५३.७ प्रतिशत, सामाजिक सेवातर्फको खर्च ४२.० प्रतिशत र अन्य क्षेत्रमा बाँकी ४.३ प्रतिशत खर्च भएको छ ।

२.१० श्री ५ को सरकारले चक्र प्रणालीको आधारमा ३ वर्षे मध्यमकालीन कार्यक्रम र बजेट तर्जुमा गर्ने गरी मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) लाई दशौं योजनासंग आबद्ध गरी आर्थिक वर्ष २०५९/६० देखि लागू गरेकोमा यसबाट अपेक्षा गरिएका परिणामहरु हासिल हुन सक्ने सकारात्मक संकेतहरु देखा परेका छन् । यसबाट श्री ५ को सरकारको बजेट विनियोजन र निकासाको कार्य प्रणाली अझ बढी यथार्थपरक भएको, अनुगमन र मूल्यांकनमा प्रभावकारिता आएको, परियोजना संचालनका क्रममा बजेटको अनिश्चितता हटेको जस्ता उपलब्धिहरु अनुभव गर्न थालिएको छ । यसैको फलस्वरुप आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा विकास खर्च ११.७ प्रतिशतले बढेको छ ।

## वित्तीय स्रोत

## राजस्व

२.११ अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०५९/६० मा राजस्व संकलनमा ११.५ प्रतिशतले वृद्धि भई रु. ५६ अर्ब २२ करोड ९८ लाख पुगेको छ। आर्थिक वर्ष २०५८/५९ मा यस्तो वृद्धि ३.२ प्रतिशतले भएको थियो। माओवादी विद्रोहीहरुसंग भएको वार्ता र युद्धविरामले देशमा शान्ति-सुरक्षाको अवस्था सुधिन गई आर्थिक वर्ष २०५९/६० मा आर्थिक क्रियाकलापमा केही सुधार भएको कारणले नै राजस्व असूलीको वृद्धिदर अघिल्लो आर्थिक वर्षभन्दा बढी भएको हो।

२.१२ राजस्वको संरचनाको दृष्टिकोणवाट आर्थिक वर्ष २०५९/६० मा संकलित कुल राजस्वमध्ये कर राजस्वको अंश ७५.७ प्रतिशत र गैर-कर राजस्वको अंश २४.३ प्रतिशत रहन गएको थियो। आर्थिक वर्ष २०५८/५९ मा यस्तो अनुपात क्रमशः ७८.० प्रतिशत र २२.० प्रतिशत रहेको थियो।

२.१३ आर्थिक वर्ष २०५९/६० मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व संकलन ८.३ प्रतिशतले वृद्धि भई रु. ४२ अर्ब ५८ करोड ६९ लाख पुगेको थियो। यसमध्ये भन्सारतर्फको राजस्व वृद्धिदर १२.५ प्रतिशत थियो भने वस्तु तथा सेवा उत्पादन र उपभोगमा लाग्ने कर १३.५ प्रतिशतले बढ्न गएको देखिन्छ। अघिल्लो आर्थिक वर्षको तुलनामा मूल्य अभिवृद्धि करको मात्र संकलन १२.५ प्रतिशतले बढी भएको थियो। त्यस वाहेक आय, नाफा र सम्पत्ति करतर्फ ८.२ प्रतिशतले कमी आएको देखिन्छ। आयकरतर्फ मात्र हेर्दा आर्थिक वर्ष २०५८/५९ को तुलनामा २०५९/६० मा १५.८ प्रतिशतले कमी आएको थियो।

२.१४ गैर-कर राजस्वको स्थिति विश्लेषण गर्दा आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा २२.७ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ६४ करोड २९ लाख पुगेको देखिन्छ। यस्तो वृद्धि हुनुमा सरकारी सेवा तथा वस्तुको बिक्रीबाट प्राप्त आय, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री, दस्तुर, दण्ड जरीवाना र जफत तथा विविध आम्दानीमा भएको वृद्धि नै प्रमुख कारक रहेका छन्। यसमध्ये रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीमा १६८.७ प्रतिशतले वृद्धि भएको छ भने सरकारी सेवा तथा वस्तुको बिक्रीबाट प्राप्त आय १७.३ प्रतिशतले वृद्धि भएको र दस्तुर, दण्ड जरीवाना र जफत आम्दानीतर्फ ११.७ प्रतिशतले वृद्धि भएको देखिन्छ। साँवा र व्याज असूलीमा भने २०.७ प्रतिशतले कमी आएको देखिन्छ।

चार्ट २(ख) : कुल विकास खर्च, सामाजिक सेवा र शिक्षा




## आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्मको राजस्वको स्थिति

२.१५ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा रु. ३५ अर्ब ९७ करोड ५ लाख राजस्व असूली भएको देखिन्छ। आर्थिक वर्ष २०५९/६० को यसै अवधिसंग तुलना गर्दा कुल राजस्व असूली १५.२ प्रतिशतले वृद्धि भएको पाइन्छ। कुल राजस्व असूलीमा रु. २८ अर्ब २८ करोड ४४ लाख कर राजस्व र रु. ७ अर्ब ६८ करोड ६१ लाख गैर-कर राजस्व रहेको छ। आर्थिक वर्ष २०५९/६० को पहिलो आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा कर राजस्वमा १३.४ प्रतिशतले वृद्धि भएको देखिएको छ।

२.१६ आर्थिक वर्ष २०६०/६१ को पहिलो आठ महिनासम्ममा भन्सारतर्फ रु. ९ अर्ब २ करोड ९१ लाख असूली भएको छ। सो रकम आर्थिक वर्ष २०५९/६० को यसै अवधिको असूली भन्दा ४.६ प्रतिशतले बढी छ। आयकरतर्फ आर्थिक वर्ष २०६०/६१ को पहिलो आठ महिनासम्म रु. ४ अर्ब ३ करोड ८७ लाख असूली भएको छ। यो रकम आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा संकलित रकम भन्दा २२.७ प्रतिशतले बढी छ।

२.१७ मूल्य अभिवृद्धि करतर्फ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा जम्मा रु. ८ अर्ब ८२ करोड ५७ लाख राजस्व असूली भएको छ। आर्थिक वर्ष २०५९/६० को यसै अवधिको तुलनामा यो १०.२ प्रतिशतले बढी छ। समीक्षा अवधिमा आर्थिक वर्ष २०५९/६० को यसै अवधिको तुलनामा वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करको असूली १६.९ प्रतिशतले बढेर रु. १२ अर्ब ७२ करोड ६१ लाख

पुगेको छ। घर-जग्गा रजिष्ट्रेशनतर्फको असूलीमा आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा रु. ७१ करोड ४३ लाख राजस्व असूली भएकोमा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा १९.४ प्रतिशतले वृद्धि भई रु. ८५ करोड २७ लाख असूली भएको छ।

२.१८ गैर-कर राजस्वतर्फ आर्थिक वर्ष २०६०/६१ को पहिलो आठ महिनामा आर्थिक वर्ष २०५९/६० को समीक्षा अवधिको तुलनामा २२.५ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ६८ करोड ६१ लाख पुगेको छ। उक्त असूली आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा रु. ६ अर्ब २७ करोड ५६ लाख थियो।

## वैदेशिक सहायता

२.१९ आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा दाताहरुबाट प्रतिबद्धता व्यक्त गरिएको वैदेशिक सहायतामा ३०.० प्रतिशतले वृद्धि भई रु. ४३ अर्व २० करोड २७ लाख पुगेको थियो। यसमध्ये अनुदानको अंश ६३.३ प्रतिशत र ऋणको अंश ३६.७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०५८/५९ मा कुल वैदेशिक सहायतामा अनुदानको अंश ७०.२ प्रतिशत र ऋणको अंश २९.८ प्रतिशत थियो।

२.२० आर्थिक वर्ष २०५९/६० मा दाताहरुबाट प्रतिवद्धता व्यक्त गरिएको बैदेशिक सहायतामध्ये द्विपक्षीय सहायता रु. १५ अर्ब ३१ करोड २४ लाख र वहुपक्षीय रु. २७ अर्ब ८९ करोड ३ लाख रहेको थियो। यसरी यस्तो सहायताले रकम मध्ये द्विपक्षीयको अंश ३५.४ प्रतिशत र वहुपक्षीयको अंश ६४.६ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०५८/५९ मा प्रतिवद्धता व्यक्त भएको कुल वैदेशिक सहायतामध्ये द्विपक्षीयमा रु. १८ अर्ब ४३ करोड ८७ लाख अर्थात् ५५.५ प्रतिशत र वहुपक्षीयमा रु. १४ अर्ब ७८ करोड ९० लाख अर्थात् ४४.५ प्रतिशत थियो।

२.२१ २०५८ माघमा नेपालमा सम्पन्न नेपाल विकास मञ्चको बैठक पश्चात् २०६१ वैशाखमा नेपाल विकास मञ्चको दोस्रो बैठक पनि नेपालमै सम्पन्न भएको छ। यस बैठकमा पनि गत बैठकमा जस्तै नेपालको विकास प्रयास र वस्तुस्थितिका वारेमा व्यापक छलफल भएको थियो।

मन्जूषा : २(१)

**नेपाल विकास मञ्च २०६१**

क) नेपाल विकास मञ्च (Nepal Development Forum) को बैठक २०६१ साल वैशाख २३ र २४ गते (तदनुसार मे ५-६ २००४) मा काठमाडौमा दोस्रो पटक सम्पन्न भयो। बैठकको पूर्व तयारीको सिलसिलामा २०६० साल चैत्र १८ गतेदेखि २०६१ साल वैशाख ४ गतेसम्म आयोजित १७ वटा पूर्व परामर्श बैठकहरुमा विभिन्न २० वटा समसामयिक क्षेत्रगत (sectoral) विषयहरु तथा सवाल (issues) हरुमा केन्द्रित रही तयार पारिएका कार्यपत्रहरु उपर नेपालको सामाजिक तथा आर्थिक विकासप्रति चासो तथा अभिरुचि राख्ने विभिन्न सरोकार समूहहरु (stakeholders) को व्यापक एवम् सक्रिय सहभागितामा छलफल गरी सुझावहरु संकलन गरिएका थिए।

ख) बैठकको मुख्य सत्रको अध्यक्षता पहिलो पटक नेपालले नै गऱ्यो । बैठकमा २० राष्ट्रहरु, ६ वटा अन्तर्राष्ट्रिय संघ-संस्था र संयुक्त राष्ट्रसंघीय निकायका प्रतिनिधिहरुको सहभागिता थियो । श्री ५ को सरकारले विगत तथा चालू आर्थिक वर्षमा लागू गरिएका सुधार कार्यक्रमहरुको समीक्षायुक्त कार्यपत्र सहभागीहरुबीच प्रस्तुत गर्ने सिलसिलामा गरिवी निवारणको रणनीतिक दस्तावेजको कार्यान्वयन स्थिति, विकासका साझेदारहरुवीच प्रक्रियागत तादात्म्य (donor harmonization) सम्बन्धी कार्ययोजना तथा मध्यमकालीन खर्च संरचनाको कार्यान्वयनका लागि आवश्यक करीव ५६ करोड अमेरिकी डलर बरावरको खर्चको अनुमान पेश गऱ्यो । दाताहरुले श्री ५ को सरकारका समष्टिगत आर्थिक क्षेत्र, वित्तीय क्षेत्रको सुधार, शासकीय सुधार, विकेन्द्रिकरण, सार्वजनिक क्षेत्र व्यवस्थापन, निजी क्षेत्रको विकास सम्वन्धी सुधार कार्यक्रमहरुको समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

ग) बिक्रम संम्वत् २०३३ (सन् १९७६) सालमा विश्व बैकको संयोजकत्वमा वैदेशिक सहायताको परिचालनमा सहयोग पुऱ्याउन नेपाल सहायता समूह (Nepal Aid Group) को व्यवस्था भएको थियो । त्यसपछि २०५७ सालसम्म नेपाल सहायता समूहका बैठकहरु नेपाल बाहिरै सम्पन्न भए । २०५७ सालमा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न नेपाल सहायता समूहको बैठकमा अवदेखि यस्ता बैठकहरु नेपालमा नै आयोजना गर्ने तथा नेपाल सहायता समूहको नाम परिवर्तन गरी नेपाल विकास मञ्च (Nepal Development Forum) राख्ने निर्णय भयो । २०५८ साल माघमा पहिलोपटक नेपालमा श्री ५ को सरकार र विश्व बैंकको सह अध्यक्षतामा सम्पन्न नेपाल विकास मंचको वैठकमा अवदेखि नेपाल विकास मंचको वैठकको अध्यक्षता नेपालले गर्ने सहमति भयो । यो वैठकमा श्री ५ को सरकारले गरिवी निवारण, सार्वजनिक खर्च व्यवस्थापनमा सुधार, सुधार कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको व्यवस्था, जवाफदेहिता र पारदर्शिताको प्रतिबद्धता जाहेर गरेको थियो भने दातृ राष्ट्र तथा संस्थाले श्री ५ को सरकारद्वारा प्रस्तावित वैदेशिक सहायता नीति र श्री ५ को सरकारको दशौ योजना/गरिवी निवारण रणनीतिपत्र प्रति समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

*स्रोत : अर्थ मन्त्रालय*

## अनुदान तथा ऋण

२.२२ आर्थिक वर्ष २०६०/६१ को पहिलो आठ महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा वैदेशिक सहायता ४३.७ प्रतिशतले घट्न गई रु. १३ अर्ब ७५ करोड ५० लाख रहन गएको छ । प्रतिवद्धता व्यक्त भएको मध्ये अनुदान रु. ६ अर्ब ४३ करोड २२ लाख र ऋण रु. ७ अर्ब ३२ करोड २८ लाख भई अनुदान र ऋण अनुपात क्रमशः ४६.८ र ५३.२ प्रतिशत रहेको छ। यस्तो वैदेशिक सहायताको बनौट हेर्दा द्विपक्षीयतर्फ रु. ६ अर्ब २७ करोड ७६ लाख र वहुपक्षीयतर्फ रु. ७ अर्ब ४७ करोड ७४ लाख रहेको देखिन्छ। यसरी प्रतिवद्धता व्यक्त गरिएको कुल वैदेशिक सहायतामा द्विपक्षीय सहायताको अंश ४५.६ प्रतिशत र वहुपक्षीय सहायताको अंश ५४.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा अनुदानको अंश ७५.८ प्रतिशत र ऋणको अंश २४.२ प्रतिशत तथा द्विपक्षीय सहायताको अंश ३९.७ प्रतिशत र

वहुपक्षीय सहायताको अंश ६०.३ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिना र आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा प्रतिवद्धता व्यक्त भएको वैदेशिक सहायताको तुलना गर्दा अनुदान रकम ६५.३ प्रतिशतले कम र ऋण रकम २३.९ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसरी यस्तो वैदेशिक सहायता रकम घट्नुको कारण देशमा शान्ति सुरक्षाकै अभावको कारणले वैदेशिक सहयोगमा संचालित आयोजनाहरुमा अपेक्षित रुपमा रकम खर्च हुन नसकी प्रतिबद्धता अनुरुप उपयोग हुन नसकेकोले दातृ समुदायबाट सहायता दिने प्रतिवद्धता व्यक्त गर्ने कार्यमा कमी आएको हुन सक्ने अनुमान छ।

## प्रतिबद्धता तथा उपयोग

२.२३ क्षेत्रगत रुपले हेर्दा आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा प्रतिवद्धता व्यक्त भएको वैदेशिक सहायता रकम रु. १३ अर्ब ७५ करोड ५० लाखमध्ये शिक्षातर्फ रु. ८९ करोड ९८ लाख (६.५ प्रतिशत), यातायात तथा संचारतर्फ रु. ४ करोड ४३ लाख ( ०.३ प्रतिशत), ग्रामीण विकासतर्फ रु. १२ करोड ८१ लाख (०.९ प्रतिशत), कृषि सिंचाइ र वनतर्फ रु. १२ करोड ६५ लाख (०.९ प्रतिशत), स्वास्थ्यतर्फ रु. १७ करोड ६६ लाख (१.३ प्रतिशत), पिउने पानी तथा ढल निकासतर्फ रु. १ अर्ब १४ करोड ४२ लाख (१४.१ प्रतिशत), विद्युत्तर्फ रु. १ अर्ब ३२ करोड २१ लाख (९.६ प्रतिशत) र अन्य क्षेत्रतर्फ रु. ९ अर्ब १ करोड ३४ लाख (६६.३ प्रतिशत) रहेको छ।

२.२४ आर्थिक वर्ष २०५९/६० मा वैदेशिक सहायता उपयोग रु. १५ अर्ब ८८ करोड ५५ लाख भई आर्थिक वर्ष २०५८/५९ को तुलनामा १०.४ प्रतिशतले वृद्धि भएको थियो। अनुदान र ऋणको उपयोग हेर्दा आर्थिक वर्ष २०५९/६० मा वैदेशिक ऋण रु. ४ अर्ब ५४ करोड ६४ लाख र वैदेशिक अनुदान रु. ११ अर्ब ३३ करोड ९१ लाख उपयोग भएको थियो। आर्थिक वर्ष २०५८/५९ मा रु. १४ अर्ब ३८ करोड ४८ लाख वैदेशिक सहायतामध्ये वैदेशिक ऋणमा रु. ७ अर्ब ६९ करोड ८६ लाख र वैदेशिक अनुदानमा रु. ६ अर्ब ६८ करोड ६२ लाख उपयोग भएको थियो। आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा वैदेशिक अनुदानको उपयोग ६९.६ प्रतिशतले वृद्धि भएको देखिन्छ भने वैदेशिक ऋणको उपयोग ४१.० प्रतिशतले घट्न गएको पाइन्छ। आर्थिक वर्ष २०५८/५९ को कुल वैदेशिक सहायता उपयोगमा द्विपक्षीय सहायताको अंश ३२.५ प्रतिशत र वहुपक्षीयको अंश ६७.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० मा द्विपक्षीय र बहुपक्षीय सहायताको अंश क्रमशः ६३.२ प्रतिशत र ३६.८ प्रतिशत भई क्रमशः रु. १० अर्ब ४ करोड ४४ लाख र रु. ५ अर्ब ८४ करोड ११ लाख उपयोग भएको देखिन्छ।

२.२५ आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा वैदेशिक सहायताको उपयोगमध्ये कृषि, सिंचाइ र वनमा ३३.८ प्रतिशतले घटी भई रु. २ अर्ब १७ करोड ७९ लाख रहन गएको छ। तर यातायात, विद्युत् तथा संचारमा ३१.६ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ७७ करोड ४१ लाख र सामाजिक सेवामा १३.६ प्रतिशतले बढेर रु. ५ अर्ब ३२ करोड १० लाख पुगेको देखिन्छ। यसरी कुनै क्षेत्रमा वैदेशिक सहायताको उपयोग घट्न गएको देखिएतापनि धेरै क्षेत्रमा बढेको हुँदा अर्थतन्त्रमा वैदेशिक सहायताको उपयोगमा परिमाणात्मक एवं गुणात्मक सुधार आएको

मान्नुपर्छ । यो अवस्था विभिन्न नीतिगत सुधारका कार्यक्रमहरुको कार्यान्वयनले गर्दा सृजना हुन गएको हो । यसरी अर्थतन्त्रमा वैदेशिक सहायताको उपयोग गर्ने क्षमता समेत वृद्धि भएको कारणले विश्व बैंकले गत वर्ष नेपाललाई निम्न तह (low case) बाट आधार तह (base case) मा स्तरोन्नति गरेकोमा यसमा अझ सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

## कुल वैदेशिक ऋण

२.२६ आर्थिक वर्ष २०५५/५६ देखि श्री ५ को सरकारको खर्च संरचनामा विकास खर्चभन्दा साधारण खर्चको अंश बढी रहने प्रवृत्ति देखा पर्न थाले पछि विकास खर्चको लागि राजस्व बचत घट्ने प्रवृत्ति देखिएको छ। राजस्व बचतले विकास खर्च धान्न नपुगेपछि वैदेशिक अनुदान तथा आन्तरिक र बाह्य ऋणवाट विकास खर्चको आवश्यकता पूर्ति गरिंदै आएको छ। यसले गर्दा हालका वर्षहरुमा कुल वैदेशिक ऋणको परिमाण वृद्धि हुँदै गइरहेको छ। विगत वर्षहरुमा हुने गरेको नेपाली मुद्राको अवमूल्यनले गर्दा पनि खूद तिर्नुपर्ने वैदेशिक ऋणको भार प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ। आर्थिक वर्ष २०५८/५९ को अन्त्यको तुलनामा आर्थिक वर्ष २०५९/६० को अन्त्यमा खूद तिर्न बाँकी वैदेशिक ऋण १.५ प्रतिशतले वृद्धि भई रु. २२३ अर्ब ४३ करोड ३२ लाख पुगेको देखिन्छ ।



चार्ट २(ग) : स्वीकृत वैदेशिक सहायता र उपयोग

२.२७ वैदेशिक ऋण प्राप्ति र भुक्तानीको समायोजन गर्दा २०५९ फाल्गुण मसान्तमा खूद तिर्न बाँकी वैदेशिक ऋण रु. २२१ अर्ब ९९ करोड १९ लाख भएकोमा २०६० फाल्गुण मसान्त अर्थात् आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अन्त्यमा तिर्नुपर्ने बाँकी कुल वैदेशिक ऋणमा १०.५ प्रतिशतले वृद्धि भएर रु. २४५ अर्ब २१ करोड १४

लाख पुगेको छ । साथै सो अवधिमा रु. ९ अर्ब ३८ करोड ३३ लाख ऋण प्राप्त भएको र साँवा भुक्तानी रु. २ अर्ब ७० करोड ५६ लाख तथा व्याज भुक्तानी रु. १ अर्ब ५ करोड ७६ लाख भएको छ ।

## कुल आन्तरिक ऋण

२.२८ २०५९ आषाढको तुलनामा २०६० आषाढमा आन्तरिक ऋण १५.० प्रतिशतले वृद्धि भई रु. ८४ अर्ब ६४ करोड ५३ लाख पुगेको छ । २०६० आषाढ मसान्तमा कायम रहेको आन्तरिक ऋणमा नेपाल राष्ट्र बैंकको अंश २८.० प्रतिशत अर्थात् रु. २३ अर्ब ६८ करोड ५७ लाख, वाणिज्य बैंकहरुको अंश ४६.६ प्रतिशत अर्थात् रु. ३९ अर्ब ४६ करोड ९३ लाख र अन्य संस्था तथा निजी क्षेत्रको अंश २५.४ प्रतिशत अर्थात् रु. २१ अर्ब ४९ करोड ३ लाख रहेको छ । २०६० आषाढ मसान्तमा नै कायम रहेको कुल आन्तरिक ऋण मध्ये विकास ऋणपत्र रु. १६ अर्ब ५ करोड ९२ लाख (१९.० प्रतिशत), राष्ट्रिय बचतपत्र (नागरिक बचतपत्र समेत) रु. १० अर्ब ५६ करोड ९ लाख (१२.५ प्रतिशत), विशेष ऋणपत्र रु. ९ अर्ब १६ करोड ४५ लाख (१०.८ प्रतिशत) र ट्रेजरी बिल रु. ४८ अर्ब ८६ करोड ७ लाख (५७.७ प्रतिशत) रहेको छ ।

२.२९ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिना अर्थात् २०६० फाल्गुण मसान्तसम्ममा कुल आन्तरिक ऋण रु. ८३ अर्ब २ करोड ९ लाख रहेको छ । यो रकम २०५९ फाल्गुण मसान्तसम्ममा कायम रहेको कुल आन्तरिक ऋण रु. ८१ अर्ब ७० करोड ३३ लाख भन्दा १.६ प्रतिशतले बढी छ । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अन्त्य अर्थात् २०६० फाल्गुण मसान्तमा कायम रहेको आन्तरिक ऋणमध्ये नेपाल राष्ट्र बैंकको अंश २१.१ प्रतिशत, वाणिज्य बैंकको ५१.४ प्रतिशत र अन्य संस्था र निजी क्षेत्रको २७.५ प्रतिशत रहेको छ । २०६० फाल्गुण मसान्तमा कायम रहेको कुल आन्तरिक ऋणमध्ये ट्रेजरी विलले अग्रस्थानमा रही ५८.८ प्रतिशत हिस्सा ओगटेको छ भने विकास ऋणपत्रले १९.३ प्रतिशत, राष्ट्रिय बचतपत्रले ११.६ प्रतिशत, विशेष ऋणपत्रले ११.२ प्रतिशत र नागरिक बचतपत्रले १.४ प्रतिशत हिस्सा ओगटेका छन् ।

चार्ट २(घ) : सरकारी ऋणपत्र र ट्रेजरी विलको स्वामित्वको विवरण




## सार्वजनिक ऋण व्यवस्थापन

२.३० विकासको लागि आवश्यक पर्ने साधनको परिचालनमा सार्वजनिक ऋणको भूमिका महत्वपूर्ण रहेको सन्दर्भमा सार्वजनिक ऋणलाई व्यवस्थित गर्नुको साथै बढ्दो ऋण भारलाई अर्थतन्त्रमा देखिने परिवर्तन र विशेष गरी बाह्य ऋणलाई प्रभावित पार्ने विदेशी विनिमय दर परिवर्तनको सन्दर्भमा मूल्यांकन गर्नुपर्ने आवश्यकता समेतलाई ध्यानमा राखेर श्री ५ को सरकारले एशियाली विकास बैंकको प्राविधिक सहयोगमा सार्वजनिक ऋण व्यवस्थापनका लागि संस्थागत सुदृढीकरण गर्ने कार्यको थालनी गरेको छ । यस सन्दर्भमा सार्वजनिक ऋणको लेखांकन र सार्वजनिक ऋण व्यवस्थापनलाई आवश्यक पर्ने विभिन्न सूचनाहरु तालिकाबद्ध रुपमा निकाल्नका लागि नवीनतम सूचना प्रविधिमा आधारित कम्प्युटर सफ्टवेयर CS-DRMS 2000+ ऋण व्यवस्थापनसंग सम्बन्धित तीन प्रमुख निकायहरु अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय तथा नेपाल राष्ट्र बैंकमा स्थापना गरिएको छ । त्यस अन्तर्गत तथ्यांक प्रविष्टि र प्रशोधन गर्न आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले यी तीन निकायहरुका ३७ कर्मचारीहरुलाई उक्त सफ्टवेयर संचालन सम्वन्धी तालिम उपलव्ध गराइएको छ ।

२.३१ अर्थतन्त्रमा आउने परिवर्तनसँगै सार्वजनिक ऋणको साँवा र व्याजको भुक्तानी नियमित र दिगो रुपले गर्दै लैजान सक्ने क्षमताको मूल्यांकन (debt sustainability analysis) गर्ने उद्देश्यले नेपालको अर्थतन्त्रको समष्टिगत ढाँचा विश्लेषण (macro modelling) तयार

गरिएको छ । अर्थतन्त्रको माग पक्ष (demand side) लाई दृष्टिगत गरी तयार पारिएको यस ढाँचा विश्लेषणमा ३७ समीकरणहरु (behavioural equations), १७ परिभाषा सम्वन्धहरु (identities), ३७ आन्तरिक कारक तत्वहरु (endogenous variables), र २२ बाह्य कारक तत्वहरु (exogenous variables) रहेका छन् । यी कारक तत्वहरुलाई अन्तिम माग (final demand), शोधनान्तर स्थिति (balance of payments), मूल्य (price), सरकारी क्षेत्र (government) र मुद्रा (money) गरी पाँच खण्ड (block) मा विभाजन गरिएको छ । यस ढाँचा विश्लेषणमा गार्हस्थ्य उत्पादन, प्रणालीभित्रकै विभिन्न बाह्य तथा नीतिगत कारक तत्वहरु (policy variables) बाट निर्णीत हुने अवधारणा राखिएको छ । त्यस्ता नीतिगत कारक तत्वहरुमा राजस्व, साधारण र विकास खर्चहरु, सार्वजनिक ऋण र विनिमयदरहरुलाई लिइएका छन् । यसको प्रमुख नतिजा मञ्जूषा २(ख) मा दिइएको छ ।

मञ्जूषा : २(२)

**समष्टिगत आर्थिक संरचनात्मक विश्लेषण**

(Macroeconomic Modelling)

सन् १९७५ देखि २००२ सम्मका तथ्याङ्कका आधारमा निकालिएका अनुमानित नतिजाहरु र नीतिगत कारक तत्वहरुका लागि दशौं योजनामा अनुमान गरिएको आर्थिक वृद्धिदरलाई आधार मानी दशौं योजनावधिमा हासिल हुन सक्ने समष्टिगत आर्थिक परिसूचकहरुका अनुमानित वृद्धिदरहरु प्रस्तुत गरिएका छन् । दशौं योजनामा दिइएका दुई वैकल्पिक वृद्धिदरहरुका सन्दर्भमा यस्ता अनुमानहरु निकालिएका हुन् । तर यस ढाँचाको आधारमा निकालिएका अनुमान तथा दशौं योजनाले दिएका अनुमानको वीचमा केही फरक देखिएको छ । उदाहरणका लागि, दशौं योजनाले मुद्रास्फीतिको दर ५.० प्रतिशत रहने अनुमान गरेको छ भने यस ढाँचाको अनुमान अनुसार मुद्रास्फीतिको दर ६.० प्रतिशत भन्दा केही बढी रहने प्रक्षेपण छ । त्यस्तै दशौं योजनाले गरेको ६.२ प्रतिशतको अपेक्षित वृद्धिदरका सम्वन्धमा यस ढाँचाबाट निकालिएको अनुमान ५.६ प्रतिशत रहेको छ ।

**समष्टिगत आर्थिक परिसूचकहरुको अनुमान**

(प्रतिशतमा)

| परिसूचक | १९९८-२००० यथार्थ | अनुमानित (२००३-०७) | | |
|---|---|---|---|---|
| | | प्रवृत्तिगत (trend) | अपेक्षित | सामान्य |
| कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) | ३.७ | ४.१ | ५.६(६.२) | ४.४(४.३) |
| कुल गार्हस्थ्य उत्पादन (चालु मूल्यमा) | ८.५ | १०.३ | ११.७ | १०.६ |
| मूल्य सूचकांक | ५.७ | ६.४ | ६.३(५) | ६.४(५) |
| उपभोग खर्च | ३.९ | ३.४ | ४.५(५*) | ४.१(४.८*) |
| विकास खर्च | ५.९ | -०.४ | ५.२(९.८*) | -०.२(१.९*) |
| व्यापार सन्तुलन/कुल गार्हस्थ्य उत्पादन (चालु | -१६.० | -१२.२ | -१३.६ | -१२.६ |

| | | | | |
|---|---|---|---|---|
| मूल्यमा) | | | | |
| चालु खाता घाटा/कुल गार्हस्थ्य उत्पादन (चालु मूल्यमा) | -६.० | -४.५ | -६.२ | -५.० |
| समग्र सन्तुलन/कुल गार्हस्थ्य उत्पादन (चालू मूल्यमा) | २.१ | ०.८ | -०.५ | ०.८ |
| समग्र सन्तुलन (अनुदान सहित)/कुल गार्हस्थ्य उत्पादन (चालु मूल्यमा) | -४.० | ३.५ | -२.६ | -१.९ |

** सरकारी र निजी क्षेत्र दुवैको जम्मा । कोष्ठ भित्रका अंकहरु दशौं योजनाका अनुमानहरु हुन् ।*
*१) कुल गार्हस्थ्य उत्पादनसंगका अनुपातहरु वाहेक अन्य अंकहरु वार्षिक वृद्धि दरहरु हुन् ।*
*२) केही परिसूचकहरुका परिभाषा अन्तर्राष्ट्रिय मुद्रा कोषको परिभाषानुरुप गरिएको छ ।*

दशौं योजना र यस ढाँचाबाट निकालिएको अनुमानका बीचमा फरक हुनुका कारणहरुमा अनुमान गर्ने प्रयोजनको लागि लिइएको समयावधि प्रमुख हो । यस ढाँचाको लागि सन् १९७५ देखि २००२ का तथ्याङ्कहरुबाट अनुमान गरिएको हो भने दशौं योजनाको अनुमान नवौं योजनावधिका तथ्याङ्कहरुको आधारमा गरिएको हो । त्यस्तै दशौं योजनाको अनुमानमा प्रत्येक परिसूचकहरुको लागि अलग-अलग्ग अनुमान निकालिएको छ भने यस ढाँचामा समष्टिगत प्रणाली अन्तर्गत त्यस्तो अनुमान निकालेको कारणले यसका अनुमानहरुमा बढी सामञ्जस्य र तादात्म्य (consistency) रहने आशा गरिएको छ । आउँदो वर्षका लागि निर्धारण गरिने विभिन्न नीतिहरुका आधारमा कूल गार्हस्थ्य उत्पादनका साथै अन्य समष्टिगत परिसूचकहरुमा पर्न सक्ने प्रभावको अनुमान यस ढाँचाबाट गर्न सकिन्छ ।

नीतिगत कारक तत्वहरु (policy variables) को प्रवृत्तिगत वृद्धिदरलाई आधार मान्दा देशको सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीमा समस्या आएको देखिदैन । स्थिर मूल्यमा कुल गार्हस्थ्य उत्पादन र वास्तविक व्याजदर (real interest rate) को हिसावले हेर्दा सार्वजनिक ऋणको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात सुध्रदै जाने अनुमान लगाउन सकिन्छ भने मुद्रा अवमूल्यनको कारणले सो अनुपातमा कमी आउने संभावना पनि देखिएको छ ।

*स्रोत : सार्वजनिक ऋण व्यवस्थापनको लागि संस्थागत सुदृढीकरण परियोजना, अर्थ मन्त्रालय र एशियाली विकास बैंक*

## सरकारी वित्त घाटा

२.३२ वित्तीय घाटा, प्राथमिक घाटा तथा ऋण/कुल गार्हस्थ्य उत्पादन अनुपात निम्नानुसार रहेको छ :

### तालिका २(ग) : प्राथमिक र वित्तीय घाटा

रु. करोडमा

| आर्थिक वर्ष | वित्तीय बचत/घाटा* | प्राथमिक बचत/घाटा** | ऋण/कुल गार्हस्थ्य उत्पादन अनुपात*** (प्रतिशतमा) | वित्तीय घाटा/कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात (प्रतिशतमा) |
|---|---|---|---|---|
| २०५५/५६ | -१७९९.१ | -१५५९.४ | ६४.१ | ५.३ |

| | | | | |
|---|---|---|---|---|
| २०५६/५७ | -१७६६.७ | -१४४१.२ | ६४.६ | ४.७ |
| २०५७/५८ | -२४१८.८ | -२०९२.७ | ६३.४ | ५.९ |
| २०५८/५९ | -२२९४.१ | -१८३७.८ | ६९.६ | ५.४ |
| २०५९/६० | -१६४३.७ | -१०७२.६ | ६७.७ | ३.६ |

*    *कुल राजस्व + वैदेशिक अनुदान - कुल खर्च*

**   *वित्तीय घाटा - खुद ब्याज आय (ब्याज आय तथा भुक्तानीको फरक)*

***  *आर्थिक वर्षको अन्त्यमा कायम रहेको कुल ऋणको आधारमा*

*स्रोत : महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग*

आर्थिक वर्ष २०५८/५९ मा उत्पादक मूल्यमा कुल गार्हस्थ्य उत्पादनको ५.४ प्रतिशत वित्तीय घाटा भएकोमा आर्थिक वर्ष २०५९/६० मा ३.६ प्रतिशत मात्र रहेको छ। यस्तै प्राथमिक घाटा आर्थिक वर्ष २०५८/५९ मा ४.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० मा २.४ प्रतिशत मात्र रहेको छ। आर्थिक वर्ष २०५८/५९ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ऋण ६९.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० मा ६७.७ प्रतिशतमा झरेको छ । अर्थतन्त्रमा ऋणको भार बढ्दै गएको विगत वर्षहरुको प्रवृत्तिमा आर्थिक वर्ष २०५९/६० मा केही सुधार देखिएको छ । श्री ५ को सरकारले अवलम्वन गरेको वैदेशिक सहायता नीतिको कार्यान्वयनबाट यस वर्ष वैदेशिक सहायतामा ऋणको अनुपातमा अनुदानको अंश बढी भएकोले यसो हुन गएको अनुमान छ । आर्थिक वर्ष २०५९/६० को वैदेशिक अनुदान वैदेशिक ऋण भन्दा १४९.४ प्रतिशत बढी छ भने अघिल्लो आर्थिक वर्षको तुलनामा ६९.६ प्रतिशतले अनुदान रकम बढेको छ भने ऋण रकम ४१ प्रतिशतले घटेको देखिन्छ ।

## वित्तीय घाटा पूर्तिको स्रोत

२.३३ आर्थिक वर्ष २०५९/६० मा बजेट घाटा रु. १६ अर्ब ४३ करोड ७१ लाख रहेको थियो। आर्थिक वर्ष २०५८/५९ संग तुलना गर्दा बजेट घाटाको रकम २८.४ प्रतिशतले घटेको देखिन्छ। न्यूनपूर्ति गर्ने स्रोतहरुमध्ये आर्थिक वर्ष २०५९/६० मा वैदेशिक ऋण परिचालनवाट रु. ४ अर्ब ५४ करोड ६४ लाख (२७.७ प्रतिशत), आन्तरिक ऋण परिचालनवाट रु. ८ अर्ब ८८ करोड (५४.० प्रतिशत) र नगद मौज्दात परिचालनवाट रु. ३ अर्ब १ करोड ७ लाख (१८.३ प्रतिशत) पूर्ति गरिएको थियो ।

## चुनौतीहरु

२.३४ श्री ५ को सरकारको वित्तीय स्थिति विश्लेषण गर्दा कुल गार्हस्थ्य उत्पादनको तुलनामा राजस्वको अनुपात भन्दा कुल सरकारी खर्चको अनुपात बढी रहने प्रवृत्ति देखिएकोले यसले सरकारी वित्तलाई दीर्घकालीन रुपमै प्रतिकूल प्रभाव पार्ने देखिन्छ । विगत चार वर्षदेखि साधारण खर्चको तुलनामा विकास खर्चमा ह्रास आउने प्रवृत्ति देखिएको छ। यस परिप्रेक्ष्यमा साधारण खर्चमा नियन्त्रण गर्ने र विकास खर्चलाई बढाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने तथा राजस्व परिचालन बढाएर न्यून वित्तमा कमी ल्याई समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने चुनौती श्री ५ को सरकारले सामना गर्नु परिरहेको छ ।

२.३५ सरकारी आय र व्ययका वीचमा सन्तुलन ल्याउने क्रममा आगामी दिनमा राजस्व असूली बढाउन प्रशासनिक सुधार तथा करको दायरा बढाउन सम्भाव्य क्षेत्रहरुको पहिचान गरी आन्तरिक राजस्व परिचालनमा प्रभावकारिता ल्याउनुपर्ने चुनौती श्री ५ को सरकार सामु विद्यमान छ ।

२.३६ विश्व व्यापार संगठन (WTO) को सदस्यता नेपालले प्राप्त गरिसकेको र सो अनुरुप करका दरहरु समायोजन गर्नुपर्ने आवश्यकता रहेको परिप्रेक्ष्यमा देशको राजस्व असूलीमा ह्रास आउन दिन नहुने चुनौती पनि संगसंगै रहेको छ ।

२.३७ राजस्व चुहावट रोक्नुका साथै जनतामा कर तिर्ने प्रवृत्ति (tax compliance) को विकास गर्ने, न्यून बिजकीकरण हटाउने तथा मूल्य अभिवृद्धि करमा बिल लिने-दिने प्रवृत्तिलाई प्रोत्साहित गरी करको दायरा बढाउने जस्ता चुनौतीहरु पनि यथावत् छन् ।

२.३८ कर प्रशासनलाई चुस्त, छरितो एवं सक्षम बनाउन स्वचालित पद्दतिको विकास (automation) गर्ने, भन्सारमा स्वचालित भन्सार तथ्याङ्क प्रणाली (ASYCUDA) लाई पूर्ण र प्रभावकारी रुपले लागू गर्ने कार्य पनि चुनौतीको रुपमा रहिरहेको छ ।

२.३९ लाभांश, रोयल्टी, साँवा ब्याज असूली जस्ता क्षेत्रबाट आउने राजस्व वृद्धि गर्ने तथा दरहरुको पुनरावलोकन गरी गैर कर राजस्वको दायरा फराकिलो पार्ने कार्य चुनौतीकै रुपमा रहेको छ ।

२.४० खर्च व्यवस्थापनका क्षेत्रमा माओवादी विद्रोहीका काम-कारवाहीबाट ध्वस्त भएका संरचनाहरुको पुनर्निर्माण तथा त्यसबाट पीडित समुदायलाई राहत दिन संचालन गर्नुपर्ने कार्यहरुको लागि ठूलो धनराशि खर्च गर्नुपर्ने आवश्यकता रहेको छ ।

२.४१ शान्ति-सुरक्षाको अभावका कारण विकास आयोजनाहरु संचालन गर्न असहज परिस्थिति उत्पन्न भएको सन्दर्भमा सुरक्षा तथा विकास कार्यक्रमलाई संगसंगै लैजान एकीकृत एवं समन्वयात्मक संयन्त्र र संरचना निर्माण गरी विकास खर्चको उत्पादनशीलता र परिमाण बढाउने कार्य पनि चुनौतीपूर्ण नै छ ।

२.४२ सरकारसामु रहेको अर्को चुनौती वैदेशिक सहायताको स्वीकृति र उपयोगको अन्तरलाई कम गर्ने र यसलाई गरिबी निवारणतर्फ निर्देशित गर्नु पनि हो ।

२.४३ निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमताको विकास गरी उपलब्ध गराउन सक्ने वस्तु र सेवाको उत्पादनमा क्रमशः सरकारी संलग्नता र हस्तक्षेपलाई न्यून गर्दै अर्थतन्त्रलाई उदार र प्रतिस्पर्धात्मक बनाउने तथा निजी क्षेत्रको लगानी प्रोत्साहित हुने गरी उपयुक्त कानूनी, नीतिगत र संस्थागत पूर्वाधारहरु तैयार गर्दै लैजाने र संगठित क्षेत्रको व्यवस्थापन (corporate governance) मा सुधार गर्दै लैजाने कार्य पनि चुनौतीकै रुपमा रहिरहेका छन् ।

२.४४ स्थानीय स्तरमा विकेन्द्रित गरिएको वित्त व्यवस्थालाई प्रभावकारी वनाउन आवश्यक संयन्त्रका साथै विकेन्द्रित वित्तीय प्रणालीको विकास गर्नु अर्को चुनौतीको रुपमा रहेको छ ।

# ३. मूल्य तथा आपूर्ति स्थिति

## समष्टिगत उपभोक्ता मूल्य स्थिति

३.१ शहरी क्षेत्रको राष्ट्रिय मूल्य सूचकाङ्क (आधार वर्ष २०५२/५३=१००) को आधारमा मूल्य वृद्धिदरको विश्लेषण गर्दा आर्थिक वर्ष २०५९।६० को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा विन्दुगत मूल्यमा सीमान्त ह्रास देखिएता पनि औसत मूल्य स्तरमा चाप परेको छ । विन्दुगत आधारमा आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा १.५ प्रतिशतले वृद्धि भएको मूल्य आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ०.१ प्रतिशतले घटेको छ । त्यसैगरी आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अवधिमा औसत मूल्य वृद्धिदर ५.१ प्रतिशत रहेको छ जुन आर्थिक वर्ष २०५९।६० को यसै अवधिको ३.६ प्रतिशतको वृद्धिको तुलनामा १.५ प्रतिशत विन्दुले बढी छ । क्षेत्रगत आधारमा विन्दुगत मूल्य परिवर्तन हेर्दा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा काठमाण्डौ उपत्यकामा सबैभन्दा बढी अर्थात् २.३ प्रतिशतले उपभोक्ता मूल्य सूचकाङ्क वृद्धि भएको छ भने तराई र पहाडमा यस्तो मूल्यमा क्रमशः १.१ प्रतिशत र १.० प्रतिशतको ह्रास भएको छ । २०५९ आषाढको तुलनामा फाल्गुणमा तराई, पहाड र काठमाण्डौमा क्रमशः २.३ प्रतिशत, ०.९ प्रतिशत र ०.६ प्रतिशतले मूल्य बढेको थियो ।

३.२ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा खाद्य तथा पेय पदार्थ समूहमा उल्लेख्य भार रहेको धानको उत्पादनमा वृद्धि भएको, तरकारी तथा फलफुलको उत्पादन एवं आपूर्ति राम्रो रहेको जस्ता कारणले सबै वस्तुहरुको विन्दुगत मूल्य सूचकाङ्कमा ०.१ प्रतिशतले ह्रास भएको छ । विन्दुगत हिसावले तेल तथा घ्यु, चिनी तथा चिनीजन्य पदार्थ, मरमसला, मासु, माछा तथा फुल, रेष्टुरेन्टको खाना, दलहन र दुध तथा दुग्ध पदार्थको मूल्य सूचकाङ्कमा वृद्धि भएतापनि खाद्य तथा पेय पदार्थ समूहमा उच्च भार भएको चामल, तरकारी तथा फलफूल र पेय पदार्थको मूल्यमा उल्लेख्य रुपमा ह्रास आएबाट समग्र खाद्य तथा पेय पदार्थ समूहको मूल्यमा ह्रास देखिएको, तर गैर-खाद्य तथा सेवा समूहको जुत्ता, यातायात तथा संचार उपसमूहमा सामान्य ह्रास भएको र अन्य सबै उपसमूहहरुको मूल्य वृद्धि भएतापनि आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा समग्र मूल्य सूचकाङ्कमा सीमान्त रुपमा मात्र ह्रास देखिएको हो । यद्यपि, उपभोक्ता मूल्य सूचकाङ्कको औसत मूल्य वृद्धिदर आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा विगत चार वर्षमा सबैभन्दा उच्च रहन गएको छ ।

**तालिका नं. ३(क) : शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क**

(प्रतिशत परिवर्तन)*

आधार बर्ष २०५२/५३=१००

| क्षेत्र | भार प्रतिशत | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१** |
| काठमाडौ | ३०.८२ | ३.३ | १.९ | २.६ | ६.६ |

| | | | | | |
|---|---|---|---|---|---|
| पहाड | १८.७५ | ९.६ | २.७ | २.६ | ४.५ |
| तराई | ५०.४३ | ०.६ | ३.६ | ४.४ | ४.६ |
| नेपाल अधिराज्य | १००.०० | २.१ | २.९ | ३.६ | ५.१ |

* *प्रथम आठ महिनाको औसत मूल्य वृद्धिदर ।*

** *अपरिष्कृत ।*

*स्रोत : नेपाल राष्ट्र बैंक ।*

## खाद्य तथा पेय पदार्थ समूह

३.३ समूहगत आधारमा आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा खाद्य तथा पेय पदार्थ समूहको विन्दुगत मूल्य सीमान्त रुपमा ०.१ प्रतिशतलेमात्र ह्रास भएको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा २.१ प्रतिशतले घटेको छ । यसरी आर्थिक वर्ष २०६०।६१ को समीक्षा अवधिमा यस समूहको मूल्य सूचकाङ्क ह्रास हुनुका पछाडि दाल, मरमसला, मासु, माछा तथा फूल, दुध तथा दुग्ध पदार्थ, तेल तथा घ्यू, चिनी तथा मिठाई र रष्टुरेन्टको खाना उपसमूहहरुको मूल्यमा ०.६ प्रतिशतदेखि १०.१ प्रतिशतसम्म वृद्धि भएतापनि यस समूहको मूल्य सूचकाङ्कमा अधिक भार रहेका चामल, तरकारी तथा फलफूल र पेय पदार्थ जस्ता वस्तुको मूल्यमा ०.७ प्रतिशतदेखि १२.३ प्रतिशतसम्मको ह्रास देखिनु नै प्रमुख कारण रहेको छ ।

३.४ अन्न तथा त्यसबाट बनेका परिकारको मूल्य आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ३.२ प्रतिशतले बढेको तुलनामा आर्थिक वर्ष २०६०/६१ को यसै अवधिमा ५.८ प्रतिशतको उल्लेख्य दरले घटेको छ । साथै, चामलको मूल्य आर्थिक वर्ष २०५९/६० मा ०.३ प्रतिशतले मात्र घटेको तुलनामा आर्थिक वर्ष २०६०/६१ को यसै अवधिमा उल्लेख्य रुपले घटेकोले अन्न तथा त्यसबाट बनेका परिकारको मूल्य पनि उल्लेख्य रुपमा घटेको छ । धानको उत्पादन उल्लेख्य (७.८ प्रतिशत) रुपले बढी आपूर्तिमा पर्याप्तता देखिएकोले यो ह्रास संभव भएको हो । विन्दुगत हिसावले हरेक वर्ष आषाढको तुलनामा फाल्गुण महिनामा तरकारी आपूर्ति सुदृढ रहने प्रवृत्ति देखिनु र काठमाण्डौ उपत्यकाको आसपासका जिल्लाहरुका साथै अन्य पहाडी जिल्लाहरुमा पनि तरकारी र फलफूल उत्पादन बढ्दै गएकोले समग्रमा यस उपसमूहको मूल्य सूचकाङ्कमा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा १२.३ प्रतिशतले ह्रास आएको छ । आर्थिक वर्ष २०५९/६० मा यो उपसमूहको मूल्यमा १३.८ प्रतिशतले ह्रास आएको थियो । बन्द, नाकाबन्दी जस्ता असहज परिस्थितिले स्वदेशी मदिरा उत्पादन घट्न गएतापनि आयातित विभिन्न प्रकारका मदिरा र अन्य पेय पदार्थले गर्दा समग्र पेय पदार्थको आपूर्ति नेपाली बजारमा बढेकोले यसको मूल्य आर्थिक वर्ष २०५९/६० मा भएको ५.६ प्रतिशतको वृद्धिको तुलनामा यस वर्षको समीक्षा अवधिमा ०.७ प्रतिशतले घट्न गएको छ ।

३.५ दलहनको मूल्य आर्थिक वर्ष २०५९/६० मा ४.९ प्रतिशतले घटेको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा ०.६ प्रतिशतले बढेको छ । दलहनको उत्पादनमा सीमान्त वृद्धि भएतापनि तेस्रो मुलुक तर्फको यसको निर्यातमा वृद्धि भएबाट आन्तरिक मूल्य वृद्धि

भएको हो । मासु, माछा तथा फुलको मूल्य आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा २.९ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०५९/६० मा यी वस्तुहरुको मूल्य १.४ प्रतिशतले मात्र वृद्धि भएको थियो । नेपालको तराई क्षेत्रमा माछाको उत्पादन बढेको र भारतबाट समेत आपूर्ति सरल रुपमा भएपनि पहाड तथा तराईबाट खसी तथा बोका र राँगाको आपूर्तिमा कमी आएको र केही हदसम्म केही समय बर्ड-फ्लु (bird flue) भनिने संक्रामक रोगको मानसिक/सांकेतिक असर परेकोले पनि खसी/राँगाको मासुमा चाप पर्न गएबाट यो उपसमूहको मूल्यमा केही बढोत्तरी देखिएको हो । दुध तथा दुग्ध पदार्थको मूल्य आर्थिक वर्ष २०५९/६० मा ०.५ प्रतिशतले वृद्धि भएकोमा दुध खरीद बन्द (milk holiday), हडताल र नाकाबन्दी जस्ता कारणले यस उपसमूहको उत्पादनमा प्रतिकूल असर रही रहेकोले आर्थिक वर्ष २०६०/६१ मा यो मूल्यमा ०.६ प्रतिशतले वृद्धि भएको छ । तेल तथा घ्यूको मूल्य आर्थिक वर्ष २०५९/६० मा १०.४ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा १०.१ प्रतिशतको वृद्धि हुनुमा दुध र दुग्ध पदार्थको उत्पादनमा आएको शिथिलता र मूल्य वृद्धि, अन्तर्राष्ट्रिय स्तरमै यी वस्तुको मूल्यमा भएको वृद्धि र स्वदेशी तोरीको उत्पादन लागतमा वृद्धि भई उत्पादनमा गिरावट आदि प्रमुख कारण रहेका छन् ।

३.६ चिनी र चिनीजन्य पदार्थको मूल्यमा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा ८.७ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०५९/६० मा यो उपसमूहको मूल्यमा ९.२ प्रतिशतको उल्लेख्य ह्रास आएको थियो । उखु उत्पादकहरुले उचित मूल्य र समयमै आफ्नो उत्पादन बिक्री गर्न कठिनाइ हुने गरेको जस्ता कारणले उखुको उत्पादनमा कमी आउनुका साथै, आयातित चिनीमा उल्लेख्य कमी आएकोले यो उपसमूहको मूल्य बढ्न गएको हो । रेष्टुरेन्टको खाना उपसमूहको मूल्य आर्थिक वर्ष २०५९/६० मा २.८ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा १.८ प्रतिशतले बढेको छ । यो उपसमूहको मूल्य वृद्धिमा निरन्तरता रहनुमा मासु, माछा तथा फुल, तेल तथा घ्यू, चिनी तथा चिनीजन्य पदार्थ जस्ता सहायक पदार्थहरुको मूल्य वृद्धिको असर प्रमुख कारण रहेको छ ।

## गैर-खाद्य तथा सेवा समूह

३.७ आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा गैर-खाद्य वस्तु तथा सेवा समूहको विन्दुगत मूल्य वृद्धिदर २.१ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा यो समूहको मूल्य वृद्धिदर ३.२ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा यो समूह अन्तरगतका जुत्ता र यातायात तथा संचार उपसमूह वाहेक अन्य सबै उपसमूहहरुको मूल्य वृद्धि भएको छ । यस्तो वृद्धिमा सबैभन्दा कम दरले इन्धन, बत्ती तथा पानी उपसमूह (०.४ प्रतिशत) को र सबै भन्दा उच्चदरले शिक्षा, शैक्षिक सामग्री तथा मनोरन्जन उपसमूह (४.८ प्रतिशत) को मूल्य वृद्धि भएको छ । लत्ता-कपडा तथा तयारी पोशाक उपसमूहको मूल्य आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा १.९ प्रतिशतले वृद्धि भएको छ जुन आर्थिक वर्ष २०५९/६० कै हाराहारीमा रहेको छ । स्वदेशी कपडा उद्योग बन्द भई उत्पादन घट्नु र तयारी पोशाकको स्थानीय स्तरमा सिलाई ज्याला समेत बढ्न गएकोले यो उपसमूहको मूल्य वृद्धिले निरन्तरता पाएको छ । जुत्ता उपसमूहको मूल्य आर्थिक वर्ष २०५९/६० मा

०.५ प्रतिशतले बढेको तुलनामा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा ०.३ प्रतिशतले घटेको छ । यसो हुनुमा आयातित सस्तो र विविध प्रकारका जुत्ताको आपूर्ति सरल हुनु प्रमुख कारण देखिन्छ ।

३.८ घरायसी सामान उपसमूहको मूल्य आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा १.४ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०५९/६० मा यो उपसमूहको मूल्य वृद्धि २.९ प्रतिशत रहेको थियो । बिजुली, पानी, घरभाडा, मट्टीतेल आदिको मूल्यमा वृद्धि भइरहेकोले घरायसी सामान उपसमूहको मूल्य वृद्धि भएको हो । यातायात तथा संचार उपसमूहको मूल्य वृद्धि आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ०.९ प्रतिशतले भएकोमा आर्थिक वर्ष २०६०/६१ को त्यसै अवधिमा यस्तो मूल्यमा १.७ प्रतिशतले ह्रास आएको छ । आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा औषधि तथा व्यक्तिगत हेरचाह उपसमूहको मूल्य ३.६ प्रतिशतले वृद्धि भएको छ जबकि आर्थिक वर्ष २०५९/६० मा यो उपसमूहको मूल्य २.४ प्रतिशतले बढेको थियो । निजी क्षेत्रका स्वास्थ्य संस्थाहरुको उच्च सेवा शुल्क र औषधिको मूल्य वृद्धिका कारण स्वास्थ्य क्षेत्रको मूल्य वृद्धि भएको हो ।

## तालिका नं. ३(ख) : शहरी क्षेत्रको विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क

**(प्रतिशत परिवर्तन)***

(आधार वर्ष २०५२/५३ = १००)

| उपभोग्य वस्तुहरु | भार प्रतिशतमा | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | ०५७/५८ | ०५८/५९ | ०५९/६० | ०६०/६१** |
| **कुल (क+ख)** | **१००.०** | **-०.१** | **-०.१** | **१.५** | **-०.१** |
| **क. खाद्य तथा पेय पदार्थ** | **५३.२** | **-५.८** | **-२.२** | **-०.१** | **-२.१** |
| अन्न तथा त्यसबाट बनेका परिकार | १८.० | -१४.७ | १.५ | ३.२ | -५.८ |
| दलहन | २.७ | -१.७ | -०.८ | -४.९ | ०.६ |
| तरकारी तथा फलफूल | ७.९ | -१८.४ | -१९.९ | -१३.८ | -१२.३ |
| मरमसला | १.९ | ०.७ | -२.९ | -१.५ | ३.० |
| मासु, माछा तथा फुल | ५.२ | १.८ | १.२ | १.४ | २.९ |
| दुध तथा दुग्ध पदार्थ | ४.० | ६.३ | -१.१ | ०.५ | ०.६ |
| तेल तथा घ्यू | ३.१ | -१.४ | २.९ | १०.४ | १०.१ |
| चिनी तथा मिठाई | १.२ | ७.६ | -३.६ | -९.२ | ८.७ |
| पेय पदार्थ | २.३ | २.२ | ४.६ | ५.६ | -०.७ |
| रेष्टुरेण्टको खाना | ६.९ | ७.५ | ०.२ | २.८ | १.८ |
| **ख. गैर-खाद्य वस्तु तथा सेवा** | **४६.८** | **६.५** | **२.०** | **३.२** | **२.१** |
| लत्ता कपडा तथा तयारी लुगा | ८.९ | २.७ | १.७ | १.८ | १.९ |
| जुत्ता | २.२ | ०.८ | १.० | ०.५ | -०.३ |
| घरायसी सामान | १४.९ | ७.६ | २.५ | २.९ | १.४ |
| यातायात तथा संचार | ४.० | ६.९ | ०.१ | ०.९ | -१.७ |
| औषधि तथा व्यक्तिगत हेरचाह | ८.० | ४.३ | ५.९ | २.४ | ३.६ |
| शिक्षा, शैक्षिक सामग्री, मनोरञ्जन | ७.१ | १४.३ | -१.४ | ९.२ | ४.८ |
| चुरोट | १.७ | ०.८ | ४.२ | १.८ | १.३ |

* *आषाढ-फाल्गुणको विन्दुगत मूल्य*

** *अपरिष्कृत ।*

*स्रोत :नेपाल राष्ट्र बैंक*




३.९ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा शिक्षा, शैक्षिक सामाग्री तथा मनोरन्जन उपसमूहको मूल्य ४.८ प्रतिशतको दरले बढेको छ । यसरी यो उपसमूहको मूल्य वृद्धि हुनुमा शैक्षिक सामग्रीको मूल्य वृद्धि हुनुलाई प्रमुख कारणका रुपमा लिन सकिन्छ । आर्थिक वर्ष २०५९/६० मा यो उपसमूहको मूल्यमा ९.२ प्रतिशतको उल्लेख्य वृद्धि भएको थियो । चुरोट उपसमूहको मूल्य आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा १.३ प्रतिशतले बढेको छ, जबकि आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा यो उपसमूहको मूल्य १.८ प्रतिशतले वृद्धि भएको थियो ।

## क्षेत्रगत उपभोक्ता मूल्य स्थिति

३.१० क्षेत्रगत आधारमा विन्दुगत हिसावले शहरी उपभोक्ता मूल्य सूचकाङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा सबैभन्दा बढी दरले काठमाण्डौको मूल्य वृद्धि भएको छ भने तराईको मूल्यमा सबै भन्दा बढी दरले ह्रास आएको छ । वर्तमान असहज परिस्थितिका कारण पटक-पटक यातायात सेवामा अवरोध आएको, शान्ति सुरक्षाका कारण काठमाण्डौमा उपभोक्ताहरुको बढी चाप परेको र भारतीय निर्वाचनका कारण समेत आपूर्ति व्यवस्था असहज भएकोले काठमाण्डौ उपत्यकामा

मूल्य वृद्धि उच्च रहन गएको छ । त्यसैगरी धानको उत्पादनमा उल्लेख्य वृद्धि भएकोले तराई क्षेत्रको खाद्यान्नको मूल्यमा उल्लेख्य ह्रास आएबाट त्यस क्षेत्रको समग्र मूल्यमा गिरावट आएको हो । समूहगत हिसावले खाद्य तथा पेय पदार्थ समूहको मूल्य आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा काठमाडौमा ०.९ प्रतिशतले वृद्धि भएकोमा पहाड र तराईमा यस्तो मूल्यमा क्रमशः २.० प्रतिशत र ३.८ प्रतिशतले गिरावट आएको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा पहाड र काठमाडौमा यो समूहको मूल्यमा क्रमशः १.० प्रतिशत र १.८ प्रतिशतले ह्रास आएको थियो भने तराईमा त्यस्तो मूल्य १.३ प्रतिशतले बढेको थियो । त्यसै गरी आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहको मूल्य पहाड, तराई र काठमाडौमा क्रमशः ०.२ प्रतिशत, १.९ प्रतिशत र ३.७ प्रतिशतले वृद्धि भएको छ जवकि आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा ती क्षेत्रहरुमा क्रमशः ३.१ प्रतिशत, ३.४ प्रतिशत र २.९ प्रतिशतले मूल्य वृद्धि भएको थियो ।

## थोक मूल्य सूचकाङ्क

३.११ राष्ट्रिय थोक मूल्य सूचकाङ्क (आधार वर्ष २०५६/५७=१००) को विन्दुगत विश्लेषण गर्दा आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा ०.७ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा यस्तो मूल्य ३.१ प्रतिशतले वृद्धि भएको थियो । राष्ट्रिय थोक मूल्य सूचकाङ्कमा अधिक भार (४९.६ प्रतिशत) भएको कृषि सम्वन्धी वस्तुहरुको समूह मध्येका उपसमूहहरु दलहन ४.० प्रतिशत, मरमसलामा ३.६ प्रतिशत र पशुजन्य उत्पादनमा ५.७ प्रतिशतले मूल्य वृद्धि भएता पनि यस समूह भित्रको दुई-तिहाई भन्दा पनि बढी भार भएका उपसमूहहरुको मूल्यमा उल्लेख्य ह्रास आएको छ । यस क्रममा खाद्यान्न वस्तुमा ७.९ प्रतिशत, नगदेवालीमा १५.८ प्रतिशत र फलफूल तथा तरकारीमा १.७ प्रतिशतले गिरावट आएको कारण यो समूहको समग्र मूल्य सूचकाङ्कमा ३.१ प्रतिशतको ह्रास आएको छ । आर्थिक वर्ष २०५९/६० मा यो समूह अन्तर्गत नगदे वालीको मूल्यमा २२.९ प्रतिशतको उल्लेख्य ह्रास आएता पनि अन्य सबै उपसमूहहरुमा ३.२ प्रतिशत देखि १५.४ प्रतिशतसम्मले वृद्धि आएका कारण कृषि वस्तु समूहको समग्र मूल्यमा ३.१ प्रतिशतले वृद्धि भएको थियो ।

३.१२ राष्ट्रिय थोक मूल्यमा २०.४ प्रतिशत भार रहेका स्वदेशमा उत्पादित औद्योगिक वस्तुहरुको मूल्यमा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा ६.६ प्रतिशतले वृद्धि भएको छ जबकि आर्थिक वर्ष २०५९/६० मा यो समूहको मूल्यमा ३.० प्रतिशतले वृद्धि भएको थियो । यो समूह अन्तरगत आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा खाद्यजन्य वस्तुमा ३.८ प्रतिशत, पेय तथा सूर्तिजन्य वस्तुमा ३.७ प्रतिशत, निर्माण सामग्रीमा १५.७ प्रतिशत र अन्य वस्तुहरुमा ४.४ प्रतिशतको मूल्य वृद्धि भएको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा पेय तथा सूर्तिजन्य वस्तुको मूल्य ०.२ प्रतिशतले घटेतापनि अन्य उपसमूहहरुको मूल्यमा २.४ प्रतिशतदेखि ५.७ प्रतिशतसम्मले वृद्धि भएको थियो ।

**तालिका ३(ग) : राष्ट्रिय थोक मूल्य सूचकाङ्क**

**(प्रतिशत परिवर्तन)***

(आधार वर्ष २०५६/५७ = १००)

| समूह | भार प्रतिशतमा | आर्थिक वर्ष |
|---|---|---|

| | | २०५८/५९ | २०५९/६० | २०६०/६१** |
|---|---|---|---|---|
| कुल | १००.० | -१.१ | ३.१ | ०.७ |
| कृषि वस्तु | ४९.६ | -४.२ | ३.५ | -३.१ |
| स्वदेशमा उत्पादित औद्योगिक वस्तु | २०.४ | ४.३ | ३.० | ६.६ |
| आयातित वस्तु | ३०.० | ०.५ | २.७ | २.९ |

* *आषाढ-फाल्गुणको विन्दुगत मूल्य ।*

** *अपरिष्कृत*

*स्रोत : नेपाल राष्ट्र बैंक*

३.१३ राष्ट्रिय थोक मूल्यमा ३०.० प्रतिशतको भारप्राप्त आयातित वस्तु समूहको मूल्य आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा २.९ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०५९/६० मा यो समूहको मूल्य २.७ प्रतिशतले वृद्धि भएको थियो । यो समूह अन्तर्गत विद्युत् तथा विद्युतीय वस्तु उपसमूहको मूल्यमा २.० प्रतिशतले ह्रास आएकोमा अन्य उपसमूहहरुको मूल्य ०.३ प्रतिशतदेखि ६.८ प्रतिशतसम्मले वृद्धि भएको छ । रासायनिक मल तथा रासायनिक वस्तु, यातायातका साधन तथा मेशिनरी, औषधि र कपडाजन्य वस्तु उपसमूहहरुको मूल्य वृद्धिदर तुलनात्मक रुपमा कम रहेकोले आर्थिक वर्ष २०५९/६० मा यो समूहको मूल्य वृद्धि सीमान्त रुपले कम हुन गएको हो।

## केही प्रमुख वस्तुहरुको सरदर खुद्रा मूल्य

३.१४ २०६० श्रावणको तुलनामा २०६० फाल्गुणमा अधिराज्यका प्रमुख १० कृषिजन्य वस्तुहरुको सरदर खुद्रा बजार मूल्य (प्रति किलोग्राम/लिटर) विश्लेषण गर्दा नौ वस्तुहरुको मूल्य वृद्धि भएको छ भने एक वस्तुको मूल्य घटेको छ । मूल्य बढेका वस्तुहरुमा चामल मोटो (११.२ प्रतिशत), गहुँको पीठो (१९.३ प्रतिशत), मासको दाल (१.० प्रतिशत), रहरको दाल (५.९ प्रतिशत), तोरीको तेल (६.७ प्रतिशत), खारेको घ्यू (३.७ प्रतिशत), खसीको मासु (६.१ प्रतिशत), सुकेको प्याज (६८.६ प्रतिशत) र अदुवा (३५.९ प्रतिशत) रहेका छन् भने मूल्य घटेको वस्तुमा आलु (२५.९ प्रतिशत) रहेको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा चामल मोटो, गँहुको पीठो, रहरको दाल, तोरीको तेल, खसीको मासु, आलु, सुकेको प्याज र अदुवाको मूल्य घटेकोमा बांकी दुई वस्तुको मूल्य बढेको थियो ।

३.१५ पहाडी क्षेत्रमा २०६० श्रावणको तुलनामा २०६० फाल्गुणमा उपर्युक्त प्रमुख १० वस्तुहरुमध्ये आठ वस्तुहरु (चामल मोटो, गहुँको पिठो, रहरको दाल, तोरीको तेल, सुकेको प्याज, अदुवा, खारेको घ्यू र खसीको मासु) को सरदर खुद्रा बजार मूल्य बढेको छ भने वांकी दुई वस्तुको मूल्य घटेको छ । आर्थिक वर्ष २०५९/६० को समीक्षा अवधिमा चार वस्तुहरु (मासको दाल, तोरीको तेल, खारेको घ्यू र खसीको मासु) को मूल्य बढेको र बाँकी छ वस्तुहरुको मूल्य घटेको थियो । तराईमा २०६० श्रावणको तुलनामा २०६० फाल्गुणमा गहुँको पिठो, मासको दाल, रहरको दाल, तोरीको तेल, खारेको घ्यू, खसीको मासु, सुकेको प्याज र अदुवाको मूल्य बढेको छ भने बाँकी दुई वस्तुको मूल्य घटेको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा तराईमा चामल मोटो, गहुँको पिठो, मासको दाल, रहरको दाल, तोरीको तेल, खारेको घ्यू र खसीको मासुको मूल्य बढेकोमा आलु, सुकेको प्याज र अदुवाको मूल्य घटेको थियो ।

३.१६ २०५९ फाल्गुणको तुलनामा २०६० फाल्गुणमा पहाडी क्षेत्रमा उपर्युक्त १० वस्तुहरुमध्ये चामल मोटो, गहुँको पिठो, मासको दाल, रहरको दाल, तोरीको तेल, खसीको मासु, सुकेको प्याज र अदुवा गरी आठ वस्तुहरुको मूल्य बढेको छ भने अन्य दुई वस्तुको मूल्य घटेको छ । सोही अवधिमा तराईमा मूल्य वृद्धि भएका सात वस्तुहरुमा गहुँको पिठो, रहरको दाल, तोरीको तेल, खारेको घ्यू, खसीको मासु, सुकेको प्याज र अदुवा छन् भने बाँकी तीन वस्तुहरुको मूल्य घटेको छ। अधिराज्यव्यापी रुपमा हेर्दा उक्त अवधिमा मूल्य बढेका वस्तुहरुमा चामल मोटो, गहुँको पिठो, रहरको दाल, तोरीको तेल, खारेको घ्यू, खसीको मासु, सुकेको प्याज र अदुवा रहेको र बाँकी दुई वस्तुको मूल्य घट्न गएको छ।

३.१७ उक्त १० कृषिजन्य वस्तुहरुको मासिक राष्ट्रिय सरदर औसत खुद्रा मूल्यको विश्लेषण गर्दा आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा आठ वस्तुहरुको मूल्य बढेको छ भने दुई वस्तुको मूल्य घटेको छ । मूल्य बढेका वस्तुहरुमा चामल मोटो (९.७ प्रतिशत), गहुँको पिठो (२३.१ प्रतिशत), रहरको दाल (५.६ प्रतिशत), तोरीको तेल (२४.० प्रतिशत), खसीको मासु (४.५ प्रतिशत), खारेको घ्यू (१.१ प्रतिशत), सुकेको प्याज (४९.२ प्रतिशत) र अदुवा (६३.१ प्रतिशत) रहेका छन्। मूल्य घटेका वस्तुमा मासको दाल (४.४ प्रतिशत) र आलु (१७.७ प्रतिशत) रहेका छन्।

३.१८ पेट्रोलियम पदार्थको मूल्य स्थितिको विश्लेषण गर्दा आर्थिक वर्ष २०५९/६० मा आर्थिक वर्ष २०५८/५९ को तुलनामा पेट्रोलको मूल्यमा ७.७ प्रतिशतले वृद्धि भई पुनः ३.६ प्रतिशतले मूल्य घटी रु. ५४।- प्रतिलिटरमा कुनै परिवर्तन नभई सोही कायमै रहेको छ । त्यसैगरी डिजेल र मट्टीतेलको मूल्यमा पनि सोही अवधि भित्र क्रमशः ३४.० प्रतिशत र ६४.७ प्रतिशतले मूल्य वृद्धि भई पुनः दुई किस्तामा .ती वस्तुहरुको मूल्य घटी क्रमशः प्रति लिटर रु. ३१।- र रु. २४।- कायम भएको थियो । साथै मट्टीतेललाई बजार दर वाहेकको सहुलियत दरको कुपन रेट रु. २०।- प्रति लिटरमा कायम गरिएको छ।

## आपूर्ति स्थिति

३.१९ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०५९/६० को यसै अवधिको तुलनामा केही पेट्रोलियम पदार्थहरुको आपूर्ति स्थिति विश्लेषण गर्दा पेट्रोल १.६ प्रतिशतले घटी ४६,०५८ किलो लिटर, डिजेल ३.५ प्रतिशतले घटी १,८१,८१८ किलो लिटर, मट्टीतेल १४.९ प्रतिशतले घटी २,०८,०३३ किलो लिटर र फर्नेस आयल ३८.४ प्रतिशतले घटी ६,४०५ किलो लिटरमा झरेता पनि लाइट डिजेल आयल डेढ गुणा भन्दा बढीले वृद्धि भई ५५६ किलो लिटर हवाई इन्धन ३०.६ प्रतिशतले र एल.पि. ग्यासको आपूर्ति १६.२ प्रतिशतले वृद्धि भई ४३,८७१ मेट्रिक टन पुगेको छ।

३.२० सडक यातायात नभएका दुर्गम पहाडी जिल्लाहरुका जनतालाई सरल र सुलभ तरिकाले खाद्यान्न उपलब्ध गराउन खाद्यान्न ढुवानी अनुदान दिने नीतिअनुरुप आर्थिक वर्ष २०५९/६० मा ३१ दुर्गम पहाडी जिल्लाहरुमा ६४०५० क्विन्टल खाद्यान्न ढुवानी गरी आपूर्ति गर्ने कार्यक्रम रहेकोमा ९२.८ प्रतिशत अर्थात् ५९४६० क्विन्टल खाद्यान्न आपूर्ति गरिएको थियो । आर्थिक वर्ष २०६०/६१ मा ३० दुर्गम जिल्लाका लागि

६१,००० क्विन्टल खाद्यान्न ढुवानी गरी आपूर्ति गर्ने कार्यक्रम रहेकोमा प्रथम आठ महिनाको अवधिमा ५३.८४ प्रतिशत अर्थात् ३२,८४० क्विन्टल खाद्यान्न ढुवानी गरी आपूर्ति गरिएको छ । विभिन्न क्षेत्र तथा समयमा गरिएका नाकाबन्दी, नेपालबन्दका अतिरिक्त विभिन्न जिल्लामा खाद्यान्न ढुवानीमा समेत रोक लगाइएको जस्ता कारणले गर्दा कतिपय दुर्गम जिल्लाहरुमा माग अनुसार खाद्यान्न आपूर्ति हुन सकेको छैन । दुर्गम जिल्लाको लागि खाद्यान्न ढुवानी गरी आपूर्ति व्यवस्थालाई सुलभ र सहज वनाउने उद्देश्यले खाद्यान्नको परिमाणको अवस्था हेरी स्थल तथा हवाइमार्गबाट ढुवानी गरी आपूर्ति गरिएको छ । स्थल मार्गबाट खाद्यान्न ढुवानी हुने बझाङ, बाजुरा, जाजरकोट, खोटाङ जस्ता दुर्गम जिल्लाहरुमा हवाइजहाजबाट समेत खाद्यान्न ढुवानी गरी आपूर्ति गरिएकोछ ।

**चुनौतीहरु**

३.२१ खाद्यान्न लगायत अन्य अत्यावश्यकीय उपभोगका वस्तुहरुको मूल्य आन्तरिक रुपमा कृषि क्षेत्रको उत्पादन, छिमेकी मुलुक भारतको उत्पादन स्थिति र अन्तर्राष्ट्रिय व्यापारबाट प्रभावित हुने गर्छ । कृषि सम्वन्धी वस्तुहरुको उत्पादन लागत, उत्पादकत्व, भण्डारण क्षमता, हरित गृहको उपयोग, माटोको परीक्षण तथा भौगोलिक स्थिति अनुसारको गुणस्तरीय रासायनिक मलको उचित प्रयोग, ग्रामीण सडक सुधार आदिको सक्षम व्यवस्थापन हुन नसकेबाट उत्पादकले आफ्नो लागत मूल्य नपाउने र उपभोक्ताले बढी मूल्य तिर्नुपर्ने संरचनात्मक चुनौती अझै पनि विद्यमान रहेकोले कृषि क्षेत्रलाई यान्त्रिकीकरण तथा व्यवसायीकरण गरी बढी प्रतिस्पर्धी बनाउनुपर्ने चुनौती छ ।

३.२२ नेपालका सडकहरुको भारवहन क्षमता तुलनात्मक रुपले कम रहेकाले विशेष गरी काठमाडौ उपत्यकाको ढुवानी भाडा बढी हुने हुँदा वैकल्पिक मार्गको निर्माण गर्नु तथा ग्रामीण सडकको अभावमा आपूर्ति सरलीकरण एवं मूल्य स्थिरीकरण गर्नु अति आवश्यक एवं चुनौतीपूर्ण भएको छ ।

३.२३ पेट्रोलियम पदार्थ, खानेपानी तथा ढल, विद्युत्, टेलिफोन आदिको सहज आपूर्ति, गुणस्तरीय सेवा एवं मूल्यमा स्थिरता ल्याउने उद्देश्यले निजी क्षेत्रको सक्रिय सहभागिता बढाई यी वस्तु तथा सेवाको उपलब्धता, विस्तार एवं प्रतिस्पर्धी मूल्य निर्धारण प्रणाली लागू गर्नु पनि उत्तिकै आवश्यक छ ।

३.२४ सरकारी संस्थानहरुको व्यवस्थापन सुधार, खर्च कटौती तथा क्षमताको अधिकतम उपयोग गर्नुका साथै अत्यावश्यक वस्तुहरुको कुल मागको प्रक्षेपण गरी सोको आपूर्ति आन्तरिक उत्पादनबाट हुन नसक्ने अवस्था भएमा विश्व बजारबाट सवैभन्दा सस्तो मूल्यमा आयात गर्ने परिपाटी बसाली मूल्यमा स्थिरता कायम गर्नु चुनौतीको रुपमा रहेको छ ।

३.२५ बजार प्रणालीबाट निर्धारित वस्तु तथा सेवाको प्रतिस्पर्धी मूल्यले उपभोग, लगानी, उत्पादन र अन्ततोगत्वा समग्र अर्थतन्त्रको दिगो र सकारात्मक विकासमा नै प्रभाव पार्ने हुँदा समष्टिगत आर्थिक नीति एवं सोको व्यवस्थापनलाई यस्तो परिस्थिति सिर्जना गर्नेतर्फ उन्मुख गराउनु पनि चुनौतीपूर्ण रहेको छ ।

३.२६ आन्तरिक मूल्यमा स्थिरता ल्याउनु मौद्रिक नीतिका प्रमुख उद्देश्यमध्ये एक भएकोले मौद्रिक तथा कर्जा नीति र यसका उपकरणहरुको प्रयोगले समग्र मूल्यस्थितिमा पार्ने प्रभाव मूल्यांकन गर्न पनि मौद्रिक प्रवृत्तिबाट निर्धारित हुने प्राथमिक मूल्य (core inflation) को पहिचान गरी तदनुरुप मूल्य स्थितिमा स्थायित्व ल्याउनु चुनौतीपूर्ण छ ।

# ४. मुद्रा, बैंकिङ्ग तथा कर्जा

## मौद्रिक तथा वित्तीय क्षेत्र सम्बन्धी नीति

४.१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा उल्लेख भए अनुसार समग्रमा उच्च एवं दिगो आर्थिक वृद्धिदर कायम गर्न आवश्यक तरलताको व्यवस्था गर्नु, मुद्रास्फीतिदरमा स्थिरता ल्याउनु र शोधनान्तर स्थिति अनुकुल बनाउनु मौद्रिक नीतिका प्रमुख लक्ष्य रहेका छन्। त्यसैगरी, वित्तीय क्षेत्रको स्थायित्व कायम राखी सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्नु समेत मौद्रिक नीतिका लक्ष्यका रुपमा रहेका छन्। निर्दिष्ट लक्ष्यहरु हासिल गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दफा ९४) अनुसार नेपाल राष्ट्र बैंकले प्रत्येक वर्ष मौद्रिक नीति सम्बन्धी प्रतिवेदन अर्थात् (क) अघिल्लो वर्ष लागू गरिएको मौद्रिक नीतिको सिंहावलोकन र मूल्यांकन, तथा (ख) आगामी वर्ष अवलम्वन गरिने मौद्रिक नीतिको औचित्य र विवेचना गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नुपर्ने व्यवस्था अनुरुप आर्थिक वर्ष २०६०/६१ को लागि प्रस्तुत मौद्रिक नीति तथा कार्यक्रमको अडान (stance) मा मौद्रिक स्थायित्व कायम गरी आर्थिक गतिविधिलाई विस्तार गर्न सहयोग पुग्ने गरी मौद्रिक प्रसारणका संवाहक वित्तीय संस्थाहरुको सुधार एवं समग्र वित्तीय क्षेत्रको स्थायित्वका लागि सघाउने गरी मौद्रिक उपकरणहरुको प्रयोग गर्नु समेत उल्लेख छ।

मन्जूषा : ४(१)

**आर्थिक वर्ष २०६०।६१ को मौद्रिक नीति तथा कार्यक्रम**

क) मौद्रिक नीतिको माध्यमद्वारा मुद्रास्फीतिको दरलाई वाञ्छित सीमाभित्र कायम राख्ने, विदेशी विनिमय संचितिमा अनावश्यक ह्रास (depletion) हुन नदिने, आर्थिक तथा वित्तीय क्षेत्रको स्थायित्वलाई सुदृढ गर्ने, समष्टिगत आर्थिक परिसूचकहरुलाई अनुकूल बनाइराख्ने, वित्तीय मध्यस्थीकरणको स्तर र सक्षमता अभिवृद्धिद्वारा अर्थतन्त्रलाई आवश्यक पर्ने मौद्रिक तरलताको व्यवस्थापन गरी कर्जाको ब्याजदरलाई उपयुक्त स्तरमा राख्ने।

ख) मौद्रिक नीतिको प्रमुख लक्ष्य आर्थिक स्थायित्वलाई सुनिश्चित गरी आर्थिक वृद्धिदर अभिवृद्धि गर्ने र आन्तरिक मूल्यलाई स्थिर बनाइराख्ने उद्देश्यले नेपाली मुद्राको भारतीय मुद्रासँगको स्थिर विनिमयदर प्रणालीलाई कायमै राखी यथार्थ विनिमय दरलाई अधिमूल्यित वा अवमूल्यित हुन नदिई स्थिर वनाइराख्ने।

ग) मौद्रिक नीतिका अन्तिम लक्ष्यहरु (ultimate targets)-मूल्य स्थिरता र शोधनान्तर सुदृढीकरण-र मौद्रिक उपकरण बीचको अन्तरिम लक्ष्य (intermediate targets) का रुपमा मौद्रिक र कर्जा योगाङ्कहरुलाई लिइने। मौद्रिक नीतिका अन्तिम लक्ष्यहरु र अन्तरिम लक्ष्यहरु वीच सशक्त अन्तरसम्वन्ध कायम राख्न तरलता अनुगमन तथा प्रक्षेपण कार्य जस्ता मौद्रिक कार्यक्रम संचालनमा ल्याइनेछ। मौद्रिक नीतिको अन्तरिम लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्यले संचित मुद्राको प्रमुख स्रोतको रुपमा रहेको नेपाल राष्ट्र बैंकको खुद आन्तरिक सम्पत्ति (net domestic assets-NDA) लाई मौद्रिक नीतिको संचालन लक्ष्य (operating target) को रुपमा प्रयोग गरिने।

घ) मौद्रिक नीतिका अन्तिम लक्ष्यहरु प्राप्तिको निम्ति नेपाल राष्ट्र बैंकको खुद आन्तरिक सम्पत्तिलाई वाञ्छित सीमाभित्र राख्न खुला बजार कारोबार, अल्पकालीन व्याजदर लगायतका मौद्रिक उपकरणहरुलाई प्रमुख मौद्रिक उपायको रुपमा लिइने । ट्रेजरी बिलको दोस्रो बजार कारोबारलाई अझ प्रभावकारी बनाई बाणिज्य बैंकहरुको लागि स्थायी तरलता सुविधाको रुपमा ट्रेजरी विलको पुनर्खरीद (re-purchase-Repo) सुविधालाई कायमै राखिने ।

ङ) वाणिज्य बैंकहरुले स्वदेशी चल्ती निक्षेप तथा बचत निक्षेप दायित्वको ७.० प्रतिशत र स्वदेशी मुद्दती निक्षेप दायित्वको ४.५ प्रतिशत नेपाल राष्ट्र बैंकमा अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने र कुल स्वदेशी निक्षेप दायित्वको २.० प्रतिशत आफ्नो ढुकुटीमा मौज्दात राख्नुपर्ने साविक व्यवस्थामा बैंकहरु आफ्नो वित्तीय साधनको व्यवस्थापन गर्न सक्षम रहेको परिप्रेक्ष्यमा उनीहरुले ढुकुटीमा मौज्दात राख्नुपर्ने २.० प्रतिशतको उपर्युक्त प्रावधान हटाइएको । विभिन्न निक्षेप दायित्वमा लगाइएका अनिवार्य नगद मौज्दात अनुपातहरुलाई सरलीकृत र एकीकृत बनाई आर्थिक वर्ष २०६०।६१ देखि वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा आफ्नो कुल स्वदेशी निक्षेप दायित्वको एकमुष्ट ६.० प्रतिशत अनिवार्य नगद मौज्दात राख्नुपर्ने व्यवस्था गरिएको ।

च) ट्रेजरी विलको रिपो समेत गरी खुला बजार कारोबार व्याजदर बजारद्वारा निर्धारित हुने भएकाले बैंकदरलाई मौद्रिक नीतिको अडानको संकेतस्वरुप प्रयोग गरिदै लगिने । तुलनात्मक रुपले मुद्रास्फीति दर केही उच्च रहेकोले रुग्ण उद्योगलाई वाहेक अन्य पुनर्कर्जा दरमा कुनै परिवर्तन नगरिएको ।

छ) विद्यमान मौद्रिक योगाङ्कहरुमा केन्द्रीय बैंक र वाणिज्य बैंकहरुको तथ्याङ्क मात्र समावेश गरी मौद्रिक सर्वेक्षण बनाइने गरेकोमा गैर-बैंकिङ्ग वित्तीय क्षेत्रको विकास र विस्तार तीव्र भइरहेको सन्दर्भमा त्यस्ता संस्थाहरुको कारोवार समेत मौद्रिक योगाङ्कहरुमा समावेश गरी बैंकिङ्ग सर्वेक्षण तयार गर्ने ।

ज) वाणिज्य बैंकहरुले अल्पकालको लागि नेपाल राष्ट्र बैंकबाट ट्रेजरी विल रिपो मार्फत बढीमा ७ दिन सम्मका लागि ऋण लिने गरेकोमा यस्तो कर्जाको व्याजदर ट्रेजरी बिल्सको भारित औसत व्याजदरमा ०.५ प्रतिशत थप गरी निर्धारण गरिएको । वाणिज्य बैंकहरुले एक आपसमा अन्तरबैंक कर्जा लिई तरलता आपूर्ति गर्नुपर्ने र यसरी तरलताको आपूर्ति हुन नसके मात्र नेपाल राष्ट्र बैंकमा आउनुपर्ने ।

झ) सरकारी ऋणपत्रमा लगानी गर्न चाहने लगानीकर्ताहरुलाई थप वित्तीय उपकरणहरु उपलब्ध गराउन विद्यमान ९१ दिने र ३६४ दिने ट्रेजरी बिल्स बाहेक अन्य अल्पकालीन ट्रेजरी बिल्स पनि बोलकबोल प्रथाद्वारा निष्काशन गरिने व्यवस्था मिलाइएबाट बजारमा आधारित व्याजदर निर्धारण भई आर्जनरेखा मापदण्ड (yield curve benchmark) निर्माण गर्न सहयोग पुग्ने ।

ञ) ट्रेजरी बिल्स मात्र बोलकबोल प्रथाबाट जारी भइरहेको सन्दर्भमा श्री ५ को सरकारका दीर्घकालीन ऋणपत्रहरुलाई पनि बजारबाट निर्धारित व्याजदरमा निष्काशन गर्न यस्ता ऋणपत्रहरुलाई प्रतिस्पर्धात्मक प्रक्रिया अपनाई बोलकबोल प्रथाद्वारा निष्काशन गर्ने प्रक्रियाको थालनी गरिने ।

ट) सरकारी ऋणपत्रमा लगानीकर्ताहरुको आकर्षण बढाउन सर्वसाधारणको

जानकारीको लागि आवधिक सरकारी ऋणपत्र निष्काशन तालिका (issue calendar) सार्वजनिक गरिने । सरकारी ऋणपत्रहरुलाई दोस्रो बजारबाट सरल तरीकाबाट खरीद बिक्री हुन सक्ने बनाउन ऋणपत्रहरुलाई क्रमशः बजारयोग्य ऋणपत्रको रुपमा परिणत गर्दै लगिने र नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको श्री ५ को सरकारका ऋणपत्रहरुको मौज्दातलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा (७५) ले तोके बमोजिमको सीमाभित्र राख्न बैंकको स्वामित्वमा रहेका ऋणपत्रहरुलाई क्रमशः दोस्रो बजार मार्फत् बिक्री गर्दै लगिने र प्रमाणपत्र बिनाको (scripless) सरकारी ऋणपत्र निष्काशन प्रणालीको प्रारम्भ गरिने ।

ठ) रुग्ण उद्योगहरुको पुनरुत्थान गर्ने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ मा त्यस्ता उद्योगहरु (औद्योगिक क्षेत्रमा रहेका उद्योगहरु समेत) का लागि वाणिज्य बैंकहरुलाई रु. १ अर्ब ५० करोडको पुनर्कर्जा उपलब्ध गराइने । यसरी उपलब्ध गराइने पुनर्कर्जाको ब्याजदर साविकको ३.० प्रतिशतवाट घटाई २.० प्रतिशत गरिएको र सोही अनुरुप बाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले पनि आफ्ना ऋणीहरुवाट लिने ब्याजदरलाई ६.५ प्रतिशतवाट घटाई ५.५ प्रतिशत कायम गर्ने व्यवस्था मिलाइएको ।

ड) प्राथमिकता क्षेत्र तथा विपन्न वर्गतर्फ प्रवाहित गर्नुपर्ने कर्जा रकम पूरा नभएमा आर्थिक वर्ष २०५९।६० का लागि २५.० प्रतिशतसम्म नपुग रकममा लागेको हर्जाना माफी गरिने ।

ढ) विद्यमान व्यवस्था बमोजिम न्यूनतम २५.० प्रतिशत ब्याज भुक्तानी गरी तथा अन्य आवश्यक प्रक्रियाहरु पुरा गरे पछि मात्र कर्जा पुनर्तालिकीकरण वा पुनर्संरचना गर्नुपर्ने र त्यस्तो कर्जाको लागि न्यूनतम १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरे पुग्ने व्यवस्था रहेकोमा उक्त व्यवस्थालाई यथावत् कायम राखी आर्थिक वर्ष २०६०/६१ देखि लागू हुने गरी उपर्युक्त बमोजिमको न्यूनतम २५.० प्रतिशत ब्याज भुक्तानी नभएको अवस्थामा पनि बैंकहरु स्वयंले कर्जा पुनर्तालिकीकरण वा पुनर्संरचना गर्न सक्ने तर त्यस्तो पुनर्तालिकीकरण वा पुनर्संरचना गरिएको कर्जाको लागि साविकको भाखा नाघेको अवधिको आधारमा प्रचलित व्यवस्था बमोजिम कर्जा नोक्सानीको लागि व्यवस्था गर्नुपर्ने ।

ण) संरचनात्मक सुधार पछि नाफामा आएको पूर्वाञ्चल ग्रामीण विकास बैंकलाई पनि पश्चिमाञ्चल ग्रामीण विकास बैंकका लागि अपनाइएको प्रक्रिया अनुरुप निजीकरण गरिने । ग्रामीण क्षेत्रमा लघु वित्त संस्थाहरुको कारोबारलाई प्रोत्साहित गर्न र यस्ता संस्थाहरुलाई वित्तीय स्रोतको अभाव नहोस् भन्ने उद्देश्यले वाणिज्य बैंकहरुबाट ती संस्थाहरुमा प्रवाह हुने कर्जालाई विपन्न वर्गमा जाने कर्जामा गणना गरिने व्यवस्थालाई कायमै राखिने ।

त) चिया, अलैची, शीतभण्डार जस्ता तोकिएका प्राथमिकताप्राप्त क्षेत्रहरुका लागि आवश्यक पर्ने दीर्घ कालीन पूँजीको आवश्यकता पूरा गर्न नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६०/६१ मा मुनाफाको ५.० प्रतिशत बराबरको रकम ग्रामीण स्वावलम्बन कोषमा जम्मा गर्ने ।

थ) गैरस्थलगत सुपरिवेक्षण कार्यलाई अझै प्रभावकारी वनाउन वाणिज्य बैंकहरुवाट तथ्यांकीय सूचना कम्प्युटरका माध्यमवाट सिधै प्राप्त हुने व्यवस्था मिलाइने । नेपाल राष्ट्र बैंकको आन्तरिक प्रयोजनको लागि वाणिज्य बैंकहरुको अन्तर्राष्ट्रिय

मापदण्ड CAMELS (capital, assets, management, earnings, liquidity and sensitivity) अर्थात् पूँजी, सम्पत्ति, व्यवस्थापन, आय, तरलता र सम्वेदनशीलता अनुरुपको स्तरमापन (rating) कार्यलाई निरन्तरता दिँदै यसमा कमजोर देखिएका बैंकहरुको समष्टिगत निरीक्षण गर्ने कार्यलाई प्राथमिकता दिइने ।

द) निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सम्पादन गर्नका लागि गठित समिति Basel Committee on Banking Supervision ले तयार पारेको पूँजीगत पर्याप्तता सम्वन्धी नयाँ मापदण्ड (New Capital Accord-Basel II) को नेपालको परिप्रेक्ष्यमा प्रभावकारिता अध्ययन गरी सो सम्बन्धी अवधारणापत्र तयार गरिने ।

ध) निजी तथा औपचारिक तवरले (भारत बाहेक) विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानी बापत एक आर्थिक वर्षमा एक पटक सटही प्रदान गर्दा भ्रमणमा जाने मुलुकको वर्गीकरण अनुसार अमेरिकी डलर (क) १,००० र (ख) २,००० सम्मको सटही प्रदान गरिँदै आएकोमा अब उप्रान्त भारत वाहेक सवै मुलुकको हकमा अमेरिकी डलर २,००० सम्मकै सटही सुविधा प्रदान गरिने ।

न) आर्थिक वर्ष २०४९।५० देखि केही तोकिएका वस्तुहरु परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाउने सूचीमा ३३ वटा वस्तुहरु रहेकोमा विदेशी विनिमय संचितिको संरचना, उद्योगहरुलाई प्राप्त हुने फाइदा, उद्योगहरुको मूल्य अभिवृद्धि (value addition) तथा प्रतिस्पर्धात्मकतामा पर्ने प्रभाव, निर्यात अभिवृद्धिका सम्भावना आदि विषयहरुलाई दृष्टिगत गरी सो सूचीमा केही वस्तुहरु थप गरिने ।

प) प्रतीतपत्र वा अग्रिम भुक्तानी प्राप्त नभएको अवस्थामा पनि CAD (cash against document) को माध्यमबाट एक पटकमा बढीमा ५० हजार अमेरिकी डलरसम्मको निर्यात गर्न सक्ने व्यवस्था रहेको र यस प्रयोजनका लागि निर्यात रकममा २५.० प्रतिशतले हुन आउने रकम बैंक ग्यारेन्टी हुनुपर्ने व्यवस्थालाई आर्थिक वर्ष २०६०/६१ देखि १ लाख अमेरिकी डलरमा बृद्धि गरी बैंक ग्यारेन्टीको रकम २५.० प्रतिशतबाट घटाई १०.० प्रतिशतमात्र कायम गरिएको ।

फ) परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी तेस्रो मुलुकवाट आयात गर्दा ड्राफ्ट/टी.टी. को माध्यमबाट पनि आयात गर्न सकिने सीमालाई ३ हजार अमेरिकी डलरबाट वृद्धि गरी ३० हजार अमेरिकी डलर पुऱ्याइएको ।

ब) आयातकर्ताहरुले खोल्ने प्रतीतपत्र सम्वन्धी (usance-L/C) सुविधा औद्योगिक निकायहरुका अतिरिक्त अन्य आयातकर्ताहरुलाई पनि प्रदान गरिने, त्यसको अवधि बढीमा एक वर्ष मात्र हुने र त्यस्ता प्रतीतपत्रसँग सम्बन्धित कागतको आधारमा वाणिज्य बैंकहरुले चाहेमा प्रचलित व्यवस्थाहरु अन्तर्गत रही ऋण सुविधा उपलव्ध (discount) गराउन सकिने व्यवस्था गरिएको ।

भ) नेपाली नागरिकहरुलाई रोजगारीको लागि विदेश पठाउने कार्यमा संलग्न रोजगार सेवा संस्था (manpower agency) हरुले प्रचलित नियमानुसार विदेशी मुद्रामा पाउने सेवा शुल्क रकमबाट नेपालका वाणिज्य बैंकहरुमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने व्यवस्था गरिएको ।

म) वैदेशिक रोजगारीमा गएका नेपालीहरुका लागि स्वदेशमा रकम पठाउन सरल र

| |
|---|
| सुलभ होस् भन्ने अभिप्रायले स्वदेशी बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित मुलुकका बैंक, वित्तीय संस्था र मान्यताप्राप्त एजेन्टहरुसँग सम्बन्ध र समन्वय स्थापना गरी बैंकिङ्ग संयन्त्रको माध्यमबाट विप्रेषण रकम पठाउने व्यवस्था मिलाउन प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिइने । |

*स्रोत : नेपाल राष्ट्र बैंक*

## अनिवार्य नगद अनुपात र पुनर्कर्जा

४.२. आर्थिक गतिविधिमा गतिशीलता अभिवृद्धि गर्न मौद्रिक सहजता (monetary easing) को नीति अवलम्वन गर्दै बैंकहरुको पूँजीको लागत कम गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले २०६० श्रावणदेखि लागू हुने गरी वाणिज्य बैंकहरुले राख्नुपर्ने अनिवार्य नगद मौज्दात अनुपातमा परिवर्तन गरेको छ। यस अनुसार वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा राख्नुपर्ने नगद मौज्दातको हकमा स्वदेशी चल्ती निक्षेप र बचत निक्षेप दायित्वको ७.० प्रतिशत र स्वदेशी मुद्दती निक्षेप दायित्वको ४.५ प्रतिशतको साबिकको व्यवस्था हटाई अनिवार्य नगद मौज्दात अनुपातलाई सरलीकृत एवं एकीकृत वनाउने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ देखि वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा आफ्नो स्वदेशी कुल निक्षेप दायित्वको एकमुष्ट ६.० प्रतिशत अनिवार्य नगद मौज्दातको रुपमा राख्नुपर्ने व्यवस्था गरिएको छ । साथै, राष्ट्रिय वाणिज्य बैंक तथा नेपाल बैंक लिमिटेडमा व्यवस्थापन सुधारको प्रक्रिया कार्यान्वयन भै रहेको र अन्य वाणिज्य बैंकहरु आफ्नो वित्तीय साधनको व्यवस्थापन गर्न आफै सक्षम रहेको परिप्रेक्ष्यमा वाणिज्य बैंकहरुले आफ्नो ढुकुटीमा मौज्दात राख्नुपर्ने २.० प्रतिशतको साविकको प्रावधान हटाइएको छ । पुनर्कर्जाको हकमा बैंकहरुबाट विदेशी मुद्रामा प्रवाह हुने निर्यात कर्जाको लागि २.० प्रतिशत, ग्रामीण विकास बैंकहरु तथा निर्यात कर्जाका लागि स्वदेशी मुद्रामा ४.५ प्रतिशत र अन्य सबै प्रकारका कर्जामा ५.५ प्रतिशतको साविककै पुनर्कर्जादर कायम राखी रुग्ण उद्योगलाई प्रदान गरिने पुनर्कर्जाको व्याजदरलाई ३.० प्रतिशतबाट घटाई २.० प्रतिशत गरिएको छ । सोही अनुरुप वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले पनि आफ्ना ऋणीबाट लिने व्याजदरलाई ६.५ प्रतिशतबाट घटाई ५.५ प्रतिशत कायम गर्ने व्यवस्था मिलाइएको छ । रुग्ण उद्योगहरुलाई दिइँदै आएको सहुलियतलाई निरन्तरता दिई आर्थिक वर्ष २०६०/६१ मा औद्योगिक क्षेत्रमा रहेका उद्योगहरु समेतलाई रुग्ण उद्योगमा समावेश गरी त्यस्तो पुनर्कर्जा सुविधाका लागि थप रु. १ अर्ब ५० करोडको व्यवस्था गरिएको छ ।

**मञ्जूषा : ४(२)**

**अनिवार्य नगद मौज्दात अनुपातमा गरिएको परिवर्तन (प्रतिशत)**

| | विवरण | २०५८ पौष ५ | २०५९ श्रावण ६ | २०६० श्रावण ८ |
|---|---|---|---|---|
| (क) | वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा राख्नुपर्ने नगद मौज्दात | - | - | ६* |
| | (१) कुल स्वदेशी चल्ती र बचत निक्षेप दायित्वको | ७.० | ७.० | - |
| | (२) कुल स्वदेशी मुद्दती निक्षेप दायित्वको | ४.५ | ४.५ | - |

| | | | | |
|---|---|---|---|---|
| (ख) | वाणिज्य बैंकहरुले आफ्नो ढुकुटीमा राख्नुपर्ने नगद मौज्दात,<br>- कुल स्वदेशी निक्षेप दायित्वको | ३.० | २.० | - |

* *एकमुष्ट*

*स्रोत : नेपाल राष्ट्र बैंक*

## अन्य मौद्रिक उपकरणहरु

४.३ ट्रेजरी बिलको भारित औसत बट्टादर मौद्रिक स्थिति हेरी ट्रेजरी बिलको दोस्रो बजार कारोवार दररेटमा मिति २०६० मार्ग २३ देखि outright purchase गर्दा yield curve ले देखाएको दरमा २.० प्रतिशत विन्दुले थप गर्ने तथा रिपो गर्दा पछिल्लो चार पटकका बोलकबोलहरू (२८ दिने, ९१ दिने, १८२ दिने र ३६४ दिने) मध्ये highest accepted discount rate मा ०.५ प्रतिशत थप गर्ने व्यवस्था गरिएको थियो । तर हाल एकातर्फ ट्रेजरी बिलको व्याजदरमा क्रमशः गिरावट आइरहेको र अर्कोतर्फ छोटो अवधिको ट्रेजरी बिल र लामो अवधिको ट्रेजरी बिलको बट्टादरबीचको अन्तर बढिरहेको कारणले गर्दा वाणिज्य बैंकहरू वर्तमान व्यवस्थाअनुसार रिपो कारोवार गर्न कम आकर्षित भएको कुरालाई दृष्टिगत गरी २०६१ वैशाख ९ देखि रिपो दर निर्धारण गर्दा बोलकबोलद्वारा कायम भएको ९१ दिने ट्रेजरी बिलको सबैभन्दा पछिल्लो ४ पटकको भारित औसत बट्टादरको साधारण औसत बट्टादरमा ०.५ प्रतिशत विन्दु थप गर्ने व्यवस्था गरिएको छ।

४.४ सरकारी ऋणपत्रहरूमा लगानीकर्ताहरूको आकर्षण बढाई सरकारी ऋणपत्र व्यवस्थापनमा सक्षमता बढाउन सर्वसाधारणको जानकारीको लागि आवधिक सरकारी ऋणपत्र निष्काशन तालिका आर्थिक वर्ष २०६०/६१ देखि ऋणपत्र निष्कासन तालिका (issue calendar) को रुपमा नेपाल राष्ट्र बैंकको Website मा राख्ने गरिएको छ ।

४.५ वित्तीय क्षेत्रमा गरिएको उदारीकरणको कारणबाट वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कार्य कुशलतामा वृद्धि ल्याई प्रतिस्पर्धात्मक रुपमा सेवा अभिवृद्धि गर्नका लागि ग्राहकसंग कर्जामा लिने व्याजदर आपसी समझदारीमा बढीमा ०.५ प्रतिशत विन्दुले थपघट गर्नसक्ने सीमा हटाइएको छ । साथै, वाणिज्य बैंकहरूले निर्धारण गर्ने विदेशी विनिमयको खरीददर र बिक्रीदर बीचको अन्तर वाञ्छित सीमाभित्र नै कायम रहँदै आएकोले वाणिज्य बैंकहरूले परिवर्त्य विदेशी मुद्राहरूको विनिमय दर निर्धारण गर्दा खरीददर र बिक्रीदर बीचको अन्तर बढीमा १.० प्रतिशतसम्म कायम गर्नुपर्ने व्यवस्था पनि खारेज गरिएको छ । यी सुधारबाट वाणिज्य बैंकहरूको लगानीका अवसरहरूमा वृद्धि हुनाका साथै बैंकहरूको मुनाफा वृद्धि गर्न सघाउ पुग्ने देखिन्छ ।

## प्राथमिकताप्राप्त क्षेत्र कर्जा

४.६ विगतमा सीमित वाणिज्य बैंकहरु र नियन्त्रणात्मक वित्तीय नीति रहेको परिप्रेक्ष्यमा उचित देखिएको प्राथमिकताप्राप्त क्षेत्र कर्जा जस्तो निर्देशित कर्जा कार्यक्रम वित्तीय क्षेत्रको विस्तार र विकास तथा खुला र उदार वित्तीय नीतिको परिप्रेक्ष्यमा विरोधाभासपूर्ण देखिन पुगेको छ। तसर्थ, वाणिज्य बैंकहरु आफ्नो कार्यमा बढी व्यावसायिक बन्दै जान सकुन् भन्नाका लागि तदनुकूल वातावरण सिर्जना गर्न र

मौद्रिक व्यवस्थापनको निमित्त प्रत्यक्ष मौद्रिक उपकरणहरुको सट्टा अप्रत्यक्ष उपकरणहरुको अवलम्वन बढी सान्दर्भिक एवं प्रभावकारी बन्दै आएको परिप्रेक्ष्यमा प्राथमिकताप्राप्त क्षेत्र कर्जा कार्यक्रमलाई आर्थिक वर्ष २०६४/६५ सम्ममा क्रमशः हटाइने व्यवस्था गरिएको छ । यसरी वाणिज्य बैंकहरुले आर्थिक वर्ष २०६०/६१ का लागि प्राथमिकता प्राप्त क्षेत्र कर्जा कार्यक्रम अन्तरगत कूल वांकी कर्जाको न्यूनतम ६.० प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ । तर देशमा व्याप्त गरिवीलाई दृष्टिगत गरी विपन्न वर्गमा प्रवाह गर्नुपर्ने विद्यमान कर्जा अनुपात नयाँ र पुराना बैंकहरुको लागि ०.२५ प्रतिशत देखि ३.० प्रतिशतको अनिवार्यता भने कायमै राखिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्राथमिकता क्षेत्र तथा विपन्न वर्गतर्फ प्रवाहित गर्नु पर्ने कर्जा रकम पूरा नभएमा आर्थिक वर्ष २०५९/६० को लागि २५.० प्रतिशतसम्म नपुग रकममा लागेको हर्जाना माफि गरिनेछ ।

मञ्जूषा : ४(३)

**प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह हुनुपर्ने कर्जा**

| आर्थिक वर्ष | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ |
|---|---|---|---|---|---|---|
| कुल बाँकी कर्जाको अंश प्रतिशतमा) | ७ | ६ | ४ | २ | २ | अनिवार्यता नहुने |

*स्रोत : नेपाल राष्ट्र बैंक*

४.७ विश्व बैंकद्वारा सहयोगप्राप्त वित्तीय क्षेत्र प्राविधिक सहयोग परियोजना अन्तर्गत नेपाल राष्ट्र बैंकलाई बढी चुस्त र सक्षम वनाई बैंकको कार्य क्षमता अभिवृद्धि गर्न अमेरिकी परामर्शदातृ संस्था IOS Partners र नेपाल राष्ट्र बैंकवीच भएको संझौताको आधारमा राष्ट्र बैंकको पुनर्संरचना (re-engineering) कार्यक्रम अन्तर्गत बैंकको लेखा तथा लेखा परीक्षण क्षमतामा अभिवृद्धि गर्ने, स्थलगत र गैर-स्थलगत निरीक्षण तथा सुपरीवेक्षण क्षमतामा अभिवृद्धि गर्ने, जनशक्ति व्यवस्थापनको क्षेत्रमा पुनर्संरचना गर्ने र व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने जस्ता महत्वपूर्ण कार्यहरु रहेका छन् ।

४.८ वित्तीय क्षेत्रलाई गतिशील, सक्षम तथा प्रभावकारी बनाई राष्ट्रिय अर्थतन्त्रमा यसको योगदानलाई अझ सुनिश्चित गर्न संगठित तथा वित्तीय क्षेत्र सुशासन परियोजना (CFG-corporate and financial governance-project) अन्तर्गत वित्तीय क्षेत्रलाई नियमन गर्ने कानूनी तथा संस्थागत आधारशिलाहरु निर्माण गर्ने क्रममा कतिपय कानूनहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने केही कानूनहरुको तर्जुमा कार्य प्रारम्भिक चरणमा छ । यस अन्तर्गत, दामासाही, सुरक्षित कारोवार, धितोपत्र, कम्पनी, सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना, मुद्रा शुद्धीकरण नियन्त्रण जस्ता कानूनहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने प्रतिस्पर्धा, विशेष आर्थिक क्षेत्रको स्थापना, गैर-आवासीय नेपालीहरुको लगानी आकर्षित गर्न उपलब्ध गराइने सुविधा जस्ता विषयमा नयाँ कानूनहरुको तर्जुमाका साथै औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, निकासी पैठारी ऐन, भन्सार ऐन जस्ता वित्तीय तथा राजस्व सम्वन्धी ऐनहरुमा सामयिक परिष्कारको कार्य द्रुत गतिमा अगाडि बढिरहेको छ । यसबाट नेपालले विश्व व्यापार संगठनको सदस्यता ग्रहण गरे पश्चात् उत्पन्न परिस्थितिलाई

समेत सम्बोधन गर्नुका साथै स्वतन्त्र एवं प्रतिस्पर्धात्मक व्यापार प्रणालीको अवलम्वन गर्नमा यथेष्ट सहयोग पुग्न जाने अपेक्षा गरिएको छ ।

मन्जूषा : ४(४)

**नेपाल राष्ट्र बैंकको पुनर्संरचनागत सुधार**

क) नेपाल राष्ट्र बैंकको संगठनात्मक संरचनामा कार्य प्रकृति अनुसार समायोजन गरी २०६० मार्ग २९ देखि लागू भएको संरचना अनुसार बैंकका कार्यहरुलाई मौद्रिक तथा विदेशी विनिमय समूह, नियमन तथा सुपरीवेक्षण समूह, बैंकिङ्ग व्यवस्थापन समूह र सहायक सेवा समूहमा वर्गीकरण गरी सोही अनुसार विभागहरुको बाँडफाँड गरिएको ।

ख) नेपाल राष्ट्र बैंकको लागि आवश्यक जनशक्ति यकिन गरी आवश्यकताभन्दा बढी कर्मचारी कटौती गर्ने उद्देश्यले विगत दुई वर्षयता दोस्रो पटक स्वेच्छिक अवकाश योजना लागू गरिएको र दुई पटकमा गरी जम्मा ४७६ जना कर्मचारीले अवकास लिइसकेका ।

ग) निरीक्षण तथा सुपरिवेक्षण निर्देशिकालाई परिमार्जन गरी समयसापेक्ष बनाउने सन्दर्भमा निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्य बढी स्पष्ट र प्रभावकारी वनाइएको । त्यसैगरी गैर-स्थलगत सुपरीवेक्षण निर्देशिका तयार गरी लागू भैसकेको ।

घ) International Accounting Standards (IAS) अनुसारको लेखा प्रणाली कार्यान्वयनमा ल्याउनका लागि Charts of Account तयार भइसकेको र बैंकको विद्यमान लेखा निर्देशिकामा आवश्यक सुधार गरी IAS Compliant बनाउने कार्य अन्तिम चरणमा पुगेको ।

ङ) राष्ट्र बैंकको कर्मचारी नीतिमा सुधार ल्याउन परामर्शदाताहरुबाट प्राप्त सुझावहरुको सान्दर्भिकता विषयमा अध्ययन भइरहेको ।

*स्रोत : नेपाल राष्ट्र बैंक*

४.९ गरिवी निवारण तथा आर्थिक वृद्धिका लागि सहुलियतपूर्ण ऋण (PRGF) कम आय भएका देशहरुको निम्ति अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रदान गर्ने सहुलियतपूर्ण सहयोग हो । गरिवी निवारण रणनीतिपत्र (PRSP) मा उल्लिखित नागरिक समाज र विकासका साझेदारहरुको सहभागितामा लागू गरिने सम्बन्धित देश आफैले तयार गरेको गरिवी निवारण रणनीतिलाई आधारमानी यो कार्यक्रम संचालन गरिन्छ । नेपालको गरिवी निवारण रणनीतिले विस्तृत आधार भएको दिगो आर्थिक वृद्धि, सामाजिक क्षेत्रको विकास, गरिव तथा असहाय जनताको निम्ति लक्षित कार्यक्रम र असल शासन जस्ता महत्वपूर्ण विषयलाई केन्द्र-विन्दु मानेको छ । समष्टिगत अर्थतन्त्र, संरचना र सामाजिक नीतिको माध्यमद्वारा आर्थिक वृद्धि र गरिवी घटाउन सहयोग हुने बृहत् अवधारणासंग उपर्युक्त सहुलियतपूर्ण ऋण कार्यक्रमले तादात्म्य राख्दछ । गरिवी निवारण तथा आर्थिक वृद्धिका लागि सहुलियतपूर्ण ऋणमा वार्षिक ०.५ प्रतिशत व्याज लाग्ने र ऋण रकम दश वर्षको अवधिमा भुक्तानी गरिसक्नु पर्नेछ भने साँवा भुक्तानीको निम्ति ग्रेस अवधि साढे पाँच वर्षको हुनेछ ।

मन्जूषा : ४(५)

**गरिवी निवारण तथा आर्थिक वृद्धिका लागि सहुलियतपूर्ण ऋण (PRGF)**

क) नोभेम्वर, २००३ देखि गरिवी निवारण तथा आर्थिक वृद्धिका लागि सहुलियतपूर्ण ऋण (तीनवर्षे कार्यक्रम) अन्तर्गत नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट कूल एसडिआर ४९९.१ लाख अर्थात् करिव ७२० लाख अमेरिकी डलर बराबरको ऋण प्राप्त गर्ने ।

ख) उक्त ऋण वितरणको प्रस्तावित समयतालिका, ऋण रकम र शर्तहरु निम्न अनुसार रहेका :

| सि.नं. | ऋण प्राप्त हुने समय | ऋण रकम | ऋण वितरणका शर्तहरु |
|---|---|---|---|
| १ | नोभेम्वर १०, २००३ | एसडिआर ७१.३ लाख अर्थात् अमेरिकी डलर १०२.८ लाख | अन्तर्राष्ट्रिय मुद्रा कोषको बोर्डको स्वीकृति पश्चात् । |
| २ | अप्रिल ३०, २००४ | एसडिआर ७१.३ लाख अर्थात् अमेरिकी डलर १०२.८ लाख | मध्य-जनवरी २००४ को निम्ति तोकिएका शर्तहरुको कार्य सम्पादन मापदण्ड पालनाको पहिलो समीक्षा पुरा भए पश्चात् । |
| ३ | अक्टोवर ३१, २००४ | एसडिआर ७१.३ लाख अर्थात् अमेरिकी डलर १०२.८ लाख | मध्य-जुलाइ २००४ को निम्ति तोकिएका शर्तहरुको कार्य सम्पादन मापदण्ड पालनाको दोस्रो समीक्षा पुरा भए पश्चात् । |
| ४ | अप्रिल ३०, २००५ | एसडिआर ७१.३ लाख अर्थात् अमेरिकी डलर १०२.८ लाख | मध्य-जनवरी २००५ को निम्ति तोकिएका शर्तहरुको कार्य सम्पादन मापदण्ड पालनाको तेस्रो समीक्षा पुरा भए पश्चात् । |
| ५ | अक्टोवर ३१, २००५ | एसडिआर ७१.३ लाख अर्थात् अमेरिकी डलर १०२.८ लाख | मध्य-जुलाइ २००५ को निम्ति तोकिएका शर्तहरुको कार्य सम्पादन मापदण्ड पालनाको चौथो समीक्षा पुरा भए पश्चात् । |
| ६ | अप्रिल ३०, २००६ | एसडिआर ७१.३ लाख अर्थात् अमेरिकी डलर १०२.८ लाख | मध्य-जनवरी २००६ को निम्ति तोकिएका शर्तहरुको कार्य सम्पादन मापदण्ड पालनाको पाँचौ समीक्षा पुरा भए पश्चात् । |
| ७ | अक्टोवर ३१, २००६ | एसडिआर ७१.३ लाख अर्थात् अमेरिकी डलर १०२.८ लाख | मध्य-जुलाइ २००६ को निम्ति तोकिएका शर्तहरुको कार्य सम्पादन मापदण्ड पालनाको छैठौं समीक्षा पुरा भए पश्चात् । |

ग) आर्थिक वर्ष २०६०/६१ का लागि यस ऋण कार्यक्रम अन्तर्गतका संरचनागत सुधार निम्न क्षेत्रहरुमा केन्द्रित गरिने :

- वित्तीय क्षेत्र सुधार ।
- सार्वजनिक क्षेत्र सुधार ।
- शासकीय सुधार ।
- निजीक्षेत्रको विकास ।

*स्रोत : नेपाल राष्ट्र बैंक*

## वाणिज्य बैंकतर्फ

४.१० श्री ५ को सरकारको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल बैंक लिमिटेडको पुनर्संरचना गर्न बैंक अफ स्कटल्याण्ड लि., आयरल्याण्डको ICC Consulting को व्यवस्थापन समूहले कार्य सञ्चालन गरिरहेको छ । नेपाल बैंक लिमिटेडको लेखापरीक्षणको वित्तीय विवरण अनुसार आर्थिक वर्ष २०५८।५९ मा उक्त बैंकले रु. ३ अर्ब ७ करोड नोक्सान व्यहोर्नुपरेकोमा आर्थिक वर्ष २०५९।६० मा सो नोक्सानी रु. २५ करोडमा ओर्लेको छ । बैंक व्यवस्थापन समूहले आर्थिक वर्ष २०६०।६१ को लागि बजेट योजना र भावी सुधार कार्यक्रमका सम्वन्धमा नेपाल राष्ट्र बैंक तथा विश्व बैंकबाट स्वीकृति लिइसकेको र बैंक सुधार कार्य सम्बन्धमा विस्तृत मानव संसाधन विकास योजना समेत तर्जुमा गरेको छ । बैंकमा अन्तर्राष्ट्रिय स्तरको कर्जा नीति र निर्देशिकाहरूका अतिरिक्त सम्पत्ति र दायित्व व्यवस्थापन निर्देशिका तर्जुमा गरी लागू गर्नुका साथै बैंकको कर्जा संरचना (credit portfolio) को समीक्षा गरी कर्जा असूली तथा पुनर्संरचना गर्ने कार्य भइरहेको छ । त्यसैगरी, कर्जा व्यवस्थापनको लागि आधुनिक शैली अपनाउन विभिन्न विभाग, इकाइहरूको गठन भइसकेको र यस अवधिमा निष्क्रिय कर्जाको रुपमा परिणत भइसकेको करीब रु. २ अर्ब असूल भएको छ । त्यस्तै ठूला ऋणीहरूसंग निरन्तर सम्पर्क गरी कर्जा असूली तथा पुनर्संरचनाका प्रयासहरू जारी छन् । बैंकको कर्जा असूली कार्य अपेक्षित रुपमा सन्तोषजनक नभएको कारण असूलीका लागि थप प्रयासहरू शुरु गरिएका छन् । बैंकको जनशक्तिलाई उपयुक्त स्तरमा राख्न स्वेच्छिक अवकाश योजना अन्तरगत विभिन्न स्तरका १,२०० कर्मचारीहरूलाई अवकाश दिइएको छ ।

४.११ उल्लिखित परियोजनाकै अंगका रुपमा राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचनाका निमित्त पनि व्यवस्थापन करार सञ्चालन गरेको करीव डेढ वर्ष पूरा भएको छ । व्यवस्थापन समूहबाट बैंकको व्यवस्थापन योजना, बजेट योजना तथा कार्य निर्देशिका, लेखा शीर्षक वर्गीकरण विवरण र नयाँ कर्जा नीति तयार गरी लागु गरिसकिएको छ । साथै, बैंकको आर्थिक वर्ष २०५९।६० सम्मको लेखापरीक्षण विवरण अनुसार बैंकको वित्तीय स्थिति सुधारोन्मुख रहेको छ । आर्थिक वर्ष २०५८।५९ मा बैंकले रु. ७ अर्ब ६ करोड नोक्सानी व्यहोरेकोमा आर्थिक वर्ष २०५९।६० मा उक्त नोक्सानी रु. ४ अर्ब ८० करोडमा झरेको छ । त्यसैगरी सो व्यवस्थापन समूहले आर्थिक वर्ष २०६०।६१ भित्र बैंकको खराब कर्जा अन्तर्गत रहेको रु. ४ अर्ब असूली तथा पुनर्संरचना गर्ने लक्ष्य लिएको छ भने जनशक्तिलाई उपयुक्त स्तरमा राख्ने उद्देश्य अनुरुप स्वेच्छिक अवकास योजना अन्तरगत १,०२० जना कर्मचारीहरूलाई अवकाश दिएको छ ।

मन्जूषा : ४(६)

**वाणिज्य बैंक स्थापना सम्बन्धी नीति एवं नियमन तथा निर्देशनमा परिमार्जन**

(क) **बैंक स्थापना सम्बन्धमा :** वाणिज्य बैंक स्थापना सम्बन्धी परिमार्जित नीति अनुसार काठमाडौं उपत्यका बाहिर केन्द्रीय कार्यालय रहने गरी स्थापना हुने वाणिज्य बैंकले कम्तीमा ३ वर्षको कार्य सन्तोषजनक ढङ्गले सञ्चालन गर्नुका साथै न्यूनतम रु. १ अर्ब चुक्ता पूँजी पुऱ्याई तोकिएका अन्य शर्तहरू पूरा गरेमा मात्र काठमाडौं उपत्यकासहित अधिराज्यभर कार्यालय सञ्चालन गर्न दिन सकिने व्यवस्था गरिएको । हाल स्थापना भइसकेका क्षेत्रीय स्तरका वाणिज्य बैंकहरूको

हकमा रु. १ अर्ब चुक्ता पूँजी पुऱ्याई तथा विदेशी बैंकसँग कम्तीमा ३ वर्षको प्राविधिक सेवा सम्झौता गरी निवेदन दिएमा ३ वर्ष नपुगे तापनि काठमाडौं उपत्यकामा कार्यालय खोल्न दिन सकिने व्यवस्था गरिएको । साथै, काठमाडौं उपत्यका बाहिर ३ वर्षको कार्य सञ्चालन गर्ने बैंकहरूले काठमाडौं उपत्यकामा कार्यालय खोल्नको निम्ति पुरा गर्नुपर्ने अन्य शर्त समेत किटानी गरी सो प्रक्रियालाई स्पष्ट बनाइएको ।

(ख) **नियमन तथा निर्देशन सम्वन्धमा** : नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूले पालना गर्नुपर्ने विद्यमान नियमन तथा निर्देशनहरूलाई समयानुकूल परिमार्जन गर्ने क्रममा अस्पष्ट बुँदाहरूलाई स्पष्ट पार्ने, खारेज गर्ने र परिमार्जन गर्ने कार्य गर्दै आएको । यसै क्रममा १.० प्रतिशतभन्दा बढी शेयर धारण गर्ने संस्थापकले सम्बन्धित बैंकबाट कर्जा उपयोग गर्न नपाउने व्यवस्था गरिएको । आर्थिक वर्ष २०५९।६० का लागि मात्र शत प्रतिशत ब्याज असूली गरी बैंकले कर्जा पुनर्संरचना गरेमा १.० प्रतिशत मात्र कर्जाको लागि व्यवस्था गर्न छुट दिइएको । साना किसान विकास बैंक लिमिटेडमा जाने कर्जालाई विपन्न वर्गमा जाने कर्जा सरह मान्यता प्रदान गरिएको ।

(ग) निक्षेप बीमा तथा कर्जा सुरक्षण निगम मार्फत रु. १ करोडसम्मको साना तथा मझौला उद्यमको सुरक्षण गर्ने व्यवस्था गरिएको ।

(घ) वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको कर्जा प्रवाहमा पारदर्शिता र सान्दर्भिकता कायम गर्ने प्रयोजनका लागि सो सम्बन्धी सूचना व्यवस्था र यथासमयमा कर्जा नतिर्ने ऋणीहरूको कालोसूची तयार गर्ने कार्यलाई नियमित तथा व्यवस्थित गरी एउटै स्थानबाट सूचना प्राप्त हुने व्यवस्था गर्न वाञ्छनीय भएकोले वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा सूचना तथा कालोसूची व्यवस्था सम्बन्धी निर्देशन जारी गरिएको ।

(ङ) बैंकको चुक्ता पूँजी वृद्धि, सट्टापट्टा (swap) कर्जा, लेखापरीक्षण समिति गठन, कर्जा नोक्सानी व्यवस्था समायोजन, संस्थागत सुशासनका विविध पक्ष, कर्जा पुनर्तालिकीकरण र पुनर्संरचना आदि सम्बन्धमा विद्यमान निर्देशनका केही बुँदा परिमार्जन गरिएको तथा वित्तीय जमानत जारी गर्ने, संस्थापक शेयर धितो राख्ने, तथा बैंकले सकार गर्ने गैर-बैंकिङ्ग सम्पत्ति सम्बन्धमा आवश्यक निर्देशन जारी गरिएको ।

(च) जोखिम भारित सम्पत्तिको आधारमा वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०६०/६१ का लागि न्यूनतम १२.० प्रतिशत कुल पूँजीकोष कायम गर्नुपर्ने, जसमध्ये न्यूनतम ६.० प्रतिशत प्राथमिक पूँजीकोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यमान असहज परिस्थितिलाई ध्यानमा राखी वाणिज्य बैंकहरुलाई राहत दिने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ का लागि न्यूनतम ११.० प्रतिशत कुल पूँजीकोष, जसमध्ये न्यूनतम ५.५ प्रतिशत प्राथमिक पूँजीकोष कायम गर्नु पर्ने निर्देशन २०६० श्रावण १२ मा जारी भएको । यसको साथै, आर्थिक वर्ष २०६१/६२ देखि कुल पूँजी कोष न्यूनतम १२.० प्रतिशत कायम गर्नुपर्ने जसमध्ये प्राथमिक पूँजीकोष न्यूनतम ६.० प्रतिशत हुनुपर्ने व्यवस्था गरिएको ।

(छ) वाणिज्य बैंकहरूले एक आपसमा भारतीय रुपैयाँको अन्तर-बैंक कारोवार गर्नसक्ने व्यवस्था नभएको र यसबाट अन्तर-बैंक बजारको एक अंग निष्क्रिय

भइरहेको तथ्यलाई दृष्टिगत गरी वाणिज्य बैंकहरूले भारतीय रुपैयाँको अन्तर-बैंक कारोवार गर्न सक्ने व्यवस्था गरिएको । साथै, वाणिज्य बैंकहरूले नेपाल राष्ट्र बैंकसँग भारतीय रुपैयाँ खरीद गर्दा साबिकमा नेपाल राष्ट्र बैंकले लिने गरेको कमिशन रकम नलिने व्यवस्था गरिएको । यसबाट वाणिज्य बैंकहरूले आ-आफ्ना ग्राहकहरूबाट लिने गरेको कमिशन रकममा पनि केही हदसम्म कमी आउन गई ग्राहकहरूलाई केही सुविधा पुग्न जाने । यस वाहेक भारतीय रुपैयाँको खरीद/बिक्री कारोवारलाई अझ सहज बनाउने उद्देश्यले प्रचलित व्यवस्थाको अतिरिक्त व्यक्तिलाई पनि भारतीय रुपैयाँ खरीद गर्न इजाजत दिने व्यवस्था गरिएको ।

*स्रोत : नेपाल राष्ट्र बैंक*

४.१२ नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ को उपदफा (१) बमोजिम २०५८ चैत्र ७ देखि लुम्बिनी बैंक लिमिटेडको व्यवस्थापन नियन्त्रणमा लिई सोही दफाको उपदफा (२) बमोजिम व्यवस्थापन समिति गठन गरी सो समिति मार्फत् कारोवार सञ्चालन भइरहेकोमा सोही दफाको उपदफा (५) बमोजिम २०५९ चैत्र ७ गतेदेखि पुनः एक वर्षको लागि तथा २०६० चैत्र ४ देखि पुनः आठ महिनाको लागि नियन्त्रण अवधि थपिएको छ । उक्त बैंकको व्यवस्थापन नेपाल राष्ट्र बैंकले लिए पश्चात् सो बैंकको समग्र वित्तीय स्थिति सुधारोन्मुख देखिएको छ । सर्वसाधारणलाई छुट्याइएको शेयर बिक्री वितरण गरी सर्वसाधारणबाट समेत प्रतिनिधित्व भएको संचालक समितिबाट बैंक सञ्चालन गर्ने व्यवस्था मिलाउने व्यवस्थापन समितिको कार्य असहज परिस्थितिले गर्दा २०६० चैत्र ६ गतेभित्र सम्पन्न हुन नसकेका कारण उक्त आठ महिना नियन्त्रण अवधि थप गरिएको हो ।

## विकास बैंकतर्फ

४.१३ नेपाल अधिराज्यमा हाल २५ वटा विकास बैंकहरु संचालनमा रहेका छन् । लघुवित्त कारोवार गर्ने विकास बैंक बाहेक नेपाल औद्योगिक विकास ऐन, २०१६ र कृषि विकास बैंक ऐन, २०२४ अन्तर्गत स्थापना भएका क्रमशः नेपाल औद्योगिक विकास निगम र कृषि विकास बैंक समेत विकास बैंक ऐन, २०५२ अन्तर्गत २०६० चैत्र मसान्तसम्म १४ वटा विकास बैंकहरू स्थापना भई सञ्चालनमा आइसकेका छन् । अन्य ६ वटा विकास बैंकहरूलाई वित्तीय कारोवार गर्न सहमति प्रदान गरिसकिएको छ । श्री ५ को सरकार र नेपाल राष्ट्र बैंकको संलग्नतामा क्षेत्रीय स्तरमा प्रत्येक विकास क्षेत्रमा १।१ ग्रामीण विकास बैंक स्थापना गर्ने नीति अनुरूप ५ वटा र निजी क्षेत्रमा स्थापित ४ वटा गरी लघु वित्त कारोवार गर्ने विकास बैंकहरूको संख्या ९ पुगेको छ । लघु वित्त कारोवार गर्ने संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउन दुई वटा राष्ट्रिय स्तरका विकास बैंकहरू सञ्चालनमा आइसकेकाले थोक र खुद्रा लघु वित्त कारोवार गर्ने विकास बैंकहरूको कुल संख्या ११ पुगेको छ । मुलुकको बिग्रँदो शान्ति-सुरक्षाका कारण ग्रामीण इलाकामा खोलिएका वाणिज्य बैंकका शाखाहरु सुरक्षित स्थानमा स्थानान्तरण भएका र कतिपय शाखाहरुले कारोवार नै बन्द गरेको वर्तमान अवस्थामा क्षेत्रीय तथा जिल्ला स्तरमा खुलेका विकास बैंकहरुले ग्रामीण तहमा सेवा विस्तार गर्नुपर्ने अवस्था रहेकाले दुर्गम एवं पहाडी क्षेत्रमा स्थापना हुन चाहने विकास बैंकहरुलाई राष्ट्र बैंकले प्राथमिकता दिदै आएको छ ।

मन्जूषा : ४ (७)

## बैंक तथा वित्तीय संस्था सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको अध्यादेश, २०६०

मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गरी निक्षेपकर्ताको हक-हितको संरक्षण र संवर्धन गर्न, बैंक तथा वित्तीय संस्थाको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउन, बैंकिङ्ग तथा वित्तीय क्षेत्रको उदारीकरण गरी नेपाल अधिराज्यको अर्थतन्त्रलाई सवल तथा सुदृढ वनाउन एवं बैंक तथा वित्तीय संस्थाको स्थापना, संचालन, व्यवस्थापन र नियमनका सम्वन्धमा आवश्यक कानूनी व्यवस्था गर्न बैंक तथा वित्तीय संस्था सम्वन्धी प्रचलित कानूनको संशोधन र एकीकरण गरी समयानुकूल वनाउन बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६० जारी भएको ।

**अध्यादेशका मुख्य मुख्य विशेषताहरु :**

क) **वर्गीकरण** : वित्तीय कारोवार गर्न दिइने इजाजतपत्रको लागि आवश्यक न्यूनतम चुक्ता पूँजीको आधारमा नेपाल राष्ट्र बैंकले इजाजतप्राप्त संस्थाहरुलाई "क" "ख" "ग" र "घ" वर्गमा वर्गीकरण गरी सोहीबमोजिमको इजाजतपत्र संबन्धित बैंक वा वित्तीय संस्थालाई दिने । वर्गीकरण अनुसारको न्यूनतम चुक्ता पूँजी राष्ट्र बैंकले तोकेबमोजिम हुने ।

ख) **विदेशी बैंक तथा वित्तीय संस्था** : कुनै विदेशी बैंक वा वित्तीय संस्थाले नेपाल अधिराज्य भित्र आफ्नो कार्यालय खोल्न चाहेमा राष्ट्र बैंकले तोकिदिएको विवरण र दस्तुर सहित राष्ट्र बैंकमा निवेदन दिनु पर्ने । राष्ट्र बैंकले बैंकिङ क्षेत्रमा विद्यमान प्रतिस्पर्धा, विदेशी बैंक वा वित्तीय संस्थाले नेपाल अधिराज्यभरको बैंकिङ्ग विकासमा पुऱ्याउन सक्ने योगदान र त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थाको ख्याति र प्रतिष्ठा समेतलाई विचार गरी त्यस्तो बैंक वा वित्तीय संस्थालाई नेपाल अधिराज्यमा आफ्नो कार्यालय स्थापना गरी वित्तीय कारोवार गर्ने इजाजत दिन सक्ने ।

ग) **शर्त तोक्न सक्ने** : वित्तीय कारोवार गर्ने इजाजतपत्र प्रदान गर्दा विद्यमान बैंक तथा वित्तीय संस्थाको अवस्था, वित्तीय कारोवारको स्वस्थ संचालन तथा निक्षेपकर्ताको हितलाई ध्यानमा राखी राष्ट्र बैंकले आवश्यक शर्त तोक्न सक्ने र यस्तो शर्तको पालना गर्नु सम्वन्धित बैंक तथा वित्तीय संस्थाको कर्तव्य हुने ।

घ) **वर्गीकरण माथिल्लो वा तल्लो वर्गमा परिणत हुन सक्ने** : राष्ट्र बैंकले तोकेको पूँजी भएको, विगत पाँच वर्षदेखि लगातार नाफा गर्न सक्षम भएको, कुल निष्क्रिय कर्जा राष्ट्र बैंकले तोकेको सीमा भित्र रहेको र तोकिएका सवै शर्तहरु पुरा गरेको तल्लो वर्गको संस्था राष्ट्र बैंकको स्वीकृति लिएर माथिल्लो वर्गमा परिणत हुन सक्नेछ । त्यसैगरी तोकेको अवधिभित्र तोकेबमोजिमको पूँजी नपुऱ्याएको, विगत पाँच वर्षदेखि लगातार नोक्सानीमा रहेको, राष्ट्र बैंकको निर्देशन पटक-पटक उल्लंघन गरी कारवाहीमा परेको र तोकेबमोजिम जोखिम व्यहोर्ने कोष कायम गर्न नसकेको "क" वर्गको संस्था "ख" वर्गमा र "ख"

वर्गको संस्था "ग" वर्गमा परिणत हुने गरी राष्ट्र बैंकले निर्णय गर्न सक्ने ।

ङ) **वित्तीय कारोवार :** वर्गीकरण अनुसार इजाजत प्राप्त संस्थाले गर्न सक्ने वित्तीय कारोवार संचालन सम्वन्धी बेग्ला-बेग्लै विस्तृत व्यवस्था गरिएको ।

च) **गाभ्न वा गाभिन सक्ने :** एउटा इजाजतपत्रप्राप्त संस्था अर्को इजाजतपत्रप्राप्त संस्थामा गाभ्न वा गाभिन चाहेमा दुवै संस्थाले आ-आफ्नो साधारण सभाबाट पारित गराई संयुक्त रुपमा स्वीकृतिको निमित्त पेश गरेमा राष्ट्र बैंकले गाभ्न वा गाभिन स्वीकृति दिन सक्ने ।

छ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ वा यो अध्यादेश वा सो अन्तर्गतका नियम वा विनियम अन्तरगत राष्ट्र बैंकले जारी गरेको आदेश वा निर्देशनको उल्लघन गरेमा त्यस्तो इजाजतप्राप्त संस्थालाई नियम उल्लंघनको गाम्भीर्य हेरी राष्ट्र बैंकले सचेत गराउने, लिखित चेतावनी दिने, संचालक समितिलाई कवुलियतनामा गराउने, लाभांशको वितरण वा वोनस जारी गर्न वा दुवै कार्यमा प्रतिवन्ध लगाउन, निक्षेप स्वीकार्न वा कर्जा प्रदान गर्न वा दुवै कार्य गर्न प्रतिबन्ध लगाउने, कारोवारमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउने र इजाजतपत्र निलम्वन वा रद्द गर्न सक्ने ।

ज) **खाता रोक्का :** कुनै पनि किसिमको कसूरको अनुसन्धान वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय आतंकवादी गतिविधि वा संगठित अपराधको नियन्त्रण गरी राष्ट्रिय हित कायम राख्ने सिलसिलामा कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा इजाजतपत्रप्राप्त संस्थामा रहेको खाताबाट कुनै पनि किसिमले भुक्तानी दिन वा रकमान्तर गर्न नपाउने गरी खाता रोक्का गर्न राष्ट्र बैंकले सम्वन्धित संस्थालाई कुनै पनि वखत निर्देशन दिन सक्ने ।

झ) **इजाजतपत्र लिनुपर्ने :** यो अध्यादेश प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम संस्थापित भई संचालनमा रहेका वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, विकास बैंक, वित्त कम्पनी, बैंकिङ्ग कारोवार गर्न स्वीकृतिप्राप्त वित्तीय मध्यस्थता सम्वन्धी कार्य गर्ने गैर सरकारी संस्थाले यो अध्यादेश प्रारम्भ भएको मितिले दुई वर्षभित्र यस अध्यादेशबमोजिम बैंक वा वित्तीय संस्था संस्थापना गरी वित्तीय कारोवार संचालन गर्ने इजाजतपत्रप्राप्त गर्नको लागि राष्ट्र बैंक समक्ष निवेदन दिइसक्नुपर्ने ।

ञ) **खारेजी :** यस अध्यादेश जारी भएपछि (क) कृषि विकास बैंक ऐन, २०२४, (ख) वाणिज्य बैंक ऐन, २०३१, (ग) वित्त कम्पनी ऐन, २०४२, (घ) नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ र (ङ) विकास बैंक ऐन, २०५२ खारेज गरिएको ।

च) **शेयरको बाँडफाँड :** बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल जारी पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री वितरणको निम्ति छुट्याउनुपर्नेछ । यसरी छुट्याइएको शेयरमध्ये पाँच प्रतिशतसम्म शेयर बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्मचारीको निम्ति छुट्याउन सक्ने ।

छ) **संचालक समिति :** बैंक तथा वित्तीय संस्थामा कम्तिमा पाँच जना र बढीमा सात जना संचालक रहेको संचालक समिति रहनेछ । त्यस्तो संचालक समितिमा राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरुको सूचीबाट एक जना नियुक्ति गर्नु पर्ने ।

*स्रोत : बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६०*

४.१४ कृषि विकास बैंक र औद्योगिक विकास निगम कृषि र उद्योगको विकासमा सहयोग पुऱ्याउने विशिष्टीकृत वित्तीय संस्थाहरु हुन् । विगत केही वर्ष यता बढ्दै गएको खराव कर्जा र थुप्रिदै गएको गैर बैंकिग सम्पत्तिको कारण यी बैंकहरुको वित्तीय स्थिति खराव रहेको एशियाली विकास बैंकको सहयोगमा Price Water House Coopers ले गरेको अध्ययनले देखाएको छ । आर्थिक वर्ष २०५९/६० को वार्षिक प्रतिवेदनमा कृषि विकास बैंक मुनाफामा संचालन भएको देखाइएतापनि पाकेको तर असूल नभएको व्याज आम्दानी देखाइएको, नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार गर्नुपर्ने कर्जाका लागि व्यवस्था कम गरिएको र गैर बैंकिग सम्पत्ति अपलेखन नगरिएको तथ्य लेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएकाले उक्त बैंक यथार्थमा घाटामा संचालन भएको देखिन्छ ।

४.१५ विकास बैंकहरूको सुसञ्चालनका लागि आर्थिक वर्ष २०६०/६१ मा पूँजी कोष, कर्जा तथा सापटी, प्रति ग्राहक कर्जा तथा सुविधा, क्षेत्रगत कर्जा, धितोपत्र लगानी, व्याजदर, साख सञ्चालन र संस्थागत सुशासन सम्बन्धी नियमनहरू परिमार्जन गरिएका छन् । बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६० लागू भए पश्चात् सबै विकास बैंकहरु हाल सोही अध्यादेश अन्तर्गत सञ्चालनमा आउनु पर्ने सन्दर्भमा राष्ट्रिय एवम् जिल्लास्तरमा स्थापना भइसकेका विकास बैंकहरूले भौगोलिक कार्यक्षेत्रको आधारमा २०६६ आषाढसम्ममा नयाँ चुक्ता पूँजी वृद्धि गर्नु पर्नेछ ।

मन्जूषा : ४(८)

**<u>बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजीको आधारमा वर्गीकरण र अन्य व्यवस्था</u>**

क) बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६० बमोजिम इजाजतपत्रप्राप्त संस्थाको वर्गीकरण, निवेदन दस्तुर तथा इजाजतपत्र दस्तुर सम्वन्धमा नीतिगत व्यवस्था अन्तर्गत उक्त अध्यादेशको दफा ३१ को प्रयोजनका लागि न्यूनतम चुक्ता पूँजीको आधारमा बैंक तथा वित्तीय संस्थाहरुको निम्न अनुसार वर्गीकरण गरिएको :

| वर्ग | आवश्यक न्यूनतम चुक्ता पूँजी | | | | |
|---|---|---|---|---|---|
| | राष्ट्रियस्तर | क्षेत्रीयस्तर* | ४-१० जिल्ला* | १-३ जिल्ला* | १ जिल्ला* |
| "क" | रु. १०० करो | रु. २५ करोड | X | X | X |
| "ख" | रु. ३२ करोड | X | रु. ५ करोड | रु. २ करो | X |
| "ग" | रु. १५ करोड<br>रु. ५ करोड | X<br>X | X<br>X | X<br>X | रु. २ करोड<br>रु.१करोड++ |
| "घ"** | रु. १० करोड | रु. ६ करोड | रु. २ करोड | रु. १ करो | X |

* *काठमाडौ उपत्यका वाहेक, सीमा जोडिएका जिल्लाहरु (न्यूनतम र अधिकतम) समेटिएका ।*

** *लघुवित्तको कारोवार मात्र गर्ने वित्तीय संस्था ।*

+ *लिजिङ कारोवार गर्ने वित्तीय संस्थाको हकमा मात्र लागू हुने ।*

++ *मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतको कुनै एक जिल्लामा मात्र सीमित रहने ।*

ख) बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६० को दफा ४(१) को प्रयोजनका लागि बैंक तथा वित्तीय संस्था संस्थापन गर्नका लागि सम्बन्धित व्यक्तिले त्यस्तो बैंक तथा वित्तीय संस्था प्रचलित कानून बमोजिम दर्ता गर्न नेपाल राष्ट्र बैंकमा निवेदन दिँदा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको जारी पूँजीको ०.०१ प्रतिशतले हुने रकम बराबर दस्तुर लाग्ने ।

ग) बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६० दफा २९(२) को प्रयोजनका लागि वित्तीय कारोवार गर्ने इजाजतपत्रका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिँदा सम्वन्धित बैंक तथा वित्तीय संस्थाको जारी पूँजीको ०.०२ प्रतिशतले हुने रकम बराबर दस्तुर लाग्ने ।

घ) वित्तीय कारोवार गर्ने इजाजतपत्रका लागि नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त गरिसकेका र प्रचलित कानूनबमोजिम संस्थापन भई नेपाल राष्ट्र बैंकमा निवेदन परिसकेका वित्तीय संस्थाहरुको हकमा खण्ड (क) मा उल्लिखित दस्तुर नलाग्ने तर, खण्ड (ख) मा उल्लिखित दस्तुर लाग्ने ।

*स्रोत : नेपाल राष्ट्र बैंक*

४.१६ नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा (७८) बमोजिम वित्तीय कारोवार गर्ने संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजत लिनुपर्ने प्रावधान रहेको छ । लघुवित्त कारोवार गर्ने विकास बैंकहरू, कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगम बाहेक अन्य विकास बैंकहरूलाई २०५७ माघ ९ गतेदेखि लागू हुने गरी पूँजीकोष, तरलता र संस्थागत सुशासन संवन्धी निर्देशन जारी गरिएकोमा सो निर्देशन खारेज गरी बाणिज्य बैंकहरुलाई जारी गरिएको अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको १ देखि १३ सम्मको निर्देशन मिति २०५९।१०।९ गतेदेखि लागू गरिएको थियो । तर यसरी जारी भएको निर्देशनमा केही अस्पष्टता रहेकाले स्पष्ट पारी “विकास बैंकहरूको लागि निर्देशन, २०६० ( संशोधित)” २०६० माघ ९ गते जारी गरिएको छ । उक्त निर्देशनमा समावेश गरिएका नयाँ व्यवस्था अनुसार विकास बैंकहरूले कायम गर्नुपर्ने पूँजीकोषको व्यवस्था अन्तर्गत, आर्थिक वर्ष २०६०/६१ र २०६१/६२ मा प्राथमिक पूँजी क्रमशः ५.५ प्रतिशत र ६.० प्रतिशत तोकिएको छ भने पूँजीकोष क्रमशः ११.० प्रतिशत र १२.० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था लागू गरिएको छ । विकास बैंकहरुका लागि मुद्दती निक्षेप, बचत निक्षेप, क्रमिक निक्षेप योजना र संचयकोष निक्षेप मार्फत वित्तीय स्रोत संकलन गर्न सक्ने व्यवस्था गरिएको छ । विकास बैंकले आफ्नो कुल निक्षेप दायित्व र सापटी कोषको एक प्रतिशतले हुने रकम अनिवार्य नगद मौज्दात राख्नु पर्ने र कुल निक्षेप दायित्वको सात प्रतिशत तरल सम्पत्ति राख्नु पर्नेछ । विकास बैंकले जमानत दिंदा आफ्नो प्राथमिक पूँजीको तीन गुणासम्म मात्र जमानत दिन सक्ने गरिएको छ । विकास बैंकहरुको कार्य क्षमता अभिवृद्धिका लागि संस्थापक, संचालक र कर्मचारीहरु व्यावसायिक, अनुशासित, इमान्दार र उच्च नैतिकता सम्पन्न हुनुपर्ने तथ्यलाई महसूस गरी संस्थागत सुशासन सम्वन्धी निर्देशन लागू गरिएको छ । विकास बैंकले निक्षेपमा दिने व्याज र कर्जा तथा सापटमा लिने व्याजदर स्वयम् निर्धारण गर्न सक्ने व्यवस्था गरिएको छ ।

## ग्रामीण विकास बैंकतर्फ

४.१७ ग्रामीण क्षेत्रको विकासको लागि आवश्यक पर्ने पूँजी र तत्सम्बन्धी कर्जा व्यवस्थापनका लागि ग्रामीण विकास बैंकहरूको संरचनात्मक सुधारलाई गति दिने क्रमसंगै नाफामा रहेका ग्रामीण विकास बैंकहरूलाई क्रमशः निजीकरण गर्दै जाने उद्देश्य अनुरुप आर्थिक वर्ष २०५९/६० मा पश्चिमाञ्चल ग्रामीण विकास बैंकको निजीकरण गर्ने निर्णय भएकोमा उक्त बैंकको नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ६१.० प्रतिशत शेयरमध्ये ५१.० प्रतिशत शेयर हस्तान्तरण गर्ने प्रक्रियाको थालनी भई २०६० फाल्गुण १८ सम्ममा करीब ९०.० प्रतिशत शेयर बिक्री भइसकेको छ । त्यसैगरी नाफामा सञ्चालन भएको पूर्वाञ्चल ग्रामीण विकास बैंकको पनि उक्त प्रक्रिया अनुरुप नै निजीकरण गरिने कार्य शुरु भई आर्थिक वर्ष २०६०/६१ भित्र सम्पन्न गर्ने गरी नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको सो बैंकको ६६.८ प्रतिशत शेयरमध्ये ५६.८ प्रतिशत शेयर उक्त बैंकका समूह सदस्य, कर्मचारी, लघु वित्त संस्थाहरू तथा सर्वसाधारणमा बिक्री गर्ने निर्णय भएको छ । ग्रामीण विकास बैंकहरूलाई निजीकरण गर्दै लैजाने नीतिले यी संस्थाहरुको प्रत्येक वर्ष बढ्दै गइरहेको आर्थिक भार कम हुँदै जाने र यी बैंकहरूको सञ्चालनमा पनि व्यावसायिकता वृद्धि भई प्रतिस्पर्धी वातावरणमा सुलभ सेवा प्रदान हुने अपेक्षा गरिएको छ ।

४.१८ अर्थतन्त्रलाई आवश्यक पर्ने मौद्रिक तरलताको उचित व्यवस्थापन गरी कर्जाको ब्याजदरलाई उपयुक्त स्तरमा राख्ने सन्दर्भमा नेपाल राष्ट्र बैंकले देशका ५ वटा ग्रामीण विकास बैंकहरूलाई प्रदान गरिने पुनर्कर्जाको ब्याजदर ४.५ प्रतिशत कायम गरेको छ । साथै, मुलुकको वर्तमान असहज परिस्थितिमा ग्रामीण क्षेत्रमा कार्यरत ग्रामीण बैंकहरूलाई राहत प्रदान गर्न पुनर्कर्जाको बाँकी साँवा तोकिएको अन्तिम मिति भित्रमा नै भुक्तानी गरेमा ती बैंकहरूलाई लागेको हर्जाना ब्याज मिनाहा गर्ने व्यवस्था गरिएको छ ।

४.१९ विकास बैंक ऐन, २०५२ अन्तर्गत स्थापना भएका विकास बैंकहरुमध्ये क्षेत्रीयस्तरका ग्रामीण विकास बैंक ५, निजी क्षेत्रबाट संचालित लघुवित्त विकास बैंक ४ र राष्ट्रिय स्तरमा थोक कर्जा उपलब्ध गराउने उद्देश्य लिई स्थापना भएका ग्रामीण लघुवित्त विकास केन्द्र (RMDC) र साना किसान विकास बैंक गरी ११ लघुवित्त विकास बैंकहरुले वित्तीय कारोवार संचालन गर्दै आएका छन् । लघु वित्तको कारोवार गर्ने विकास बैंकहरुलाई जारी गरिएको साविक निर्देशनका केही प्रावधानहरुमा संशोधन गरिएको छ । यस अनुसार संशोधित निर्देशनमा असल कर्जाको लागि न्यूनतम १.० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने, किस्तावन्दीमा असूल गर्ने गरी प्रवाह भएको कर्जा तथा सापटको प्रत्येक कर्जाको भाखा नाघेको आधारमा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

## वित्त कम्पनीतर्फ

४.२० २०६० चैत्र मसान्तसम्ममा वित्त कम्पनी ऐन, २०४२ अन्तर्गत वित्तीय कारोवार गर्न इजाजतप्राप्त वित्त कम्पनीहरूको संख्या ५९ पुगेको छ । बैंक तथा वित्तीय संस्था संवन्धी अध्यादेश, २०६० लागू भएपछि वित्त कम्पनी ऐन, २०४२ खारेज भई सबै वित्त कम्पनीहरु उक्त अध्यादेश अन्तर्गत सञ्चालनमा रहेका छन् । आर्थिक वर्ष २०६०/६१

मा एउटा मात्र वित्त कम्पनीलाई कारोवार गर्ने इजाजत प्रदान गरिएको छ भने अन्य दुई कम्पनीहरुलाई इजाजत प्रदान गर्ने सैद्वान्तिक सहमति भएको छ । वित्त कम्पनीहरुको वित्तीय स्थिति सुदृढ गर्ने नीति अनुरुप नेपाल राष्ट्र बैंकले निरीक्षणको क्रममा तरल सम्पत्ति कायम नगर्ने, जोखिम भारित सम्पत्तिको आधारमा पूँजीकोष कायम नगर्ने, प्रति ग्राहक कर्जा सीमा नाघ्ने र संचालकहरुले आचार संहिता पालना नगरेका कम्पनीहरुलाई आवश्यक कारवाही गर्ने गरेको छ ।

४.२१ निक्षेप परिचालन गर्दा वित्त कम्पनीहरूले आफ्नो प्राथमिक पूँजीको २.५ गुणामा नबढ्ने गरी बचत निक्षेप संकलन गर्न सक्ने व्यवस्था गरिएको छ । अनिवार्य नगद मौज्दातको हकमा वित्त कम्पनीले आफ्नो कुल निक्षेप दायित्व र सापटी कोषको कम्तीमा १.० प्रतिशतले हुने रकम राष्ट्र बैंकमा खाता खोली जम्मा गर्नुपर्ने व्यवस्था भई आएकोमा अब उप्रान्त वाणिज्य बैंकमा छुट्टै चल्ती खाता खोली उक्त रकम जम्मा गरेमा पनि अनिवार्य मौज्दातमा गणना गर्ने व्यवस्था गरिएको छ । अनिवार्य मौज्दात र तरल सम्पत्ति व्यवस्था सम्बन्धमा संशोधन गरी “विकास बैंकमा (लघु वित्त कारोवार गर्ने विकास बैंक बाहेक) निक्षेपको रुपमा रहेको मौज्दात” कायम गरिएको छ । कर्जा तथा सापट र पट्टा सम्पत्तिको पुनर्तालिकीकरण वा पुनर्संरचना गर्नुअघि कर्जा तथा लगानी र पट्टा सम्पत्तिको सम्झौतामा उल्लेख भए बमोजिम पाकेको व्याजमध्ये कम्तीमा २५.० प्रतिशत व्याज रकम असूल भएको हुनुपर्ने तर उठाउन बाँकी रहेको व्याजलाई उठाउन बाँकी साँवामा पूँजीकृत गरी कर्जालाई पुनर्तालिकीकरण वा पुनर्संरचना गर्न नपाइने गरिएको छ । त्यसैगरी अन्य बैंक तथा वित्तीय संस्थाबाट सट्टापट्टा (swap) गरिने कर्जाको हकमा जुन वर्गीकरणमा परेको कर्जा सट्टापट्टा गरिने हो, सट्टापट्टा गरिलिने वित्त कम्पनीले पनि सोही वर्गीकरणमा राखी विद्यमान कर्जा नोक्सानी व्यवस्था बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने र यस्तो कर्जा सट्टापट्टा गरी लिने वित्त कम्पनीले सम्बन्धित कर्जा कुन वर्गीकरणमा रहेको थियो भन्ने सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट प्रमाणित विवरण लिनुपर्ने व्यवस्था गरिएको छ । वित्त कम्पनीहरुले राष्ट्र बैंकबाट इजाजत प्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुको संस्थापक शेयरमा लगानी गर्न नपाउने व्यवस्था गरिएको छ । वित्त कम्पनीहरुले वित्तीय जमानत जारी गर्ने सम्बन्धमा सीमा, सुरक्षण, मार्जिन, अख्तियारी र सूचना प्रणाली जस्ता विषयमा स्पष्ट नीति तर्जुमा गरी सो नीति बारे राष्ट्र बैंकलाई समेत अवगत गराउनु पर्नेछ ।

## सहकारी संस्थातर्फ

४.२२ नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृतिप्राप्त बचत तथा ऋण सहकारी संस्थाहरुको संख्या हाल ३३ रहेको छ । यस्ता संस्थाहरुलाई (साना किसान सहकारी संस्थाहरु बाहेक) २०५० श्रावणदेखि नयाँ निर्देशन जारी गरिएकोमा २०६० आषाढदेखि उक्त निर्देशनका केही प्रावधानहरुमा संशोधन गरिएको छ । यस अनुसार सहकारी संस्थाहरुले कुल निक्षेप तथा सापटी कोषको कम्तीमा १.० प्रतिशत अनिवार्य नगद मौज्दात राख्नुपर्ने व्यवस्था गरिएकोमा उक्त संशोधनपछि संस्थाहरुले २०६० श्रावण १ गतेदेखि लागू हुने गरी कुल निक्षेप तथा सापटी कोषको कम्तीमा ०.५ प्रतिशत अनिवार्य नगद मौज्दातको रुपमा नेपाल राष्ट्र बैंक वा उक्त बैंक नभएको स्थानमा राष्ट्र बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंकमा छुट्टै चल्ती खाता खोली जम्मा

गर्नुपर्ने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०५९।६० को मौद्रिक नीतिमा उल्लेख भएअनुसार राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृतिप्राप्त सहकारी संस्थाहरुमध्ये ११ वटा साना किसान सहकारी संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरिवेक्षणको कार्य साना किसान विकास बैंकलाई मिति २०६०।१।२९ मा हस्तान्तरण गरिसकिएको छ । साथै, आगामी दिनहरुमा सहकारी संस्थाहरुलाई वित्तीय कारोबार गर्न राष्ट्र बैंकबाट इजाजत प्रदान नगर्ने नीति अख्तियार गरिएको छ ।

४.२३ वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन (पहिलो संशोधन), २०५५ लागू भएपछि लघु कर्जाको कारोबार गर्ने वित्तीय संस्थाहरुको संख्या बढ्दै गएको छ । हालसम्म राष्ट्र बैंकबाट वित्तीय मध्यस्थताको कारोबार गर्न अनुमति प्राप्त गरेका गैरसरकारी संस्थाहरुको संख्या ४४ पुगेको छ । वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन (पहिलो संशोधन), २०५५ अनुसार वित्तीय मध्यस्थता नियमावली, २०५६ मा संशोधन गर्नुपर्ने भएकोले वित्तीय मध्यस्थता नियमावली, २०५६ का केही नियमहरुमा संशोधन गरिएको छ ।

४.२४ प्राथमिकताप्राप्त क्षेत्र कर्जा कार्यक्रमलाई क्रमशः घटाउँदै लगी अनिवार्य नगर्ने नीति अख्तियार गरिएको सन्दर्भमा ग्रामीण क्षेत्रमा आर्थिक दृष्टिले पिछडिएका विपन्न वर्गको उत्थानको लागि आय एवम् रोजगारमूलक व्यवसाय सञ्चालन गर्न सहकारी/गैरसरकारी संस्था र लघु वित्त संस्थाहरुमार्फत वित्तीय सहयोग उपलब्ध गराउने गरी श्री ५ को सरकारले रु. २ करोडको पूँजीमा स्थापना गरेको ग्रामीण स्वावलम्बन कोषले पुर्‍याएको उल्लेखनीय योगदानलाई मध्यनजर गरी नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०५८/५९ को मुनाफाबाट कोषमा रु. १० करोड र आर्थिक वर्ष २०५९/६० को खुद मुनाफाको ५.० प्रतिशतले हुन आउने रकम रु. ७.४८ करोड सो कोषमा जम्मा गरिसकेको छ । यसरी नेपाल राष्ट्र बैंकको तर्फबाट गरिने पूँजीगत योगदानबाट दीर्घकालीन पूँजीको आवश्यकता पर्ने व्यवसायहरु खासगरी चिया, अलैंची तथा शीत भण्डारका लागि आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न कृषि विकास बैंक र लघु वित्त सम्वन्धी कार्य गर्ने विकास बैंकहरुलाई कोषबाट थोक कर्जा उपलव्ध गराउने व्यवस्था गरिएको छ । सो कोषबाट आर्थिक वर्ष २०६०/६१ का लागि कृषि विकास बैंकलाई चिया खेती र चिया प्रशोधन कारखाना स्थापनाका लागि रु. १० करोडको line of credit क्रमशः २.५ प्रतिशत र ३.० प्रतिशत व्याजदरमा उपलब्ध गराइएको छ । यस नयाँ व्यवस्थाबाट लघु वित्तलाई टेवा पुग्नुका साथै, ग्रामीण क्षेत्रमा संस्थागत कर्जा प्रवाह वृद्धि भएर लक्षित क्षेत्र तथा वर्ग लाभान्वित हुने अपेक्षा गरिएको छ ।

## मौद्रिक स्थिति

४.२५ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा विस्तृत मुद्रा प्रदाय आर्थिक वर्ष २०५९/६० को सोही अवधिको ५.० प्रतिशत वृद्धिको तुलनामा ७.० प्रतिशतले वृद्धि भएको छ। खुद आन्तरिक सम्पत्ति कम दरले वृद्धि भएता पनि खुद वैदेशिक सम्पत्तिमा उल्लेख्य वृद्धि भएकोले विस्तृत मुद्रा प्रदाय समीक्षा अवधिमा बढी दरले बढेको हो। संकुचित मुद्रा प्रदाय भने आर्थिक वर्ष २०५९/६० र २०६०/६१ को समीक्षा अवधिमा करीव समानस्तर २.५ प्रतिशतले मात्र बढेको छ। खुद अमौद्रिक दायित्वमा ह्रास आएतापनि आवधिक निक्षेपमा उल्लेख्य वृद्धि भएकोले संकुचित मुद्रा प्रदाय आर्थिक वर्ष

२०६०/६१ मा अघिल्लो वर्षकै हाराहारीमा वृद्धि भएको हो । संकुचित मुद्रा प्रदायका अंशहरुमध्ये आर्थिक वर्ष २०५९/६० को समीक्षा अवधिमा मुद्रा ५.५ प्रतिशतले बढेको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ९.७ प्रतिशतले बढेको छ। संकुचित मुद्रा प्रदायको अर्को अंश चल्ती निक्षेप आर्थिक वर्ष २०५९/६० मा ५.७ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६०/६१ मा पनि १२.७ प्रतिशतको उल्लेख्य दरले घट्न गएको छ।

**चार्ट ४ (क) : मुद्रा प्रदायलाई असर पार्ने कारकहरु**




४.२६ मुद्रा प्रदायमा विस्तारकारी प्रभाव पार्ने कारकहरुमध्ये मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महीनामा १२.४ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ। निर्यात तथा विप्रेषण आयको रकम बढ्ने प्रवृत्ति कायमै रहेको तथा गरिबी निवारणका लागि विश्व बैंकबाट उपलव्ध ऋण सहायताले खुद वैदेशिक सम्पत्ति उल्लेख्य दरले बढेको हो । आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा खुद वैदेशिक सम्पत्ति ०.६ प्रतिशतले मात्र बढेको थियो। मुद्रा प्रदायमा विस्तारकारी प्रभाव पार्ने अर्को कारक कुल आन्तरिक कर्जा आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ५.८ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा २.० प्रतिशतले मात्र वृद्धि भई २०६० फाल्गुण मसान्तसम्ममा रु. २ खर्ब ३२ अर्ब ९३ करोड पुगेको छ। मौद्रिक क्षेत्रको खासगरी सरकारी संस्थान माथिको दावी उच्च दरले बढेता पनि निजी क्षेत्रमाथिको दावी अघिल्लो वर्षको तुलनामा कम दरले बढेको र

सरकारमाथिको दावीमा उच्च ह्रास आएकोले समीक्षा अवधिमा कुल आन्तरिक कर्जा कम दरले बढेको हो ।

४.२७ कुल आन्तरिक कर्जामध्ये मौद्रिक क्षेत्रबाट श्री ५ को सरकारलाई गएको खुद कर्जा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा ११.२ प्रतिशतले घटी २०६० फाल्गुणसम्ममा रु. ५५ अर्ब ७७ करोडमा ओर्लेको छ । श्री ५ को सरकारले केही ट्रेजरी विल्स चुक्ता गरेको तथा केही ट्रेजरी विल्स मौद्रिक क्षेत्र वाहिर बिक्री भएको र गरिवी निवारणका लागि विश्व बैंकबाट प्राप्त ऋण सहायता रकमको कारणले समेत श्री ५ को सरकारको ठूलो नगद मौज्दात कायम रहन गएको हुँदा श्री ५ को सरकारलाइ गएको खुद कर्जा घटेको हो । आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा यस्तो कर्जा २.९ प्रतिशतले वृद्धि भएको थियो। कुल आन्तरिक कर्जामा महत्वपूर्ण स्थान ओगट्ने मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी आर्थिक वर्ष २०५९/६० को आठ महिनामा ८.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा ६.३ प्रतिशतले वृद्धि भई २०६० फाल्गुण मसान्तमा रु. १ खर्ब ६० अर्ब ४४ करोड पुगेको छ। आयात कर्जा बढेता पनि विद्यमान शान्ति सुरक्षाको असहज परिस्थितिका कारण अन्य क्षेत्रमा कर्जा जान नसकेकोले निजी क्षेत्र माथिको दावी यस अवधिमा कम दरले विस्तार भएको हो ।

४.२८ आर्थिक वर्ष २०५९/६० को समीक्षा अवधिमा सरकारी संस्थानहरुमाथिको दावी ६.७ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा १४.१ प्रतिशतको उल्लेख्य वृद्धि भएको छ । वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकबाट पुनर्कर्जा सुविधा अन्तरगत केही पुनर्कर्जा उपयोग गरेका कारण मौद्रिक क्षेत्रको सरकारी संस्था माथिको दावी बढ्न गएको हो । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महीनामा कुल विस्तारित आन्तरिक कर्जामध्ये श्री ५ को सरकारलाई गएको कर्जाको हिस्सामा ह्रास आएकोमा सरकारी संस्थान र निजी क्षेत्रमा गएको कर्जामा वृद्धि भएको छ । आर्थिक वर्ष २०५९/६० को फाल्गुण महिनासम्ममा मौद्रिक क्षेत्रबाट विस्तारित कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकार, सरकारी संस्थान र निजी क्षेत्रलाई गएको कर्जाको हिस्सा कमशः १४.५ प्रतिशत, -८.० प्रतिशत र ९३.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ को फाल्गुण महीनासम्ममा त्यस्तो हिस्सा कमशः -१५७.२ प्रतिशत, ४६.० प्रतिशत र २११.२ प्रतिशत रहेको छ ।




४.२९ विस्तृत मुद्रा प्रदायको महत्वपूर्ण अंश आवधिक निक्षेप आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा ९.३ प्रतिशतले वृद्धि भई २०६० फाल्गुण मसान्तमा रु. १ खर्ब ७७ अर्ब २४ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा यस्तो निक्षेप ६.३ प्रतिशतले बढेको थियो। विदेशमा काम गर्ने नेपालीहरुबाट प्राप्त हुने विप्रेषण आय बढ्ने क्रम जारी रहेको र लगानीका वैकल्पिक अवसरहरु समेत सीमित रहेकोले आर्थिक वर्ष २०६०/६१ मा आवधिक निक्षेप बढी दरले बढेको हो।

४.३० मुद्रा प्रदायमा संकुचनकारी भूमिका खेल्ने खुद अमौद्रिक दायित्व आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा २.१ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा १.८ प्रतिशतले ह्रास भएको छ। नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकहरुको मुनाफामा कमी आएको र स्वेच्छिक अवकास कार्यक्रम लागू भएका कारण नेपाल राष्ट्र बैंक, नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंकहरुमा कर्मचारीहरु सम्वन्धी विविध दायित्वहरु घट्न गएकोले समेत खुद अमौद्रिक दायित्व घट्न गएको हो। खुद आन्तरिक सम्पत्ति आर्थिक वर्ष २०५९/६० मा ७.८ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ३.८ प्रतिशतले मात्र वृद्धि हुन गएको छ। खुद अमौद्रिक दायित्व घटेको र कुल आन्तरिक कर्जा सामान्य दरले विस्तार भएकोले आर्थिक वर्ष २०६०/६१ मा खुद आन्तरिक सम्पत्ति कम दरले बढेको हो।

## वाणिज्य बैंकहरुको साधन र स्रोत तथा उपयोगको स्थिति

४.३१ वाणिज्य बैंकहरुको समग्र साधन तथा स्रोत आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा ६.१ प्रतिशतले बढ्न गई २०६० फाल्गुण मसान्तमा रु २ खर्ब ५८ अर्ब २ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा यस्तो साधन तथा स्रोत ५.६ प्रतिशतले बढेको थियो। चल्ती निक्षेपमा उल्लेख्य ह्रास आएतापनि बचत तथा मुद्दती निक्षेप दायित्वमा वृद्धि तथा खुद अन्य स्रोत समान स्तरमा रहेका कारण आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा समग्र साधनको वृद्धि दर उच्च रहेको हो। यसैगरी साधनको उपयोगतर्फ तरल सम्पत्तिमध्येको नेपाल राष्ट्र बैंकमा राखेको

मौज्दात र विदेशी बैंकमा मौज्दात बढेता पनि नगद मौज्दात र विदेशी मुद्रा मौज्दातमा ह्रास आई तरल सम्पत्तिमा सीमान्त वृद्धि भएको र कर्जा तथा लगानी अन्तर्गत सरकार माथिको दावी घटेता पनि सरकारी संस्था माथिको दावी र निजी क्षेत्र माथिको दावी वृद्धि भएका कारण समीक्षा अवधिमा कुल उपयोग बढी दरले वढेको हो ।

४.३२ वाणिज्य बैंकहरुको दायित्वमध्ये कुल निक्षेप दायित्व आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ५.२ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को यसै अवधिमा ६.८ प्रतिशतले वृद्धि भएको छ। कुल निक्षेप मध्ये चल्ती निक्षेप आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ३.२ प्रतिशतले ह्रास भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ७.५ प्रतिशतले घटेको छ। यसैगरी आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा बचत निक्षेप ७.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को यसै अवधिमा बचत निक्षेपको वृद्धिदर १०.६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा मुद्दती निक्षेप ६.५ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा मुद्दती निक्षेपको वृद्धिदर ५.४ प्रतिशत रहेको थियो। नेपाल राष्ट्र बैंकवाट वाणिज्य बैंकहरुले लिएको कर्जा २०६० आषाढको तुलनामा २०६० फाल्गुणमा रु. ८३ करोडले घटी रु. ११ करोडमा झरेको छ। वाणिज्य बैंकहरुको खुद अन्य दायित्व आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा १०.९ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा त्यसमा खासै परिवर्तन नभई समानस्तरमा रहेको छ । वाणिज्य बैंकहरुको मुनाफामा कमी आएको र नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंकमा स्वेच्छिक अवकासका कारण कर्मचारीहरु सम्वन्धी विविध दायित्वहरु घट्न गएकोले खुद अन्य दायित्व यथावत् रहेको छ ।

**चार्ट ४(ग) : वाणिज्य बैंकहरुको कर्जा तथा लगानी र निक्षेप**



४.३३ साधनको उपयोगतर्फ वाणिज्य बैंकहरुको कुल तरल सम्पत्ति आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा १.३ प्रतिशतले मात्र बढेको छ। यस्तो सम्पत्ति आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा १४.२ प्रतिशतले ह्रास भएको थियो । तरल सम्पत्तिमध्येको नगद मौज्दात र विदेशी मुद्रा मौज्दात आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा क्रमशः १८.४ प्रतिशत र १२.१ प्रतिशतले ह्रास भएको छ। तर नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात र विदेशी बैंक मौज्दातमा भने क्रमशः ८.५ प्रतिशत र ०.४ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा बैंकहरुसंग रहेको विदेशी मुद्रा मौज्दात ३५.६ प्रतिशतले वृद्धि भएतापनि राष्ट्र बैंकमा रहेको मौज्दात, विदेशी बैंकमा रहेको मौज्दात र बैंक नगद मौज्दातमा क्रमशः २०.६ प्रतिशत, ७.६ प्रतिशतले र २७.८ प्रतिशतले ह्रास भई समग्र तरल संपत्तिमा उच्च ह्रास आएको हो । उपर्युक्त दुवै अवधिमा अनिवार्य नगद मौज्दातमा गरिएको कटौतीले सम्बन्धित शीर्षकमा कमी आएको हो ।

४.३४ आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा कुल कर्जा तथा लगानी ११.० प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा यस्तो वृद्धिदर ७.१ प्रतिशत मात्रले बढेको छ । आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा बैंकहरुको कुल कर्जा तथा लगानीमा वृद्धि हुनुमा अनिवार्य नगद मौज्दातमा गरिएको कटौती र निक्षेप संकलनमा वृद्धि भई बैंकहरुको लगानी कोषमा भएको विस्तार प्रमुख कारण रहेका छन् । कुल कर्जा तथा लगानीमध्ये वाणिज्य बैंकहरुवाट श्री ५ को सरकारलाई गएको कर्जा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा ८.१ प्रतिशतले मात्र बढेको छ। आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा यस्तो कर्जा २५.१ प्रतिशतको उल्लेख्य दरले बढेको थियो। वाणिज्य बैंकहरुवाट सरकारी संस्थानलाई गएको कर्जा आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ६.३ प्रतिशतले ह्रास भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा १५.७ प्रतिशतको उल्लेख्य वृद्धि भएको छ । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा वाणिज्य बैंकहरुको कुल कर्जा तथा लगानीमध्ये निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.१ प्रतिशतले वृद्धि भएको छ जुन आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा पनि ९.५ प्रतिशतले बढेको थियो। वाणिज्य बैंकहरुले खरीद गरेको विदेशी विल आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा १३.६ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ५.७ प्रतिशतले मात्र बढेको छ। विदेशी मुद्रा बजार कारोवारतर्फ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा विदेशी मुद्रा बजारमा १८ पटक हस्तक्षेप गरिएकोमा १७ पटक बजारमा अधिक भएको रु. १७ अर्ब ३० करोड बराबरको विदेशी मुद्रा खरीद गरियो भने एक पटक बजारमा अभाव रहेको रु. ५० करोड बराबरको विदेशी मुद्रा बिक्री गरी खुद रु. १६ अर्ब ८० करोड बराबरको तरलता प्रवाह गरियो ।

## वाणिज्य बैंकहरुको शाखा विस्तार

४.३५ हालको असहज परिस्थितिमा वाणिज्य बैंकहरुलाई थप दायित्व वहन गर्न नपरोस् भन्ने उद्देश्यका साथै, बैंकहरुको आर्थिक स्थिति सुधार्ने लक्ष अनुरुप बैंकहरुलाई प्रतिस्पर्धात्मक रुपमा अग्रसर गराउन आर्थिक सम्भाव्यताको आधारमा मात्र शाखा खोल्ने, भइरहेका शाखामध्ये नजिक रहेका शाखाहरु एक आपसमा गाभ्ने, घाटामा संचालित शाखालाई निश्चित अवधि तोकी नाफामा लैजान प्रयत्न गर्ने जस्ता नीतिहरु

नेपाल राष्ट्र बैंकले अवलम्वन गर्दै आएको छ । त्यस्तै, नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्था अर्को बैंक तथा वित्तीय संस्थासंग गाभिनसक्ने व्यवस्था बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६० ले गरेको छ । २०६० आषाढ मसान्तसम्ममा वाणिज्य बैंकहरुको कुल शाखा संख्या ३७८ रहेकोमा २०६० चैत्र मसान्तसम्ममा ३८१ पुगेको छ । वाणिज्य बैंकहरुको कुल शाखा संख्यामा कृषि विकास बैंकको वाणिज्य बैंकिङ्ग कारोवार गर्ने ४७ शाखाहरुलाई समेत समावेश गर्दा २०६० चैत्र मसान्तसम्ममा अधिराज्यभरमा वाणिज्य बैंकहरुका कुल शाखा संख्या ४२८ पुगेको छ । वाणिज्य बैंकहरुको कुल शाखामध्ये राष्ट्रिय वाणिज्य बैंकको शाखा संख्या सवैभन्दा बढी अर्थात् १३२ रहेको छ भने त्यसपछिको स्थानमा नेपाल बैंक लि. का ११६ शाखा रहेका छन् । २०६० चैत्र मसान्तसम्ममा नेपाल बंगलादेश बैंक लि. को १८, नेपाल अरव बैंकको १६, एभरेष्ट बैंक लि. र नेपाल इन्भेष्टमेन्ट बैंक लि. प्रत्येकको १४/१४, हिमालयन बैंक लि.को १३, नेपाल एसवि.आई बैंक लि. र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. प्रत्येकको ११/११, स्टाडर्ण्ड चाटर्ड बैंक लि. नेपालको १०, बैंक अफ काठमाण्डु लि. र नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि. प्रत्येकको ६/६, माछापुच्छ्रे बैंक लि.को ४, कुमारी बैंक लि., लुम्बिनी बैंक लि. र लक्ष्मी बैंकको प्रत्येकको ३/३, र सिद्धार्थ बैंक लि. को १ शाखाहरु संचालनमा रहेका छन् ।

## अन्य बैंक तथा वित्तीय संस्थाहरु

४.३६ कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम र कर्मचारी संचय कोषको कुल कर्जा लगानी आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा २५.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ८.३ प्रतिशत ह्रास भई कुल कर्जा लगानी रु. ८ अर्व ५३ करोड पुगेको छ। यस्तो कुल कर्जा लगानीमा कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम र कर्मचारी संचय कोषको अनुपात २०५९ फाल्गुणमा क्रमशः ६४.९ प्रतिशत, ०.२ प्रतिशत र ३४.९ प्रतिशत रहेकोमा २०६० फाल्गुणमा ६९.३ प्रतिशत, ०.२ प्रतिशत र ३०.५ प्रतिशत रहेको छ। यी तीन संस्थानहरुको कुल साँवा असूलीमा आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा १९.४ प्रतिशतको उल्लेख्य वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा १४.९ प्रतिशतले वढ्न गई रु. ६ अर्व ६ करोड पुगेको छ। यसरी नै खुद कर्जा वितरण आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ३३.६ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को यसै अवधिमा ३८.६ प्रतिशतले घट्न गई रु. २ अर्व ४७ करोडमा झरेको छ। उठाउन बांकी कर्जा आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा २२.३ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा १४.७ प्रतिशतले बढ्न गई कुल उठाउन बाँकी कर्जा रु. ३७ अर्व १ करोड पुगेको छ। कुल उठाउन बाँकी कर्जामा कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम र कर्मचारी संचय कोषको अनुपात २०५९ फाल्गुणको क्रमशः ५५.८ प्रतिशत, ६.२ प्रतिशत र ३८.० प्रतिशतमा केही परिवर्तन भई २०६० फाल्गुणमा ५२.६ प्रतिशत, ५.४ प्रतिशत र ४२.० प्रतिशत पुगेको छ।




चार्ट ४(घ) : नेपाल औद्योगिक विकास निगमको कर्जा विवरण

४.३७ कृषि विकास बैंकको कर्जा वितरण आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा १५.४ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा २.१ प्रतिशतले घट्न गई रु. ५ अर्ब ९१ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा नेपाल औद्योगिक विकास निगमको कर्जा वितरण ६५.७ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा २.३ प्रतिशतले ह्रास भई रु. २ करोडमा झरेको छ। त्यस्तै, कर्मचारी संचयकोषको कर्जा वितरण आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ५१.९ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा १९.७ प्रतिशतले घट्न गई रु. २ अर्ब ६० करोडमा झरेको छ।

४.३८ कृषि विकास बैंकको साँवा असूली आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा २०.५ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ७.२ प्रतिशतले मात्र बढ्न गई रु. ५ अर्ब ५ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा नेपाल औद्योगिक विकास निगमको साँवा असूली ७९.२ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा तीन गुणाले वृद्धि भई साँवा असूली रु. ७ करोड भएको छ। कर्मचारी संचयकोषमा साँवा असूली आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ३६.५ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ७४.९ प्रतिशतको उलेख्य वृद्धि भई रु. ९३ करोड साँवा असूली भएको छ।

४.३९ मिति २०५९ फाल्गुणमा २०५८ फाल्गुणको तुलनामा उठाउन बांकी कर्जा कृषि विकास बैंकमा ११.७ प्रतिशतले वृद्धि भएकोमा २०६० फाल्गुणमा ८.२ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब ४७ करोड पुगेको छ। नेपाल औद्योगिक विकास निगममा उठाउन बांकी कर्जा २०५९ फाल्गुणमा २.० प्रतिशतले घट्न गएकोमा २०६० फाल्गुणमा ०.८ प्रतिशतले वृद्धि भई रु. २ अर्ब १ करोड पुगेको छ। कर्मचारी संचय कोषमा उठाउन बांकी कर्जा २०५९ फाल्गुणमा ४८.५ प्रतिशतले बढ्न गएकोमा २०६० फाल्गुणमा २६.५ प्रतिशतले बढ्न गई रु. १५ अर्ब ५३ करोड पुगेको छ।

४.४० ग्रामीण क्षेत्रका खास गरी विपन्न महिलाहरुलाई समूहमा आबद्ध गरी आयमूलक क्रियाकलापका लागि बिना धितो कर्जा प्रदान गर्ने उद्देश्यले पाँचैवटा विकास क्षेत्रमा ११ वटा ग्रामीण विकास बैंक कार्यरत छन्। यी बैंकहरुले २०६० पौष मसान्तसम्ममा अधिराज्यका ४३ जिल्लाका ९६८ गाउँ विकास समितिहरुमा ४,८८२ केन्द्र मार्फत ३४,३७५ समूहका १,६४,९२७ सदस्यहरुलाई विभिन्न कार्यक्रमहरु मार्फत प्रत्यक्ष रुपमा फाइदा पुऱ्याएका छन्। समूहमा आबद्ध सदस्यहरुमध्ये १,४९,८६८ सदस्यहरुलाई बैंकहरु सञ्चालनमा आएदेखि २०६० पौष मसान्तसम्ममा जम्मा रु ९ अर्ब ८७ करोड कर्जा वितरण गरिएको छ। यसरी वितरण गरिएको कर्जा मध्ये उक्त मितिसम्ममा रु ८ अर्ब ५२ करोड असूली भई जम्मा रु १ अर्ब ३४ करोड उठाउन बाँकी देखिन्छ। २०६० पौष मसान्तसम्ममा बैंकहरुमा सामूहिक बचततर्फ रु. ४३ करोड र व्यक्तिगत बचततर्फ करीब रु ४ करोड गरी जम्मा रु ४७ करोड बचत निक्षेप जम्मा भइसकेको छ। यी पाँचैवटा बैंक अन्तर्गत विभिन्न कार्यालयहरुमा १,०६९ कर्मचारीहरु कार्यरत छन्। प्रत्येक ग्रामीण विकास बैंकको विस्तृत क्रियाकलाप तालिका ४(क) मा समेटिएको छ।

**तालिका ४(क) : ग्रामीण विकास बैंकहरुको क्रियाकलाप (२०६० पौष मसान्त)**

| क्र. सं. | विवरण | पूर्वाञ्चल ग्रा.वि. बैंक | मध्यमाञ्चल ग्रा.वि.बै. | पश्चिमाञ्चल ग्रा.वि.बै. | मध्य-पश्चिमाञ्चल ग्रा.वि.बै. | सुदूर पश्चिमाञ्चल ग्रा.वि.बै. | कुल |
|---|---|---|---|---|---|---|---|
| १. | गा.वि.स. संख्या | २६२ | २४६ | २७४ | १०६ | ८० | ९६८ |
| २. | केन्द्र संख्या | १३८५ | १२२२ | १११७ | ५५१ | ६०७ | ४८८२ |
| ३. | समूह संख्या | ११२२८ | ७६७९ | ८०९९ | ३८९९ | ३४७० | ३४३७५ |
| ४ | सदस्य संख्या | ४९३२१ | ३७३३९ | ४०३९० | १९४२८ | १८४४९ | १६४९२७ |
| ५. | ऋणी सदस्य संख्या | ४८६२४ | ३६३३५ | ३७८५६ | १५१७३ | ११८८० | १४९८६८ |
| ६. | जम्मा वितरित कर्जा (रु. हजार) | ४३१८५२९ | १५२८८७० | २२५६०३३ | ९०४८०५ | ८५९३९९ | ९८६७६३६ |
| ७. | जम्मा कर्जा असूली (रु. हजार) | ३८०४११७ | १२८५८१४ | १९१२७५७ | ७७१४०३ | ७४९१२२ | ८५२३२१३ |
| ८. | उठाउन बाँकी कर्जा (रु. हजार) | ५१४४१२ | २४३०५६ | ३४३२७६ | १३३४०२ | ११०२७७ | १३४४४२३ |
| ९. | सामूहिक बचत रकम (रु. हजार) | १६४७१२ | ७४३२६ | ९३२१६ | ४७५८७ | ४५८८७ | ४२५७२८ |
| १०. | व्यक्तिगत बचत रकम (रु. हजार) | २९०८१ | ४२४९ | ७०८३ | २१२१ | १५१८ | ४४०५२ |
| ११. | जम्मा बचत रकम (रु. हजार) | १९३७९३ | ७८५७५ | १००२९९ | ४९७०८ | ४७४०५ | ४६९७८० |
| १२. | कार्यरत कर्मचारी | २९६ | २६१ | २३९ | १३५ | १३८ | १०६९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | | | | | | |

*पूर्वाञ्चल : झापा, मोरंग, सुनसरी, सप्तरी, सिराहा, उदयपुर, इलाम, धनकुटा र पाँचथर (९)*
*मध्यमाञ्चल : धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, चितवन, ललितपुर, सर्लाही, मकवानपुर, नुवाकोट, काभ्रे र धादिङ्ग (१२)*
*पश्चिमाञ्चल : रुपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, स्याङ्जा, तनहूं, कास्की, गुल्मी, पर्वत, बाग्लुङ्ग, लमजुङ्ग, गोरखा र अर्घाखांची (१३)*
*मध्यपश्चिमाञ्चल : बांके, बर्दिया, दाङ र सुर्खेत (४)*
*सुदूरपश्चिमाञ्चल : कैलाली, कञ्चनपुर, डडेलधुरा, अछाम र डोटी (५)*
*स्रोत : नेपाल राष्ट्र बैंक*

**चार्ट ४(ङ) : कृषि विकास बैंकको कर्जा विवरण**




४.४१ विकास बैंक ऐन, २०५२ अन्तर्गत स्थापित अन्य विकास बैंकहरुको संख्या १४ रहेको छ । समष्टिगत साधन आर्थिक वर्ष २०६०/६१ को प्रथम ६ महिनामा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा २५.४ प्रतिशतले वृद्धि भई रु ७ अर्ब ६४ करोड पुगेको छ। विकास बैंकहरुको समष्टिगत पूँजी कोष आर्थिक वर्ष २०५९/६० को प्रथम ६ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा १७.५ प्रतिशतले वृद्धि भई रु. ९० करोड पुगेको छ। त्यस्तै आर्थिक वर्ष २०५९/६० को प्रथम ६ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा यी बैंकहरुको कुल निक्षेप १५.१ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ८४ करोड पुगेको छ। स्रोत-साधनको उपयोगतर्फ आर्थिक वर्ष २०५९/६० को पहिलो ६ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा कर्जा तथा सापटी २९.८ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ६ करोड पुगेको छ भने कुल तरल सम्पत्तिमा ४.२ प्रतिशतले वृद्धि भई रु. १ अर्ब १९ करोड पुगेको छ ।

**चार्ट ४(च) : कर्मचारी संचयकोषको कर्जा विवरण**




४.४२ २०५९ पौष मसान्तमा वित्त कम्पनीहरूको संख्या ५४ थियो भने २०६० पौष मसान्तमा ५९ पुगेको छ । २०५९ पौष मसान्तको तुलनामा २०६० पौष मसान्तसम्ममा वित्त कम्पनीहरूको वित्तीय साधनमा उल्लेखनीय वृद्धि भएको छ । २०५९ पौष मसान्तमा वित्त कम्पनीहरूको कुल साधन रु १९ अर्ब ९३ करोड रहेकोमा २०६० पौष मसान्तमा २४.४ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ७८ करोड पुगेको छ । वित्त कम्पनीहरूको साधनको प्रमुख स्रोत निक्षेप २०५९ पौषको तुलनामा २१.९ प्रतिशतले वृद्धि भई २०६० पौष मसान्तमा रु. १९ अर्ब ७८ करोड पुगेको छ भने पूँजी कोष सोही अवधिमा २३.९ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ६० करोड पुगेको छ । २०५९ पौष मसान्तमा उक्त निक्षेप तथा पूँजी कोष क्रमशः रु. १४ अर्ब ७२ करोड र रु. २ अर्ब ९० करोड रहेको थियो । २०५९ पौष मसान्तको तुलनामा २०६० पौष मसान्तमा वित्त कम्पनीले लिएको सापटीमा करीब अढाई गुणाभन्दा बढीले वृद्धि भई रु. ८० करोड पुगेको छ । अघिल्लो वर्षको तुलनामा वित्त कम्पनीहरूको अन्य साधनमा समेत १७.४ प्रतिशतले वृद्धि भई रु. २४ करोड पुगेको छ । अन्य साधन आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा रु. २१ करोड रहेको थियो । साधनको उपयोगतर्फ लगानीमा रहिरहेको कर्जा अघिल्लो वर्षको तुलनामा २५.५ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ३७ करोड पुगेको छ । २०५९ पौष मसान्तमा त्यस्तो कर्जा रु. १३ अर्ब ५ करोड

रहेको थियो । २०५९ पौष मसान्तको तुलनामा २०६० पौष मसान्तमा वित्त कम्पनीहरूको लगानी २१.७ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ५८ करोड पुगेको छ । २०५९ पौष मसान्तमा सो लगानी रु. २ अर्ब १२ करोड रहेको थियो । वित्त कम्पनीहरूको तरल सम्पत्तिमा २१.४ प्रतिशतले वृद्धि भई २०६० पौष मसान्तमा रु. २ अर्ब ७८ करोड पुगेको छ । २०५९ पौष मसान्तमा त्यस्तो सम्पत्ति रु. २ अर्ब २९ करोड रहेको थियो । यसैगरी वित्त कम्पनीहरूको अन्य उपयोगमा २३.७ प्रतिशतले वृद्धि भई २०६० पौष मसान्तमा रु. ३ अर्ब ६ करोड पुगेको छ ।

४.४३ नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृतिप्राप्त सहकारी संस्थाहरूको संख्या २०६० पौष मसान्तमा ३३ मा झरेको छ । आर्थिक वर्ष २०५९/६० को पौष मसान्तमा यो संख्या ३४ रहेको थियो । आर्थिक वर्ष २०५९/६० को प्रथम छ महिनाको दाँजोमा आर्थिक वर्ष २०६०/६१ को प्रथम छ महिनामा यी सहकारी संस्थाहरूको कुल साधनमा ४.७ प्रतिशतले ह्रास भई रु. २ अर्ब ८६ करोडमा झरेको छ । सो अवधिमा यी संस्थाहरूको पूँजी कोषमा १.२ प्रतिशतको सीमान्त वृद्धि भई रु. २९ करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० को प्रथम छ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा यी संस्थाहरूको साधनको मुख्य स्रोत निक्षेप ३.६ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ४ करोड पुगेको छ भने ऋण सापटीमा २६.९ प्रतिशतले ह्रास आई रु. ४ करोडमा झरेको छ । सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त यी सहकारी संस्थाहरूको लगानीमा रहिरहेको कर्जा २०५९ पौष मसान्तको तुलनामा २०६० पौष मसान्तमा ०.७ प्रतिशतले सीमान्त वृद्धि भई रु. १ अर्ब ५८ करोड पुगेको छ । सोही अवधिमा यी संस्थाहरूको लगानी ३१.१ प्रतिशतले वृद्धि भई रु. २८ करोड पुगेको छ ।

चार्ट ४ (छ) : कृषि विकास वैंक, नेपाल औद्योगिक विकास निगम र कर्मचारी संचयकोषको कुल कर्जा विवरण



४.४४ २०६० चैत्र मसान्तसम्म निक्षेप बीमा तथा कर्जा सुरक्षण निगम समेत १८ वटा बीमा कम्पनीहरु बीमा समितिसँग आबद्ध रहेका र यीमध्ये राष्ट्रिय बीमा संस्थान र नेशनल लाइफ एण्ड जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडले निर्जीवन र जीवन दुवैखाले बीमा व्यवसाय संचालन गरेको तथा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र लाइफ इन्स्योरेन्स कर्पोरेशन लि., नेपालले जीवन बीमा मात्र र बाँकी १३ कम्पनीहरुले निर्जीवन बीमा व्यवसाय सञ्चालन गरेका छन् । निक्षेप बीमा तथा कर्जा सुरक्षण प्रा.लि. ले कर्जा सुरक्षण र पशुधन बीमा व्यवसाय मात्र गर्दै आएको छ । यसले निक्षेप बीमाको कार्य भने हालसम्म सुरु गरेको छैन । आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा बीमा कम्पनीहरुको समष्टिगत प्रिमियम संकलन २७.८ प्रतिशतले वृद्धि भई रु ४ अर्ब ७६ करोड पुग्ने अनुमान छ। उक्त रकममध्ये निर्जीवन बीमाबाट ५४.२ प्रतिशत अर्थात् रु. २ अर्ब ५८ करोड र जीवन बीमाबाट ४५.८ प्रतिशत अर्थात् रु. २ अर्ब १८ करोड प्रिमियम संकलन हुने अनुमान छ। आर्थिक वर्ष २०५९/६० मा बीमा कम्पनीहरुले जम्मा रु ३ अर्ब ७२ करोड प्रिमियम संकलन गरेका थिए । उक्त रकममध्ये निर्जीवन बीमाको अंश ६२.१ प्रतिशत अर्थात् रु. २ अर्ब ३१ करोड र जीवन बीमाको अंश ३७.९ प्रतिशत अर्थात् रु. १ अर्ब ४१ करोड रहेको थियो । बीमा कम्पनीहरुको कुल साधन आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा ११.९ प्रतिशतले वृद्धि भई रु १३ अर्ब ६० करोड पुग्ने अनुमान छ । बीमा कम्पनीहरुको यस्तो साधन आर्थिक वर्ष २०५९/६० मा कुल रु १२ अर्ब १५ करोड थियो । आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा बीमा कम्पनीहरुको कुल लगानी १०.२ प्रतिशतले वृद्धि भई रु १२ अर्ब ४५ करोड पुग्ने अनुमान छ । आर्थिक वर्ष २०५९/६० मा बीमा कम्पनीहरुले रु. ११ अर्ब ३० करोड लगानी गरेका थिए । आर्थिक वर्ष २०५९/६० मा लगानीबाट रु ८२ करोड आयआर्जन भएकोमा आर्थिक वर्ष २०६०/६१ मा त्यस्तो आयमा २.२ प्रतिशतले वृद्धि भई रु ८४ करोड आयआर्जन हुने अनुमान छ ।

४.४५ आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा नागरिक लगानी कोषको कुल साधनमा ३२.३ प्रतिशतको उल्लेख्य वृद्धि हुने अनुमान छ। आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा पूँजी कोष १२.७ प्रतिशतले वृद्धि भई रु. ६ करोड, कोष संकलन ३७.९ प्रतिशतले उल्लेख्य वृद्धि भई रु. ३ अर्ब ७९ करोड र लगानी ५९.६ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ९६ करोड पुग्ने अनुमान छ। यो लगानीमध्ये सरकारी ऋणपत्रमा ५०.८ प्रतिशत, मुद्दती निक्षेपमा ४३.८ प्रतिशत र शेयर तथा डिबेन्चरमा ५.४ प्रतिशत अंश लगानी हुने अनुमान छ। आर्थिक वर्ष २०६०/६१ मा कोषको कर्जा तथा सापटी १८.० प्रतिशतले वृद्धि भई रु ६१ करोड र बैंक तथा नगद मौज्दातमा ४०.३ प्रतिशतको उल्लेख्य ह्रास भई रु. २५ करोडमा झर्ने अनुमान छ।

४.४६ आर्थिक वर्ष २०५९।६० को प्रथम ६ महिनामा नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृति पाएका गैर-सरकारी संस्थाहरूको संख्या ३८ रहेकोमा आर्थिक वर्ष २०६०/६१ को चैत्र मसान्तमा यो संख्या बढेर ४४ पुगेको छ । यी संस्थाहरूको कुल साधन आर्थिक वर्ष २०५९/६० को प्रथम ६ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा २२.० प्रतिशतले वृद्धि भई रु. १५ करोड पुगेको छ। यी

संस्थाहरूको प्रमुख स्रोतको रूपमा रहेको ऋण तथा सापटी आर्थिक वर्ष २०५९/६० को ६ महिनामा रु. ८ करोड रहेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा २६.३ प्रतिशतले वृद्धि भई रु. १० करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० को प्रथम ६ महिनामा सीमित बैंकिङ्ग कारोवार गर्ने गैर-सरकारी संस्थाहरूको लघुकर्जा शीर्षकमा कर्जा प्रवाह रकम रु. ४ करोड रहेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा सो रकममा ४१.८ प्रतिशतको उल्लेख्य वृद्धि भई रु. ६ करोड पुगेको छ ।

४.४७ आर्थिक वर्ष २०५९।६० को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा साना किसान विकास आयोजनाको कर्जा लगानी र असूली दुबैमा ह्रास आएको छ । आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनाको कर्जा लगानी रु २२ करोड रहेकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा सो लगानी २७.६ प्रतिशतले घटी कुल कर्जा लगानी रु १६ करोडमा झरेको छ । त्यस्तै साँवा असुलीतर्फ, आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा रु २१ करोड असुली भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा २९.० प्रतिशतले ह्रास भई कुल साँवा असुली रु १५ करोडमा झरेको छ । लगानीमा रहिरहेको कुल कर्जा २०५९ फाल्गुणमा रु १ अर्ब ६२ करोड रहेको तुलनामा २०६० फाल्गुणमा ५८.६ प्रतिशतले ह्रास भई रु ६७ करोडमा झरेको छ ।

## चुनौतीहरु

४.४८ मौद्रिक नीति र वित्त नीतिवीच समन्वयकारी भूमिका सुनिश्चित गर्न सके मूल्य, विनिमय दर, शोधनान्तर र आन्तरिक भुक्तानीमा हुने स्थायित्वले आर्थिक विकासको दरलाई उच्च र दिगो पार्नुका साथै असमान आय वितरणमा कमी ल्याउन पनि मद्दत पुग्ने हुँदा यस अनुरुपको अनुकूल नीति तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने चुनौती छ ।

४.४९ समष्टिगत आर्थिक स्थायित्व अनुकुल हुँदासम्म मौद्रिक सहजता (monetary easing) को नीतिले आर्थिक गतिशीलता बढाउने हुन्छ । समग्र मौद्रिक तथा कर्जा योगाङ्कहरु, जस्तै - संकुचित र विस्तृत मुद्राप्रदाय तथा निजी क्षेत्रतर्फ प्रवाहित बैंकिङ्ग कर्जाको वृद्धिको प्रवृत्तिले अझै पनि अपेक्षित गति पाउन नसकेकोले यसलाई अझ सहज र लचिलो बनाउनुपर्ने प्रशस्त सम्भावना देखिन्छ ।

४.५० वित्तीय क्षेत्रको विकास र विस्तारमा उल्लेख्य प्रगति भए पनि यस क्षेत्रको वित्तीय कुशलता अभिवृद्धि र आन्तरिक भुक्तानी प्रणालीलाई अझ प्रभावकारी बनाउनुका साथै यस क्षेत्रको विकासको प्रवृत्तिलाई दिगो राखी समग्र आर्थिक विकासको दरलाई उच्च र दिगो वनाउन सघाउने गरी वित्तीय क्षेत्र सुधारका लागि आवश्यक कानूनी आधार र संरचनाहरु अन्तराष्ट्रिय स्तरमा पुऱ्याउनुपर्ने आवश्यकता एवं चुनौती संगसंगै रहेको छ ।

४.५१ समग्र वित्तीय क्षेत्रमा समस्याग्रस्त मानिएको बैंकिङ्ग क्षेत्र र वैंकिग क्षेत्रभित्र बढी समस्यामूलक देखिएका सरकारी स्वामित्वका बैंकहरुको व्यवस्थापन करारमा दिइएकोमा त्यसबाट अपेक्षित स्तरमा उपलब्धि हासिल हुन अझै बांकी रहेको र अन्य बैंक एवं वित्तीय संस्थाहरुको खराव कर्जाको अनुपात कम गरी भविष्यमा त्यस्तो समस्या नआउने गरी मौद्रिक र वित्तीय नीति संचालन गर्नुपर्ने चुनौती एकातर्फ छ भने अर्का तर्फ खराव कर्जाको व्यवस्थापन गर्ने संयन्त्रको टड्कारो आवश्यकता देखिएको छ ।

४.५२ सन्तुलित आर्थिक विकासको निम्ति शहरी र ग्रामीण दुवै क्षेत्रमा वित्तीय स्रोत उपलब्धताको महत्वपूर्ण भूमिका रहने हुन्छ । शहरी क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुको प्रतिस्पर्धात्मक सेवा उपलब्ध हुँदा उपयुक्त लागत र परिमाणले महत्व राख्ने हुन्छ भने अझै पनि बैंक तथा वित्तीय सेवा उपलब्ध हुन नसकिरहेको ग्रामिण क्षेत्रमा असंगठित क्षेत्रको उच्च व्याजदरको तुलनामा संस्थागत कर्जाको कम व्याजदर भन्दा पनि कर्जा उपलब्धता नै ठूलो कुरो भएकोले यी दुवै पक्षलाई ध्यानमा राखी बैंक तथा वित्तीय सेवा नीतिलाई बढी व्यावहारिक एवं सन्तुलित वनाउदै लैजानुपर्ने चुनौती छ ।

# ५. मुद्रा तथा पूंजी बजार

## प्राथमिक बजार

५.१ आर्थिक वर्ष २०६०/६१ को प्रथम नौ महिनामा धितोपत्रको प्राथमिक बजार मार्फत ७ वटा संगठित संस्थाहरुले साधारण शेयर, हकप्रद शेयर तथा डिवेञ्चर गरी जम्मा रु. ७३ करोड मूल्य बराबरको धितोपत्र निष्काशन गरी पूँजी परिचालन गर्न अनुमति लिएका छन् । आर्थिक वर्ष २०५९/६० मा १७ वटा संगठित संस्थाहरुले साधारण तथा हकप्रद शेयर र म्यूचूअल फण्ड गरी जम्मा रु. ८१ करोड बराबरको पूँजी परिचालन गर्न अनुमति लिएका थिए ।

**तालिका ५(क) : प्राथमिक बजारको प्रवृत्ति**

(रु. करोडमा)

| | शीर्षक | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०५५।५६ | २०५६।५७ | २०५७।५८ | २०५८।५९ | २०५९।६० | २०५९।६० प्रथम नौ महिना | २०६०।६१ प्रथम नौ महिना |
| १ | पूँजी परिचालन अनुमति | २५.८० | ५३.७१ | ६३.४३ | १४१.६६ | ८१.३७ | ५४.९२ | ७३.२० |
| | क) साधारण शेयर | १४.८० | ४१.२५ | २६.८५ | ५२.८७ | ५५.१५ | ३०.७० | ३९.२० |
| | ख) हकप्रद शेयर | ३.०० | १२.४६ | ३६.५८ | ३८.७९ | १६.२२ | १४.२२ | ४.०० |
| | ग) अग्राधिकार शेयर | ८.०० | - | - | १४.०० | - | - | - |
| | घ) डिवेञ्चर | - | - | - | ३६.०० | - | - | ३०.०० |
| | ङ) म्यूच्युअल फण्ड | - | - | - | | १०.०० | १०.०० | - |
| २ | पूँजी परिचालनकर्ता संगठित संस्थाहरुको संख्या | ५ | ९ | ९ | १६ | १७ | १२ | ७ |

*स्रोत : धितोपत्र विनिमय बजार लि.*

## दोस्रो बजार

५.२ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अवधिमा आर्थिक वर्ष २०५९/६० को तुलनामा थप ५ वटा संगठित संस्थाहरु सूचीकृत भै कूल सूचीकृत संगठित संस्थाहरुको संख्या ११३ पुगेको छ । यस्तै बजार पूँजीकरण १०.८ प्रतिशतले वृद्धि भई रु. ३८ अर्ब ५ करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० को अन्तमा बजार पूँजीकरण मूल्य रु. ३४ अर्ब ५० करोड रहेको थियो ।

५.३ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा भएको धितोपत्र कारोवार आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा ०.३ प्रतिशतले बृद्धि भई रु. ३८ करोड मूल्यको करिव १६ लाख कित्ता कारोवार भएको छ । आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा पनि रु. ३८ करोड मूल्यको १४ लाख कित्ता धितोपत्र कारोवार भएको थियो ।

५.४ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा कारोवार संख्यामा १२.४ प्रतिशतले बृद्धि आई कूल ३७,७०९ वटा कारोवार भएको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा कूल ३३,५३८ वटा कारोवार भएको थियो ।

५.५ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अन्तमा नेप्से परिसूचक आर्थिक वर्ष २०५९/६० को तुलनामा १.९ विन्दुले ह्रास भई २०७.८ विन्दु कायम भएको छ । अघिल्लो आर्थिक वर्षमा नेप्से परिसूचक २०९.७ विन्दु रहेको थियो ।

**तालिका ५(ख) : दोस्रो बजार कारोवार**

(रु. करोडमा)

| शीर्षक | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५५।५६ | २०५६।५७ | २०५७।५८ | २०५८।५९ | २०५९।६० | प्रथम आठ महिना | |
| | | | | | | २०५९।६० | २०६०।६१ |
| धितोपत्र कारोवार रकम | १५०.०० | ११५.५० | २३४.४२ | १५४.०६ | ५७.५८ | ३७.६२ | ३७.७३ |
| कारोवार शेयर संख्या (हजारमा) | ४८५७ | ७६७४ | ४९८९ | ६००५ | २४२८ | १४०० | १६०० |
| कारोवार संख्या | १५८१४ | २९१३६ | ४६०९५ | ४२०२८ | २५४४५ | ३३५३८ | ३७७०९ |
| बजार पूँजीकरण मूल्य | २३५०.८० | ४३१२.३३ | ४६३४.९४ | ३४७०.३८ | ३५२४.०४ | ३४५०.३३ | ३८०४.५६ |
| बजार पूँजीकरण मूल्यमा कारोवारको प्रतिशत | ६.४० | २.७० | ५.१० | ४.४० | १.६० | १.१० | १.०० |
| कुल गाहस्थ्य उत्पादनमा बजार पूँजीकरण मूल्यको प्रतिशत | ७.१० | ११.८० | ११.८० | ८.४० | ८.२२ | | |
| सूचीकृत धितोपत्र को चुक्ता मूल्य | ६४८.७४ | ७४८.२२ | ८१६.५२ | ९६८.५० | १२५६.०० | १००५.८० | १२९७.२० |
| सूचीकृत संगठित संस्थाहरुको संख्या | १०७ | ११० | ११५ | ९६* | १०८ | १०० | ११३ |
| नेप्से परिसूचक (विन्दुमा) | २१६.९० | ३६०.७० | ३४८.४० | २२७.५० | २०४.८६ | २०९.६६ | २०७.८० |

* २५ वटा कम्पनीहरुको सूचीकरण खारेजी ।
स्रोत : धितोपत्र विनिमय बजार लि.

## चार्ट ५(क) : चुक्ता मूल्य तथा कारोवार रकम




## चार्ट ५(ख) : नेप्से सूचकांक



**चार्ट ५(ग) : निष्काशन स्वीकृति**




**चार्ट ५(घ) : बजार पूंजीकरण मूल्य**



## धितोपत्र बोर्ड

५.६ धितोपत्र बोर्डले आर्थिक वर्ष २०६०/६१ को प्रथम नौ महिनामा संगठित संस्थाहरुले निष्काशन गर्न लागेको साधारण र हकप्रद शेयर तथा डिवेञ्चर दर्ता गरी निष्काशन अनुमति दिनुका अतिरिक्त बजार सुपरिवेक्षण, जानकारी अभिवृद्धि तथा नीतिगत व्यवस्थामा सुधार गर्ने प्रयासहरु गरेको छ ।

५.७ धितोपत्र बोर्डले ठूलो आकारमा सार्वजनिक निष्काशन गरी पूँजी परिचालन गर्ने २ वटा संगठित संस्था तथा उक्त कार्यमा संलग्न २ वटा निष्काशन तथा विक्री प्रवन्धक संस्थाहरुको स्थलगत निरीक्षण गरी निष्काशन प्रक्रियामा देखिएका कमी-कमजोरीहरुमा सुधार गर्न सम्वन्धित निष्काशन तथा विक्री प्रवन्धकहरुलाई आवश्यक निर्देशन दिएको छ । त्यस्तै यस अवधिमा बोर्डले धितोपत्र दलाल व्यवसायीहरुले व्यवसाय संचालनका लागि व्यवस्था गरेका पुर्वाधारहरु तथा अभिलेख व्यवस्था लगायत अन्य महत्वपूर्ण विषयवस्तुहरुमा ६ वटा धितोपत्र दलाल व्यवसायीहरुको स्थलगत अनुगमन गरेको छ ।

५.८ धितोपत्रहरुको बजार मूल्यमा हुनसक्ने अत्यधिक उतार चढावलाई नियन्त्रण गर्न प्रत्येक दिन पहिलो कारोवारका लागि तोकिएको १०.० प्रतिशत मूल्य परिवर्तन सीमालाई घटाई ५.० प्रतिशत कायम गरिएको छ । यस्तै अन्य कारोवारहरुका लागि तोकिएको ५ प्रतिशत मूल्य परिवर्तन सीमालाई कम गरी २ प्रतिशत कायम गरिएको छ । साथै, यस अवधिमा कारोवार भएका धितोपत्रहरुको राफसाफलाई छिटोछरितो गराउन कारोवार भएपछिको ५ कार्यदिन भित्र राफसाफ गर्नुपर्ने व्यवस्थामा सुधार गरी ३ कार्यदिन कायम गरिएको छ ।

५.९ धितोपत्र बोर्डले धितोपत्र दलालले एउटै संगठित संस्थाको एउटै मूल्यमा धितोपत्रको खरीद तथा विक्री आदेश प्राप्त गरेको अवस्थामा गर्ने कारोवारलाई प्रतिस्पर्धी तथा पारदर्शी गराउन तथा खाली हस्तान्तरणमा राखी गरिने कारोवारलाई समेत पारदर्शी र व्यवस्थित गराउनका लागि आवश्यक व्यवस्थाहरु गर्न नेपाल धितोपत्र विनिमय बजार लि. लाई निर्देशन जारी गरेको छ । बोर्डले सार्वजनिक निष्काशन भएको शेयर दोस्रो बजारमा सूचिकरण भएपछि निष्काशन मूल्यभन्दा फरक मूल्यमा कारोवार हुन सक्ने जोखिम सम्वन्धमा समेत सर्वसाधारण लगानीकर्ताहरुलाई सजग गराउन सार्वजनिक निष्काशन गर्दा कम्पनीले प्रकाशित गर्ने विवरणपत्रमा उक्त जानकारी समावेश गर्न लगाउने व्यवस्था गरेको छ । यस अवधिमा बोर्डले विवरणपत्रमा उल्लिखित विवरण तथा जानकारीको सत्यतामा निष्काशनकर्ता संगठित संस्था र निष्काशन तथा विक्री प्रवन्धकको जवाफदेहीता बढाउने नयाँ व्यवस्था गरेको छ । यस अवधिमा बोर्डले धितोपत्र दलाल कम्पनीका शेयरवालाको शेयर हस्तान्तरण गर्ने सम्वन्धमा नेपाल धितोपत्र विनिमय बजार लि. ले गरेको थप व्यवस्थालाई स्वीकृति प्रदान गरेको छ ।

५.१० यस अवधिमा डिवेञ्चरको कारोवारलाई व्यवस्थित गराउन भएका विभिन्न व्यवस्थाहरुमा डिवेञ्चरको मूल्य परिवर्तन सीमा प्रत्येक दिन प्रथम कारोवारका लागि ०.२ प्रतिशत र त्यसपछिका कारोवारहरुका लागि ०.१ प्रतिशत कायम गरिएको छ । यस्तै डिवेञ्चर कारोवारको राफसाफ कारोवार भएकै दिन गर्नुपर्ने र एकपटकमा कम्तीमा रु. १० हजार मूल्य बराबरको डिवेञ्चरको कारोवार गर्नुपर्ने व्यवस्था गरिएको छ ।

५.११ यस अवधिमा धितोपत्र बोर्डको संस्थागत क्षमता अभिवृद्धि गर्ने, धितोपत्र बजारको आधुनिकीकरण गर्ने, धितोपत्र केन्द्रीय निक्षेप प्रणालीको विकास गर्ने तथा कम्पनी रजिष्ट्रार कार्यालयको क्षमता अभिवृद्धि गर्ने जस्ता महत्वपूर्ण कार्यक्रमहरु रहेको संगठित तथा वित्तीय क्षेत्र सुशासन आयोजना (Corporate and Financial Governance Project) को प्रारम्भिक प्रतिवेदन तयार भएको छ ।

## नेपाल धितोपत्र विनिमय बजार लि.

५.१२ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अवधिमा नेपाल धितोपत्र विनिमय बजार लि. बाट धितोपत्र कारोवारलाई व्यवस्थित, पारदर्शी एवं विश्वसनीय बनाउन कारोवारको स्वचालन (trading automation) सम्बन्धमा अध्ययन कार्य सम्पन्न भएको छ । साथै अन्य मुलुकहरुमा जस्तै सरकारले जारी गरेका ऋणपत्रहरुको दोश्रो बजारको कारोवार धितोपत्र बजार मार्फत गराउन आवश्यक कानूनी, नीतिगत तथा प्रक्रियागत व्यवस्थाहरु थालनीको प्रक्रियामा रहेका छन् ।

५.१३ नेपाल धितोपत्र विनिमय बजार लि. ले आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा धितोपत्र कारोवारबाट करीव रु. १० लाख पूँजीगत लाभकर उठाई सरकारी राजस्व संकलनमा सहयोग पुऱ्याएको छ । यस संस्थाले धितोपत्र सूचीकरण विनियमावली, २०५३ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा कुल ११३ वटा सुचीकृत कम्पनीहरुमध्ये ४३ वटा कम्पनीहरुलाई "क" वर्गमा वर्गीकरण गरेको छ । आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा कुल १०० वटा सुचीकृत कम्पनीहरुमध्ये ३६ वटा सुचीकृत कम्पनीहरु मात्र "क" वर्गमा परेका थिए ।

## धितोपत्र व्यवसायीहरु

५.१४ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अवधिभित्र २७ वटा धितोपत्र दलाल व्यवसायी, ९ वटा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक व्यवसायी र २ वटा धितोपत्र व्यापारी (डिलर) कम्पनीहरुले आफ्नो धितोपत्र व्यवसायीको प्रमाणपत्र नवीकरण गराएका छन् ।

## सामूहिक कोष तथा एकांक योजना

५.१५ नागरिक लगानी कोषले संचालन गरेको नागरिक एकांक योजनाका साथै यसले संचालन गरेको अन्य कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान कोष योजना, लगानीकर्ता हिसाब कोष जस्ता योजनाहरु अन्तर्गत आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा थप रु. ८६ करोड बचत पूँजी परिचालन भई जम्मा संकलित कोष रकम रु. ३ अर्ब १७ करोड पुगेको छ । यसरी संकलित कूल रकममध्ये कर्मचारी बचत वृद्धि अवकाश कोषमा ६९.८ प्रतिशत, नागरिक एकांक योजनामा ६.५ प्रतिशत, लगानीकर्ता हिसाब योजनामा ४.१ प्रतिशत र उपदान कोष योजनामा १९.६ प्रतिशत रहेको छ । कोषबाट परिचालित उक्त रकममध्ये निश्चित ब्याज प्राप्त हुने साधनमा ६३.८ प्रतिशत, समयकालीन कर्जामा १६.९ प्रतिशत, सहभागी सापटीमा ६.५ प्रतिशत र संगठित संस्थाको शेयर तथा डिवेञ्चरमा १२.६ प्रतिशत लगानी भएको छ । कोषले

संचालन गरेका कार्यक्रमहरुमा पुनर्खरिद र फिर्ता भुक्तानी व्यवस्था रहे अनुसार आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा करीव रु. २१ करोड बराबर पुनर्खरिद र फिर्ता भुक्तानी गरेको छ ।

५.१६ एन.आइ.डि.सी. क्यापिटल मार्केट्स लि.को व्यवस्थापन तथा नेपाल औद्योगिक विकास निगमको ट्रष्टिमा संचालनमा ल्याइएको रु. १० करोड बराबरको एन.सी.एम. म्युचुअल फण्ड मिति २०६० भाद्र १७ देखि नेपाल धितोपत्र विनिमय बजार लि. मा सूचीकृत भई फण्ड अन्तर्गत जारी गरिएका युनिटहरुको खरीद-विक्री कार्य शुरु भएको छ । उक्त फण्डमा कुल लगानी रु. १० करोड मध्ये एन.आई.डि.सी क्यापिटल मार्केटस् लि. को ४७.० प्रतिशत र नेपाल औद्योगिक विकास निगमको ५३.० प्रतिशत लगानी रहेको छ । २०६१ बैशाखको अन्तमा फण्डको कुल मूल्य करीव रु. ११ करोड पुगेको छ र फण्डको खुद सम्पत्ति मूल्य (net assets value) प्रति शेयर रु. ११ रहेको छ ।

## दीर्घकालीन सरकारी ऋणपत्र

५.१७ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा कायम रहेको दीर्घकालीन सरकारी ऋणपत्र आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा ४.९ प्रतिशतले वृद्धि भई रु. ३२ अर्व २ करोड वरावर पुगेको छ । आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा रु. ३० अर्व ५३ करोडको दीर्घकालीन सरकारी ऋणपत्र कायम रहेको थियो । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा कायम रहेको दीर्घकालीन सरकारी ऋणपत्रहरुमध्ये विकास ऋणपत्र अग्रस्थानमा रही रु. १६ अर्व ६ करोड (५०.१ प्रतिशत), राष्ट्रिय बचतपत्र रु. ९ अर्व ६३ करोड (३०.१ प्रतिशत), विशेष ऋणपत्र रु. ५ अर्व १५ करोड (१६.१ प्रतिशत) र नागरिक बचतपत्र रु. १ अर्व १८ करोड (३.७ प्रतिशत) रहेको छ । उक्त अवधिसम्ममा कायम रहेको सरकारी ऋणपत्रको स्वामित्वमा नेपाल राष्ट्र बैंकको अंश १७.९ प्रतिशत, वित्तीय एवं अन्य संस्थाको अंश ५९.८ प्रतिशत र व्यक्तिको अंश २२.३ प्रतिशत रहेको छ ।

५.१८ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०५९/६० को तुलनामा दीर्घकालीन सरकारी ऋणपत्रको दोस्रो बजार मार्फत निर्माताहरुले गरेको खरिद कारोवारमा ३८.८ प्रतिशतले ह्रास आई रु. ८ करोड मात्र भएको छ । आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा बजार निर्माताहरुले रु. १२ करोडको दीर्घकालीन सरकारी ऋणपत्रको खरीद कारोवार गरेका थिए । यसै गरी आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा दीर्घकालीन सरकारी ऋणपत्रको दोस्रो बजार मार्फत बजार निर्माताले गरेको बिक्री कारोवारमा ४३.६ प्रतिशतले ह्रास आई रु. ७ करोड भएको छ । आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा दीर्घकालीन सरकारी ऋणपत्रको दोस्रो बजार मार्फत बजार निर्माताहरुले रु. १३ करोड दीर्घकालीन सरकारी ऋणपत्रको बिक्री कारोवार गरेका थिए ।

५.१९ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा दीर्घकालीन सरकारी ऋणपत्रको दोस्रो बजार मार्फत नेपाल राष्ट्र बैंकले गरेको खरिद कारोवारमा १५३.५ प्रतिशतले वृद्धि भई रु. १ अर्व ५६ करोड भएको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा नेपाल राष्ट्र बैंकले रु. ६१

करोडको दीर्घकालीन सरकारी ऋणपत्रको खरिद कारोवार गरेको थियो । यसै गरी आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा नेपाल राष्ट्र बैंक मार्फत भएको दीर्घकालीन सरकारी ऋणपत्रको बिक्री कारोवारमा २२.९ प्रतिशतले ह्रास आई रु. २८ करोड भएको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा दीर्घकालीन सरकारी ऋणपत्रको दोस्रो बजार मार्फत नेपाल राष्ट्र बैंकले रु. ३७ करोडको दीर्घकालीन सरकारी ऋणपत्रको बिक्री कारोवार गरेको थियो ।

## ट्रेजरी बिल

५.२० आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा कायम रहेको ट्रेजरी बिल आर्थिक वर्ष २०५९/६० को तुलनामा ०.४ प्रतिशतले कमी भई रु. ४६ अर्व ८३ करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० मा रु. ४८ अर्व ८६ करोड ट्रेजरी विल कायम रहेको थियो । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा कायम रहेको ट्रेजरी विलको स्वामित्वमा नेपाल राष्ट्र बैंकको अंश रु. ८ अर्व ४२ करोड अर्थात १८.० प्रतिशत र वित्तीय एवं अन्य संस्थानहरुको अंश रु. ३८ अर्व ४१ करोड अर्थात ८२.० प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६०/६१ को फाल्गुण मसान्तमा ट्रेजरी विल (९१ दिने) को भारित औसत व्याजदर ३.८० प्रतिशत रहेको छ । यो दर आर्थिक वर्ष २०५९/६० को ट्रेजरी विल (९१ दिने) को भारित औसत व्याजदर भन्दा ०.३ प्रतिशत विन्दुले बढी रहेको छ ।

५.२१ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०५९/६० को तुलनामा नेपाल राष्ट्र बैंकले गरेको ट्रेजरी विलको repurchase agreement (repo) र outright purchase तर्फ १.२ प्रतिशतले ह्रास आई रु. ४५ अर्व १२ करोड भएको छ भने outright sale र tap sale तर्फ ५०.५ प्रतिशतले ह्रास आई रु. २० अर्व ४९ करोड भएको छ । आर्थिक वर्ष २०५९/६० मा ट्रेजरी विलको दोस्रो बजारमा नेपाल राष्ट्र बैंकले repo र outright गरी रु. ६६ अर्व २ करोडको ट्रेजरी विल खरिद तथा outright/tap sale गरी रु. ५३ अर्व ७० करोडको ट्रेजरी विल बिक्री गरेको थियो ।

## अन्तर बैंक कर्जा

५.२२ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा अन्तर बैंक कारोवार आर्थिक वर्ष २०५९/६० को तुलनामा उल्लेख्य रुपले बढी रु. ७८ अर्व २५ करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० मा अन्तर बैंक कारोवार रु. ३३ अर्व ७४ करोड रहेको थियो । आर्थिक वर्ष २०६०/६१ को फाल्गुण मसान्तमा अन्तर बैंक कर्जाको भारित औसत ब्याजदर ४.० प्रतिशत रहेको छ । यो दर आर्थिक वर्ष २०५९/६० को अन्तर बैंक कर्जाको भारित औसत ब्याजदर ३.४ प्रतिशतको तुलनामा ०.६ प्रतिशत विन्दुले कम रहेको छ ।

## चुनौतीहरु

५.२३ धितोपत्र बजारको नियमनकर्ताको रुपमा रहेको धितोपत्र बोर्डलाई अधिकारसम्पन्न बनाई नियमन क्षमता अभिवृद्धि गर्नु तथा धितोपत्र बजारलाई आधुनिक तथा

व्यावसायिक रुपमा संचालन हुने गरी सुधार गर्नु आवश्यक भएको छ। वित्तीय क्षेत्रको सुधारका लागि बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश लागू भइसकेको परिप्रेक्ष्यमा सो अध्यादेशले समेत अपेक्षा गरेअनुरुप हुने गरी विधायन प्रकियामा रहेका धितोपत्र तथा कम्पनी सम्वन्धी कानूनहरुमा आवश्यक समायोजनका साथै पूँजी बजारको प्रभावकारी नियमनको आधार प्रदान गर्ने तथा साधन-स्रोत सुनिश्चित हुने गरी संस्थागत सुदृढीकरण गर्नु अत्यावश्यक भएको छ।

५.२४ धितोपत्र विनिमय बजार मार्फत धितोपत्र खरीद-बिक्री गर्न हाल अभ्यासमा रहेको खुला बोलकवोल प्रथा (open outcry system) पुरानो भै अन्य मुलुकहरुमा प्रायः हटी यसको स्थान विद्युतीय कारोवार प्रणाली (electronic trading system) ले लिएको छ। धितोपत्र कारोवारमा पारदर्शिता तथा दक्षता ल्याउन विद्युतीय कारोवार प्रणाली विकसित गर्नु अत्यावश्यक भएको छ।

५.२५ कारोवार भएका धितोपत्रहरुको राफसाफ तथा हक हस्तान्तरण कार्यलाई सरल, स्वच्छ र छिटो-छरितो रुपमा सम्पन्न गराउन धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली (CDS-central depository system) आवश्यक कानूनी तथा साधनको व्यवस्था गरी स्थापना गर्नु आवश्यक भैसकेको छ।

५.२६ देशको आर्थिक विकासका लागि धितोपत्र बजारमा बढी भन्दा बढी संगठित संस्थाहरु प्रवेश गरी बजारबाट पूँजी उठाउने प्रचलन बढाउदै लैजानुपर्छ। तर धितोपत्र बजारमा प्रवेश गरी सु-शासनको अभ्यास गर्ने संस्थालाई वित्तीय तथा अन्य प्रोत्साहन नभएका कारण संगठित क्षेत्र बजारतर्फ आकर्षित हुन नसक्नु बजार विकासका लागि चुनौतीको रुपमा रहेको छ।

५.२७ धितोपत्र बजारमा हाल लाभांश कर लाग्ने गरेको तथा पूँजीगत नाफामा कर लाग्ने तर पूँजीगत घाटा सम्वन्धमा अपलेखन (write-off) गर्न सक्ने स्पष्ट व्यवस्था नभएकोले बजारमा सर्वसाधारण तथा संस्थागत लगानीकर्ताहरु निरुत्साहित भैरहेकोमा लाभांश तथा पूँजीगत लाभ कर सम्वन्धी व्यवस्थाहरुलाई विवेकपूर्ण (rational) गराउने आवश्यकता रहेको छ। यस्तै सामूहिक बचत योजनामा कर लाग्ने/नलाग्ने बिषयमा स्पष्ट व्यवस्थाको आवश्यकता छ।

५.२८ धितोपत्र कारोवारका लागि सूचीकरण गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको हालको स्थितिमा सूचीकृत कम्पनीको सु-शासन तथा नियम पालनाको स्थितिलाई हेरी कमजोर देखिएका सूचीकृत कम्पनीको वैकल्पिक कारोवारको व्यवस्थाका साथै र सम्बन्धित लगानीकर्ताको हित संरक्षणको व्यवस्था गर्नु आवश्यक एवं चुनौतीपूर्ण भएको छ।

५.२९ पूँजी बजार विकासका लागि स्तरीय लेखा तथा लेखापरीक्षण प्रणाली आवश्यक हुने परिप्रेक्ष्यमा नेपालका लागि लेखामान तथा लेखा परीक्षणमानको तयारी कार्य शुरु भइसकेको छ। त्यस्ता मानहरु लागू गर्ने गराउने कार्यमा स्पष्ट संयन्त्र तथा आवश्यक जनशक्ति विकास गर्ने कार्य भने चुनौतीपूर्ण रहेको छ।

# ६. वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति

६.१. विगतका केही वर्षहरुमा उत्साहजनक रहँदै आएको अन्तर्राष्ट्रिय व्यापार तथा शोधनान्तरको स्थितिमा आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा भारतसंगको नवीकृत व्यापार सन्धिमा चार वस्तुको निर्यातमा लगाइएको परिमाणात्मक बन्देज र प्रक्रियागत कठिनाईहरुले उल्लेख्य प्रतिकूल असर पर्न गई समग्रमा कुल निर्यात व्यापार घट्न गएको तर आयातमा उच्च वृद्धि भएकोले व्यापार असंतुलन उल्लेख्य रुपमा वृद्धि भई समग्र शोधनान्तर स्थिति नै प्रतिकूल रहन गयो । आन्तरिक शान्ति सुरक्षामा सुधार नहुँदा पनि प्रमुख व्यापारिक साझेदार मुलुकहरुमा देखिएको आर्थिक सुधार तथा देश भित्रको समग्र आर्थिक गतिविधिमा केही गतिशीलता आई वैदेशिक व्यापार सन्तुलनमा पनि तुलनात्मक रुपमा सुधार हुँदै गएबाट आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा आर्थिक गतिविधिमा देखिएको क्रमिक सुधारको परिणामस्वरुप निर्यात एवं आयात व्यापारमा विस्तारका संकेतहरु देखिनुका साथै शोधनान्तरमा उच्च बचत हुन पुगेको छ ।

## निर्यात

६.२. आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महीनाको अवधिमा १.४ प्रतिशतले घटेको कुल निर्यात आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा ३.८ प्रतिशतले वृद्धि भई रु. ३५ अर्ब ९ करोड पुगेको छ। अमेरिकी डलरमा गणना गर्दा निर्यात आर्थिक वर्ष २०५९/६० को ३.८ प्रतिशतको ह्रासको तुलनामा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा सुधार भई ९.५ प्रतिशतले बढेको छ। भारततर्फको निर्यातमा उल्लेख्य वृद्धि भएको तर तेस्रो मुलुकतर्फको निर्यातमा ह्रास आएकोले आर्थिक वर्ष २०६०/६१ को कुल निर्यातमा भारत र तेस्रो मुलुकतर्फको अंश क्रमशः ५९.६ प्रतिशत र ४०.४ प्रतिशत रहेको छ, जबकि आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा त्यस्तो अंश क्रमशः ५४.५ प्रतिशत र ४५.५ प्रतिशत थियो । निर्यात/आयात अनुपातको विश्लेषण गर्दा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिको कुल निर्यातले कुल आयातको ३९.९ प्रतिशत अंश खाम्न सक्ने देखिन्छ भने आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा त्यस्तो अंश ४२.१ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा निर्यातको वृद्धिदरका तुलनामा आयातको वृद्धिदर उच्च रहेकोले निर्यात/आयात अनुपातमा २.२ प्रतिशत विन्दुले कमी हुन गएको हो ।

६.३. आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा देशगत रुपमा भारततर्फको निर्यात आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा भएको १३.६ प्रतिशत ह्रासको तुलनामा १३.५ प्रतिशतले वृद्धि भई रु. २० अर्ब ९० करोड पुगेको छ। भारततर्फको निर्यातमा वृद्धि भएका प्राथमिक वस्तुहरुमा खयर, पीना, अलैची, पशुको दाना आदि रहेका छन् । औद्योगिक वस्तुहरु जस्तै चाउचाउ, मैदा, दन्तमन्जन, सावुन, सबै किसिमका धागो, एम.एस.पाइप, प्लाष्टिकका सामान, कर्कटपाता, जिंक सिट, जि.आई.पाइप, टेक्सटाइल, जुस, पि.पि.फेव्रिक, केशश्रृंगार तेल, तार, तयारी पोशाक जस्ता वस्तुको निर्यातमा वृद्धि भएको छ। भारततर्फको निर्यातमा प्रमुख हिस्सा रहेका तर व्यापार नवीकरण सन्धिमा परिमाणात्मक बन्देजमा राखिएका वस्तुहरुको निर्यातमध्ये वनस्पति घ्यूमा २७.९

प्रतिशत, तामाजन्य उत्पादनमा ६२.६ प्रतिशत र जिंक अक्साइडमा ८२.२ प्रतिशतको ह्रास आएको छ। साथै, यस अवधिमा जडिबुटी, तोरी तथा सर्स्यू, जुटका सामान, सुठो, दाल, जीवित जनावर, अदुवा, ढुटोको तेल, ढुंगा तथा वालुवा, विस्कुट, आयुर्वेदिक औषधि, पस्मिना जस्ता वस्तुहरुको निर्यातमा ह्रास आएको छ।

६.४. तेस्रो मुलुकतर्फको निर्यात आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा १८.५ प्रतिशतले वृद्धि भएको तुलनामा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा ७.७ प्रतिशतले ह्रास भई रु. १४ अर्ब १९ करोडमा झरेको छ। विगत केही वर्षदेखि तेस्रो मुलुकतर्फको निर्यातमा प्रमुख स्थान ओगट्दै आएका वस्तुहरुमध्ये ऊनी गलैचाको निर्यात आर्थिक वर्ष २०५९/६० को समीक्षा अवधिमा २३.७ प्रतिशतले ह्रास भएकोमा आर्थिक वर्ष २०६०/६१ मा सो निर्यात ६.६ प्रतिशतले वृद्धि भएको छ भने तयारी पोशाकको निर्यात अघिल्लो वर्ष ४९.१ प्रतिशतले वढेकोमा यस वर्ष १८.० प्रतिशतले घटेको छ। प्रमुख निर्यातजन्य वस्तुमा तेस्रो स्थान राख्ने पश्मिनाको निर्यात आर्थिक वर्ष २०५९/६० र २०६०/६१ मा क्रमशः ९.९ प्रतिशत र १०.५ प्रतिशतले घटेको छ। यी तीन वस्तुहरुले तेस्रो मुलुकतर्फको कुल निर्यातमा आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा ७९.६ प्रतिशत योगदान गरेका थिए भने आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा ७६.९ प्रतिशतको योगदान गरेका छन्। त्यसतर्फ निर्यात हुने अन्य वस्तुमा धातु तथा काठका हस्तकलाका सामान, प्रशोधित छाला, दाल, चिया र जडिवुटीको निर्यात यस अवधिमा वृद्धि भएको छ भने झुसे तिल, सुन चाँदीका गहना, छालाका तयारी वस्तुहरु र नेपाली कागजको निर्यातमा ह्रास आएको छ।

६.५ मेक्सिकोको कानकुनमा सेप्टेम्वर १०-१४, २००३ मा भएको विश्व व्यापार संगठनको पाँचौ मन्त्रिस्तरीय सम्मेलनले सेप्टेम्वर ११, २००३ का दिन नेपाललाई संगठनको सदस्यता दिने प्रस्तावलाई सर्वसम्मत रुपमा स्वीकृति प्रदान गरेको थियो। नेपालले संगठनको सदस्यता सम्वन्धी प्रोटोकललाई स्वीकृति प्रदान गरी मार्च २४, २००४ मा संगठनको सचिवालयलाई आधिकारिक जानकारी उपलव्ध गराएपश्चात् संगठनको प्रावधान अनुरुप नेपाल अप्रिल २३, २००४ अर्थात् २०६१ वैशाख ११ देखि विधिवत् रुपमा विश्व व्यापार संगठनको १४७ औं सदस्य बनेको छ। यसका साथै विश्व व्यापार संगठनको स्थापना पश्चात् सम्मिलन प्रक्रियाद्वारा सदस्य बन्ने नेपाल पहिलो अति कम विकसित राष्ट्र पनि हो। वहुपक्षीय व्यापार प्रणालीमा समाहित हुन नेपालले १४ वर्ष देखि गरेको प्रयासलाई संगठनको सदस्यताले सार्थक रुप दिएको छ। संगठनको सदस्यता प्राप्ति आफैमा एउटा उपलब्धि हो। यसर्थ पनि सदस्यताबाट प्राप्त अवसरको अत्यधिक उपयोग र संभावित चुनौतीको निराकरणको लागि सरकारी क्षेत्रका साथै, निजी क्षेत्र, नागरिक समाज, विद्वत वर्ग र सम्बद्ध सवैको साझा प्रयास र समन्वयलाई निरन्तरता दिने कार्यमा सबै क्षेत्र अग्रसर रहनुपर्ने हुन्छ।

मन्जूषा : ६(१)

**विश्व व्यापार संगठनमा नेपालको सदस्यता**

नेपालले सन् १९८० को दशकदेखि आर्थिक उदारीकरणको प्रक्रिया अवलम्वन गर्दै आएको छ। यसै सन्दर्भमा नेपालको अर्थतन्त्रलाई वहुपक्षीय व्यापार प्रणालीमा आबद्ध गराउने उद्देश्यले नेपालले सन् १९८९ मा विश्व व्यापार संगठनको पूर्ववर्ती संस्था भन्सार तथा व्यापार सम्वन्धी सामान्य सम्झौता (GATT) को सदस्यताका लागि

आवेदन दिएको थियो । उरुग्वे चरणका विभिन्न वार्ताले GATT लाई विश्व व्यापार संगठन (WTO) मा परिणत गर्ने निर्णय गरे पश्चात् जनवरी १, १९९५ मा यस संगठनको विधिवत् स्थापना भएको हो । पूर्ववर्ती GATT को पर्यवेक्षक सदस्य राष्ट्र नेपालले संगठनको सदस्यताको लागि सन् १९९५ मा पुनः आवेदन गरेको थियो । संगठनको सदस्यता लिने निर्धारित एवं स्थापित मान्यता अनुरुप देशको वैदेशिक व्यापार एवं अन्य सान्दर्भिक दस्तावेजहरु संगठनको सचिवालयमा प्रस्तुत गरिएको थियो । संगठनमा नेपालको सदस्यता शर्त तय गर्ने सन्दर्भमा नेपालसंग वार्ता गर्न इच्छुक संगठनका सदस्य राष्ट्रहरुसंग सन् २०००, २००२ र २००३ मा विभिन्न चरणमा कार्यदलको बैठक तथा द्विपक्षीय वार्ता भै नेपालको सदस्यता शर्त तय भएका थिए ।

**संगठनको सदस्यताका लागि नेपालले व्यक्त गरेका प्रतिबद्धताहरु**

क) विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्ने क्रममा अति कम विकसित मुलुकहरुले पाउन सक्ने सुविधाका प्रावधानहरु नेपाललाई पनि उपलब्ध हुने गरी प्रतिबद्धता व्यक्त गरिएको ।

ख) वस्तु व्यापारतर्फ कृषिजन्य वस्तुहरुको प्रचलित भन्सार दर कम भएता पनि भविष्यमा नेपाली कृषिजन्य वस्तुहरुलाई संरक्षण गर्नुपर्ने अवस्था आउन सक्ने कुरालाई दृष्टिगत गरी यस्ता वस्तुहरुमा प्रचलित भन्सार दर भन्दा केही गुणा बढी दरमा भन्सार सीमाङ्कन गरिएको ।

ग) गैर-कृषिजन्य वस्तुहरुमा पनि प्रचलित भन्सार दरभन्दा केही बढी दरमा नै भन्सार सीमाङ्कन गरिएको छ भने आयातमा भर पर्नुपर्ने मेशिनरी, वायुयान, सवारी साधनका पार्टपूर्जाहरु तथा केही रासायनिक पदार्थहरु जस्ता करीव ४५० वस्तुहरुलाई प्रचलित भन्सार दरमा सीमाङ्कन गर्ने प्रतिबद्धता जनाइएको ।

घ) सवारी साधनहरु, प्रिफेब्रिकेटेड विल्डिङ, सिरिन्ज जस्ता करीव ५० वस्तुहरु र सूचना प्रविधि सम्वन्धी करीव १५० वस्तुहरुमा सदस्य राष्ट्रहरुको अनुरोध एवं अन्तर्राष्ट्रिय प्रवृत्तिलाई समेत दृष्टिगत गरी ५ देखि १० वर्षको समयावधिभित्र प्रचलित दरभन्दा कममा भन्सार सीमाङ्कन गर्ने प्रतिबद्धता जनाइएको ।

ङ) सरदरमा कृषि क्षेत्रमा हाल ५१ प्रतिशत र अन्तरिम अवधि (३ वर्ष) पश्चात् ४२ प्रतिशत तथा गैर कृषि क्षेत्रमा हाल ३७ प्रतिशत र अन्तरिम अवधि पश्चात् २४ प्रतिशत भन्सार सीमाङ्कन दर रहने गरी प्रतिबद्धता जनाइएको ।

च) आयात गरिएका वस्तुहरुमा भन्सार बाहेक लाग्ने कृषि सुधार शुल्क, स्थानीय विकास शुल्क, विशेष शुल्क जस्ता अन्य महशुल तथा शुल्कहरु (other duties and charges) WTO को प्रावधान अनुसार तुरुन्तै खारेज गर्नु पर्नेमा नेपालको विशेष अनुरोधमा यी करहरुलाई २ वर्षदेखि १० वर्षको समयावधिभित्र शून्यमा सीमाङ्कन गर्ने गरी सहमति भएको ।

छ) विश्व व्यापार संगठनले वर्गीकरण गरेका सेवातर्फका व्यावसायिक, संचार, निर्माण तथा इन्जिनियरिङ, वितरण, शिक्षा, वातावरण, वित्तीय, स्वास्थ्य, पर्यटन, यातायात, मनोरन्जन लगायतका सेवा क्षेत्रहरुमध्ये सदस्य राष्ट्रहरुको व्यापारिक

चाखलाई दृष्टिगत गरी नेपालको पूर्वाधार विकास, विदेशी लगानीको आकर्षण तथा प्रतिस्पर्धाका दृष्टिले संभाव्य देखिएका लगभग ७० सेवा उपक्षेत्रहरुमा शर्तसहित नेपालको बजार खुला गर्ने प्रतिबद्धता व्यक्त गरिएको ।

ज) सेवा क्षेत्रमा प्रकृति हेरी विदेशी लगानीको अनुपात ५१.० प्रतिशत देखि ८०.० प्रतिशतसम्म कायम गरिएको छ भने सेवा प्रदान गर्ने संस्थाका कामदार नै नेपालमा प्रवेश गरी प्रदान गर्ने सेवाका सन्दर्भमा उच्च व्यवस्थापक, कार्यकारी र विज्ञहरुलाई मात्र निश्चित अवधिका लागि प्रवेश दिन सकिने गरी प्रतिबद्धता व्यक्त गरिएको ।

झ) नेपालका सम्वन्धित क्षेत्रगत नीति तथा कानूनहरु निर्माण, संशोधन तथा परिमार्जन गर्ने कार्ययोजना प्रस्तुत गरी भन्सार मूल्यांकन व्यापारमा प्राविधिक अवरोध, वौद्धिक सम्पत्ति अधिकार, मानव, पशु तथा वनस्पति, स्वास्थ्य सुरक्षा सम्वन्धी कानूनहरु संगठनको प्रावधान अनुकूल निश्चित समयावधिभित्र तयार गर्ने प्रतिबद्धता जनाइएको ।

विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्ने सिलसिलामा उपर्युक्त प्रतिबद्धताहरुलाई कार्यान्वयनमा ल्याउने क्रममा श्री ५ को सरकारबाट गर्नुपर्ने कार्यहरु विशेष गरी मौजुदा ऐन/नियम र संगठनको प्रावधान वीच सामन्जस्य ल्याउन आवश्यक गृहकार्य भैरहेको । साथै, संस्थागत विकास, दक्षता अभिवृद्धि तथा भौतिक पूर्वाधारको विकासको क्रममा द्विपक्षीय तथा बहुपक्षीय सहयोग जुटाउने कार्य समेत भै रहेको ।

त्यसैगरी नेपाल आर्थिक वर्ष २०६०/६१ मा दक्षिण एशियाली स्वतन्त्र व्यापार प्रणाली (SAFTA) मा प्रवेश गरेको छ भने बंगलादेश, भारत, म्यानमार, श्रीलंका र थाइल्याण्ड सदस्य रहेको आर्थिक सहयोग समूह (BIMST-EC) को पनि सदस्य बनेको छ ।

*स्रोत :उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय*

## आयात

६.६ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महीनामा कुल आयात ९.६ प्रतिशतले वृद्धि भई रु. ८७ अर्ब ८७ करोड पुगेको छ जबकि आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा यस्तो आयात १३.४ प्रतिशतले बढी रु. ८० अर्ब १९ करोड पुगेको थियो । अमेरिकी डलरमा गणना गर्दा, आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा १०.७ प्रतिशतले बढेको आयातमा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा १५.६ प्रतिशतको उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०५९/६० मा तेस्रो मुलुकतर्फबाट भएको आयात सीमान्त रुपले घटेको थियो भने भारतबाट भएको आयात उल्लेख्य रुपले बढेको थियो । आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा दुबैतर्फको आयात व्यापारमा वृद्धि भएतापनि तुलनात्मक रुपमा भारतबाट हुने आयातको वृद्धिदर उच्च रहेको छ। फलस्वरुप, आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिको कुल आयातमा भारत र तेस्रो मुलुकतर्फको आयातको अंश क्रमशः ५६.९ प्रतिशत र ४३.१ प्रतिशत रहेको छ जुन आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा क्रमशः ५६.० प्रतिशत र ४४.० प्रतिशत रहेको थियो ।

**चार्ट ६(क) : वैदेशिक व्यापार**




६.७ भारततर्फबाट हुने आयात आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनाको २८.१ प्रतिशतको वृद्धिको तुलनामा आर्थिक वर्ष २०६०/६१ को यसै अवधिमा ११.५ प्रतिशतले मात्र वृद्धि भई रु. ५० अर्ब ३ करोड पुगेको छ। भारतबाट हुने आयातित वस्तुहरुको समूहगत संरचना हेर्दा सबै समूहका वस्तुहरुको आयातमा वृद्धि भएको देखिन्छ। परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी आयात गर्न पाइने वस्तुहरुको आयात आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा ३१.२ प्रतिशतको उल्लेख्य वृद्धि भई रु. ९ अर्ब ४२ करोड पुगेको छ। यो परिमाण भारतबाट भएको कुल आयातको १८.८ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा यी वस्तुहरुको आयातले भारतबाट भएको कुल आयातमा १६.० प्रतिशत अंश ओगटेको थियो। परिवर्त्य विदेशी मुद्रा भुक्तान गरी आयात गर्न पाइने औद्योगिक कच्चा पदार्थ तथा निर्माण सामग्री अन्तर्गतका वस्तुहरुमा मेशिनरी तथा पूर्जाहरु, एम.एस विलेट, एम.एस. वायर/रड, आल्मुनियम इन्गट, औद्योगिक रसायनहरु, पोलिष्टर फाइवर, कटन, कोल्ड रोल्ड सिट, काष्टिक सोडा, यातायातका साधनको आयात बढेको छ भने स्टील सिट, सबै किसिमका धागो, सिमेन्ट, विद्युत्का सामान जस्ता वस्तुहरुको आयात घटेको छ। परम्परागत रुपमा भारतबाट आयात हुने वस्तुहरुमा पेट्रोलियम पदार्थ, ट्युव, विद्युतीय सामान तथा उपकरणहरु, सूर्ति, श्रृङ्गारका सामान, कोइला, रासायनिक मल, रासायनिक पदार्थहरु, नून, प्लाष्टिकका सामान, अन्य मेसिनरी तथा पुर्जाहरुको आयातमा वृद्धि भएको छ भने ड्राइसेल व्याट्री, चिनी, लेख्ने-छाप्ने कागज, औषधि, रेडियो, टि.भि., धागो, कपडा, कृषि

उपकरणहरु, फलफूल, तरकारी, दुग्ध पदार्थहरु, जीवित जनावर र तयारी पोशाक जस्तो वस्तुको आयातमा कमि आएको छ ।

६.८ तेस्रो मुलुकतर्फबाट हुने आयात आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा ७.१ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ८४ करोड पुगेको छ जुन आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा ०.९ प्रतिशतले घटेको थियो । तेस्रो मुलुक तर्फबाट भएको आयात अघिल्लो वर्षको तुलनामा विस्तार हुनुमा अन्य मुलुकबाट आयात भएका खाद्य समूह अन्तरगतका सुपारी, खाद्य तेल, निर्माण सामग्रीहरु अन्तरगतका स्टील वायर, अलकत्रा, औद्योगिक कच्चा पदार्थहरुमा प्लाष्टिक दाना, पाम तेल, कच्चा भटमासको तेल, कच्चा नरिवल तेल, कच्चा ऊन, धागो, पि.भी.सि. कम्पाउण्ड, जिङ्क इन्गट, कपर वायर, रड र अन्यमा हवाईजहाजका पूर्जाहरु, रासायनिक मल, कागज, कृषियन्त्र तथा उपकरणको आयातमा वृद्धि हुनु प्रमुख कारण रहेको छ । समीक्षा अवधिमा त्यसतर्फको आयातमा कमी भएका केही प्रमुख वस्तुहरुमा कम्प्युटर पार्ट्स, यातायातका साधन, ल्वाङ, सुकुमेल, जीरा, दूर संचारका उपकरण तथा पूर्जा, स्टोरेज व्याट्री, पाइप तथा पाइप फिटिङ्गस, टेलिभिजन, डेक तथा पार्ट्स, टेक्सटाइल, पेट्रोलियम पदार्थ, तयारी पोशाक, टेलो, सुनचाँदी र औषधि तथा चिकित्सा सम्वन्धी उपकरणहरु रहेका छन् ।

मन्जूषा : ६(२)

**<u>नेपाल व्यापार तथा प्रतिस्पर्धात्मकता अध्ययन</u>**

(Nepal trade and competitiveness study)

क) सन् २००३ मा विश्व बैंकको नेतृत्वमा अन्य दातृ निकायहरुको समेत संलग्नता र सहयोगमा विश्वको खुला तथा प्रतिस्पर्धात्मक व्यापार प्रणालीसंग नेपालको व्यापार संरचनालाई कसरी आबद्ध गर्ने भन्ने वारे अध्ययन गरिएको थियो । अध्ययनको मुख्य उद्देश्य निर्यात व्यापारको पृष्ठगामी सम्वन्ध (backward linkage) लाई अझ सुदृढ गर्दै गरिवमुखी आर्थिक वृद्धिलाई बढावा दिने गरी दशौं योजनामा परिलक्ष्यित गरिवी निवारणको एकल लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउनु रहेको थियो ।

ख) अध्ययन प्रतिवेदनले मुख्यरुपमा तीनवटा प्रश्नहरुको विश्लेषण सहित समाधान खोज्ने प्रयास गरेको थियो : (क) नेपालले आफ्नो व्यापार प्रतिस्पर्धात्मकता कसरी अभिवृद्धि गर्न सक्छ ?, (ख) विश्व व्यापार संगठनको सदस्यताले यस दिशामा नेपाललाई के कसरी सघाउन सक्छ ?, र (ग) के कस्ता नीतिगत कदमहरु चालिएमा वा प्राविधिक सहायता उपलब्ध हुन सकेमा नेपालले आफ्नो व्यापार प्रणाली र संरचनालाई प्रतिस्पर्धात्मक बनाउन सक्नेछ ?

ग) प्रतिवेदनले व्यापार प्रतिस्पर्धात्मकताको लक्ष्य प्राप्तिका लागि श्री ५ को सरकारले अवलम्वन गर्नुपर्ने नीति र कार्यप्रणालीका सम्बन्धमा समयाबद्ध कार्य योजनासहित सुझावहरु प्रस्तुत गरेको थियो । ती सुझावहरुलाई दृष्टिगत गरी दातृराष्ट्र तथा निकायहरुले उपलब्ध गराउने लगानी तथा प्राविधिक सहायतालाई श्री ५ को सरकारले उपयुक्त ढंगले परिचालन गर्ने नीति लिएको छ ।

*स्रोत : नेपाल ट्रेड एण्ड कम्पीटिटिभनेस स्टडी, विश्व बैंक, २००३*

## व्यापार सन्तुलन

६.९ निर्यातको तुलनामा आयातको आयतन करीब साढे-दुइ गुणाले ठूलो रहनुका साथै, आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महीनामा निर्यातको वृद्धिदर भन्दा आयात उच्चदरले वृद्धि भएबाट व्यापार घाटा १३.७ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब ७७ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० को सोही अवधिमा निर्यातमा ह्रास र आयातमा वृद्धि आएका कारण व्यापार घाटामा २७.४ प्रतिशतको उल्लेख्य वृद्धि भएको थियो। आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिको कुल व्यापार घाटामा भारततर्फको अंश ५५.२ प्रतिशत र अन्य मुलुकतर्फको अंश ४४.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०५९/६० मा यस्तो व्यापार घाटामा भारत र अन्य मुलुकहरुको अंश क्रमशः ५७.० प्रतिशत र ४३.० प्रतिशत रहेको थियो। नेपालको निर्यात तथा आयात व्यापारमा क्रमिक वृद्धि हुँदै गएकोले वार्षिक रुपमा कुल वैदेशिक व्यापारमा पनि वृद्धि हुने क्रम जारी रही आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा निर्यात र आयात दुवै वृद्धि भएका कारण कुल वैदेशिक व्यापारमा वृद्धि भएको छ। आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा निर्यातमा ह्रास भएता पनि आयातमा उच्च वृद्धि भएको फलस्वरुप कुल वैदेशिक व्यापारमा पनि वृद्धि भएको थियो।

## शोधनान्तर स्थिति

६.१० आर्थिक वर्ष २०६०/६१ को प्रथम ६ महिनाको शोधनान्तर तथ्यांक[४] अनुसार व्यापार घाटामा वृद्धि भएता पनि खुद सेवा आय र खुद ट्रान्सफर आयमा भएको अत्यधिक वृद्धिले चालु खाता बचत उल्लेख्य रुपले बढेको छ। वित्तीय खाता समूहमा उल्लेख्य असंतुलन देखिएता पनि विविध पूँजी आप्रवाहमा उच्च वृद्धिले गर्दा यस अवधिमा समग्र शोधनान्तर स्थिति ठूलो परिमाणले अनुकूल रहेको छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम ६ महिनामा कुल निर्यात ८.६ प्रतिशतले वृद्धि भई रु. २६ अर्व २९ करोड पुगेको छ भने कुल आयातमा १२.४ प्रतिशतको उल्लेख्य वृद्धि भई रु. ६३ अर्व १३ करोड पुगेको छ। यसरी निर्यात भन्दा आयात उच्चदरले बढेकोले व्यापार घाटा आर्थिक वर्ष २०५९/६० को रु. ३१ अर्व ९६ करोडबाट १५.३ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६०/६१ मा रु. ३६ अर्व ८४ करोड पुगेको छ। आर्थिक वर्ष २०६०/६१ मा अन्तर्राष्ट्रिय कारोवारमा महत्वपूर्ण क्षेत्र सेवा तर्फ उल्लेख्य सुधार भएको छ। यस अवधिमा यातायात सेवाबाट प्राप्त हुने आय ९०.८ प्रतिशतको सर्वाधिक वृद्धि भएबाट अन्यत्र नपरेको सरकारी आय र अन्य आयमा ह्रास आएतापनि सेवा आयमा आर्थिक वर्ष २०५९/६० को प्रथम ६ महिनाको तुलनामा १५.१ प्रतिशतले वृद्धि भएको छ। सेवा भुक्तानी तर्फ अन्य भुक्तानीमा ३१.२ प्रतिशत र यातायात सेवा भुक्तानीमा २.० प्रतिशतले वृद्धि भएता पनि अन्यत्र नपरेको सेवा भुक्तानीमा सीमान्त ह्रास आई कुल सेवा अन्तरगतको भुक्तानीमा आर्थिक वर्ष २०५९/६० को तुलनामा ७.८ प्रतिशतको वृद्धि भई आर्थिक वर्ष २०६०/६१ मा रु. ९ अर्व ७५ करोड पुगेको छ। सेवा

---

[४] शोधनान्तर तथ्याङ्क प्रस्तुतीकरण ढाँचा (format) मा अन्तर्राष्ट्रिय स्तरमा तुलनात्मक रुपले विश्लेषण गर्न मिल्ने गरी तथ्यांकलाई बढी विस्तृत रुपमा वर्गीकरण गरी परिवर्तन गरिएको छ। यस प्रकारको नयाँ ढाँचा अनुसारको तथ्यांक संकलन र प्रशोधन गरी नेपाल राष्ट्र बैंकले २०६० वैशाख देखि सार्वजनिक प्रकाशन गर्दै आएको छ।

अन्तर्गतको भुक्तानीको तुलनामा सेवा क्षेत्रबाट प्राप्त हुने आयमा उल्लेख्य वृद्धि भएबाट खुद सेवा आयमा ३९.६ प्रतिशतको उच्च वृद्धि भएको हो । ट्रान्सफरतर्फको आयमा मूख्य भूमिका निर्वाह गर्दै आएको निजी क्षेत्रको विप्रेषण (remittance)[⊗] आयमा आर्थिक वर्ष २०६०/६१ को प्रथम ६ महिनामा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा २१.२ प्रतिशतको उल्लेख्य वृद्धि भई रु. ३४ अर्ब ७४ करोड पुगेको छ। यस अवधिमा सरकारलाई प्राप्त हुने अनुदानमा पनि ५२.६ प्रतिशतको उल्लेख्य वृद्धि भएबाट कुल ट्रान्सफर आय २०.१ प्रतिशतले वृद्धि भएको छ भने ट्रान्सफर भुक्तानी सानो परिमाणमा रहनुका साथै, सोमा पनि ह्रास आएकोले खुद ट्रान्सफर आय आर्थिक वर्ष २०५९/६० को प्रथम ६ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा २१.९ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब ७६ करोड पुगेको छ । पूँजीखाता अन्तर्गतको पूँजी ट्रान्सफर आर्थिक वर्ष २०५९/६० को प्रथम ६ महिनाको तुलनामा ७८.३ प्रतिशतले ह्रास आई रु. ९७ करोडमा ओर्लेको छ । वित्तीय खातातर्फ अन्य लगानी दायित्वको तुलनामा अन्य लगानी सम्पत्ति उच्च रहेबाट आर्थिक वर्ष २०५९/६० को प्रथम ६ महिनाको तुलनामा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा खुद वित्तीय खाता घाटा १२१.९ प्रतिशतले बढी रु. ८ अर्ब ७३ करोड पुगेको छ ।

मन्जूषा : ६(३)

**शोधनान्तर तथ्यांक प्रस्तुतीकरण ढाँचा (format) मा परिमार्जन**

वाह्य क्षेत्रतर्फ एक निश्चित अवधिमा भएका सम्पूर्ण आर्थिक कारोबारहरु सही ढंगले सही ठाउंमा समावेश होउन् र बदलिंदो परिस्थिति अनुरुप विकसित हुंदै गएका नयाँ-नयाँ कारोबारहरु समेटिंदै जान सकुन् तथा सोको प्रस्तुति अन्तराष्ट्रिय प्रचलनसंग मिल्दोजुल्दो होस् भन्ने उद्देश्यले नयाँ ढाँचामा शोधनान्तर तथ्यांक संयोजन गरी प्रस्तुत गर्न थालिएको छ । तुलनात्मक रुपमा बढी विस्तृत र अन्तराष्ट्रिय स्तरसंग सामञ्जस्य रहेको नयाँ शोधनान्तर तथ्याङ्क प्रस्तुतिमा भएका परिवर्तन र तिनको पुष्ट्याई देहाय अनुसार रहेका छन् :

क) पुरानो शोधनान्तर ढाँचामा निर्यात तथा आयात आंशिक रुपमा एफ.ओ.वि. तथा सी.आई.एफ. मूल्यमा रहने गरेकोमा नयाँ ढाँचामा दुवै कारोबारलाई पूर्ण रुपमा एफ.ओ.वी. मूल्यमा अंकित गरिएकोले तथ्यांक प्रस्तुतिमा शुद्धता बढ्नुको साथै अन्तराष्ट्रिय प्रचलनसंग मेल खाने ।

ख) वस्तु व्यापारका कारोबारलाई बढी समेट्ने प्रयासस्वरुप भन्सारमा प्रवेश नहुने व्यापार जस्तै विदेशी वायुसेवाहरुले नेपालमा खरीद गरेको हवाइ इन्धन र नेपाली वायुसेवाले विदेशमा खरीद गरेको इन्धन तथा पार्टपुर्जा, भारतसंगको विद्युत् खरीद/विक्री कारोवारहरु लगायत अन्य मुलुकबाट हुने तेलको आयात तथा भारतलाई बन्दरगाहबाटै गरिने पुनर्निर्यात समेत समायोजन गरिएकोले भन्सारको अभिलेख अनुसार तयार गरिने व्यापार तथ्यांक र शोधनान्तर तथ्यांकमा निर्यात तथा आयात रकममा केही भिन्नता देखिन सक्ने ।

ग) पुरानो शोधनान्तर ढाँचामा चालु खाता अन्तर्गत वस्तु, सेवा र ट्रान्सफर गरी

[⊗] स्मरणीय छ, नयाँ शोधनान्तर ढाँचामा निजी क्षेत्रको विप्रेषण आय गणना गर्दा विदेशमा कार्यरत कामदार संख्या र निजहरुले पठाउने निश्चित रकमको आधारमा अनुमान (estimate) गर्ने विधि अपनाइएको छ ।

जम्मा तीन मुख्य शीर्षक रहेकोमा नयाँ ढाँचामा आय शीर्षक थप गरी पारिश्रमिक तथा ज्याला र लगानी आय कारोबारहरु चालु खाता अन्तर्गत समेटिएको ।

घ) पुरानो ढाँचामा सेवा शीर्षक अन्तर्गत यातायात र ढुवानी गरी दुई छुट्टा-छुट्टै वर्गीकरण गरिएकोमा नयाँ ढाँचामा यातायात शीर्षकमा ढुवानी भाडा पनि समावेश गरिएको ।

ङ) निजी क्षेत्रको ट्रान्सफर आप्रवाह अन्तर्गत पुरानो ढाँचामा अभिलिखित विप्रेषण र पेन्सन आम्दानी रहने गरेकोमा नयाँमा अनुमानित विप्रेषण समेत समावेश गरिएको ।

च) अनुमानित विप्रेषण उल्लेख्य भएको कारण ट्रान्सफर आय तुलनात्मक रुपमा अत्यधिक रहन जाँदा परम्परागत रुपमा घाटामा रहने गरेको चालु खाता उल्लेख्य रुपमा बचतमा रुपान्तरित हुन गएको ।

छ) नयाँ ढाँचामा पूँजी खातातर्फ पूँजी ट्रान्सफर अन्तर्गत लगानीजन्य प्रकृतिका अनुदान, ऋण मिनाहा तथा बसाई सराई जस्ता सम्पति स्थानान्तरणका रकमहरु समाविष्ट गरिएको ।

ज) पुरानो ढाँचामा वित्तीय खाता नरहेकोमा नयाँ ढाँचामा यो खाता राखिएको र यस अन्तर्गत प्रत्यक्ष वैदेशिक लगानी, अन्य लगानी तथा संचित सम्पत्तिहरु (reserve assets) राखिएको र पुरानो ढाँचाको पूँजी खाता अन्तर्गत रहने वैदेशिक ऋण र साँवा भुक्तानीका रकमहरु नयाँमा अन्य लगानी दायित्व अन्तर्गत राखिएको ।

झ) उपर्युक्त तथ्यांकीय सुधारको फलस्वरुप पुरानो ढाँचाको तुलनामा नयाँमा भूलचुक (errors and ommissions) अन्तर्गतको रकम ठूलो परिमाणले घट्न जाने ।

ञ) पुरानो ढाँचा अन्तर्राष्ट्रिय मुद्राकोषले तयार गरेको शोधनान्तर तथ्यांक निर्देशिका-चौथो संस्करण अनुसार रहेकोमा नयाँ ढाँचा शोधनान्तर तथ्यांक निर्देशिका-पाँचौं संस्करण अनुसार तर्जुमा गरिएको ।

*स्रोत : नेपाल राष्ट्र बैंक*

६.११ आर्थिक वर्ष २०६०/६१ को प्रथम ६ महिनामा चालु खाता बचत आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा ४१.६ प्रतिशतको उल्लेख्य विस्तार भई रु. १३ अर्ब ४२ करोड पुगेको छ । त्यसैगरी विविध पूँजी आप्रवाह आर्थिक वर्ष २०५९/६० को पहिलो ६ महिनामा रु. ९ अर्ब ३८ करोडले ह्रास भएकोमा आर्थिक वर्ष २०६०/६१ मा रु. ६ अर्ब २५ करोडले वृद्धि भएको छ । फलस्वरुप, आर्थिक वर्ष २०५९/६० को पहिलो ६ महिनामा रु. १ अर्ब ४९ करोडले घाटा भएको शोधनान्तर खाता आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा रु. ८ अर्ब ६२ करोडले बचत भएको छ ।

## विदेशी विनिमय संचिति

६.१२ आर्थिक वर्ष २०५९/६० को आषाढदेखि फाल्गुणसम्मको अवधिमा विदेशी विनिमय संचिति १.८ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा

यस्तो संचितिमा १४.१ प्रतिशतको उल्लेख्य वृद्धि भई कुल संचिति रु. १ खर्ब २३ अर्ब ४९ करोड पुगेको छ। उक्त संचितिमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुको हिस्सा क्रमशः ८२.७ प्रतिशत र १७.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा कुल संचितिमा परिवर्त्य मुद्राको अंश ८८.६ प्रतिशत पुगेको छ भने अपरिवर्त्य मुद्राको अंश घटी ११.४ प्रतिशतमा झरेको छ। आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा परिवर्त्य र अपरिवर्त्य मुद्राको अंश कमशः ८१.३ प्रतिशत र १८.७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०६०/६१ को समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकसँग रहेको रु. १ खर्ब २ अर्ब १६ करोड बराबरको विदेशी विनिमय संचितिमा परिवर्त्य र अपरिवर्त्य मुद्राको अंश क्रमशः ८७.५ प्रतिशत र १२.५ प्रतिशत रहेको छ। त्यस्तै वाणिज्य बैंकहरुसँग रहेको रु. २१ अर्ब ३३ करोडको विदेशी विनिमय संचितिमा परिवर्त्य र अपरिवर्त्य मुद्राको अंश क्रमशः ९३.९ प्रतिशत र ६.१ प्रतिशत रहेको छ। कुल संचितिले आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महीनाको आयात प्रवृत्तिको आधारमा एघार महीना भन्दा बढीको वस्तु आयात तथा नौ महीना भन्दा बढीको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ। साथै, २०६० आषाढ मसान्तको तुलनामा २०६० फाल्गुण मसान्तमा बैंकिङ्ग क्षेत्रको वैदेशिक सम्पत्ति १४.० प्रतिशतले वृद्धि भई रु. १ खर्ब २४ अर्ब ६५ करोड रहेको छ भने वैदेशिक दायित्व २२.५ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब ९२ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा वैदेशिक सम्पत्ति तथा दायित्व क्रमशः १.८ प्रतिशत र ७.१ प्रतिशतले बढेको थियो। यसरी २०६० फाल्गुणमा खुद वैदेशिक सम्पत्ति १२.४ प्रतिशतले वृद्धि भई रु. १ खर्ब २ अर्ब ७३ करोड पुगेको छ।

**चार्ट ६(ख) : बैंकिङ्ग प्रणालीमा रहेको विदेशी विनिमय संचिति**



## विनिमय दर

६.१३ आर्थिक वर्ष २०६०/६१ को प्रथम ८ महिनामा नेपाली रुपैयाँको प्रमुख अन्तर्राष्ट्रिय मुद्राहरुसंगको विनिमय दरमा मिश्रित प्रवृत्ति देखिएको छ । २०६० आषाढको तुलनामा फाल्गुणमा नेपाली मुद्रा अमेरिकी डलरसंग २.१ प्रतिशतले पुनर्मूल्यन भएतापनि अन्य मुख्य अन्तर्राष्ट्रिय मुद्राहरुसंग अवमूल्यन भएको छ। यस अवधिमा नेपाली मुद्रा जापानी येनसंग ३.५ प्रतिशत, स्वीस फ्र्याङ्कसंग ५.४ प्रतिशत, यूरोसंग ६.१ प्रतिशत र स्टर्लिङ पाउण्डसंग ८.६ प्रतिशतले अवमूल्यन भएको छ । २०५९ आषाढको तुलनामा फाल्गुणमा नेपाली मुद्रा अमेरिकी डलरसंग ०.३ प्रतिशत र जापानी येनसंग १.८ प्रतिशतले पूनर्मूल्यन भएकोमा अन्य मुद्राहरु जस्तै स्टर्लिङ्ग पाउण्डसंग २.७ प्रतिशत, यूरोसंग ८.५ प्रतिशत र स्वीस फ्र्याङ्कसंग ८.६ प्रतिशतले अवमूल्यन भएको थियो ।

## चुनौतीहरु

६.१४ विदेशी मुद्रा आर्जनको मुख्य स्रोतका रुपमा रहेका निर्यात, पर्यटन, अन्य सेवा तथा विप्रेषण आयमा निरन्तर रुपमा वृद्धि गर्दै जानु चुनौतीपूर्ण रहेको छ भने संचित विदेशी मुद्राद्वारा वस्तु तथा सेवा आयात धान्न सक्ने उचित स्तर निर्धारण गरी सो भन्दा बढी संचितिको सवल र सक्षम व्यवस्थापन गरी त्यसबाट हुने आयमा वृद्धि गर्नुका साथै अर्थतन्त्रमा सकारात्मक प्रभाव अभिवृद्धि गर्दै जानु समेत अर्को चुनौतीका रुपमा उपस्थित छ ।

६.१५ देशभित्र बेरोजगार रहेका युवा पुस्तालाई वैदेशिक रोजगारीको अवसर सिर्जना गर्ने र उनीहरुको आय सुरक्षित एवं सुनिश्चित हुने गरी संस्थागत प्रणालीद्वारा देशभित्र भित्र्याउन अत्यन्त जरुरी भएको छ । तसर्थ, विदेशी राष्ट्रहरुमा अभ्यासको रुपमा रहेको वैदेशिक रोजगारहरुको लागि विशेष राहदानीको व्यवस्था वा तत्काललाई रोजगार राहदानीको छाप लगाउने व्यवस्था गरेमा रोजगारीमा रहनेको संख्या र आयको आकलन हुनुका साथै उनीहरुमा सामाजिक मान्यताको अनुभूति तथा सटही सुविधा, ब्याजदर आदि कुरामा आकर्षण बढ्ने गरी उपयुक्त संयन्त्रको विकास गर्नुपर्ने चुनौती सरकार सामु छ ।

६.१६ नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरी सकेको सन्दर्भमा व्यापारिक साझेदारहरुबाट कोटा र छुट वा कुनै पनि संरक्षणात्मक सहयोगको अपेक्षा राख्नु सट्टा उल्लेख्य मूल्य अभिवृद्धि हुने तुलनात्मक लाभ बढी भएका निर्यातजन्य वस्तुको पहिचान, विकास तथा विस्तार र प्रमुख निर्यातजन्य वस्तुको गुणात्मक तथा परिमाणात्मक विस्तार र बजार विविधीकरण गर्न सघाउ पुग्ने गरी औद्योगिकीकरण, कृषि उत्पादनलाई व्यवसायीकरण, राष्ट्रिय स्रोत-साधनको उत्पादनशील लगानीमा अभिवृद्धि गर्नुपर्ने आवश्यकता पनि उत्तिकै टड्कारो रहेको छ ।

६.१७ दिगो र स्थायी निर्यातमूलक वस्तुको विकाससंगै तुलनात्मक लाभ समेत भएका कच्चा औषधिजन्य जडीवुटी भन्दा प्रशोधित जडीवुटी, फलफूल र पशुपालन व्यवसायलाई प्रोत्साहन गरी निर्यात प्रवर्धन र रोजगारी सिर्जना गर्नुका साथै अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्य एवं अधिक माग भएको अर्थोडक्स चिया खेती नेपालको मध्य-पहाडी क्षेत्रमा बढी संभाव्य मानिएकोले यसको विकास र विस्तार गर्नु अत्यन्त आवश्यक छ ।

६.१८ तुलनात्मक लाभका निर्यातजन्य वस्तु र सेवाको उत्पादन, बजार विविधीकरण आदिको निम्ति निजी क्षेत्रको सशक्त सहभागिता अपरिहार्य भएकोले त्यसका लागि सर्वथा अनुकूल अवस्था सृजनाको लागि कानूनी एवं संस्थागत संरचनाहरु विकास गर्दै लैजानु अपरिहार्य भइसकेको छ ।

६.१९ शोधनान्तर स्थितिलाई दिगो र स्थायी रुपमा नेपालको पक्षमा राखी राख्न पूँजी खाताको अहं भूमिका रहँदै आएको विगतको प्रवृत्तिलाई सोही रुपमा पुनरावृत्ति हुन नदिई चालु खाता अन्तरगतका कारोवारहरुलाई सघाउ पुग्ने गरी व्यापार, पर्यटन, सेवा र वैदेशिक रोजगार नीति तर्जुमा गरी तिनलाई कार्यान्वयनमा ल्याउनु पनि चुनौतीपूर्ण रहेको छ ।

# ७. गरिवी निवारण र रोजगारी

७.१ गरिवी केवल आर्थिक स्रोत र साधनको अभावको रुपमा मात्र प्रकट नभई विभिन्न रुपमा प्रस्तुत हुने गरेकाले यसलाई मानवीय अर्थात् सामाजिक आयामबाट समेत हेर्ने दृष्टिकोण बढ्दै गएको छ । जीवन निर्वाहको लागि आवश्यक पर्ने आम्दानीको अभाव हुने वित्तिकै गरीव हुने भन्ने अवधारणामा क्रमशः परिवर्तन आई अव निरक्षरता, अल्पायुमा हुने मृत्यु, वालविवाह, कुपोषण, रुग्णता जस्ता पक्षहरुलाई पनि मानवीय गरिवीमा समावेश गरिने भएकोले गरिवी शब्दको अर्थ व्यापक र विस्तृत हुन पुगेको छ । यस अर्थमा गरिवी आर्थिक सामाजिक, राजनैतिक र सांस्कृतिक परिवेशको उपज ठानिन्छ । गरिवीलाई निरपेक्ष (absolute) र सापेक्ष (relative) गरी दुई भागमा बाँड्ने गरिएता पनि निरपेक्ष गरिवीलाई विश्लेषणको दृष्टिले बढी महत्वका साथ हेरिन्छ । आयमूलक गरिवीको निरपेक्ष रुपमा विश्लेषण गर्न एक गरिवी रेखा (poverty line) को अनुमान गरिन्छ । कुल जनसंख्याको कति हिस्सा यो रेखाभन्दा तल पर्दछ भन्ने तथ्याङ्कबाट नै देशमा गरीव जनसंख्याको आंकलन गरिन्छ । राष्ट्रिय योजना आयोगले गरिवी निवारण रणनीतिपत्र (PRSP) मा अनुमान गरेको गरिवीको रेखामुनि रहेको जनसंख्याको अंश ३८.० प्रतिशत छ, जुन १९९६ मा गरिएको नेपाल जीवनस्तर मापन सर्वेक्षणको (४२.० प्रतिशत) भन्दा केही प्रतिशतले कम छ । नेपालमा ९०.० प्रतिशत भन्दा बढी गरीवहरु गाँउमा वस्ने भएकोले यसको प्रकृति पनि ग्रामीणमुखी छ । यसमा पनि नेपालका मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका पहाडी जिल्लाहरुका गाँउहरुमा गरिवी डरलाग्दो रुपमा प्रकट भएको छ । यसरी गरिवी हामी नेपालीहरुका लागि जीवनको वहुआयामिक तथ्य (multidimensional fact of life) नै बन्न पुगेको छ ।

७.२ गरिवीको मापनले समाजमा गरिवीको तहगत अवस्था (magnitude) प्रस्तुत गर्दछ । गरिवी मापन गर्दा विशेषतः ३ वटा पक्षहरु जस्तै गरिवीको तह (incidence), विषमता (inequality) र सघनता (intensity) लाई हेर्ने गरिन्छ ।* नेपालमा गरिवी अन्तर-पुस्तागत फैलावट (intergenerational transmission-IGT) बाट उत्पन्न हुने भएकोले यसको प्रकृति लामो समयदेखि बल्झिएको (chronic) रुपमा विद्यमान हुँदा गरिवीको कारण र परिणाम, भावी पुस्तामा हस्तान्तरण हुने पैतृक सम्पत्ति (capital & assets) को प्रवृत्ति आदि समेतको विश्लेषण गर्नु सान्दर्भिक हुन्छ ।

७.३ पछिल्लो नेपाल जीवनस्तर मापन सर्वेक्षणका तथ्याङ्कहरु उपलब्ध भै नसकेकोले अझै पनि १९९६ कै नेपाल जीवनस्तर मापन सर्वेक्षणका तथ्याङ्कहरु नै प्रयोग गर्नुपर्ने स्थिति

---

* सबै भन्दा बढी प्रचलनमा रहेको निम्न सूत्रबाट तीनवटै कुराहरु विश्लेषण गर्न सकिन्छ । सूत्र यसप्रकार छ :

$$P_\alpha = \frac{1}{N}\sum_{i=1}^{q}\left(\frac{(z-yi)}{z}\right)^{\alpha}$$

यहाँ $P_\alpha$ भनेको निरपेक्ष गरिवीको माप, yi भनेको घर परिवारको कुल खर्च (वा आम्दानी), z भनेको गरिवीको रेखा, N भनेको कुल घर परिवारको संख्या हो । त्यसैगरी q भनेको गरिवी समूहमा पर्ने घर परिवारहरु हुन । यस सुत्रबाट $\alpha=0$ भएमा गरिवीको तह (incidence), $\alpha=1$ भएमा विषमता र $\alpha=2$ भएमा सघनता निकाल्न सकिन्छ ।

छ । यो सर्वेक्षणले दैनिक न्यूनतम २१२४ क्यालोरी खाद्य पदार्थका लागि र अरु केही गैर-खाद्य आवश्यकताहरु पूर्ति गर्न समेतका लागि आय प्रतिव्यक्ति प्रति वर्ष रु. ४४०४ का दरले हुनुपर्ने अनुमान निकालेको थियो । मुद्रास्फीतिलाई ध्यानमा राख्दा सो आय सन् २००१ मा ६१०० रुपैयाँ हुन आएको थियो भने सो आधारमा नै नेपालमा ४२.० प्रतिशत व्यक्तिहरु गरिवीको रेखामुनि रहेको अनुमान गरिएको थियो । १९९६ को सर्वेक्षण अनुसार ग्रामीण क्षेत्रमा गरिवीको दर ४४.० प्रतिशत थियो भने शहरी क्षेत्रमा २३.० प्रतिशत थियो । काठमाडौ उपत्यकामा ४.० प्रतिशत जनसंख्या गरिवीको रेखामुनी रहेका थिए । त्यसै गरी सुदूर पश्चिमका तराईका जिल्लाहरुमा ५३ प्रतिशत गरिवी थियो भने मध्यपश्चिमाञ्चलका पहाडी जिल्लाहरुमा ५६.० प्रतिशत र सुदूर पश्चिमका पहाडी तथा हिमाली जिल्लाहरुमा ७२.० प्रतिशतसम्म जनसंख्या गरिवीको रेखामुनि रहेका थिए । सन् १९९५/९६ को सर्वेक्षणले गरिवीको रेखामुनि रहेको जनसंख्याको तह (incidence) ४२.० प्रतिशत, गरिवीको विषमता (depth/inequality) १२.१ प्रतिशत र गरिवीको गहनता (severity) ५.० प्रतिशत रहेको आकलन गरेको थियो । गरिवी निवारण रणनीति-पत्रले आयमूलक गरिवी मात्र नभएर मानवीय गरिवीका परिसूचकहरु जस्तै साक्षरता, जन्म/मृत्युदर, आधारभूत आर्थिक तथा सामाजिक संरचनामा पहुँच आदिलाई संबोधन गर्न खोजेको र यसले विशेषतः विपन्न जात-जातिहरु, महिला वर्ग र दुर्गम क्षेत्रलाई ध्यान दिएको छ । सन् २००१ मा सम्पन्न ग्रामिण घर परिवार सर्वेक्षण (RHS) ले सन् १९९६ को सर्वेक्षणको तुलनामा गरिवीको दर घटेको देखाएको छ । यसका कारणहरुमा यस वीचमा कुल गार्हस्थ्य उत्पादन ४.८ प्रतिशतले बढ्नु, ग्रामीण क्षेत्रको आधारस्तम्भको रुपमा रहेको कृषि क्षेत्रको ३.७ प्रतिशतले वृद्धि हुनु र वर्षेनी ३०.० प्रतिशतले वृद्धि हुँदै आएको विदेशी विप्रेषणको रकम नै उल्लेख्य छन् । यद्यपि यी तथ्यलाई २००३/०४ मा सम्पन्न भैसकेको तर नतिजा निकाल्न बांकी रहेको बृहत् नेपाल जीवनस्तर मापन सर्वेक्षणले यकिन गर्न भने बांकी नै छ ।

७.४ कार्यान्वयनको क्रममा रहेको गरिवी निवारण रणनीतिपत्र (PRSP) ले ग्रामीण गरिवीका केही कारणहरुको पहिचान गरेको छ । प्रथमतः विगतमा भएको आर्थिक वृद्धि शहरोन्मुख र असमन्यायिक (inequitable) भई ग्रामीण भेगको कृषि उत्पादनको वृद्धिदर भन्दा जनसंख्या वृद्धिदर बढी भएर दुर्गम भेगमा जनताको आम्दानी बढ्न नसक्नु हो भनेको छ । दोस्रो कारणमा दुर्गम भेगका जनताको आर्थिक र सामाजिक सेवा र आधारशीलाहरु जस्तै स्वास्थ्य, खानेपानी, सडक इत्यादिमा पहुँचको अभाव हुनु हो भनिएको छ । यसले गर्दा आय वृद्धि गर्ने र मानवीय पक्षको विकास गर्ने अवसर अति सीमित हुन गएको छ भनिएको छ । तेस्रो कारणमा सामाजिक वञ्चितीकरणलाई राखिएको छ । यसमा राज्य प्रणालीमा समावेश हुन नसकेका जनजातिहरु, महिला वर्ग र दुर्गम भेगका सर्वसाधारणहरुको स्रोत-साधन, आय, रोजगारीका अवसरको अभाव र मानव विकासको स्तर निम्न हुनु नै हो भन्ने ठानिएको छ । अति दुर्गमताले गर्दा यस्ता विपन्न र सीमान्त वर्गको संगठित आवाज, राजनैतिक प्रतिनिधित्व र सवलीकरणको अभाव हुन गएको हो भनिएको छ । चौथो कारणमा सुशासनको अभाव भई स्रोत साधनको दुरुपयोग र उत्तरदायित्वको कमी हो भन्ने ठानिएको छ । यी सवै कारणहरुले गर्दा गरिवी एउटा दुरुह दुष्चक्र (vicious circle) को रुपमा रहिरहेको भनी किटानी गरिएको छ ।

७.५ आयमूलक, मानवीय तथा सामाजिक समावेशीकरण सहितको वहुपक्षीय दृष्टिकोणले गरिवीको स्थितिलाई कम गर्ने सिङ्गो उद्देश्य चालू दशौं योजनाले लिएको छ । गरिवी निवारण रणनीतिपत्रका रुपमा समेत रहेको यस योजनाले आयमूलक गरिवीको स्थितिलाई सामान्य वृद्धिदर प्रक्षेपण (४.३ प्रतिशत) अनुरुप ३३.० प्रतिशत र उच्च अपेक्षित वृद्धिदर अनुमान (६.२ प्रतिशत) अनुसार ३०.० प्रतिशत विन्दुमा झार्ने प्रमुख लक्ष्य राखी सो अनुसार रणनीति, नीति तथा कार्यक्रम निर्दिष्ट गरेको छ । यसैगरी गरिवीका अन्य आयामका रुपमा योजनाले अंगीकार गरेका मानवीय तथा सामाजिक पक्षतर्फ औसत आयु, मातृ मृत्युदर, शिशु मृत्यदर, प्राथमिक तहमा भर्नादर र साक्षरता दर जस्ता प्रमुख सूचकहरु (जातीय, लिङ्गगत र क्षेत्रीय वर्गीकरण सहित) को लक्ष्य निर्धारण गरी सो अनुरुप सामाजिक क्षेत्र लगायत अन्य बिषयगत क्षेत्रका कार्यक्रमहरु निर्दिष्ट गरिएका छन् । मध्यमकालीन खर्च संरचना (MTEF) र सुधार कार्यक्रम कार्यान्वयनको तत्काल कार्य योजना (IAP) को माध्यमबाट चारवटा (क) उच्च, दिगो तथा फराकिलो आर्थिक वृद्धि दर हासिल गर्ने, (ख) आर्थिक तथा सामाजिक आधारशिलाहरुको निर्माण गर्ने, (ग) गरीव र सीमान्त वर्गहरुलाई आर्थिक र सामाजिक समावेशीकरण गर्ने र (घ) सुशासनको प्रवर्द्धन गर्ने, आधारस्तम्भहरुलाई कार्यान्वयन गर्ने प्रतिबद्धता समेत चालू योजनाले व्यक्त गरेको छ ।

मन्जूषा : ७(१)

**गरिवी निवारणका लागि सहुलियतपूर्ण ऋृण सुविधा कार्यक्रम**

(PRSC)

विश्व बैंकले सन् २००१ देखि Country Assessment Strategy-CAS मा आधारित विकास सहायता नीति अन्तर्गत वित्तीय उपकरणका रुपमा PRSC शुरु गरेको हो । यस सुविधा अन्तर्गत विश्व बैंकले सर्वप्रथम युगाण्डा र भियतनामलाई सहयोग गरेको थियो । निम्न कुराहरुमा विशेष ध्यान केन्द्रित गर्ने गरिवी निवारण रणनीतिपत्र (PRSP) को कार्यान्वयनमा यस ऋृण सुविधा कार्यक्रमले सहयोग गर्नेछ :

१) आर्थिक वृद्धि गर्न,
२) सार्वजनिक सेवा वितरणमा प्रभावकारिता ल्याउन,
३) सामाजिक समावेशीकरण (social inclusion) को प्रवर्द्धन गर्न र
४) सुशासन कायम गराउन ।

गरीव-उन्मुख (pro-poor) आर्थिक वृद्धि गर्नका लागि यस PRSC कार्यक्रमले महत्वपूर्ण क्षेत्रमा सुधार (selective key reforms) का दिशामा सहयोग गर्दछ । सार्वजनिक लगानीको प्रभावकारिता बढाउने र समग्र लगानी वातावरणको सिर्जना र प्रवर्द्धन गर्ने यसका प्रमुख कार्यक्रमहरु हुन् । मध्यमकालीन सोच (३ वर्ष) मा आधारित यो कार्यक्रमका तीन चरणहरु प्रस्ताव गरिएका छन् । प्रथम चरण (PRSC-I) अन्तर्गत नेपालले आर्थिक वर्ष २०६०/६१ मा कर्जा सहायता प्राप्त गरिसकेको छ । आर्थिक क्षेत्रमा गरेको सुधारबाट प्रभावित भई आर्थिक वर्ष २०५९/६० मा विश्व बैंकले नेपाललाई निम्न तह (low case) बाट आधार तह (base case) मा उठाएको थियो । यसैको परिणामस्वरुप PRSC-I अन्तर्गतको सहायता प्राप्त भएको हो । यसैगरी गरिवी निवारण रणनीतिपत्र (PRSP) का आधारस्तम्भहरुलाई नै आधार मानी प्रस्तुत गरिएका सुधार कार्यक्रमहरुमा संतोषजनक रुपमा उपलब्धि हासिल गर्न सके PRSC-II को

सहायता प्राप्त गर्न सकिने र त्यसमा भएका सुधारका शर्तहरु पनि पूरा गर्न सके PRSC-III अन्तर्गतको सुविधा क्रमशः २००४ र २००५ मा प्राप्त गर्न सकिने प्रावधान PRSC को कार्यक्रम दस्तावेज (program document) मा उल्लेख छ । यस सुविधा कार्यक्रम अन्तर्गतको मध्यमकालीन नीति सुधार तालिका (medium term policy reform matrix) मा निम्न आधारस्तम्भहरुका देहाय अनुसारका उद्देश्यहरु र तत्सम्वन्धमा गर्नु पर्ने कार्यहरु (prior actions) उल्लेख भएका छन् :

| आधारस्तम्भहरु | उद्देश्यहरु |
|---|---|
| १) उच्च तथा दिगो आर्थिक वृद्धि | १० वटा |
| २) सेवा प्रवाहमा सुधार | ३ वटा |
| ३) सामाजिक समावेशीकरण | ८ वटा |

प्रस्तावित सहायता प्राप्त गर्न तोकिएका सुधार कार्यक्रमहरु प्रत्येक वर्षको सेप्टेम्वर महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र सोको प्रगति समीक्षा गर्दा विश्व बैंक सन्तुष्ट भएमा कर्जा सुविधा प्राप्त हुने प्रावधान यस कार्यक्रमका विशेषताहरु हुन् ।

**(PRSC-I)**

चालू गरिवी निवारण रणनीतिपत्र (PRSP) को कार्यान्वयनमा सहायता गर्न विश्व बैंक (IDA) बाट यो ऋण सुविधा प्राप्त भएको हो ।

| | | |
|---|---|---|
| कार्यक्रमको कूल रकम | : | एस.डि.आर. ५१ मिलियन (७० मिलियन अमेरिकी डलर वरावर) |
| ऋण तिर्ने समयावधि | : | ४० वर्ष |
| ग्रेस अवधि | : | १० वर्ष |
| आयोजना संकेत | : | P074685 |
| शर्तहरु | : | IDA बाट निर्धारित शर्तहरु लागू हुने |
| किस्ता | : | एकमुष्ट (single tranche) |

यस मध्यमकालीन सोचको कर्जा सुविधा कार्यक्रमबाट गरिवी निवारणमा ठूलो मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

*स्रोत : प्रस्तावित गरिवी निवारणको लागि सहुलियतपूर्ण ऋण सुविधा कार्यक्रम दस्तावेज, विश्व बैंक २००३*

## मानवीय गरिवी :

७.६ मानवीय गरिवी समग्र गरिवीको अवस्थाको एक महत्वपूर्ण पाटो (dimension) हो । यसर्थ मानवीय गरिवी घटाउने तर्फका प्रयासहरुलाई पनि संगसंगै लैजानुपर्ने यथार्थ स्पष्टै छ । सशक्तीकरण, समन्यायिकता, उत्पादकत्व र दिगोपना मानवीय विकासका चार आधारस्तम्भहरु भएकाले यस्ता पक्षहरुलाई संबोधन गरेर मात्र गरिवी घटाउन सकिने हुन्छ र यसैबाट नै सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक क्षमताको विकास भई समग्र रुपमा सशक्तीकरण हुने आशा गर्न सकिन्छ । नेपालले संयुक्त राष्ट्र

संघको माध्यमद्वारा निर्दिष्ट सहस्राव्दी विकासका लक्षहरु (MDGs)• प्रति राष्ट्रिय प्रतिबद्धता जनाएको छ । यस प्रतिबद्धता अनुरुप ती लक्ष्यहरु हासिल गर्नका लागि राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरुको पुनरभिमुखीकरण (reorientation) र ती लक्ष्यहरु हासिल गर्ने दिशामा भए गरेका प्रगतिहरुको नियमित अनुगमन तथा प्रगति प्रतिवेदन निकाल्नु जरुरी हुन्छ । यस क्रममा राष्ट्रिय योजना आयोग र यू.एन.डि.पि.को संयुक्त प्रयासबाट सन् २००२ मा यी लक्ष्यहरु सम्बन्धी सूचकहरुको प्रगति प्रतिवेदन प्रकाशन गरियो । सो प्रतिवेदनको सुझाव समेतलाई आधार मानी चालू दशौं योजनाका केही नीति तथा कार्यक्रमहरुलाई यी लक्षहरु हासिल गर्ने दिशामा योगदान पुऱ्याउने गरी तर्जुमा गर्ने प्रयास भएको छ । श्री ५ को सरकारले निकट भविष्यमै सहस्राव्दी विकास लक्ष्यहरु र गरिवी निवारण रणनीतिपत्रको व्यावसायिक कार्य योजना (business plan) सहित तिनीहरुबीचको अन्तर्सम्वन्ध समीक्षा गर्नुका साथै सहस्राव्दी विकास लक्ष्यको उपलव्धि सम्वन्धी दोस्रो प्रगति प्रतिवेदन समेत निकाल्ने कार्यक्रम राखेकाले त्यसपछि मात्रै यसको समग्र प्रगति यकिन हुन सक्ने अपेक्षा गरिएको छ । सहस्राव्दी विकास लक्ष्यका सन्दर्भमा लक्ष्यहरु हासिल गर्न आवश्यक लागतको प्रक्षेपण गर्ने क्रममा श्री ५ को सरकारले आर्थिक वर्ष २०६०/६१ मा खानेपानी, प्राथमिक शिक्षा ( भर्नादर), मातृ मृत्युदर, बाल मृत्युदर गरी ४ लक्ष्यहरु हासिल गर्न लाग्ने अनुमानित लागत, हाल विनियोजित रकम र नपुग हुने रकम (resource gap) को प्रक्षेपण गरेको छ । यसले ती लक्ष्यहरु हासिल गर्न नपुग हुने रकम विभिन्न स्रोतबाट थप परिचालन गर्न सरकारलाई विकल्पहरु प्रदान गर्ने अपेक्षा गरिएको छ ।

७.७ सहस्राव्दी विकासका ८ वटा लक्ष्यहरु (MDGS) हासिल गर्ने दिशामा गरिवी निवारण रणनीति (PRS) एक मध्यमकालीन सोंचको मार्गचित्र (road map) भएकोले यसलाई सहस्राव्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने नीति तथा कार्यक्रमहरुको प्रमुख साधनका रुपमा लिन सकिन्छ । गरिवी निवारण रणनीतिका अन्तरिम सूचकहरु (Intermediate indicators) लाई सहस्राव्दी विकासका लक्ष्यहरुसंग तालमेल गराई राष्ट्रिय स्तरमा समायोजन (localization) का माध्यमबाट यी दुइवीच सम्बन्ध स्थापना गरिएको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा नयाँ सुधारहरुको शुरुआत भएको, सामाजिक समावेसीकरण र सुशासनका क्षेत्रमा सुधार हुँदै गरेको र सार्वजनिक खर्चको प्राथमिकीकरणका कार्यहरु हुँदै रहेकोले यी दुइवीचको सम्बन्ध स्पष्टै देखिन्छ । सहस्राव्दी विकासका लक्ष्यहरु र गरिवी निवारण रणनीति वीचको सम्वन्ध अझ प्रगाढ बनाउन मुख्यरुपमा तीनवटा क्षेत्रहरुमा जोड दिनुपर्ने महसुस गरिएको छ : गरिवी निवारणको लागि लक्ष्य निर्धारण, गरिव उन्मुख नीति/कार्यक्रम र तिनको प्राथमिकीकरण र गरिवी निवारणका लक्ष्यहरु हासिल गर्न आवश्यक पर्ने स्रोत साधनको निर्धारण । गरिवी निवारण रणनीतिले सहस्राव्दी विकासका लक्ष्यहरुलाई निकै हदसम्म समावेश गरेकाले सहस्राव्दी विकासका

---

• सन् २००० मा सम्पन्न संयुक्त राष्ट्रसंघको सहस्राव्दी सम्मेलनका वेला थप प्रतिबद्धताका साथ सहस्राव्दीको घोषणापत्र जारी गरी वातावरण, मानव अधिकार र सुशासन सम्वन्धी प्रावधानहरुसंगै सहस्राव्दी विकासका लक्ष्यहरुका रुपमा घोषणा गरेका आठवटा लक्ष्यहरु यस प्रकार छन् : (१) गरिवी र भोकमरी हटाउने (२) प्राथमिक शिक्षालाई व्यापक बनाउने (३) लैङ्गिक समानता स्थापित गर्ने र महिला सशक्तीकरण गर्ने (४) वालमृत्युदर घटाउने (५) मातृमृत्यूदरमा सुधार ल्याउने (६) एच्.आइ.भी./एड्स, मलेरिया जस्ता रोगहरु हटाउने (७) वातावरणीय दिगोपनालाई सुरक्षित गर्ने, र (८) उपर्युक्त लक्ष्यहरु प्राप्त गर्न विकासको लागि विश्वव्यापी रुपमा सहयोग बढाउने ।

लक्ष्यहरु हासिल गर्न गरिवी निवारण रणनीति निकै सहयोगीसिद्ध हुने विश्वास गर्न सकिन्छ ।

७.८ मानवीय गरिवी विश्लेषण गर्न मानवीय सशक्तीकरण सूचकाङ्क (HEI) प्रयोग गर्ने गरिन्छ । राष्ट्रिय योजना आयोगका तर्फबाट नेपाल विकास मञ्च (NDF) को पूर्व तयारी परामर्श वैठकमा प्रस्तुत गरिएको प्रतिवेदन अनुसार नेपालमा हाल मानव विकास सूचकांङ्क (HDI) ०.४६१ अनुमान गरिएको छ । सामान्यतः ०.५० भन्दा कम भएको सूचक (HDI) लाई तल्लो स्तरको मानिने अन्तर्राष्ट्रिय प्रचलनका आधारमा हेर्दा नेपालको मानव विकास सूचकाङ्क निकै तल्लो स्तरको देखिन्छ । एकातर्फ निम्न मानवीय विकास सूचकाङ्क छ भने अर्कोतर्फ विभिन्न क्षेत्रहरु (regions) मा यो व्यापक असमान रुपमा रहेको पाइएको छ । नेपालमा शहरी क्षेत्रहरुमा यो सूचकाङ्क ०.५८१ अनुमान गरिएको छ भने दुर्गम गाउँहरुमा ०.४३९ भएको अनुमान छ । भौगोलिक क्षेत्रको आधारमा हेर्दा उच्च पहाडी जिल्लाहरुमा यो ०.३८२ रहेको अनुमान छ भने तराईमा ०.४५७ र पहाडी जिल्लाहरुमा ०.४९२ रहेको अनुमान गरिएको छ । यस प्रतिवेदनका अनुसार शहरी क्षेत्रमा मानवीय गरिवी २५.३ प्रतिशत र ग्रामिण दुर्गम क्षेत्रहरुमा ४५.३ प्रतिशत छ । यो अझै मध्य र सुदुर पश्चिमाञ्चलका पहाडी र हिमाली जिल्लाहरुमा बढी गहन छ भन्ने निष्कर्ष सो प्रतिवेदनको छ ।

७.९ नेपालमा मानवीय सशक्तीकरण सूचकाङ्क (HEI) ०.४५९ भएको कुरा सोही प्रतिवेदनले उल्लेख गरेको छ । यस सूचकाङ्कका ३ आयामहरुमा आर्थिक पक्षको सशक्तीकरण ( ०.३३७) राजनीतिक सशक्तीकरण (०.६४६) र सामाजिक सशक्तीकरण (०.३९५) भन्दा तल्लो तहको रहेको उल्लेख गरिएको छ । वास्तवमा निम्न आर्थिक पक्षको सशक्तीकरणले तल्लो तहका जनताहरुको आम्दानी, उत्पादनशील स्रोत साधनहरुमा सीमित पहुँच र उपयोगी रोजगारका अवसरको कमीको अवस्थालाई सचित्र वर्णन गर्दछ ।

७.१० जवसम्म गरिवीको अवस्था विकराल हुन्छ र विकासको गति सुस्त हुन्छ तवसम्म मानव विकास सूचकाङ्क (HDI) भन्दा मानव सशक्तीकरण सूचकांङ्क (HEI) बढी महत्वपूर्ण हुन्छ । यसले तल्लो तहमा रहेका गरीव वर्गको उत्थानका लागि सरकारले के कस्ता गहन र प्रभावी आर्थिक, सामाजिक र राजनैतिक नीतिहरुको तर्जुमा गरी विद्यमान असमानता हटाउने प्रयास गर्नु पर्ने हुन्छ भन्ने कुराहरुलाई इङ्गित गर्दछ ।

## गरिवी अनुगमन

७.११ दशौं योजनाको प्रमुख उद्देश्य नै गरिवी निवारण हो । यसैले यस योजनामा विद्यमान अनुगमन तथा मूल्यांकन व्यवस्थालाई प्रभावकारी बनाउनुको अतिरिक्त गरिवी अनुगमन व्यवस्थाको विकास गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । गरिवी निवारण प्रयासमा गरिवी अनुगमन (poverty monitoring) एक महत्वपूर्ण पक्ष हो । गरिवीको अनुगमन भनेको केवल आयमूलक गरिवीको मापन र कहाँ, कसरी, के कति खर्च भयो भनेर हेर्ने (tracking) मात्र होइन । गरिवी स्वयं नै जटिल र वहुआयमिक अवस्था भएकाले आयमूलक गरिवी त्यसको एक पक्ष मात्र हो । अन्य अभौतिक कुराहरु (non-material components) जस्तै मानवीय विकास, सामाजिक परिसूचकहरु, वातावरण, लैंगिक मुद्दाहरु, जवाफदेहीता समेत यस अन्तर्गत पर्ने हुन्छन् । यी कुराहरु

एक आपसमा अन्तर-सम्वन्धित र अन्तर-प्रभावी हुने भएकोले अनुगमन गर्ने कार्य जटिल भन्दा जटिल बन्न पुग्दछ । अझै गरिवी अनुगमन गरीव उन्मुख (pro-poor) हुनु पर्ने, नीति निर्माणमा सहयोगी हुनुपर्ने, विकास प्रयासमा उपयोगी हुनुपर्ने र गरिवी निवारण रणनीतिसंग प्रत्यक्ष समायोजित हुनु पर्ने कुरामा द्विविधा रहदैन ।

७.१२ गरिवीको अनुगमन गर्न तोकिएका सूचकहरुलाई दशौं योजनामा ४ वटा लक्ष्यहरुमा राखी विभाजन गरिएको छ । विषम गरिवीको परिस्थितिमा सुधार ल्याउने र गरिवीको रेखा मुनिका जनसंख्याको अंश घटाउने, शिक्षा र स्वास्थ्य सम्वन्धी मानव विकासका सूचकाङ्कहरुमा सुधार ल्याउने, लैंगिक समानता ल्याउने र पिछडिएका वर्ग/जाति/क्षेत्रको गरिवी र मानव विकास सूचकहरुमा सुधार ल्याउने गरी ४ वटा लक्ष्यहरु र यिनका अनुगमनयोग्य स्पष्ट सूचकहरु पहिचान गरिएका छन् । यसका साथै संयुक्त राष्ट्र संघले पहिचान गरेका सहस्राव्दी विकासका केही प्रमुख सूचकहरुलाई समेत गरिवी अनुगमन सम्वन्धी सूचकहरुमा समावेश गरिएको छ ।

७.१३ गरिवी अनुगमन गर्न सूचनाको स्रोतका रुपमा विद्यमान व्यवस्थापन सूचना प्रणालीका अतिरिक्त आवधिक जीवनस्तर मापन सर्वेक्षण, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण जस्ता प्रमुख घर परिवार सर्वेक्षणबाट तथ्यांक संकलन गर्ने व्यवस्था भएको छ । गरिवी निवारणका प्रयासहरुको समष्टिगत गरिवी अनुगमनको वा गरिवी निवारण रणनीति पत्रको कार्यान्वयन स्थितिको प्रगति अनुगमन गरी प्रतिवेदन निकाल्ने काम राष्ट्रिय योजना आयोगले गर्ने व्यवस्था छ । गरिवीको अनुगमनबाट प्राप्त तथ्यांकहरुलाई विश्लेषण गरी गरिवी निवारणको लागि लिइएको नीतिगत तथा कार्ययोजनाको उपयुक्तता र प्रभावकारिताको मूल्यांकन योजना अवधिमा दुई पटक गर्ने र पहिलो पटक योजनाको मध्यावधि मूल्यांकन हुदा प्रगति मूल्यांकनको साथसाथै गरिवी निवारणका लागि लिइएको चार प्रमुख समष्टिगत विकासका रणनीतिहरुको मूल्यांकन गर्ने व्यवस्था समेत गरिएको छ ।

७.१४ चालू दशौं योजनाले कार्यान्वयन पक्षलाई प्रभावकारी गराई लक्षित उपलब्धि हासिल गर्ने सुनिश्चितताका लागि अनुगमन तथा मूल्यांकन पक्षलाई सुदृढीकरण गर्ने नीति लिए अनुसार श्री ५ को सरकारले सहभागितामूलक हिसावले गरिवी अनुगमन तथा विश्लेषण व्यवस्था (poverty monitoring and analysis system - PMAS) को संरचना तयार गरी २०६१ वैशाखमा प्रकाशन गरेको छ । यस संरचना अन्तर्गत गरिवी निवारण रणनीतिपत्र समेतका रुपमा रहेको चालू दशौं योजनाको नियमित अनुगमन तथा मूल्यांकनका लागि विभिन्न तहमा सूचकहरु, त्यसका लागि सूचनाको स्रोत, संस्थागत व्यवस्था एवं गरिवी अनुगमन सूचना प्रणालीको विकास जस्ता विविध पक्षहरुमा स्पष्ट व्यवस्था गरिएको छ । यस व्यवस्थाको विकास पछि श्री ५ को सरकार, दातृ समूह लगायत अन्य सरोकारवालाहरुको प्रयोगका लागि एकीकृत ढाँचाको गरिवी अनुगमन तथा विश्लेषण कार्य अघि बढाउन सहयोग पुगेको छ । साथै, यस व्यवस्थालाई संस्थागत गरिएपछि गरिवी निवारण रणनीति पत्रको कार्यान्वयनमा प्रभावकारिता आई लक्ष्य प्राप्तिमा योगदान पुग्ने अपेक्षा गरिएको छ । गरिवी अनुगमनको नयाँ संरचना (PMAS) मा गरिवी अनुगमन सम्वन्धी संस्थागत संरचना र सूचनाको प्रवाह, सर्वेक्षणहरु सम्वन्धी कार्य योजना, सूचकहरु र यस क्रममा अपनाइने सहभागितामूलक

विधिहरुलाई समेत समावेश गरिएको छ । यो एकीकृत ढाँचामा गरिवी अनुगमन गर्दा निम्न ५ वटा प्रमुख कार्यहरुलाई केन्द्रविन्दु वनाउने व्यवस्था भएको छ :

(क) कार्यान्वयन तहको अनुगमन (implementation monitoring)
(ख) कार्यान्वयन पश्चात्को असर वा लाभको अनुगमन (outcome monitoring)
(ग) प्रभाव विश्लेषण (impact analysis)
(घ) गरिवी व्यवस्थापन सूचना पद्धति (PMIS)
(ङ) पक्षपोषण/प्रचार-प्रसार (advocacy/communication)




७.१५ गरिवी अनुगमन सम्वन्धी यस संरचनामा गरिवी अनुगमन सूचना पद्धति (PMIS) को व्यवस्था गरिएको छ । यसका प्रमुख विशेषताहरुमा कार्यक्रमहरुप्रति राष्ट्रिय स्वामित्व बोधको आभास दिलाउने, सहभागितात्मक/सहयोगात्मक लगाव (collaborative engagement) सिर्जना हुने र समन्वयीकरण (harmonization) हुनसक्नुलाई नै प्रमुख ठानिएको छ । कार्यान्वयन तहको अनुगमन गर्दा तीन वटा उद्देश्यहरु हासिल गर्ने प्रयास अपेक्षित हुन्छ र ती उद्देश्यहरु देशमा लागू भएका प्रमुख (core) नीति तथा कार्यक्रमहरुमा बजेट बाँडफाँड भयो भएन भनेर हेर्ने, उपर्युक्त नीति तथा कार्यक्रमहरुमा विद्यमान रहने प्रक्रिया/क्रियाकलापहरुका सूचकहरु ठीक छन् छैनन् भनेर हेर्ने र नीति, कार्यक्रम र तिनका सूचकहरुबाट प्राप्त गर्ने भनिएका प्रतिफल उद्देश्यहरु प्राप्त भए कि भएनन् भनेर हेर्ने नै हुन् । कार्यान्वयन तहको अनुगमनमा प्रमुख रुपले सार्वजनिक खर्च स्थिति पहिल्याउने (PET) र कार्य सम्पादन अनुगमन गर्ने जस्ता दुइवटा कुराहरुमा ध्यान दिइने व्यवस्था गरिएको छ ।

७.१६ छुट्टै ऐन अन्तर्गत स्वायत्त संस्थाका रुपमा गरिवी निवारण कोष स्थापना गरी लक्षित कार्यक्रमहरुलाई प्रभावी रुपमा संचालन गर्ने उद्देश्य अनुरुप यस अवधिमा गरिवी निवारण कोष कार्य संचालन तथा कार्य व्यवस्था अध्यादेश २०६० जारी गरी सो अनुरुप कोषको संचालक समिति गठन भएको र केन्द्रीय सचिवालयका रुपमा गरिवी निवारण कोषको संस्थागत व्यवस्था गरिएको छ । प्रारम्भमा कोषले आफ्नो व्यवस्थापकीय जिम्मेवारी निर्वाह तथा कार्यक्रम संचालनका लागि कार्य संचालन तथा वित्तीय निर्देशिका (operational and financial manual), वातावरण मूल्यांकन ढाँचा

(environment assessment framework) र गरिवी निवारण कोष नियमावली समेतको मस्यौदा गरी विभिन्न सरोकारवालाहरुसंगको विचार विमर्श पछि यी दस्तावेजहरुलाई अन्तिम रुप दिने प्रक्रिया अघि बढाएको छ । यसैगरी कोषको छुट्टै जनशक्ति व्यवस्था गर्ने क्रममा खुला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशक नियुक्ति गरिसकिएको र अन्य आवश्यक जनशक्ति भर्नाका लागि विज्ञापन आव्हान भई छनौट प्रक्रिया अन्तिम चरणमा पुगिसकेको छ ।

कार्यक्रम संचालन तथा स्रोत व्यवस्थाको क्रममा कोषले शुरुमा अगुवा परीक्षणका रुपमा आफ्ना कार्यक्रम संचालनका लागि दार्चुला, प्युठान, कपिलवस्तु, मुगु, रामेछाप र सिराहा गरी ६ जिल्ला छनौट गरी अन्य प्रारम्भिक कार्य थालेको छ । विभिन्न स्रोतबाट कार्यक्रम संचालनका लागि साधन जुटाउने क्रममा विश्व वैंकसंग अमेरिकी डलर १५.२ मिलियन अनुदान सहायता लिने सम्वन्धमा वार्ता समेत सम्पन्न भैसकी सम्झौता गर्ने अन्तिम तयारीमा कोष जुटेको छ । उक्त रकम प्राप्त भएपछि र उल्लिखित संस्थागत एवं प्रक्रियागत पूर्वाधार सम्वन्धी व्यवस्था मिलिसकेपछि आगामी आर्थिक वर्षको प्रारम्भदेखि नै कोषको कार्यक्रम ती छ वटै परीक्षणका लागि छनौट भएका जिल्लाहरुमा संचालन हुने अपेक्षा गरिएको छ ।

७.१७ श्री ५ को सरकारद्वारा आर्थिक तथा सामाजिक रुपले पिछडिएका वर्ग तथा क्षेत्रमा संचालित लक्षित कार्यक्रमहरुमा त्यस्ता वर्गको पहुँच तथा प्रभावकारी सहभागिताका सम्वन्धमा एक छुट्टै अनुगमन संयन्त्र विकास गरी सोको माध्यमबाट अनुगमन तथा मूल्यांकन गर्ने प्रतिबद्धता जनाए अनुरुप त्यस्तो संयन्त्रको मस्यौदा तयारी कार्य अन्तिम चरणमा पुगेको छ । उक्त संयन्त्र तयार भएपछि आगामी आर्थिक वर्षको प्रारम्भदेखि नै त्यस्ता कार्यक्रम तथा क्रियाकलापहरुको विशेष अनुगमन गर्ने कार्य अघि बढाइने लक्ष्य रहेको छ ।

७.१८ स्थानीय स्तरमा आवश्यक प्राविधिक जनशक्तिको अभावसम्वन्धी समस्यालाई स्वयंसेवी भावनाले उत्प्रेरित भई स्थानीय स्तरमा काम गर्न इच्छुक स्वयंसेवी जनशक्तिलाई परिचालन गरेर समाधान गर्ने गरी गरिवी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०५६/५७ देखि राष्ट्रिय योजना आयोग अन्तर्गत संचालित राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रममार्फत आर्थिक वर्ष २०६०/६१ मा कुल ५२२ स्वयंसेवकहरु विभिन्न ३९ जिल्लामा परिचालन गरिएको छ । स्थानीय निकायको माग अनुसार उनीहरुले नै परिचालन गर्ने गरी केन्द्रीय तथा स्थानीय स्तरमा निश्चित प्रक्रिया पुऱ्याई छनौट गरिने यस्ता स्वयंसेवकहरु इञ्जिनियर, ओभरसियर, महिला विकास संयोजक, स्वास्थ्य सहायक, नर्स, अनमि, सह-योजनाकार, जडिवुटी विज्ञ, कृषि विज्ञ आदि विभिन्न विषयसंग सम्वन्धित छन् । यी स्वंवसेवकहरुलाई गरिवी निवारण, स्वास्थ्य तथा शिक्षा सेवा, पूर्वाधार निर्माण र दलित जनजातिहरुको आय आर्जन तथा सशक्तीकरणसम्वन्धी क्रियाकलापहरुमा संलग्न गराइएको छ ।

यस कार्यक्रम अन्तर्गत संचालित दलित जाति उत्थान कार्यक्रम हाल १० जिल्लाका ४ नगरपालिका र ६६ गा.वि.स.मा संचालित छ । सामाजिक परिचालनमा आधारित यस कार्यक्रम अन्तर्गत हालसम्म २०१ दलित महिला समूह गठन भएको र कूल ५७६४ जनालाई साक्षर गराइएको छ । साथै, खानेपानी, साना सिंचाइ, बाटो निर्माण र सरसफाइ जस्ता साना पूर्वाधार निर्माणका कार्यहरु समेत संचालन तथा सम्पादन

भएका छन् । समग्रमा यस कार्यक्रमबाट स्थानीय प्राविधिक जनशक्तिको अभावलाई केही हदसम्म भएपनि कम गर्न सकिएको र साक्षरता तथा आयमूलक कार्यक्रमका माध्यमबाट गरिवी निवारणमा उल्लेख्य योगदान पुगेको पाइएको छ ।

## गरिवीबाट उन्मुक्ति (time taken to exit) :

७.१९ गरिवी निवारणको प्रसंगमा गरिवीबाट कहिले उन्मुक्ति पाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । यो उन्मुक्तिको समय र आर्थिक वृद्धिदर बीच सामान्यतः उल्टो सम्वन्ध रहेको हुन्छ । गणितीय वा साङ्खिकीय रुपमा पनि यी दुई चरहरु (variables) को विश्लेषण गरी उन्मुक्ति समय निकाल्न सकिने हुन्छ ।[π] नेपालमा हालसम्म यस्तो उन्मुक्तिको समयको विश्लेषण साङ्खिकीय रुपमा गर्ने गरिएको छैन । नेपालमा पहिलोपटक नवौं योजनाले गरिवी न्यूनीकरण सम्वन्धमा निम्न वमोजिमको लक्ष्य राखेको थियो ।

**तालिका ७(क) : गरिवी निवारणका लक्ष्य**

| क्र.सं. | योजना अवधि | गरिवीको रेखामुनि रहेका जनताको अंश न्यून पार्ने लक्ष | कैफियत |
|---|---|---|---|
| १ | नवौं योजनाको सुरुमा | ४२% | |
| २ | नवौं योजनाको अन्त्य (२०५८/५९) मा | ३२% | नवौं योजना अवधिभरमा केवल ३८% मा मात्र झार्न सकिएको अनुमान छ । |
| ३ | दशौं योजनाको अन्त्य (२०६३/६४) मा | २३% | |
| ४ | एघारौं योजनाको अन्त्य (२०६८/६९) मा | १५% | |
| ५ | वाह्रौं योजनाको अन्त्य (२०७३/७४) मा | १०% | यसपछि कहिले शून्यमा झार्ने भन्ने वारे विश्लेषण गरिएको छैन । |

*स्रोत : नवौं योजना, राष्ट्रिय योजना आयोग, सिंहदरवार ।*

नवौं योजनामा उल्लेख भए अनुसार वाह्रौं योजनाको अन्त्यसम्ममा गरिवीको रेखामुनी रहेको जनसंख्याको अंशलाई १०.० प्रतिशतमा झार्ने वारे विश्लेषण गर्दा जनसंख्या वृद्धिदरलाई १.५ प्रतिशतमा ल्याउने र ७.२ प्रतिशतका दरले वर्षेनी आर्थिक वृद्धिदर हासिल गर्ने भन्ने थियो । २० वर्षको अवधिमा त्यसवेलाको ४२.० प्रतिशत गरिवीको रेखामुनीको जनसंख्याको अंश १०.० प्रतिशतमा आई २० वर्षमा ३२.० प्रतिशत जनताहरु गरिवीको रेखामाथि पुगी उन्मुक्ति प्राप्त गर्नसक्ने प्रक्षेपण थियो तर यस लक्ष्य अनुसार जनसंख्या वृद्धिदर तल झार्न नसकिएको तथ्य एकातिर छ भने अर्को तिर

[π] मोर्दक (Morduch-1998) का अनुसार उन्मुक्तिको समय निम्न सूत्रबाट निकाल्न सकिने हुन्छ,

$$t_g^i = \frac{\ln(z) - \ln(x_j)}{g}$$

यहाँ j भन्नाले गरिवीको रेखामुनी रहेको व्यक्ति, z भनेको गरिवीको रेखा, x भनेको j भन्ने व्यक्तिको आम्दानी, g भनेको आर्थिक वृद्धिदर (वा प्रतिव्यक्ति उपभोगको वृद्धिदर, ln भनेको प्राकृतिक लघु गुणाङ्क हो । यो सूत्र प्रयोग गर्दा g लाई अटुट फलन (continuous function) को रुपमा हेर्नुपर्ने हुन्छ ।

अपेक्षित आर्थिक वृद्धिदर पनि हासिल गर्न सकिएको छैन । यसले गरिवीबाट उन्मुक्तिको समय किटान गर्न निकै समय पर्खनुपर्ने अवस्था रहेको छ ।

## रोजगारी

७.२० नेपालमा छुट्टै रोजगारी सर्वेक्षण गर्ने प्रचलन छैन । आवधिक रुपमा गरिएका अन्य सर्वेक्षणहरुबाट रोजगारीको अनुमान र प्रक्षेपण गर्ने चलन छ । दशौं योजनाको अवधिमा १० लाख ५३ हजार रोजगारी थप सिर्जना हुने अनुमान गरिएको छ । यो रोजगारी विशेषतः उत्पादन वृद्धिको प्रभाव र विभिन्न क्षेत्रहरु (Sectors) बाट रोजगारीहरुमा हुने योगदानका कारणले संभव ठानिएको हो । दशौं योजनाको अन्त्यसम्म अर्थात् आर्थिक वर्ष २०६३/६४ सम्ममा कुल रोजगारी १ करोड १० लाख १२ हजार पुग्ने अनुमान पनि दशौ योजनामा गरिएको छ । त्यसवेलासम्म आर्थिक दृष्टिले सक्रिय जनसंख्या १ करोड १५ लाख ८० हजार पुग्ने र यसमध्ये पूर्ण वेरोजगार केवल ४.१ प्रतिशतमात्र रहने अनुमान योजनामा गरिएता पनि हालसम्मको प्रगति हेर्दा भने त्यति संतोष लिने ठाउँ छैन । अर्ध-वेरोजगारीको स्थिति भने दशौं योजनाको शुरुमा ३२.३ प्रतिशत रहेकोमा योजनाको अन्त्यमा २२.३ प्रतिशतमा झर्ने अनुमान गरिएको छ ।

७.२१ रोजगारीका अवसरहरु उपलव्ध हुनुले गरिवी निवारणमा ठूला मद्धत मिल्ने यथार्थ भएतापनि विद्यमान असहज परिस्थिति र आर्थिक वृद्धिमा आएको मन्दताको कारणले अपेक्षित मात्रामा उपलब्धि हासिल हुन सकेको छैन । तसर्थ पूर्ण वेरोजगार र अर्ध-वेरोजगारलाई रोजगारी दिलाउने भन्ने प्रयासलाई गम्भीरताका साथ अगाडि बढाउनुपर्ने तथ्य स्पष्ट छ ।

७.२२ रोजगारीका अवसरहरुको सिर्जना गर्नेतर्फ श्री ५ को सरकार गम्भीर भए अनुसार देश भित्र र वाहिर रोजगारीका अवसरहरु प्राप्त गर्ने प्रयास भइरहेको छ । मुलुकभित्र रहेको अर्ध-वेरोजगार तथा वेरोजगार श्रमशक्तिलाई आवश्यक पर्ने प्रशिक्षण र सीप प्रदान गरी रोजगारी र स्वरोजगारका अवसरहरु उपलव्ध गराउन श्रम तथा रोजगार प्रवर्द्धन विभाग अन्तर्गत रहेका १४ वटा सीप विकास तालीम केन्द्रहरु र २ वटा व्यावसायिक प्रशिक्षण केन्द्रहरुबाट प्रशिक्षणहरु संचालन गरिएका छन् । यी केन्द्रहरुबाट सिलाई कटाई, प्लम्विङ, विद्युत् जडान, केश कर्तन, कम्प्युटर, टाइपिङ लगायत विभिन्न २७ वटा क्षेत्रहरुमा नियमित रुपमा प्रशिक्षण कार्यक्रम संचालन भएका छन् । आर्थिक वर्ष २०५९/६० मा श्रम बजारमा माग हुने विभिन्न सीपमूलक तथा व्यावसायिक विषयहरुमा ४४९६ जनालाई प्रशिक्षण दिइएको थियो भने आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा ३९२३ जनालाई विभिन्न २७ सीपयुक्त तालीम प्रदान गरिएको छ।

७.२३ घरेलु तथा साना उद्योग विकास कार्यक्रम अन्तर्गत विभिन्न जिल्लामा संचालित तालीम कार्यक्रमहरुमा सीप विकास, व्यावसायिक तालीम र उद्यमशीलता विकास तालीमहरु प्रमुख हुन् । यसै गरी महिला उद्यमी विकास कार्यक्रम अन्तर्गत पनि सीप विकास, व्यावसायिक तालीम र उद्यमशीलता विकास जस्ता तालीमहरु महिला केन्द्रित रुपमा संचालन भएका छन् । आर्थिक वर्ष २०५९/६० मा केन्द्रमा ९२८ र जिल्लास्तरमा ६०७५ जनालाई गरी कूल ७००३ जनालाई तालीम दिइएको थियो भने आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा केन्द्रस्तरमा ५८३ जनालाई र जिल्ला

स्तरमा २८८७ जनालाई गरी कूल ३४७० जनालाई सीप विकास तालीम, उद्यमशीलता विकास तालीम र व्यावसायिक तालीम प्रदान गरिएको छ ।

७.२४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्ले आर्थिक वर्ष २०५९/६० मा १९ वटा प्राविधिक शिक्षालयहरुबाट लामो अवधिका विभिन्न विषयमा १०२१ जना र छोटो अवधिका विभिन्न विषयमा २८५९ जना गरी जम्मा ३८८० जनालाई व्यावसायिक तथा सीपमूलक प्रशिक्षण दिएको थियो । यसैगरी अन्यत्र तालिम लिएका तर स्तर निर्धारण हुन नसकेका १०२२ जनामा सीप परीक्षण परीक्षा समेत परिषद्ले संचालन गरेको थियो । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिना परिषदले लामो अवधिको तालिम ५४१ जनालाई र छोटो अवधिको तालिम १५५८ जनालाई दिएको छ भने यसै अवधिमा ४८० जनाको सीप परीक्षण गरी स्तर तोकिदिएको छ । नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अवधिमा ११३४ जनालाई र हालसम्म कुल १५७२६ जनालाई पर्यटन तथा होटल व्यवस्थापनसम्वन्धी प्रशिक्षण प्रदान गरिसकेको छ । यस्तै महिला विकास कार्यक्रम अन्तर्गत महिलाहरुको सशक्तीकरण तथा विकासका लागि आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा सार्वजनिक प्रशासनका क्षेत्रमा महिलाको सहभागिता वृद्धि गर्न विशेष तयारी कक्षाहरु संचालन गरी २६३ जना महिलाहरुलाई तालीम प्रदान गरिएको र एकल महिलाहरुको आय आर्जन वृद्धि गर्न गैर सरकारी संस्था मार्फत सीपमूलक तालीम संचालन गरिएको छ ।

७.२५ महिला सीप विकास केन्द्रले आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अवधिमा ३०० जना महिलाहरुलाई सिलाई कटाई प्रशिक्षण दिएको छ भने दलित तथा द्वन्दपीडित महिलाहरुको निम्ति वैदेशिक रोजगारमा पहुँच बढाउन आरक्षणको लागि महिला वालवालिका तथा समाजकल्याण मन्त्रालयले श्रम तथा यातायात व्यवस्था मन्त्रालयसंग सहकार्य गरेको छ । खाडी क्षेत्रका मुलुकहरुमा महिला कामदारहरुलाई जान रोक लगाइएकोमा हाललाई संगठित क्षेत्रमा कार्य गर्न जान दिइने निर्णय भैसकेको छ । लैंगिक समानताका लागि मूल प्रवाहीकरण कार्यक्रम (MGEP) ले दलित, मुस्लिम र पिछडिएका जनजाति महिलाहरुको उत्थान र विकासका लागि १७५ जना महिला र पुरुषहरुलाई प्रशिक्षक प्रशिक्षण र सहजकर्ताको तालीम प्रदान गरेको छ भने १००९ जनालाई विभिन्न विषयमा अभिमुखीकरण प्रशिक्षण प्रदान गरेको छ । त्यस्तै गरी अपाङ्ग सेवा कार्यक्रम अन्तर्गत ६५ जनालाई सीप विकास तालीम दिइएको छ ।

७.२६ देशमा व्याप्त अशान्ति र रोजगारीका अवसरहरुको सीमित उपलव्धताले गर्दा वैदेशिक रोजगारीमा जानेहरुको संख्या बढ्दै गइरहेको छ । आर्थिक वर्ष २०५९/६० सम्म संस्थागत रुपमा ३ लाख ४७ हजार ६२ जनालाई वैदेशिक रोजगारीमा जाने स्वीकृति प्रदान गरिएको थियो । आर्थिक वर्ष २०५८/५९ को अन्तसम्ममा यो संख्या २ लाख ४२ हजार ५ जना लाई प्रदान गरिएको थियो । यसरी यस वर्ष मात्र यो क्रम करीव ४३.० प्रतिशतले बढेको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ को मात्र प्रवृत्ति हेर्दा फागुण मसान्तसम्म ६४ हजार १ सय ४२ जनालाई यो स्वीकृति प्रदान गरिएको छ । देशगत रुपमा हेर्दा आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा मलेसियामा जानेहरुको वाहुल्य भएको देखिन्छ । कतार, साउदी अरव र यु.ए.इ. त्यसपछिका प्रमुख गन्तव्य

देशहरु रहेका छन् । यस प्रकार वैदेशिक रोजगारीमा जानेहरुको संख्या आर्थिक वर्ष २०६०/६१ को फागुण मसान्तसम्ममा ४ लाख ११ हजार २ सय ४ पुगेको देखिन्छ ।

**तालिका ७(ख) : देशगत वैदेशिक रोजगारी**

| क्र.सं. | मुलुक | आर्थिक वर्ष २०५९/६० सम्मको कूल संख्या | आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको संख्या | कूल संख्या | प्रतिशत अंश |
|---|---|---|---|---|---|
| १ | साउदी अरव | 101449 | 10609 | 112058 | 27=2 |
| २ | कतार | 82072 | 13604 | 95676 | 23=3 |
| ३ | यु.ए.ई. | 38322 | 7958 | 46280 | 11=3 |
| ४ | वहराइन | 3989 | 1453 | 5442 | 1=3 |
| ५ | कुवेत | 3880 | 438 | 43118 | 1=0 |
| ६ | ओमान | 380 | 61 | 441 | 0=1 |
| ७ | हङ्गकङ्ग | 2317 | 468 | 2785 | 0=7 |
| ८ | मलेसिया | 108455 | 27882 | 136337 | 33=2 |
| ९ | कोरिया | 3831 | 989 | 4820 | 1=2 |
| १० | व्रुनाई | 422 | 118 | 540 | 0=1 |
| ११ | अन्य मुलुकहरु | 1945 | 562 | 2507 | 0=6 |
| | जम्मा | 347062 | 64142 | 411204 | 100=0 |

*स्रोत : श्रम तथा रोजगार प्रवर्द्धन विभाग, नयाँ बानेश्वर ।*

## चुनौतीहरु

## गरिवी निवारणतर्फ

७.२७ गरिवी नेपालमा एउटा दुरुह दुष्चक्र (vicious circle) का रुपमा परम्परादेखि नै विद्यमान छ । यो जटिल र लामो समयसम्म बल्भिने (chronic) प्रकृतिको भएकोले सामान्य प्रयासबाट मात्र यसबाट छुट्कारा पाउन सकिदैन । अर्थतन्त्र कृषिमा आधारित छ । सम्पूर्ण कृषि क्षेत्र मौसममा भर पर्ने भएकोले कृषिको उत्पादन र उत्पादकत्व निम्न हुनुका साथै अनिश्चित समेत छ । फलस्वरुप कृषिमा आश्रित जनताको आम्दानी बढ्न सकेको छैन । नेपालमा ७८.० प्रतिशत जनता कृषिमा आश्रित भएको वास्तविकता हेर्दा कृषिको उत्पादन र उत्पादकत्व नवढाई गरिवी न्यूनीकरण गर्ने प्रयासले गति लिन सक्ने आशा गर्न सकिन्न । तसर्थ कसरी कृषिलाई भरपर्दो रुपमा विकास गराउने भन्ने चुनौती यथावत् नै रहेको छ ।

७.२८ आर्थिक क्षेत्र (sectors) को कुरा गर्दा गैर-कृषि क्षेत्र अर्थात् उपल्लो तहको क्षेत्र (tertiary sector) भनेर चिनिने सेवा क्षेत्रहरु जस्तै व्यापार, यातायात, संचार, वित्त, घरजग्गा इत्यादि शहरकेन्द्रित हुनु र यसको प्रभाव (trickle down effect) ग्रामीण क्षेत्रमा अत्यन्तै न्यून भएकोले कसरी ग्रामीण क्षेत्रमा फैलाउने भन्ने चुनौती रहेको छ ।

७.२९ मानव विकास सूचकाङ्क र मानव सशक्तीकरण सुचकाङ्क अत्यन्तै न्यून रहेका छन् । यसमा पनि महिला, विपन्न वर्गका जात जातिहरु, सीमान्त कृषकहरु र विशेषतः सुदूर तथा मध्य पश्चिमाञ्चलका पहाडी जिल्लाहरुमा यो स्थिति दयनीय भएकोले यसलाई कसरी सुधार्ने भन्ने चुनौती यथावत् छ ।

७.३० गरिवी न्यूनीकरण कार्यक्रमहरु प्रभावकारी हुन सकिरहेका छैनन् । लक्षित कार्यक्रमहरु लक्षित वर्गहरु/क्षेत्रहरुमा पुऱ्याउन नसक्नुले तिनलाई कसरी संबोधन गर्ने भन्ने चुनौती कायमै छ ।

## रोजगारीतर्फ

७.३१ श्रम तथा रोजगार प्रवर्द्धन विभाग अन्तर्गत सीप विकास तालीम केन्द्रहरु र व्यावसायिक प्रशिक्षण केन्द्रहरुबाट दिइने गरेको तालीम कार्यक्रममा धेरै तालीमहरु परम्परागत प्रकृतिका भई बजार पाउन नसकेको, तालीम-प्राप्त प्रशिक्षार्थीहरुलाई ऋणको व्यवस्था नभएको, तालिमप्राप्त व्यक्तिहरुको स्तर निर्धारणमा कठिनाइ रहेको, तालीमप्राप्त व्यक्तिहरु हाल के कस्तो रोजगारीमा संलग्न रहेका छन् भन्ने कुराको अनुगमन गर्ने व्यवस्थाको अभाव भएको, बजारसित तालीमहरुलाई सम्बन्धन (link) गर्न पर्याप्त सूचना, साधन र विशेषज्ञताको अभाव रहेको इत्यादि चुनौतीहरु रहेका छन् ।

७.३२ घरेलु तथा साना उद्योग विकास कार्यक्रम अन्तर्गतका चुनौतीहरुमा हालको बिषम परिस्थितिका कारण कार्यक्रमहरु जिल्लाका सदरमुकाममा मात्र सीमित हुन पुग्नुले कसरी कार्यक्रमहरु तल्लो तह (grassroots level) मा लैजान सकिन्छ भन्ने छ ।

७.३३ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्मा पठन-पाठनको गुणस्तर कायम गर्ने कार्य प्रभावकारी हुन नसक्नु, विभिन्न ठाउँमा इलम प्रशिक्षण केन्द्र स्थापना गर्ने कार्यक्रम भएता पनि अपेक्षित मात्रामा त्यस्ता प्रशिक्षण केन्द्रहरुको विस्तार हुन नसक्नु इत्यादि चुनौतीहरु पनि रहेका छन् ।

७.३४ वैदेशिक रोजगारीमा जानेहरुको प्रवृति हेर्दा खाडी क्षेत्र प्रमुख गन्तव्य स्थान भएको छ । कम गुणस्तर र विना तालीमका श्रमिकहरुको वाहुल्य भएकोले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई स्थान विशेषको मागको आधारमा तालीम प्रदान गरी गुणस्तरीय श्रमशक्ति बनाई पठाउनुपर्नेमा सो अझै हुन नसकी चुनौतीको रुपमा रहेको छ ।

७.३५ उच्च शिक्षा हासिल गरेका, सीपयुक्त र पेशाविद् (professional) व्यक्तिहरुलाई विकसित देशहरुमा पठाउन सके प्रति व्यक्ति श्रमिक आर्जन उच्च हुने र देशमा भित्रिने विप्रेषण (remittance) को मात्रा पनि निकै बढ्ने वास्तविकता हुदाँहुँदै पनि यसो गर्न नसक्नु चुनौती नै भएको छ ।

७.३६ विदेशमा रोजगारीमा जाँदा शुरुमै ठूलो धनराशि खर्च गर्नुपर्ने भएकोले गरीव, दलित र जनजातिको पहुँच नभएको महसुस भएकोमा सोमा सुधार गर्नु पर्नेमा सो हुन सकेको छैन । यसरी गरीवहरुको वैदेशिक रोजगारीमा पहुँच पुऱ्याउनु अर्को चुनौती रहेको छ ।

७.३७ देशभित्रै रोजगारीका अवसरहरु बढाउन सकिएको छैन । कृषि क्षेत्रको रोजगार लचकता (employment elasticity) शून्यप्रायः छ । यसैगरी अर्थ व्यवस्थाका विभिन्न क्षेत्रहरु

(sectors) को अध्ययन तथा विश्लेषण गरी रोजगार लचकता बढी भएका क्षेत्रमा ध्यान दिनुपर्नेमा सो हुन सकेको छैन । अर्थ व्यवस्थामा आएको संरचनागत परिवर्तन संगसंगै परिवर्तन भैरहने रोजगार लचकतालाई प्रयोग गरेर रोजगारी प्रवर्द्धन गर्नु अर्को चुनौती भएको छ ।

७.३८ स-साना लघुकर्जा (micro-credit) हरुबाट प्रभावकारी रुपमा स्वरोजगार प्रवर्द्धन गर्ने तर्फ ध्यान दिनु आवश्यक हुँदा हुदै पनि लघुकर्जालाई तदनुरुप व्यापक र विस्तार गर्न नसक्नु अर्को चुनौतीको रुपमा रहेको छ ।

# ८. कृषि

## उत्पादन स्थिति

८.१ आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा देशको प्रमुख खाद्यान्न बालीको उत्पादन १.६ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ को उत्पादनमा ५.२ प्रतिशतले वृद्धि हुन गई कुल उत्पादन ७७ लाख ४४ हजार मे. टन पुग्ने अनुमान छ। आर्थिक वर्ष २०६०/६१ मा खाद्यान्न बालीले ढाकेको कुल क्षेत्रफल ०.२ प्रतिशतले वृद्धि भई ३३ लाख ४४ हजार हेक्टर पुग्ने अनुमान छ। कृषि उत्पादनको बृद्धिदर ५.२ प्रतिशत र बालीले ढाकेको क्षेत्रफलको बृद्धिदर ०.२ प्रतिशत भएको सन्दर्भमा कृषि उत्पादकत्वको बृद्धिदर ५.० प्रतिशत भएको पाइएको छ । आर्थिक वर्ष २०५९/६० मा प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल आर्थिक वर्ष २०५८/५९ को तुलनामा १.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०/६१ मा सो क्षेत्रफलमा सीमान्त मात्र वृद्धि भएता पनि उत्पादनमा भने उल्लेख्य वृद्धि हुनुका पछाडि प्रमुख खाद्यान्न वालीको उत्पादकत्वमा भएको उल्लेख्य वृद्धि नै कारण देखिएको छ ।

८.२ देशका प्रमुख नगदे बालीको उत्पादन स्थिति आर्थिक वर्ष २०६०/६१ मा मिश्रित रहेको देखिन्छ। प्रमुख नगदे बालीहरुको उत्पादनमा २.० प्रतिशतले वृद्धि भई ४१ लाख १ हजार मे.टन पुग्ने तथा नगदे बालीले ढाकेको कुल क्षेत्रफल भने ०.४ प्रतिशतले मात्र वृद्धि भई ४ लाख ४ हजार हेक्टर पुग्ने अनुमान छ। यसरी, नगदे बालीको उत्पादकत्वमा आर्थिक वर्ष २०५९/६० को तुलनामा १.६ प्रतिशतले वृद्धि भएको अनुमान छ।

८.३ कृषि उत्पादनमा महत्वपूर्ण योगदान दिने दलहन एवं तरकारी जस्ता अन्य बालीहरुको उत्पादन आर्थिक वर्ष २०५९/६० को तुलनामा बढेको पाइन्छ। दलहन बालीको उत्पादन आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा २.१ प्रतिशतले वृद्धि हुन गई कुल उत्पादन २ लाख ६२ हजार मे.टन हुने अनुमान छ। त्यस्तै, फलफूलको उत्पादनमा आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा १.७ प्रतिशतले ह्रास आई ५ लाख १० हजार मे.टन मात्र हुने तथा तरकारी उत्पादनमा ५.० प्रतिशतले वृद्धि भई १८ लाख ९० हजार मे.टन रहने अनुमान छ।

८.४ आर्थिक वर्ष २०५९/६० मा मुख्य कृषि बालीहरुको उत्पादनमा खाद्यान्न बालीहरुको अंश ६४.७ प्रतिशत र नगदे बालीहरुको अंश ३५.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा खाद्यान्न बालीहरुको अंश ६५.४ प्रतिशत तथा नगदे बालीहरुको अंश ३४.६ प्रतिशत रहने अनुमान छ। त्यस्तै कुल बाली लगाइएको क्षेत्रफल मध्ये खाद्यान्न बालीले ढाकेको क्षेत्रफलको अंश आर्थिक वर्ष २०५९/६० मा जस्तै आर्थिक वर्ष २०६०/६१ मा पनि ८९.२ प्रतिशत तथा नगदे बालीले ढाकेको क्षेत्रफलको अंश १०.८ प्रतिशत रहने अनुमान छ।

८.५ आर्थिक वर्ष २०५९/६० मा ४६ लाख १९ हजार ९ सय ६२ मे.टन खाद्यान्न आवश्यक भई ४६ लाख ५३ हजार ३ सय ८५ मे.टन खाद्यान्न आपूर्ति हुने अनुमान भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ४६ लाख ७४ हजार १२ मे.टन खाद्यान्नको आवश्यकता भई ४७ लाख १६ हजार ५ सय ५७ मे.टन खाद्यान्न आपूर्ति हुने प्रारम्भिक अनुमान हुँदा यस आर्थिक वर्षमा ४२ हजार ५ सय ४५ मे.टन खाद्यान्न बचत हुने देखिन्छ।

## मुख्य खाद्यान्न बालीको उत्पादन स्थिति

८.६ **धान** : आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा धानको उत्पादन ७.८ प्रतिशतले बढी ४४ लाख ५६ हजार मे. टन हुने अनुमान छ। धानको उत्पादकत्वमा पनि आर्थिक वर्ष २०५९/६० को तुलनामा ७.१ प्रतिशतले वृद्धि आई प्रति हेक्टर उत्पादकत्व २.८६ मे. टन रहने अनुमान छ। धानबाली लगाइएको क्षेत्रफलमा पनि आर्थिक वर्ष २०५९/६० को तुलनामा ०.९ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६०/६१ मा १५ लाख ५९ हजार हेक्टर पुग्ने अनुमान छ। यस वर्ष अधिकांश जिल्लाहरुमा समयमा वर्षा भएकोले धानको क्षेत्रफल र उत्पादन दुवैमा वृद्धि भएको अनुमान छ।

८.७ **मकै** : आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा मकै बालीको उत्पादन १.३ प्रतिशतले बढ्न गई १५ लाख ६९ हजार मे. टनबाट १५ लाख ९० हजार मे.टन पुग्ने अनुमान रहेको छ। मकै बाली लगाइएको क्षेत्रफलमा भने ०.२ प्रतिशतले कमी आई आर्थिक वर्ष २०५९/६० को ८ लाख ३६ हजार हेक्टरबाट ८ लाख ३४ हजार हेक्टर मात्र रहने अनुमान छ।

८.८. **गहुँ** : आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा गहुँको उत्पादनमा ३.२ प्रतिशतले वृद्धि भई १३ लाख ४४ हजार मे.टनबाट १३ लाख ८७ हजार मे.टन पुग्ने अनुमान रहेको छ। गहुँ वाली लगाइएको क्षेत्रफलमा आर्थिक वर्ष २०५९/६० को तुलनामा ०.६ प्रतिशतले कमी आएतापनि उत्पादकत्व भने ४.० प्रतिशतले बढ्न गई सालाखाला २.१ मे.टन प्रति हेक्टर पुग्ने अनुमान छ। क्षेत्रफलमा कमी आए पनि उत्पादन र उत्पादकत्व वृद्धि हुनुमा मौसम अनुकुल हुनु एवं उन्नत वीउ वीजन र मलखादको आपूर्ति सुलभ भई तिनको प्रयोगमा आएको वृद्धि कारण देखिएको छ।

८.९. **जौ** : जौ वालीको क्षेत्रफल घट्ने क्रम जारी छ। विशेषतः तराइ क्षेत्रको जौ बालीलाई नगदे बालीले प्रतिस्थापन गर्दै गएको र तुलनात्मक रुपमा नगदे बालीप्रति कृषकहरुको बढ्दो आकर्षणले गर्दा जौ बालीको उत्पादन, उत्पादकत्व र क्षेत्रफल वर्षेनी ह्रासोन्मुख छ। यसै कारण आर्थिक वर्ष २०५९/६० मा ३२ हजार मे.टन जौ उत्पादन भएकोमा आर्थिक वर्ष २०६०/६१ मा केवल २८ हजार मे.टन मात्र उत्पादन हुने अनुमान छ।

८.१०. **कोदो** : तरकारी तथा अन्य नगदे वालीले कोदोको क्षेत्रफल प्रतिस्थापन गरेकोले यसको क्षेत्रफल घट्ने क्रम तराइ क्षेत्रमै तीव्र पाइन्छ। आर्थिक वर्ष २०५९/६० मा कोदो बालीको उत्पादन २ लाख ८३ हजार मे.टन भएकोमा आर्थिक वर्ष २०६०/६१ मा पनि लगभग त्यति नै परिमाणमा कोदो उत्पादन हुने अनुमान छ।

चार्ट ८(क) : खाद्यान्नबालीको सूचकाङ्क

(आधार वर्ष २०५१/५२ = १००)




## नगदे बालीको उत्पादन स्थिति

८.११. **उखु** : आर्थिक वर्ष २०५९/६० मा उखुको उत्पादन ४.२ प्रतिशतले वृद्धि भई २३ लाख ४३ हजार मे.टन पुगेकोमा आर्थिक वर्ष २०६०/६१ मा १.६ प्रतिशतले कमी आई २३ लाख ५ हजार मे.टन मात्र हुने अनुमान छ। बाली लगाइएको क्षेत्रफलमा पनि १.६ प्रतिशतले कमी आई ६० हजार ४ सय हेक्टरबाट ५९ हजार ४ सय हेक्टरमा झर्ने अनुमान छ।

८.१२. **तेलहन** : आर्थिक वर्ष २०५९/६० मा तेलहनको उत्पादनमा ७.४ प्रतिशतले ह्रास आई १ लाख २५ हजार मे.टन मात्र रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा यसको उत्पादनमा ६.४ प्रतिशतले वृद्धि भई १ लाख ३३ हजार मे.टन पुग्ने अनुमान छ। बाली लगाइएको क्षेत्रफलमा भने परिवर्तन नभई गत वर्ष कै हाराहारीमा रहेको अनुमान छ।

८.१३ **सूर्ती** : आर्थिक वर्ष २०५९/६० मा सूर्तीको उत्पादन ८.१ प्रतिशतले घट्न गई ३ हजार ४ सय मे. टनमा झरेकोमा आर्थिक वर्ष २०६०/६१ मा यसमा २.९ प्रतिशतले अझै ह्रास हुन गई ३ हजार ३ सय मे.टन मात्र उत्पादन हुने अनुमान छ। बाली लगाइएको क्षेत्रफल पनि ५.५ प्रतिशतले घट्न गई ३ हजार ६ सय हेक्टरबाट ३ हजार ४ सय हेक्टर रहने अनुमान छ।

८.१४ **आलु** : आर्थिक वर्ष २०५९/६० मा आलु उत्पादन ४.० प्रतिशतले बढी १५ लाख ३१ हजार मे. टन पुगेकोमा आर्थिक वर्ष २०६०/६१ मा सो वृद्धिदर लगभग ७.३ प्रतिशत कायम भई १६ लाख ४३ हजार मे.टन पुग्ने अनुमान छ। बाली लगाइएको क्षेत्रफल र उत्पादकत्वमा क्रमशः २.१ र ५.२ प्रतिशतले वृद्धि भई क्षेत्रफल १ लाख ४३ हजार हेक्टर तथा उत्पादकत्व ११.४९ मे.टन प्रति हेक्टर रहने अनुमान छ।

८.१५ **जुट** : आर्थिक वर्ष २०५९/६० मा जुटको उत्पादन ०.५ प्रतिशतले वृद्धि भई १७ हजार १ सय मे. टन रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा १.२ प्रतिशतले उत्पादनमा कमी आई उत्पादन १६ हजार ९ सय मे.टन रहने अनुमान छ। बाली लगाइएको क्षेत्रफल भने गत साल सरह नै ११ हजार ८ सय हेक्टर रहने अनुमान छ।

८.१६ **चिया** : देशको पूर्वी क्षेत्रमा व्यावसायिक रुपमा खेती गरिंदै आएको चियाको उत्पादन आर्थिक वर्ष २०५९/६० मा १३.१ प्रतिशतले बढी ८ हजार ५ सय मे. टन पुगेकोमा आर्थिक वर्ष २०६०/६१ मा ९.८ प्रतिशतले वृद्धि भई ९ हजार मे.टन पुग्ने अनुमान छ। खेती गरिएको क्षेत्रफल आर्थिक वर्ष २०५९/६० मा १२ हजार ६ सय हेक्टर भएकोमा आर्थिक वर्ष २०६०/६१ मा सो बढेर १३ हजार हेक्टर पुग्ने अनुमान छ।

८.१७ **कफी** : देशको पश्चिमी क्षेत्रमा व्यावसायिक रुपमा खेती गरिंदै आएको कफीको उत्पादन आर्थिक वर्ष २०५९/६० मा १८७ मे.टन पुगेकोमा आर्थिक वर्ष २०६०/६१ मा यसमा २८.० प्रतिशतले वृद्धि भई २४० मे.टन पुग्ने अनुमान छ। साथै, कफी खेतीले ढाकेको क्षेत्रफल आर्थिक वर्ष २०५९/६० को ७६४ हेक्टरबाट आर्थिक वर्ष २०६०/६१ मा ८५० हेक्टर पुग्ने अनुमान छ।

८.१८ यसरी आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा प्रमुख खाद्यान्न तथा नगदे बालीहरुमध्ये केही वाली (जौ, जुट) को उत्पादकत्व घटेता पनि समग्रमा उत्पादकत्व बढेको देखिएको छ।



**चार्ट ८(ख) नगदेबालीको सूचकाङ्क**
(आधार वर्ष २०५१/५२ = १००)

**तालिका ८(क) : कृषि उत्पादनको उत्पादकत्व**
**(के.जी. ∕ हेक्टर)**

| उत्पादनहरु | आर्थिक वर्ष | |
|---|---|---|
| | २०५९∕६० | २०६०∕६१* |
| खाद्यान्न बालीहरु | २२०६ | २३१६ |
| धान | २६७५ | २८५७ |
| मकै | १८७७ | १९०६ |
| गहुँ | २००९ | २०८७ |
| कोदो | १०९२ | १०९६ |
| जौ | ११५१ | १०२५ |
| नगदे बालीहरु | ९९८१ | १०१४६ |
| तेलहन | ६६९ | ७११ |
| आलु | १०९२५ | ११४९० |
| सूर्ती | ९६२ | ९७४ |
| उखु | ३८७७६ | ३८७९४ |
| जुट | १४३८ | १४३३ |

** अनुमान ।*
*स्रोत : कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि तथा सहकारी मन्त्रालय ।*

## अन्य बालीहरुको उत्पादन स्थिति

८.१९ **दलहन** : आर्थिक वर्ष २०५९∕६० मा मुसुरो, मास, रहर, चना, भटमास, गहत, खेसरी जस्ता दलहन बालीको उत्पादनमा २.६ प्रतिशतले वृद्धि भई कुल उत्पादन २ लाख ५७ हजार मे.टन रहेकोमा आर्थिक वर्ष २०६०∕६१ यसमा २.१ प्रतिशतले वृद्धि हुन गई २ लाख ६२ हजार मे.टन पुग्ने अनुमान छ। बालीको क्षेत्रफलतर्फ १.० प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०५९∕६० को ३ लाख ११ हजार हेक्टरबाट ३ लाख १४ हजार हेक्टर हुने अनुमान छ। समग्रमा मुसुरो, मास, रहरको क्षेत्रफल तथा उत्पादनमा वृद्धि भएको छ भने चना, खेसरी र गहतको क्षेत्रफल तथा उत्पादन दुवैमा सामान्य ह्रास आएको अनुमान छ।

८.२० **फलफूल** : आर्थिक वर्ष २०५९∕६० मा फलफूलको उत्पादनमा ९.४ प्रतिशतले वृद्धि भई ५ लाख १८ हजार मे. टन उत्पादन भएकोमा आर्थिक वर्ष २०६०∕६१ मा आँप नफल्ने वर्ष (off year) हुनुको कारण यसमा १.७ प्रतिशतले कमी आई ५ लाख १० हजार मे.टन मात्र रहने अनुमान छ। फलफूलको उत्पादनमा आँपको अंश २५ प्रतिशत रहेको छ । यस बालीले ओगटेको क्षेत्रफल आर्थिक वर्ष २०५९∕६० को ५१ हजार हेक्टरबाट २.५ प्रतिशतले बढ्न गई ५२ हजार ३ सय हेक्टर रहने अनुमान छ।

८.२१ **तरकारी** : आर्थिक वर्ष २०५९/६० मा ३.६ प्रतिशतले वृद्धि भएको तरकारीको उत्पादनमा आर्थिक वर्ष २०६०/६१ मा ५.० प्रतिशतले उत्पादन बढी १८ लाख ८९ हजार मे.टन पुग्ने अनुमान छ। साथै, तरकारी बालीले ढाकेको क्षेत्रफल यस वर्ष १ लाख ७३ हजार हेक्टर रहने अनुमान छ। यसरी तरकारी बालीको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व सबैमा यस वर्ष राम्रो वृद्धि भएको अनुमान छ।

## मौसमी अवस्था

८.२२ यस वर्ष कृषि क्षेत्रमा परेको प्रभावको दृष्टिकोणले मौसमको समीक्षा गर्दा वर्षायाममा अत्यन्त अनुकूल र हिउँदमा सामान्य पाइएको छ। वर्षायामको अनुकूल मौसमले प्रायः समस्त पहाड तथा तराइको वर्षे बालीमा सकारात्मक असर परेको छ। धान रोपाइँको समय असार महिनामा गत वर्षको तुलनामा ३३ प्रतिशतले वर्षामा वृद्धि भएको कारण धानको उत्पादनमा समेत उल्लेख्य वृद्धि भएको छ। पूर्वी तराइमा यस वर्षको श्रावण महिनामा गत वर्षको तुलनामा वर्षाको मात्रा केही कम भए पनि भाद्र महिनामा २१ प्रतिशतले वृद्धि हुनुका साथै असोज महिनामा पनि उल्लेख्य वृद्धि भएकोले पूर्वी तथा मध्य तराइमा पनि प्रायः मौसमको अनुकूल प्रभाव परेको छ। बाढी, पहिरो, डुवान-कटान आदिको सामान्य समस्या देखिए पनि गत वर्षको तुलनामा यस वर्ष कृषि क्षेत्रमा दैवी प्रकोपबाट भएको क्षति कम भएको अनुमान छ।

## पशुजन्य उत्पादन स्थिति

८.२३ **मासु** : आर्थिक वर्ष २०५८/५९ मा २.३ प्रतिशतले वृद्धि भएको मासु उत्पादन आर्थिक वर्ष २०५९/६० मा २.५ प्रतिशतले बढी कुल उत्पादन २ लाख ४ हजार मे.टन पुगेकोमा आर्थिक वर्ष २०६०/६१ मा यसमा २.१ प्रतिशतले वृद्धि भई २ लाख ८ हजार मे.टन पुग्ने अनुमान छ। कुल मासु उत्पादनमध्ये सबैभन्दा धेरै राँगाबाट ६४.२ प्रतिशत, त्यसपछि खसी/बोका, बंगुर र कुखुराबाट क्रमशः १९.४, ७.५ र ७.४ प्रतिशत उत्पादन हुने अनुमान छ।

८.२४ **दुध र दुग्ध पदार्थ** : आर्थिक वर्ष २०५८/५९ मा ३.१ प्रतिशतले वृद्धि भएको दुध र दुग्ध पदार्थको उत्पादन आर्थिक वर्ष २०५९/६० मा ३.२ प्रतिशतले बढ्न गई कुल ११ लाख ९६ हजार मे.टन पुगेकोमा आर्थिक वर्ष २०६०/६१ मा यसमा २.४ प्रतिशतले मात्र वृद्धि भई १२ लाख २५ हजार मे.टन पुग्ने अनुमान छ।

८.२५ **फुल** : आर्थिक वर्ष २०५८/५९ मा ६.१ प्रतिशतले बढेको फुलको उत्पादन आर्थिक वर्ष २०५९/६० मा ३.५ प्रतिशतले बढ्न गई ५५ करोड ७३ लाख ६० हजार गोटा हुन पुग्यो। आर्थिक वर्ष २०६०/६१ मा यसमा ३.३ प्रतिशतले वृद्धि भई ५७ करोड ५६ लाख गोटा पुग्ने अनुमान छ।

८.२६ **माछा** : आर्थिक वर्ष २०५९/६० मा माछाको उत्पादन आर्थिक वर्ष २०५८/५९ को ५.२ प्रतिशतको तुलनामा ४.४ प्रतिशतले मात्र बढ्न गई ३६ हजार ५ सय मे.टन पुगेकोमा आर्थिक वर्ष २०६०/६१ मा यसमा ९.२ प्रतिशतले वृद्धि भई ४० हजार मे.टन पुग्ने अनुमान छ। कुल माछा उत्पादनमा माछापोखरीबाट ४५.२ प्रतिशत, प्राकृतिक जलाशयबाट ५०.० प्रतिशत र अन्य स्रोत (घोल समेत) बाट ४.८ प्रतिशत उत्पादन हुने अनुमान छ।

## रासायनिक मल तथा उन्नत वीउ-वीजन :

८.२७ **रासायनिक मल :** श्री ५ को सरकारले रासायनिक मल तथा वीउ-वीजनको कारोवारमा निजी क्षेत्रको समेत सहभागिता गराउने नीति लिएपछि स्थापना भएको कृषि सामग्री कम्पनी लिमिटेडले निजी क्षेत्र लगायतका संस्थासंग प्रतिस्पर्धा गरी काम गर्नु परेको स्थिति रहेकोले गुणस्तरयुक्त रासायनिक मल किसानहरुको घरदैलोसम्म पुऱ्याउन सहज भएको छ । यस वर्ष रासायनिक मलको खासै समस्या नदेखिएको र आयातित रासायनिक मलको गुणस्तरमा पनि सुधार भएको देखिएको छ । आर्थिक वर्ष २०५९/६० मा कृषि सामाग्री कम्पनी लिमिटेडबाट रासायनिक मलको आपूर्ति न्यूट्रियन्टमा ३८ हजार ९ सय ५० मे.टन भएको थियो । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा कृषि सामग्री कम्पनी लिमिटेडबाट न्युट्रियन्टमा ७ हजार २ सय २६ मे.टन रासायनिक मल वितरण भइसकेको छ । निजी क्षेत्र समेत रासायनिक मलको कारोवारमा सहभागी भएकोले निजी क्षेत्रको वितरणलाई समेत समावेश गर्दा २०६०/६१ को पौष मसान्तसम्ममा ग्रसमा करीव १ लाख २५ हजार मे.टन रासायनिक मल आपूर्ति भएको अनुमान छ । रासायनिक मलको औसत मूल्यतर्फ युरिया, डि.पि.ए. तथा पोटासको मूल्यमा सामान्य वृद्धि भएको देखिन्छ ।

८.२८ **उन्नत वीउ-वीजन :** कृषि सामग्री संस्थानले गरिआएको वीउ-वीजनको कारोवारलाई निरन्तरता दिने गरी स्थापना भएको राष्ट्रिय वीउ-वीजन कम्पनी लिमिटेडले निजी क्षेत्रसंग प्रतिस्पर्धा गरी काम गरी रहेको छ । यसले मुलुकमा किसानहरुको माग अनुसार गुणस्तरयुक्त वीउ संकलन गरी रोगनाशक विषादीले उपचार गरी स्थानीय स्तरमा नै बिक्री-वितरण गर्दै आएको छ । आर्थिक वर्ष २०५९/६० मा राष्ट्रिय वीउ-वीजन कम्पनीबाट २ हजार ५३ मे.टन गहुँ, धान र मकैको वीउ-वीजन वितरण भएकोमा आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा २ हजार ४ सय १ मे.टनको वार्षिक लक्ष्य मध्ये १ हजार ७ सय ५५ मे.टन वीउ वीजन वितरण भइसकेको छ । निजी क्षेत्रबाट पनि वीउ-वीजनको बिक्री वितरण भइरहेपनि सोको अनुमान उपलव्ध हुन सकेको छैन ।

८.२९ **सिंचाइ :** सिंचाइ सम्बन्धी विकास आयोजनाहरु सरकारी स्तर र कृषि विकास बैंकबाट संचालित हुदै आएका छन् । आर्थिक वर्ष २०५९/६० मा सरकारी स्तरबाट १० हजार ४ सय २७ हेक्टर र कृषि विकास बैंकबाट संचालित आयोजनाहरुबाट १ हजार ३ सय ९६ हेक्टर गरी जम्मा ११ हजार ८ सय २३ हेक्टर कृषियोग्य जमिनमा व्यवस्थित सिंचाइ सुविधा पुग्न गएको छ । सिंचित क्षेत्रफल सालवसाली सुस्त रुपमा मात्र वृद्धि हुँदै गएकोले पनि अधिकांश क्षेत्रफल अझै असिंचित रहेको हुँदा सिचाइ सम्बन्धी कार्यक्रमलाई थप प्राथमिकता दिई संचालन गर्नुपर्ने देखिएको छ । आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा सरकारी स्तरबाट संचालित आयोजनाहरुबाट २ हजार हेक्टर तथा कृषि विकास बैंकबाट संचालित आयोजनाहरुबाट २ सय ३८ हेक्टर गरी जम्मा २ हजार २ सय ३८ हेक्टर क्षेत्रफलमा थप सिंचाइ सुविधा उपलव्ध भएकोमा चालु आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा सरकारी स्तरबाट संचालित आयोजनाहरुबाट २ हजार ५ सय हेक्टर तथा कृषि विकास वैंकबाट संचालित आयोजनाहरुबाट १ सय ९३ हेक्टर क्षेत्रफल गरी जम्मा २ हजार ६ सय ९३ हेक्टर

क्षेत्रफलमा थप सिंचाइ सुविधा उपलब्ध भएको छ । सिंचाइ सुविधा विस्तारको लागि सिंचाइ नीति, २०६० समेत प्रकाशित भइसकेको छ ।

मन्जूषा : ८(१)

**सिंचाइ नीति, २०६०**

क) सिंचाइ सुविधाप्राप्त क्षेत्रलाई सिंचित क्षेत्र घोषणा गर्ने ।

ख) एकीकृत जलस्रोत व्यवस्थापनको सिद्धान्तबमोजिम आयोजना तर्जुमा गरिने ।

ग) वर्षैभरि सिंचाइ (year round irrigation) सुविधा पुऱ्याउन जलाशय, वर्षाको पानी संरक्षण र भूमिगत जलस्रोतको विकास, संरक्षण, सम्वर्द्धन र उपयोग गरिने ।

घ) अन्तर-जलाधार जल स्थानान्तरण (trans-basis water transfer) तथा व्यवस्थापनको सिद्धान्तबमोजिम गुरुयोजना तयार गरिने ।

ङ) सिंचाइ प्रयोजनको लागि उपयुक्त देखिएका जलाशययुक्त आयोजनाको विकास र व्यवस्थापन सिंचाइ विभाग र जल तथा शक्ति आयोगको समन्वयमा गरी यस्ता संरचनाको प्रयोगबाट संभावित विद्युत् उत्पादन गर्न प्रोत्साहित गरिने ।

च) भूमिगत जल भण्डारलाई पनि सतह जलाशयकै रुपमा विकास र उपयोग गरिने ।

छ) सिंचाइ प्रणालीहरुको निर्माण, संचालन तथा व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराइने ।

ज) सरकारद्वारा निर्मित सिंचाइ प्रणालीहरु भोगाधिकारको स्वामित्व सहित उपभोक्ताहरुलाई उपलब्ध गराउने ।

झ) साना र मझौला खालका आयोजनाहरुको तर्जुमा, निर्माण र व्यवस्थापनमा स्थानीय निकाय र उपभोक्ता संस्थाहरुको संलग्नता बढाउन उनीहरुको क्षमता वृद्धि गरिने ।

ञ) आयोजना सम्वन्धी सूचना समयमै प्रभावकारी रुपमा प्रवाह गरिने ।

ट) सिंचाइ सेवा सुविधाको परिमाणात्मक मापनको व्यवस्था गरिने ।

ठ) सिंचाइ क्षेत्रमा कार्यरत जनशक्तिको ज्ञान र सीपको विकासका साथै अनुसन्धान क्षमतामा अभिवृद्धि गरिने ।

ड) नीतिमा उल्लिखित उद्देश्य हासिल गर्न आवश्यकतानुसार कानूनी र संस्थागत सुधार गरिने ।

*स्रोत : सिंचाई विभाग*

८.३० **सिंचाइ सेवा शुल्क :** सिंचाइ सेवा उपलब्ध भई बढ्न जाने औसत कृषि उत्पादनको आधारमा प्रत्येक बालीको लागि न्यूनतम सिंचाइ सेवा शुल्क निर्धारण गरिने भएको छ । सिंचाइ सेवा उपभोग गर्नेले तोकिएबमोजिम तोकिएको समयावधिभित्र न्यूनतम सिंचाइ सेवा शुल्क नबुझाएमा सेवा उपभोगबाट वंचित गरिनेछ । संयुक्त व्यवस्थापनमा संचालन हुने प्रणालीमा सिंचाइ सेवा उपलब्ध गराएबापत प्रत्येक उपभोक्ताबाट सिंचाइ सेवा शुल्क उठाउने दायित्व उपभोक्ता संस्थाको हुने र यस्तो सेवा शुल्क उठाउन सक्ने उपभोक्ता संस्थाको अधिकारलाई कानूनी रुपबाट सुनिश्चित गरिनेछ । यसरी उठेको

रकम उपभोक्ता संस्थाको सिंचाइ प्रणाली संचालनमा सहभागिताको अनुपातमा सम्बन्धित उपभोक्ता संस्थाले राख्न पाउनेछ र बांकी रकम सिंचाइ विभाग अन्तर्गत खडा गरिने केन्द्रीय मर्मत संभार कोष तथा श्री ५ को सरकारको राजस्वमा जम्मा गरिनेछ ।

८.३१ सिंचाइ सुविधा पुऱ्याउन सकिने संभावना रहेको जमिनको क्षेत्रफल १७ लाख ६६ हजार हेक्टर रहेको छ, जुन कृषियोग्य जमिन २६ लाख ४२ हजार हेक्टरको ६७ प्रतिशत हुन आउँदछ । त्यसमा पनि हालसम्म ११ लाख २८ हजार हेक्टर जमिनमा मात्र सिंचाइ सुविधा पुऱ्याउन सकिएको देखिएको छ, जसमध्ये ४ लाख ६५ हजार ४०२ हेक्टरमा मात्र वर्षैभरि सिंचाइ सुविधा पुगेको अनुमान छ ।

८.३२ **कृषि ऋण :** कृषि व्यवसायमा संलग्न तर वित्तीय स्रोतमा पहुँच नभएका ग्रामीण क्षेत्रका जनताको जीवनस्तर उकास्न कृषि ऋणले महत्वपूर्ण स्थान ओगटेको सन्दर्भमा आर्थिक वर्ष २०५९/६० मा कृषि विकास बैंकबाट १० अर्ब ११ करोड ५२ लाख कृषि ऋण प्रवाह तथा ८ अर्ब १७ करोड ३३ लाख कृषि ऋण असूली भई आर्थिक वर्षको अन्त्यमा १८ अर्ब ६१ करोड ५७ लाख ऋण बक्यौता रहन गएको छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा २.१ प्रतिशतले लगानीमा कमी आई ५ अर्ब ९० करोड ५७ लाख मात्र ऋण प्रवाह भएको छ। प्रस्तुत लगानीमध्ये सबैभन्दा बढी लगानी कृषि उद्योग, बेचविखन तथा गोदाम निर्माण क्षेत्रमा ५२.२ प्रतिशतले भएको छ भने सबभन्दा कम फलफूल खेतीतर्फ ०.२ प्रतिशतले मात्र भएको छ ।

८.३३ **साना किसान विकास आयोजना** : कृषि विकास बैंकद्वारा अधिराज्यका ५६ जिल्लामा संचालित साना किसान विकास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०५९/६० मा १८१ वटा आयोजनाहरुबाट २३६ गाउँ विकास समिति क्षेत्रका साना किसानहरुलाई सेवा उपलब्ध गराइसकिएको छ। उक्त अवधिमा बैंकबाट हस्तान्तरित १२८ साना किसान सहकारी संस्था लिमिटेडले ३५ जिल्लाका १२८ गाउँ विकास समितिमा सेवा पुऱ्याएका छन्। उपर्युक्त कार्यक्रमहरुबाट गठन गरिएका २४ हजार ३ सय २९ समूहमा १ लाख ५७ हजार ८३० साना किसानहरु आबद्ध भएका छन्। उक्त आर्थिक वर्षमा साना किसान विकास आयोजना तथा साना किसान सहकारी संस्थाहरुबाट क्रमश: रु. ३५ करोड ६९ लाख तथा रु. ४८ करोड ९४ लाख लगानी एवं रु. ३२ करोड ८५ लाख तथा रु. ३९ करोड ४५ लाख असूली भएको छ। आर्थिक वर्ष २०५९/६० को अन्त्यसम्ममा यस्ता संस्थाहरुको लगानीमा रहिरहेको रकम रु. १ अर्ब १० करोड ५ लाख रहेकोमा आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा साना किसान विकास आयोजनाहरुबाट रु. १५ करोड ९८ लाख लगानी भई रु. १५ करोड २७ लाख असूली भएको र यसै आर्थिक वर्षको प्रथम सात महिनामा साना किसान सहकारी संस्थाहरुबाट रु. २६ करोड ७३ लाख लगानी भई रु. २१ करोड १४ लाख असूली भएको छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा साना किसान विकास कार्यक्रम अन्तर्गत लगानीमा रहिरहेको रकम रु. ६७ करोड ४० लाख तथा साना किसान सहकारी संस्थाहरु अन्तर्गत यसै आर्थिक वर्षको सात महिनामा लगानीमा रहिरहेको रकम रु. १ अर्ब १५ करोड ९५ लाख पुगेको छ। यस्ता संस्थाका सदस्य

किसानहरुले आर्थिक वर्ष २०५९/६० सम्ममा समूह बचतस्वरुप रु. ३४ करोड ६६ लाख संकलन गरेका छन् ।

८.३४ **नेपाल कृषि अनुसन्धान परिषद** : विभिन्न कृषि बाली तथा वस्तुहरुको उत्पादकत्व वृद्धि गरी गरीबी निवारणमा टेवा पुऱ्याउने उद्देश्यअनुरुप कृषि अनुसन्धान परिषदले अनुसन्धान कार्यहरु संचालन गर्दै आइरहेको छ । नियमित विषय वा क्षेत्रमा अध्ययन अनुसन्धान कार्यका साथै सुगन्धित धान, हिउँदे धान (boro rice) जस्ता अध्ययनका नयाँ क्षेत्रमा पनि अनुसन्धानको कार्य थालनी गरिएको छ । त्यस्तै नस्ल सुधार र विकास (hybridisation) जस्ता कार्यहरु पनि संचालन भइराखेका छन् । कृषिमा व्यवसायीकरणको आवश्यकतालाई महसुस गरी व्यावसायिक कृषि अनुसन्धान (commercial agricultural research) को संस्थागत विकास गर्न केही औद्योगिक तथा व्यावसायिक बालीहरु (बेमौसमी तरकारी खेती) मा अनुसन्धान कार्यहरु संचालन भइरहेका छन् । दुग्धजन्य पदार्थहरुको आपूर्ति बढाउनुका साथै दुध खरीद बन्द (milk holiday) बाट कृषहरुलाइ मुक्ति दिलाउन गाई भैंसी अनुसन्धान कार्यक्रम अन्तर्गत एउटा 'डेरी रिसर्च युनिट' स्थापना गरी दुग्ध पदार्थ बनाउने प्रविधिको विकास तथा प्रसार गर्ने कार्य भइरहेको छ । आनुवंशिक स्रोत संरक्षण (genetic resource conservation) गर्न नेपाल कृषि अनुसन्धान परिषद् (NARC) ले करीब १०,५०० विभिन्न जाति प्रजातिको वालीनालीहरुको आनुवंशिक स्रोत संरक्षण गर्दै आएको छ । परिषद्ले संचालन गर्दै आएका सम्पूर्ण अनुसन्धान कार्यहरुलाई बढीभन्दा बढी सहभागितात्मक बनाउन सवै सरोकारवाला निकाय तथा कृषकहरुलाई समेत अनुसन्धान, योजना तथा कार्यान्वयनमा सकिय रुपमा संलग्न गराउने नीतिहरु अपनाएको छ ।

८.३५ **कृषि उत्पादन आयात तथा निर्यात स्थिति** : अन्तर्राष्ट्रिय स्तरको वर्गीकरण (SITC) समूह अनुसार आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा रु. ४ अर्ब १३ करोड १० लाख वरावरको खाद्य वस्तु तथा जीवजन्तु एवं सूर्ती तथा पेय पदार्थहरु निर्यात भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा रु. ४ अर्ब ९ करोड १३ लाख मूल्यका उपर्युक्त वस्तुहरु निर्यात भएको अनुमान छ। त्यस्तै आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महिनामा रु. ६ अर्ब ४९ करोड ९३ लाख वरावरका उपर्युक्त वस्तुहरु आयात भएकोमा आर्थिक वर्ष २०६०/६१ को सोही अवधिमा रु. ६ अर्ब ७५ करोड ७९ लाख वरावरका वस्तुहरु आयात भएको अनुमान छ ।

८.३६ **सहकारी संस्थाहरु** : सहकारी संस्थालाई गरिवी निवारण गर्ने राष्ट्रिय लक्ष्य परिपूर्तिका निमित्त क्रियाशील गराउँदै स्थानीय स्तरमा उपलब्ध स्रोत, साधनको परिचालन गर्ने सक्षम संस्थाको रुपमा विकसित गर्ने दिशामा यस्ता संस्थाहरुको गुणात्मकता अभिवृद्धि गर्दै ग्रामिण दुर्गम क्षेत्रका जनताको वित्तीय आवश्यकता परिपूर्ति गर्ने सशक्त माध्यमको रुपमा परिचालन गर्ने क्रममा यस्ता संस्थालाई स्थानीय स्तरमा नै विकास गर्न संस्थाको कार्यक्षेत्रलाई सीमित पार्ने नीति लिइएको छ । सहकारी संस्था मार्फत संगठित रुपमा कारोवार गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने क्रममा संस्थाहरुको दर्ता प्रक्रियालाई सरलीकरण गरी कार्यालयहरुको कार्य संचालन पद्धतिमा पारदर्शिता, जवाफदेहीता प्रवर्द्धन गर्न कार्य संचालन निर्देशिका तर्जुमा गरिएको छ । साथै सहकारी ऐन, २०४८ लाई समसामयिक रुपमा संशोधन गर्ने सन्दर्भमा सहकारी अभियानको

सही अवधारणा र मर्मलाई आत्मसात् गरी ऐनको संशोधनको मस्यौदा तयार पार्ने कार्य भै सो उपर सरोकारवालाहरुको राय सुझाव प्राप्त गरी परिमार्जन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

## चुनौतीहरु

८.३७ कृषि क्षेत्रको कुन उत्पादन उप-क्षेत्र प्रतिस्पर्धात्मक र विशेष प्रकृतिको हुन सक्छ भनी निर्क्यौल गर्न नसकिएका कारण कृषिमा उद्यमशीलताको विकास हुन नसकेको अहिलेको अवस्थामा विश्व व्यापार संगठन (WTO) मा प्रवेश गरेको नेपाल अझ बढी सशक्त, जिम्मेवार र संवेदनशील भएर नीतिगत प्राथमिकता निर्धारण गरी सोको कार्यान्वयनमा जुट्नु आजको प्रमुख चुनौती हो ।

८.३८ नेपाल विश्व व्यापार संगठनको सदस्य भइसकेको वर्तमान अवस्थामा नेपालका परम्परागत र अझै पनि अर्थतन्त्रमा महत्वपूर्ण भूमिका रहेको कृषि क्षेत्र र परम्परागत गैर-कृषि क्षेत्र समेतका उत्पादनमध्ये हालसम्म नेपालले कुनै पनि वस्तुको प्रतिलिपि अधिकार (patent right) प्राप्त नगरेको सन्दर्भमा अन्तर्राष्ट्रिय व्यापारमा कृषि उपजमा समेत प्रतिलिपि अधिकार प्राप्त मुलुकलाई रोयल्टी तिर्नुपर्ने जस्तो प्रावधानले गर्दा एकातर्फ प्रतिलिपि अधिकार छिटो भन्दा छिटो लिन सक्नु पर्ने चुनौती छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक बजारमा खरो रुपमा उत्रन अन्य कुराका अलावा, नेपालको कृषि उत्पादनलाई कम लागतमा उच्च गुणस्तरयुक्त बनाउनुपर्ने कडा चुनौती रहेको छ ।

८.३९ विश्व बजारमा आफ्ना उत्पादनहरुलाई प्रतिस्पर्धामा उतार्न गुणात्मक अनुसन्धान कार्य (quality research) को टड्कारो आवश्यकता परिरहेको वर्तमान अवस्थामा सोको संचालन गर्न यथेष्ट स्रोत-संसाधन जुटाउन नसक्नु अर्को प्रमुख समस्या बनेको छ ।

८.४० नेपाल-भारत वीचको खुल्ला सीमा मार्फत छिमेकी राष्ट्रबाट सस्तो मूल्यको गुणस्तरहीन वीउ-वीजन एवं रासायनिक मल अनधिकृत रुपमा भित्रिएको कारणबाट उत्पादकत्वमा असर पर्न गएको छ । कृषि सडक /ग्रामीण सडक, सुरक्षित एवं पर्याप्त भण्डारणगृह तथा शित भण्डारको अभावमा कृषकलाइ सोझै बजारसम्म पहुँच दिन नसकिएका कारण उनीहरुको आम्दानी बढाउन सकिएको छैन । मध्यस्थकर्ता व्यापारीले बढी नाफा लिइ रहेका छन् भने कृषक र उपभोक्ता दुवै मर्कामा परेका छन् । तसर्थ, कृषकलाई सोझै बजारसम्म पहुँचका लागि विद्यमान कार्यक्रमहरुको अझ प्रभावकारी कार्यान्वयनका साथै नयाँ उपयुक्त कार्यक्रमको समेत आवश्यकता खड्किएको छ ।

८.४१ अझै पनि कृषि क्षेत्रको मौसममाथिको निर्भरता कायमै रहेको छ । सिंचाइ सुविधामा खासै सुधार ल्याउन नसक्नु, भएका आयोजनाहरुबाट प्रदान हुने सिंचाइ सुविधालाई स्वतःप्राप्त सामाजिक सहुलियतका रुपमा लिई सिंचाई प्रणालीको मर्मत-सम्भारमा वाञ्छित रुपमा उपभोक्ताको सहभागिता नहुनु जस्ता कारणहरुले सिंचाइ सुविधामा अपेक्षित सुधार नआएका कारण कृषि बालीको उत्पादन तथा उत्पादकत्व बढ्न सकेको छैन ।

८.४२ उन्नत नश्लका पशुहरुको आपूर्ति पर्याप्त मात्रामा हुन नसक्नुका साथै पशु स्वास्थ्य उपाचार केन्द्र र प्राविधिक सहयोगको उचित व्यवस्था एवं सहुलियतपूर्ण पशु वीमा व्यवस्थाको अभावले गर्दा आधुनिक पशुपालन व्यवसाय अपेक्षित रुपमा विकास हुन सकेको छैन ।

# ९. उद्योग, पर्यटन तथा सरकारी संस्थान

## समूहगत औद्योगिक उत्पादन स्थिति

९.१ आर्थिक वर्ष २०५९/६० को प्रमुख औद्योगिक उत्पादनको स्थितिलाई विश्लेषण गर्दा अधिकांश खाद्य पदार्थको उत्पादनमा वृद्धि भएको देखिन्छ । त्यस्तै पेय पदार्थ, जुत्ता, कागज तथा स्टेशनरी वोर्ड, धातु वाहेकका खनिज वस्तु, फलाम तथा स्टिलका सामान, मेसिन वाहेक अन्य ज्यावल उपकरण, विद्युत् उपकरण तथा सामान र औद्योगिक उपकरण आदिको उत्पादन आर्थिक वर्ष २०५८/५९ को तुलनामा बढेको छ । उल्लेख्य रुपमा उत्पादन बढेका केही वस्तुहरु र तिनका परिमाण तर्फ दृष्टि दिंदा चाउचाउ १ हजार ७ सय ५० मे.टन, विस्कुट ३ सय ९६ मे.टन, सर्वत (squash) १ लाख ८० हजार लि., चिनी ११ हजार ८ सय ५२ मे.टन., चिया ८ सय ६१ मे.टन, पशुदाना १ हजार ७ सय ९४ मे.टन, हल्का पेय पदार्थ ४५ लाख ३ हजार लि., वियर १३ लाख ६२ हजार लिटर, मदिरा ९२ हजार लिटर, सिन्थेटिक कपडा २४ लाख ९४ हजार मिटर, जुटका सामान ३ हजार ४ सय ६२ मे.टन, जुत्ता ४२ हजार जोडा, कागज १ हजार ५६ मे.टन, धुलो सावुन २ सय ३३ मे.टन, सिमेन्ट २२ हजार १ सय ७१ मे.टन, ईटा टायल ३४ लाख ५४ हजार गोटा, फलामे छड एङ्गल्स आदि १४ हजार ६ सय २१ मे.टन, स्टिलका भाँडा वर्तन ८ मे.टन, जि.आई.एच.वि.तार २ हजार २ सय ३४ मे.टन, ए.सी.आर.एस. कन्डक्टर र पि.भि.सी. तार २ हजार १ सय ३१ कि.मि. र व्याट्रि ५४ लाख ५ हजार गोटाले वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा वनस्पति घ्यू, चुरोट, विडी, सूती कपडा, प्रशोधित छाला, प्लाइउड, स्ट्रावोर्ड, सावुन, सलाइ, चप्पल र प्लाष्टिक सामानको उत्पादन न्यून अनुपातले घटेको देखिन्छ ।

९.२. आर्थिक वर्ष २०६०/६१ मा भने खाद्य तथा पेय समूह, सूर्तिजन्य पेय, लत्ताकपडा समूहमध्ये केहीको उत्पादन वृद्धि भएको अनुमान छ भने जुत्ता, काठ तथा काष्ठ वस्तु, कागज तथा स्टेशनरी वोर्ड, अन्य रासायनिक सामान, प्लाष्टिक सामान, धातु वाहेकका खनिज वस्तु, फलाम तथा स्टिलका सामान, मेसिन वाहेक अन्य ज्यावल उपकरण, विद्युत् उपकरण तथा सामान र औद्योगिक उपकरण समूहका वस्तुको उत्पादनमा आर्थिक वर्ष २०५९/६० को तुलनामा वृद्धि हुने अपेक्षा गरिएको छ । यसरी उत्पादन वृद्धि हुने वस्तुहरु र तिनको परिमाणमा चाउचाउ ३ सय ६० मे.टन, सर्वत (स्क्वायस) ८० हजार लि., चिनी २ हजार १ सय मे.टन, वनस्पति घ्यू १ हजार ९ सय ३२ मे.टन, हल्का पेय पदार्थ ३ लाख ५३ हजार लि., वियर ९ लाख ४२ हजार लिटर, चुरोट १३ करोड खिल्ली, सिन्थेटिक कपडा १९ लाख ४६ हजार मिटर, जुत्ता २६ हजार जोडा, प्लाइउड २२ हजार वर्गफुट, स्ट्राबोर्ड १ सय ४२ मे.टन, कागज ८ सय ६२ मे.टन, सावुन ३ हजार ३ सय ३८ मे.टन, धुलो सावुन ३ सय ४९ मे.टन, सलाई ६० हजार ग्रुस, प्लाष्टिक सामान ९५ मे.टन, सिमेन्ट १४ हजार ९ सय ७४ मे.टन, ईटा टायल १ लाख ६८ हजार गोटा, फलामे छड एङ्गल्स आदि ९ हजार ८ सय १२ मे.टन, स्टीलका भाँडावर्तन ९ मे.टन, जि.आई.एच.वि.तार २ हजार ९ सय १८ मे.टन, ए.सि.आर.एस.कण्डक्टर र पि.भि.सि. तार १ हजार ७ सय ५४ कि.मि. र व्याट्री ८ लाख ११ हजार रहेका छन् । समूहगत औद्योगिक उत्पादनमा समावेश गरिएका १६

वर्गका ३३ औद्योगिक वस्तुहरुमध्ये ९ वटा वस्तुको उत्पादन आर्थिक वर्ष २०५९/६० को तुलनामा घट्ने अनुमान गरिएको छ जसमध्ये विस्कुट २ सय २४ मे.टन, चिया १ सय १९ मे.टन, पशुदाना १ हजार १ सय १२ मे.टन, मदिरा १ लाख ७६ हजार लिटर, बिडी ८० लाख खिल्ली, सुति कपडा ४६ हजार मीटर, जुटका सामान १ हजार ३ सय ४१ मे.टन, प्रशोधित छाला १ लाख ८९ हजार वर्गफुट, चप्पल ३८ हजार जोडाले कम हुने अनुमान छ ।

## समूहगत औद्योगिक सूचकाङ्क स्थिति

९.३. आर्थिक वर्ष २०५८/५९ मा २.० प्रतिशतले वृद्धि भएको समूहगत औद्योगिक सूचकाङ्क (आधार वर्ष २०४३/४४=१००) आर्थिक वर्ष २०५९/६० मा आएर विद्यमान कठिन परिस्थितिका कारण ७.० प्रतिशतले ह्रास हुन गएको छ । यस वर्ष (२०५९/६०) पेय समूहको सूचकाङ्क ६.२ प्रतिशतले, लत्ता कपडाको १०.४ प्रतिशतले, जुत्ताको ५.६ प्रतिशतले, कागज तथा स्टेशनरी सामानको २.६ प्रतिशतले, धातु वाहेकका खनिज वस्तु समूहको १०.९ प्रतिशतले, फलाम तथा स्टिलका सामानको १०.४ प्रतिशतले, मेसिन वाहेक अन्य ज्यावल उपकरणको १३.८ प्रतिशतले, विद्युतीय तथा औद्योगिक उपकरण आदि समूहको १०.६ प्रतिशतले वृद्धि भएको देखिन्छ । यस बाहेक आर्थिक वर्ष २०५९/६० मा खाद्य समूहको सूचकाङ्क १६.० प्रतिशतले, सूर्तिजन्य पेय समूहको १.३ प्रतिशतले, छाला र छालाका सामानको २.० प्रतिशतले, काठ तथा काष्ठ वस्तुको १६.८ प्रतिशतले, अन्य रासायनिक सामान समूहको २.८ प्रतिशतले, रवरका सामानको १३.३ प्रतिशतले र प्लाष्टिक सामान समूहको १.७ प्रतिशतले आर्थिक वर्ष २०५८/५९ को तुलनामा न्यून हुन पुगेको छ । आन्तरिक अशान्ति, उपभोग संरचनामा परिवर्तन, उपभोग क्षमतामा ह्रास, निर्यात ढाँचामा परिवर्तन आदि औद्योगिक उत्पादन सूचकाङ्क घट्नुका कारण हुन् ।

९.४. आर्थिक वर्ष २०६०/६१ मा भने आर्थिक वर्ष २०५९/६० को तुलनामा समग्र औद्योगिक सूचकाङ्कमा २.८ प्रतिशतले वृद्धि हुने अनुमान छ । यस वर्ष खाद्य समूहको सूचकाङ्क २.२ प्रतिशतले, सूर्तिजन्य पेय समूहको १.८ प्रतिशतले, लत्ताकपडाको ३.४ प्रतिशतले, जुत्ताको ३.३ प्रतिशतले, काठ तथा काठका वस्तुको ९.२ प्रतिशतले, कागज तथा स्टेशनरी सामानको २.० प्रतिशतले, अन्य रासायनिक सामानको ५.२ प्रतिशतले, प्लाष्टिक सामानको ६.० प्रतिशतले, धातु बाहेकका खनिजजन्य वस्तुको ४.० प्रतिशतले, फलाम तथा स्टिलका सामानको ६.३ प्रतिशतले, मेशिन बाहेक अन्य ज्यावल उपकरणको १३.६ प्रतिशतले र विद्युत् उपकरण तथा सामान र औद्योगिक उपकरण समूहको सूचकाङ्क ६.५ प्रतिशतले वृद्धि भएको अनुमान छ । यस वर्ष सूचकाङ्क घट्ने अनुमान गरिएका वस्तुहरुमा पेय समूह, छाला तथा छालाका सामान र रवर समूह रहेका छन् । यसरी समूहमा गणना गरिएका ३३ औद्योगिक वस्तुमध्ये केवल विस्कुट, चिया, पशुदाना, मदिरा, विडी, सुतिकपडा, जुटका सामान, प्रशोधित छाला र चप्पल समेत गरी ९ वटा वस्तुको सूचकांङ्क आर्थिक वर्ष २०५९/६० को तुलनामा घट्ने अनुमान छ ।

**चार्ट ९(क) : औद्योगिक उत्पादनको सूचकाङ्क**

**(आधार वर्ष : २०४३/४४ = १००)**




## उद्योगमा विदेशी लगानी

९.५ देशको औद्योगिक प्रक्रियामा पूँजी तथा मानवीय एवं प्राकृतिक स्रोत संसाधनको अधिकतम परिचालन गरी अर्थ व्यवस्थालाई सबल, गतिशील एवं प्रतिस्पर्धात्मक वनाउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरण आवश्यक छ। विदेशी लगानीबाट पूँजी, आधुनिक प्रविधि, व्यवस्थापन र प्राविधिक सीप, अन्तर्राष्ट्रिय बजारमा पहुँच, प्रतिस्पर्धात्मक व्यावसायिक संस्कारको विकास जस्ता साधन, स्रोत र व्यावसायिक गुणहरु राष्ट्रमा भित्रिन गई औद्योगिक विकास मार्फत् देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने हुन्छ। आर्थिक वर्ष २०५८/५९ मा जम्मा आयोजना लागत रु. ३ अर्ब ३० करोड ९६ लाख भएका ७६ उद्योगहरु वैदेशिक लगानीमा स्थापना गर्न स्वीकृति दिइएको थियो भने आर्थिक वर्ष २०५९/६० मा आयोजना लागत रु. ४ अर्ब ८७ करोड ७५ लाख भएका ७१ उद्योगहरु वैदेशिक लगानीमा स्थापना गर्न स्वीकृति दिइएको पाइन्छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा रु. ३ अर्व १३ करोड ७९ लाख स्थिर पूँजी भएका र रु. ३ अर्ब ५९ करोड जम्मा आयोजना लागत भएका ४६ वटा उद्योगहरुलाई निजी विदेशी लगानीमा स्थापना गर्न अनुमति प्रदान गरिएको छ। यसरी समयसापेक्ष, व्यावहारिक, उदार एवं खुल्ला नीतिको अवलम्वनद्वारा विदेशी लगानीलाई आकर्षित गर्ने प्रयासस्वरुप आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा वैदेशिक लगानीमा जम्मा ८ सय ८५ वटा उद्योग स्थापना गर्न स्वीकृति दिइएकोमध्ये २१ वटा उद्योग बन्द भएका छन् भने ७२ वटा उद्योगको दर्ता नै खारेज

गरिएको छ । यस प्रकार दर्ता खारेजी र बन्द भएका बाहेक बाँकी ७ सय ९२ उद्योगहरुको कुल स्थिर पूँजी रु. ६४ अर्ब १८ करोड ९ लाख रहेको छ भने कुल परियोजना लागत रु. ७७ अर्ब २९ करोड ८७ लाख रहेको छ। यी उद्योगहरुमा जम्मा रु. २२ अर्ब ४३ करोड २ लाख वैदेशिक लगानी भएको देखिन्छ । यी उद्योगहरु संचालनमा आएपछि ८३ हजार ४२ नेपाली नागरिकले थप रोजगारीको अवसर प्राप्त गर्नेछन् ।

**तालिका ९(क) : आर्थिक वर्ष २०५९/६० मा बैदेशिक लगानीको लागि स्वीकृति दिइएका उद्योगहरु**

(रु. दश लाखमा)

| उद्योगका प्रकार | संख्या | कुल परियोजना लागत | कुल स्थिर पूँजी | विदेशी लगानी | लक्ष्यित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| औद्योगिक उत्पादन | २७ | ६६०.६७ | ४४२.०४ | ३३५.६६ | १२७९ |
| सेवा उद्योग | ११ | ९५६.१९ | ८३९.८६ | ५४७.६१ | ९४४ |
| होटल/रिसोर्ट | २२ | १४७.७४ | १२३.५४ | ८९.९२ | ५१२ |
| निर्माण | ८ | ५३८.५२ | ४०४.०४ | ३४५.४४ | ४६४ |
| उर्जा | ३ | २५७४.४५ | १७६७.८५ | ४४८.६८ | ३४४ |
| जम्मा | ७१ | ४८७७.५७ | ३५७७.३३ | १७६७.३१ | ३५४३ |

*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

**तालिका ९(ख) : आर्थिक वर्ष २०६०/६१* मा बैदेशिक लगानीको लागि स्वीकृति दिएका उद्योगहरु**

(रु. दश लाखमा)

| उद्योगका प्रकार | संख्या | कुल परियोजना लागत | कुल स्थिर पूँजी | विदेशी लगानी | लक्ष्यित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| औद्योगिक उत्पादन | १३ | १०८२.७७ | ७७७.४७ | ८८२.५६ | ३२ |
| सेवा उद्योग | १८ | १६४८.१५ | १५७०.३८ | १४९१.५२ | १५३८ |
| होटल/रिसोर्ट | १३ | ७०.९५ | ५६.१४ | ९१.४२ | १३८ |
| निर्माण | १ | ५३.८८ | १४.६९ | ५३.८८ | ० |
| उर्जा | १ | ७३४.४० | ७१९.२८ | ४१.४३ | ४ |
| जम्मा | ४६ | ३५९०.१५ | ३१३७.९६ | २५६०.८१ | १७१२ |

** प्रथम आठ महिना*
*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

**तालिका ९(ग) : देशगत रुपमा वैदेशिक लगानी**

| सि.नं. | देशहरु | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०५९/६० | २०६०/६१* |
| १ | भारत | २३ | ६ |

| | | | |
|---|---|---|---|
| २ | चीन | १२ | १२ |
| ३ | जापान | ७ | ५ |
| ४ | अमेरिका | ५ | ३ |
| ५ | दक्षिण कोरिया | ६ | ४ |
| ६ | जर्मनी | ४ | - |
| ७ | फ्रान्स | २ | - |
| ८ | पाकिस्तान | २ | - |
| ९ | बेलायत | - | ४ |
| १० | बांगलादेश | – | २ |
| ११ | अन्य | १० | १० |
| | जम्मा | ७१ | ४६ |

** प्रथम आठ महिना*
*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

९.६ आर्थिक वर्ष २०५९/६० मा स्वीकृति दिइएका ७१ उद्योगहरुमध्ये २७ वटा उद्योग औद्योगिक उत्पादन, २२ वटा होटल र रिसोर्ट, ११ वटा सेवा र ३ वटा ऊर्जा क्षेत्रसंग सम्वन्धित रहेका छन् भने ८ वटा निर्माण तथा कृषि क्षेत्रसंग सम्वन्धित छन्। मुलुकगत लगानीबाट हेर्दा २३ वटा उद्योगमा भारत, १२ वटामा चीन, ७ वटामा जापान, ५ वटामा संयुक्त राज्य अमेरिका, ६ वटामा दक्षिण कोरिया, ४ वटामा जर्मनी, २/२ वटामा फ्रान्स र पाकिस्तान, १/१ वटामा अष्ट्रेलिया, इरान, इटली, इजरायल, मलेशिया, सिंगापुर, रसिया, स्वीट्जरल्याण्ड, नर्वे र फिलिपिन्स सहभागी रहेका छन्।

९.७ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा स्वीकृति प्रदान गरिएका ४६ उद्योगहरुमा १३ वटा औद्योगिक उत्पादन, १३ वटा होटल र रिसोर्ट, १८ वटा सेवा र १ वटा निर्माण उद्योगहरुसंग सम्बन्धित छन् भने १ वटा ऊर्जा क्षेत्रसंग सम्बन्धित छन्। मुलुकगत लगानीबाट हेर्दा १२ वटा उद्योगमा चीन, ६ वटामा भारत, ५ वटामा जापान, ४/४ वटामा दक्षिण कोरिया र वेलायत, ३ वटामा अमेरिका, २ वटामा बंगलादेश तथा १/१ वटामा क्यानाडा, फ्रान्स, जर्मनी, घाना, हङकङ, पाकिस्तान, दक्षिण अफ्रिका, सिंगापुर, ताइवान र थाइल्याण्ड संलग्न रहेको देखिन्छ।

## केही उद्योगहरुको उत्पादन क्षमताको उपयोग

९.८ केही छानिएका उद्योगहरुको उत्पादन क्षमताको उपयोगको विश्लेषण गर्दा जुटका सामान उत्पादन गर्ने उद्योगको क्षमता उपयोगमा आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा कमी आएको देखिएको छ भने अन्य उद्योगहरु चिनी, चुरोट, वियर, सलाई, जुत्ता र सिमेन्टको क्षमताको उपयोगमा वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०५९/६० मा कुल उत्पादन क्षमतामध्ये चुरोट र जुट उद्योगले क्रमशः ९०.० प्रतिशत र ७१.० प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ। यस्तै वियर, सलाई, सिमेन्ट, चिनी र जुत्ता उद्योगहरुले क्रमशः ६६.० प्रतिशत, ६२.० प्रतिशत, ४६.० प्रतिशत, ४३.० प्रतिशत र २६.० प्रतिशतले क्षमता उपयोग गरेको देखिएको छ।

## औद्योगिक क्षेत्रको वर्तमान स्थिति

९.९ औद्योगिक प्रतिष्ठानहरुको स्थापना, संचालन र प्रवर्द्धनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार एवं अन्य सुविधाहरु प्रदान गरी औद्योगिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले औद्योगिक क्षेत्रहरुको स्थापना गरिएको हो । वर्तमान अवस्थामा बालाजु, हेटौंडा, पाटन, नेपालगंज, धरान, पोखरा, वुटवल, भक्तपुर, वीरेन्द्रनगर, धनकुटा र राजविराज समेत गरी कुल ११ वटा औद्योगिक क्षेत्रहरु स्थापना भएका छन् । यीमध्ये धनकुटा औद्योगिक क्षेत्र निर्माणाधीन अवस्थामा छ। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गतका औद्योगिक क्षेत्रहरुमा कुल रु. १५.८० करोड स्थिर पूँजीको रुपमा लगानी भएको छ। औद्योगिक क्षेत्रहरुको कुल क्षेत्रफल ५ हजार ७ सय ६ रोपनी जमिनमध्ये ५ हजार ४ सय ४५ रोपनी जमिन विकसित अवस्थामा रहेको छ जसमध्ये ३ हजार ४ सय ३ रोपनी जमिन विभिन्न उद्योगहरुलाई भाडामा दिइएको छ। यी औद्योगिक क्षेत्रहरुमा ३६७ उद्योगहरु संचालनमा रहेका छन् । निर्माणाधीन उद्योगहरुको संख्या ४७ रहेको छ भने ७६ उद्योगहरु बन्द भएका छन् । औद्योगिक क्षेत्रहरुमा स्थापित उद्योगहरुले कुल १४ हजार ७ सय २७ जनालाई रोजगारी प्रदान गरेका छन् । गत वर्षभन्दा यस वर्ष रोजगारी प्राप्त गर्नेको संख्या ४५४ ले बढेको छ । बढी रोजगारी प्रदान गर्ने औद्योगिक क्षेत्रमा क्रमशः हेटौंडा, बालाजु, पाटन, पोखरा, वुटवल आदि रहेका छन् । हालसम्म नुवाकोट, जनकपुर, इलाम, चितवन, झापा, कैलाली, कन्चनपुर, दाङ्ग, काभ्रेपलाञ्चोक, तनहुँ आदि समेतमा गरी मुलुकका विभिन्न १६ भन्दा बढी स्थानहरुमा औद्योगिक क्षेत्र स्थापनार्थ संभाव्यता अध्ययन सम्पन्न भइसकेको छ ।

## नेपाल औद्योगिक विकास निगम

९.१० नेपाल औद्योगिक विकास निगमले औद्योगिक लगानीको माध्यमबाट औद्योगिक विकासमा सघाउ पुऱ्याउँदै आएको छ । निगमको लागि दीर्घकालीन स्रोतको अभाव र आन्तरिक स्रोत यथेष्ट नहुँदा उद्योगहरुको स्थापना र संचालनार्थ निगमद्वारा वितरित ऋणको परिमाण तीव्र रुपमा घट्दै आएको देखिन्छ। आर्थिक वर्ष २०५८/५९ मा वितरित ऋणको तुलनामा आर्थिक वर्ष २०५९/६० मा वितरित ऋण ५२.७ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०५९/६० मा वितरण भएको कुल ऋण रकममध्ये होटल र पर्यटन क्षेत्रमा ११.२ प्रतिशत, ठूला उद्योगमा ५५.७ प्रतिशत र विविध उद्योगहरुमा ३३.१ प्रतिशत रहेको पाइन्छ ।

९.११ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा निगमले वितरण गरेको ऋण रकमको अवलोकन गर्दा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा २.३ प्रतिशतले ह्रास आई रु. २ करोड १४ लाखमा झरेको छ । साथै, असूलीतर्फ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा सावाँ असूलीमा उल्लेख्य रुपमा वृद्धि भएको छ । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा निगमबाट भएको कर्जा प्रवाहको ५.२ प्रतिशत होटल र पर्यटन उद्योगमा, १५.३ प्रतिशत सिमेन्ट उद्योगमा र १६.४ प्रतिशत खाद्य उद्योगमा परेको छ भने अन्य विविध उद्योगमा ६३.१ प्रतिशत कर्जा प्रवाह भएको छ । विगत केही वर्षदेखि निगममा लगानी कोषको अभावले गर्दा

परियोजना प्रवर्द्धन, ऋण स्वीकृति र ऋण भुक्तानीमा प्रभावकारिता आउन सकेको छैन। दीर्घकालीन प्रकृतिको लगानीको लागि दीर्घकालीन स्रोत उपलब्ध नभएबाट लगानी कोषको अभाव कायमै छ। श्री ५ को सरकारले औद्योगिक विकास निगमलाई यथास्थितिमा संचालन गर्दा बढ्दै जाने हानि-नोक्सानीलाई न्यूनीकरण गरी निगमलाई सक्षम र प्रभावकारी रुपमा संचालन गर्ने उद्देश्यले एशियाली विकास बैंकको प्राविधिक सहायतामा परामर्शदातृ समूहले प्रस्तुत गरेको सिफारिस समेतलाई दृष्टिगत गर्दै पुनः संरचनाका सबै सम्भव विकल्पहरुको परीक्षा गरी उपयुक्त निर्णयमा पुग्ने नीति लिएको छ।

## घरेलु तथा साना उद्योग

९.१२ घरेलु तथा साना उद्योगहरुको स्थापना र संचालनबाट मुलुकको आर्थिक तथा सामाजिक विकासमा सकारात्मक प्रभाव पर्ने भई गरिबी निवारण र रोजगारी प्रवर्द्धनमा समेत प्रत्यक्ष अनुकुल प्रभाव पर्ने दृष्टिकोण लिई सघन बैंकिङ्ग कार्यक्रम अन्तर्गत साना तथा घरेलु उद्योगहरुलाई ऋण प्रवाह गरिंदै आएको छ। आर्थिक वर्ष २०५९/६० मा अधिराज्यका पाँच विकास क्षेत्रहरुमा कुल १ हजार ४ सय २ उद्योगहरुको लागि रु. १६ करोड ५९ लाख ऋण प्रवाह गरिएको थियो। आर्थिक वर्ष २०६०/६१ को प्रथम ६ महिनाको अवधिमा कुल २४० उद्योगहरुको लागि रु. ५ करोड ५८ लाख कर्जा प्रदान गरिएको छ।

९.१३ आर्थिक वर्ष २०५९/६० मा दर्ता भएका घरेलु तथा साना उद्योगहरुको संख्यामा आर्थिक वर्ष २०५८/५९ को तुलनामा २३.० प्रतिशतले ह्रास आएको छ। उद्योगको किसिम अनुसार आर्थिक वर्ष २०५९/६० मा प्राइभेट फर्महरु २३.४ प्रतिशतले, साझेदारी फर्महरुको दर्तामा १३.७ प्रतिशतले र प्राइभेट लिमिटेड फर्मको दर्तामा ३३.७ प्रतिशतले कमी आएको छ। यसरी नै दर्ता भएका घरेलु तथा साना उद्योगहरुमा भएको लगानीको अनुपातमा पनि २३.४ प्रतिशतले ह्रास आई कुल रु. ५ अर्ब ९१ करोड मात्र लगानी भएको पाइएको छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अवधिमा ४ हजार १ घरेलु तथा साना उद्योगहरु दर्ता भई कुल रु. १ अर्ब ३२ करोड लगानी भएको अनुमान छ। देशमा विद्यमान अशान्ति तथा असुरक्षाको कारण यसरी दर्ता तथा लगानी रकम घट्न गएको अनुमान गरिएको छ।

## औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

९.१४ औद्योगिक विकासका लागि उद्यमशीलता, गुणस्तरयुक्त व्यवस्थापन, प्रविधि र प्राविधिक जनशक्तिको विकास गर्ने लक्ष्य रहेको यस प्रतिष्ठानले नयाँ व्यवसाय सिर्जना, व्यवसाय व्यवस्थापन, उद्यमी विकास प्रशिक्षण कार्यक्रमहरु लगायत परामर्श सेवा तथा उद्योग व्यवसाय सम्बन्धी अनुसन्धानात्मक कार्यक्रमहरु संचालन गर्दै आएको छ। प्रतिष्ठानद्वारा आर्थिक वर्ष २०५९/६० मा कुल ५ सय ३१ जनालाई विभिन्न विषयमा सीपमूलक प्रशिक्षण दिने लक्ष्य राखिएकोमा लक्ष्य भन्दा केही मात्र कम करीव ९५.० प्रतिशत अर्थात् ५ सय २ जनालाई प्रशिक्षण दिइएको थियो। यसैगरी आर्थिक वर्ष २०६०/६१ मा कुल ४ सय १० जनालाई प्रशिक्षण दिने लक्ष्य राखिएकोमा आठ महिनाको अवधिमा ८ सय ४ जनालाई प्रशिक्षण दिइसकिएको छ।

## खानी तथा भूगर्भ

९.१५ काठमाडौं उपत्यका, धादिङ, चितवन, मकवानपुर, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, तनहुँ, कास्की, पाल्पा, दाङ्ग र जाजरकोट जिल्लाहरुमा ३२ वटा खानीहरुको निरीक्षण तथा वातावरणीय अनुगमन गर्ने कार्य भइरहेको छ। त्यस्तै खानीजन्य उद्योग प्रवर्द्धन अन्तर्गत धनकुटा र सल्यानमा सिमेन्ट ग्रेड तथा चुनढुङ्गा उद्योग प्रवर्द्धन गर्न प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्ने कार्य भइरहेको छ। साथै, २ सिट रंगीन भौगर्भिक नक्शा प्रकाशन गर्ने कार्य र लमजुङ जिल्लाको पहिरो अध्ययन गर्ने कार्य जारी छ।

९.१६ राष्ट्रिय भूकम्पमापन केन्द्र सञ्चालन आयोजना अन्तर्गत काठमाडौं भूकम्पमापन केन्द्र र सुर्खेत भूकम्पमापन केन्द्रबाट अधिराज्यका विभिन्न ठाउँमा अवस्थित २१ वटा भूकम्पमापन केन्द्रहरु सुचारु रुपमा संचालन भइरहेका छन्। यी केन्द्रहरुबाट हरक्षण भूकम्पको रेकर्ड गर्ने गरिएको र ४ रेक्टर स्केल भन्दा बढीको भूकम्प आएमा १ घण्टा भित्र संचारमाध्यममा पठाई सर्वसाधारणलाई जानकारी गराइन्छ। स्तरीय भौगर्भिक नक्शा तयार गर्न सहायक मानिएको दूर संवेदन तथा भौगोलिक सूचना प्रणाली ( जी.आई.एस.) प्रयोग गर्न सक्ने क्षमताको विकास भई काठमाण्डौं र पोखरा उपत्यका, बुटवल तथा धरान नगरपालिकाका इन्जिनियरिङ्ग तथा वातावरणीय भौगर्भिक नक्शाहरु तयार भएका छन्। उक्त नक्शाहरु शहरी योजना, भू-उपयोग योजना, शहरी क्षेत्रका भौतिक पूर्वाधार विकास निर्माण कार्य, फोहरमैला व्यवस्थापन, प्रदूषण नियन्त्रण तथा खानेपानीको गुण तथा वातावरण संरक्षण कार्यमा उपयोगी हुने हुँदा नगरपालिकाहरुले तिनको उपयोग गरिरहेका छन्। खनिज अन्वेषणको क्षेत्रमा चुनढुङ्गा वाहेक अन्य खनिज अन्वेषण कार्यमा सफलता प्राप्त नहुनाले देशले प्राकृतिक खनिजजन्य पदार्थबाट लाभ उठाउन सकेको छैन।

## पर्यटन

मन्जूषा : ९(१)

**पर्यटन क्षेत्रमा भएका केही गतिविधिहरु**

क) ग्रामीण गरिवी निवारणका लागि गरीवमुखी पर्यटन नीति, पर्यटन बजार योजना (tourism marketing plan), राष्ट्रिय पर्यटन रणनीतिक योजना (national tourism strategic plan) सम्वन्धी नीतिगत दस्तावेज तयार भै रहेको ।

ख) नयाँ पर्वतारोहण नियमावली, २०५९ लागू भैसकेको, नयाँ पर्यटन ऐन तथा पर्यटन नीति तर्जुमा हुदै गरेको ।

ग) मित्रराष्ट्र चीन तथा सार्क राष्ट्रका नागरिकहरु नेपाल आउँदा प्रवेशाज्ञा दस्तुर तिर्नु नपर्ने, १५ दिनसम्म नेपाल रहने पर्यटकलाई नेपाल छोडेको १ वर्ष भित्र फेरि नेपाल आएमा प्रवेशाज्ञा दस्तुर नलाग्ने तथा ३ दिन वा सो भन्दा कम अवधिको लागि नेपाल प्रवेश गर्न चाहने पर्यटकलाई प्रवेशाज्ञा दस्तुर नलाग्ने व्यवस्था मिलाइएको ।

घ) पर्वतारोहणबाट प्राप्त हुने राजस्वको ३० प्रतिशत रकम स्थानीय निकायमा पठाउने व्यवस्थाको शुभारम्भ भएको ।

ङ) श्री ५ को सरकारले पर्वतीय प्रवर्द्धनको लागि २०५९ भाद्रमा १३ वटा र २०६० जेठमा ५० वटा गरी जम्मा ६३ वटा हिमशिखरहरु पर्वतारोहणको लागि खुला गरेको छ । यी समेत पर्वतारोहणको लागि खुला गरिएका हिमालको संख्या ३२६ पुगेको छ । यसबाट पर्वतीय पर्यटनको विकास तथा पिछाडिएका क्षेत्रको विकासमा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

च) जलयात्रातर्फ दुधकोशी, तमोर, बलेफी, बुढीगण्डकी र सेती कर्णाली समेत ५ वटा नदीहरु र्‍याफ्टिङको लागि खुला गरिएका छन् ।

छ) सगरमाथा आरोहण स्वर्ण महोत्सव, गन्तव्य नेपाल अभियान सफलतापूर्वक सम्पन्न, विश्व पर्यटन संगठन (world tourism organisation) को दक्षिण एशिया आयोगको ४३ औं वैंठक नेपालमा आयोजना गरिएको, पशुपति क्षेत्र, लुम्विनी एवं अन्य ऐतिहासिक एवं पूरातात्विक क्षेत्रमा उत्खनन एवं संरक्षण कार्य गरिएका छन् ।

*स्रोत : संस्कृति, पर्यटत तथा नागरिक उडड्यन मन्त्रालय*

९.१७ नेपाल भ्रमणमा आएका पर्यटकहरुको संख्या, तिनको वृद्धिदर तथा बसाइ अवधिको विश्लेषण गर्दा २०५८ पौषदेखि २०५९ पौषसम्मको अवधिमा पर्यटक संख्यामा २३.७ प्रतिशतले कमी आएको छ भने २०५९ पौषदेखि २०६० पौषसम्मको अवधिमा पर्यटक संख्यामा २१.५ प्रतिशतले वृद्धि हुन गएको छ । २०५८ पौषदेखि २०५९ पौषसम्मको अवधिमा प्रति पर्यटक सरदर बसाइ अवधि ७.९२ दिन रहेकोमा २०५९ पौष देखि २०६० पौषसम्मको अवधिमा सरदर बसाइ अवधि केही वृद्धि भै ९.५० दिन कायम हुन गएको छ ।

९.१८ भ्रमणको उद्देश्य अनुसार पर्यटक आगमन संख्याको अध्ययन गर्दा अधिकांश पर्यटकहरु मनोरन्जन र पदयात्रा तथा पर्वतारोहणका लागि आउने गरेको देखिएको छ । २०५९ पौषदेखि २०६० पौषसम्मको अवधिमा कुल पर्यटक आगमन संख्याको ४०.० प्रतिशत मनोरन्जन, २१.५ प्रतिशत पदयात्रा तथा पर्वतारोहण, ६.२ प्रतिशत व्यापार, ६.५ प्रतिशत औपचारिक भ्रमण, ४.५

प्रतिशत तीर्थयात्रा र २१.३ प्रतिशत अन्य प्रयोजनको उद्देश्य लिई नेपाल आएको देखिएको छ ।

९.१९ पर्यटकहरुको आगमनलाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा २०५९ पौषदेखि २०६० पौषसम्मको अवधिमा कुल पर्यटक संख्याको ३१.९ प्रतिशत पश्चिम युरोपबाट, ७.७ प्रतिशत उत्तर अमेरिकाबाट, ३.१ प्रतिशत अष्ट्रेलिया एवं प्रशान्त क्षेत्रबाट, १.९ प्रतिशत पूर्वी यूरोपबाट, १.० प्रतिशत मध्य तथा दक्षिण अमेरिकाबाट, ०.४ प्रतिशत अफ्रिकाबाट आगमन भएको अनुमान छ भने ५४.० प्रतिशत एसिया महादेशबाट आएकोमा भारतबाट मात्र २४.० प्रतिशत पर्यटक आएको अनुमान छ ।

९.२० अधिराज्यको होटल र होटल शैया संख्यालाई हेर्दा २०५९ पौषदेखि २०६० पौषसम्मको अवधिमा तारे स्तरका होटल संख्यामा ४ होटल थप भई १०८ पुगेको र तारेदेखि वाहेकका होटल संख्यामा १९ होटल थप भई ८५८ पुगेको छ । यस अवधिमा तारे स्तरका होटल शैया संख्यामा २.४ प्रतिशतले र तारेदेखि बाहेकका होटल शैया संख्यामा १.५ प्रतिशतले वृद्धि भई क्रमशः १० हजार ५ सय ३५ र २७ हजार ७ सय ३५ पुगेको छ । यसरी समीक्षा अवधिमा कुल होटल संख्यामा २.४ प्रतिशत र शैया संख्यामा १.७ प्रतिशतले वृद्धि भएको छ ।

९.२१ नेपाल आउने पर्वतारोहण दल र पर्वतारोहीहरुको स्थितिको विश्लेषण गर्ने क्रममा आर्थिक वर्ष २०५९/६० (माघ-असार) र आर्थिक वर्ष २०६०/६१ (श्रावण-पौष) को स्थितिलाई हेर्दा आर्थिक वर्ष २०५९/६० को तुलनामा २०६०/६१ को पौषसम्म पर्वतारोहण दलको संख्या, सामयिक रोजगारी, सरकारलाई प्राप्त रोयल्टी रकम र पर्वतारोहीहरुबाट भएको खर्च सबै घटेको देखिन्छ । तापनि आर्थिक वर्ष २०५८/५९ पौषको तुलनामा आर्थिक वर्ष २०५९/६० (माघ-असार) मा सामयिक रोजगारी भने बढेको देखिन्छ । २०५९ माघदेखि २०६० पौषसम्मको अवधिलाई लिंदा भने पर्यटक दलको संख्या गत १ वर्षको १३४ को तुलनामा वृद्धि भै १५२ पुगेको, पर्वतारोहीको संख्या ९१३ को तुलनामा १ हजार ८०, रोजगारी ९,९२८ को तुलनामा १४८३८, रोयल्टी १२८१८५ हजार रु. को तुलनामा रु. १८१३६० हजार र पर्वतारोहीबाट भएको खर्च रु. ६००००० हजारको तुलनामा रु. ६३०००० हजार पुगेको छ ।

९.२२ पर्यटन प्रवर्द्धनको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान संलग्न रहिआएको छ । प्रतिष्ठानले ग्रामीण क्षेत्रमा पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले त्यस क्षेत्रका जनतामा पर्यटन व्यवसायमा लगानी गर्ने अभिरुचि उत्पन्न गराउन पर्यटकमूलक व्यवसाय संचालनार्थ आवश्यक तालीमहरु संचालन गर्नुका साथै शहरी क्षेत्रका साना ठूला सवै पर्यटकमूलक उद्योग व्यवसायीहरुलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न विभिन्न विषय र स्तरको तालीमको पहिचान गरी तालीम कार्यक्रमहरु संचालन गर्दै आएको छ। प्रतिष्ठानले आर्थिक वर्ष २०५९/६० मा विभिन्न विषयहरुमा ७ सय ८७ जनालाई प्रशिक्षण दिएको थियो भने आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनाको अवधिमा १ हजार १ सय ३४ जनालाई प्रशिक्षण दिइसकेको छ ।




## पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा

९.२३ आर्थिक वर्ष २०५९/६० मा आर्थिक वर्ष २०५८/५९ को तुलनामा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा ३५.७ प्रतिशतले वृद्धि भै रु. ११ अर्व ७४ करोड ७७ लाख भएको देखिन्छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम ६ महिनामा रु. ७ अर्व १६ करोड ६१ लाख विदेशी मुद्रा यस क्षेत्रबाट आर्जन भएको अनुमान छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम ६ महिनामा यसरी आर्जित विदेशी मुद्राको अंश कूल वस्तु निर्यातबाट प्राप्त विदेशी मुद्राको अनुपातमा २७.३ प्रतिशत, कुल वस्तु निर्यात एवं सेवाबाट प्राप्त विदेशी मुद्रा आर्जनको अनुपातमा १८.० प्रतिशत र आर्जित कुल विदेशी मुद्राको अनुपातमा ९.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०५८/५९ को तुलनामा उपर्युक्त तीनै अनुपातहरुमा वृद्धि देखिएको छ।

९.२४ पर्यटन उद्योगलाई गुणस्तरयुक्त तुल्याउने तथा पूर्वाधार सुविधाहरुको सुधार र विकासका साथै अन्तर्राष्ट्रिय पर्यटन बजार व्यवस्थापन र प्रवर्द्धन गर्ने उद्देश्य प्राप्तिका लागि नेपाल पर्यटन बोर्ड कार्यरत छ। पर्यटन प्रवर्द्धनको लागि यस बोर्डले वृत्तचित्रको निर्माण, पर्यटन मेलाहरुको प्रायोजन, पर्यटन सामग्री उत्पादन र वितरण तथा अन्तर्राष्ट्रिय प्रचार-प्रसार कार्यक्रमहरु संचालन गर्दै आएको छ। पर्यटन क्षेत्रको विकास र विस्तारको लागि उक्त बोर्डले निरन्तर रुपमा सरकारी एवं निजी क्षेत्रको साझेदारीमा विविध प्रवर्द्धनात्मक कार्यक्रमहरु सशक्त रुपमा संचालन गर्नुका साथै पर्यटन प्रवर्द्धन एवं जनचेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्दै आएको छ।

## सरकारी संस्थानहरु

९.२५ आर्थिक वर्ष २०५९/६० मा अघिल्लो बर्षको तुलनामा श्री ५ को सरकारबाट सरकारी क्षेत्रका संस्थानतर्फ भएको नगद प्रवाह ८०.८ प्रतिशतले घटेको छ । सो घट्नुका कारणमा समीक्षा अवधिमा सेयर र ऋण लगानी क्रमशः ६९.२ प्रतिशत र ८७.४ प्रतिशतले घट्नु रहेका छन् । त्यस्तै आर्थिक वर्ष २०५९/६० मा संचालन तथा ढुवानी अनुदान १६.४ प्रतिशतले घटेको छ । विगत वर्षहरुमा प्रदान गरिदै आएको पूँजीगत अनुदान आर्थिक वर्ष २०५९/६० मा दिइएको छैन । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा गत वर्ष भन्दा सस्थानहरुतर्फको शेयर पूँजी लगानी उच्चदरले वृद्धि भई श्री ५ को सरकारबाट सरकारी संस्थानहरुमा भएको नगद प्रवाहमा वृद्धि हुन गएको अनुमान छ । श्री ५ को सरकारले निजीकरण तथा विघटन वा खारेज गर्ने निर्णय गरेका सार्वजनिक संस्थानहरुको दायित्व चुक्ता गर्न ऋण लगानी गर्नु परेका कारण नगद प्रवाहको अनुपात यसरी बढ्न गएको हो ।

९.२६ सरकारी क्षेत्रका संस्थानहरुबाट श्री ५ को सरकारतर्फ भएको नगद प्रवाहमा अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०५९/६० मा ३२.१ प्रतिशतले ह्रास भएको छ । सो वर्ष आयकरतर्फ ६४.३ प्रतिशतले ह्रास भएकोले नगद प्रवाह घटेको देखिन्छ । सो आर्थिक वर्षमा लाभांश ०.४ प्रतिशतले घटेको छ भने व्याज र साँवा भुक्तानी क्रमशः २४.२ प्रतिशत र २०.१ प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०५९/६० को सोही अवधिको तुलनामा लाभांश ६.९ प्रतिशतले घट्ने र व्याज तथा आयकर क्रमशः १८३.३ प्रतिशतले र ४४.६ प्रतिशतले बढ्ने अनुमान छ । खुद नगद प्रवाहको विश्लेषण गर्दा दुवै आर्थिक वर्षहरुमा संस्थानहरुबाट बढी नगद प्रवाह भएको पाइन्छ ।

९.२७ सरकारी क्षेत्रका संस्थानहरुको वित्तीय कार्य कुशलताको विश्लेषण गर्दा आर्थिक वर्ष २०५९/६० मा ती संस्थानहरुको कूल संचालन घाटा रु. १ अर्ब ६१ करोड ४४ लाख भएको देखिन्छ । यसरी समग्र सरकारी क्षेत्रका संस्थानहरुको संचालन घाटा देखिनुमा राष्ट्रिय वाणिज्य बैंकको मात्र संचालन घाटा सो वर्ष रु. ३ अर्ब २४ करोड ५० लाख पुग्नुलाई कारण मान्न सकिन्छ । आर्थिक वर्ष २०५९/६० मा अघिल्लो वर्षको तुलनामा जनोपयोगी क्षेत्रको संस्थानहरुको नाफा बढेको, सेवा र सामाजिक क्षेत्र घाटाबाट नाफामा गएको र वित्तीय क्षेत्रको घाटामा कमी आएको देखिन्छ भने औद्योगिक र व्यापारिक समूहका संस्थानको संचालन घाटा बढेको पाइएको छ । यस क्रममा जनकपुर चुरोट कारखाना, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल दूर संचार कम्पनी, राष्ट्रिय बीमा संस्थान, नागरिक लगानी कोष जस्ता संस्थाको नाफामा वृद्धि भएको छ । त्यसैगरी, नेपाल पारवाहन तथा गोदाम व्यवस्था कम्पनी, शाही नेपाल वायु सेवा निगम, नेपाल टेलिभिजन, नेपाल औद्योगिक विकास निगम जस्ता संस्थानहरु संचालन घाटाबाट संचालन नाफामा गएका देखिन्छन् । दुग्ध विकास संस्थान, शाही औषधि लिमिटेड र कृषि सामग्री कम्पनीको संचालन घाटा घटेको पाइन्छ । आर्थिक वर्ष २०६०/६१ मा यस अवस्थामा अझ उल्लेखनीय सुधार आई संचालन नाफा रकम रु. ३ अर्ब ८९ करोड ४८ लाख पुग्न जाने अनुमान छ । यस वर्ष संचालन नाफा सकारात्मक हुने अवस्था देखिनुमा व्यापारिक क्षेत्रको घाटामा कमी आउनु, वित्तीय क्षेत्र घाटाबाट नाफामा आउनु तथा जनोपयोगी क्षेत्रको नाफा बढ्नु कारण रहेको छ ।

राष्ट्रिय वाणिज्य बैंक आर्थिक वर्ष २०५९/६० मा संचालन नोक्सानीमा रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा संचालन मुनाफामा जाने अनुमानका कारण समेत वित्तीय क्षेत्र घाटाबाट नाफामा गएको हो । आर्थिक वर्ष २०५९/६० मा खुद पूँजी लगानी रु. ९७ अर्व २३ करोड २० लाख भएको छ भने अघिल्लो वर्ष २०५८/५९ मा यस्तो लगानी रु. १ खर्व ५० अर्व ८ करोड ८२ लाख थियो । यसरी आर्थिक वर्ष २०५९/६० मा खुद पूँजी लगानी घट्नुमा औद्योगिक एवं वित्तीय क्षेत्रमा लगानी घट्नु कारण रहेको छ । आर्थिक वर्ष २०६०/६१ मा यस्तो लगानी रु. १ खर्व २८ अर्व ५५ करोड ५८ लाख हुने अनुमान छ । यस वर्ष जनोपयोगी र वित्तीय क्षेत्रमा लगानी बढेकोले यस्तो स्थिति देखा परेको हो । खुद पूँजी लगानीलाई सोबाट भएको मुनाफाको प्रतिफलको आधारमा हेर्दा आर्थिक वर्ष २०५८/५९ मा त्यस्तो लगानी र मुनाफाको अनुपात ३.६५ प्रतिशत ऋणात्मक रहेकोमा त्यसमा केही सुधार भई आर्थिक वर्ष २०५९/६० मा १.६६ प्रतिशत मात्र ऋणात्मक रहेको देखिन्छ भने आर्थिक वर्ष २०६०/६१ मा त्यसमा उल्लेखनीय रुपमा सुधार आई ३.०३ प्रतिशत धनात्मक हुने अनुमान छ ।

## संस्थानको निजीकरण

९.२८ श्री ५ को सरकारले निजीकरण कार्यक्रमलाई आर्थिक उदारीकरण नीतिको एक प्रमुख अंगको रुपमा स्वीकार गर्दै आएको छ । निजीकरण कार्यक्रमको शुरुआत भएको आर्थिक वर्ष २०४९/५० देखि आर्थिक वर्ष २०६०/६१ सम्ममा २४ वटा विभिन्न सार्वजनिक संस्थानहरुको निजीकरण गरिसकिएको छ ।

**तालिका ९(घ) : निजीकरण गरिएका संस्थानहरुको विवरण**

| क्रम संख्या | कम्पनीको नाम | निजीकरण गरिएको वर्ष | निजीकरणको तरीका | बिक्री मूल्य (रु. हजारमा) | एकमुष्ट शेयर बिक्री प्रतिशत |
|---|---|---|---|---|---|
| १ | भृकुटी कागज कारखाना लि. | अक्टोवर १९९२ | सम्पत्ति तथा व्यवसाय बिक्री | २२९,८०० | – |
| २ | हरिसिद्धि इँटा तथा टायल कारखाना लि. | अक्टोवर १९९२ | सम्पत्ति तथा व्यवसाय बिक्री | २१४,८३० | – |
| ३ | बाँसवारी छाला तथा जुत्ता कारखाना लि. | मार्च १९९२ | सम्पत्ति तथा व्यवसाय बिक्री | २९,८५४ | – |
| ४ | नेपाल चलचित्र उद्योग लि. | नोभेम्वर १९९३ | शेयर बिक्री | ६४,६६२ | ५१ |
| ५ | बालाजु कपडा उद्योग लि. | डिसेम्वर १९९३ | शेयर बिक्री | १७,७१६ | ७० |
| ६ | काँचो छाला संकलन तथा प्रशोधन कं. लि. | डिसेम्वर १९९३ | शेयर बिक्री | ३,९९० | - |
| ७ | नेपाल विटुमिन तथा व्यारेल उद्योग लि. | जनवरी १९९४ | शेयर बिक्री | १३,१७२ | ६५ |
| ८ | नेपाल ल्युव आयल लि. | जनवरी १९९४ | शेयर बिक्री | ३१,०५७ | ४० |
| ९ | नेपाल जुट विकास कं. | १९९३ | विघटन | विघटन | |
| १० | सूर्ती विकास कम्पनी लि. | मार्च १९९४ | विघटन | विघटन | |
| ११ | नेपाल ढलौट कारखाना लि. | मार्च १९९६ | शेयर बिक्री | १४,४७३ | ५१ |
| १२ | रघुपति जुट मिल्स लि. | अगस्त १९९६ | शेयर बिक्री | ८२,२०४ | ६५ |
| १३ | विराटनगर जुट मिल्स कम्पनी लि.$^{\infty}$ | डिसेम्वर १९९६ | व्यवस्थापन करार | - | - |

| क्रम संख्या | कम्पनीको नाम | निजीकरण गरिएको वर्ष | निजीकरणको तरीका | बिक्री मूल्य (रु. हजारमा) | एकमुष्ट शेयर बिक्री प्रतिशत |
|---|---|---|---|---|---|
| १४ | नेपाल बैंक लि.[∂] | मार्च १९९७ | शेयर बिक्री | १२५,१४० | - |
| १५ | नेपाल चिया विकास निगम लि. | जून २००० | शेयर बिक्री तथा लिज | २६७,१०५ | ६५ |
| १६. | कृषि आयोजना सेवा केन्द्र लि. | २००१ | खारेजी | - | - |
| १७. | घरेलु शिल्पकला बिक्री भण्डार लि. | २००२ | खारेजी | - | - |
| १८ | नेपाल कोल लिमिटेड | २००२ | खारेजी | - | - |
| १९ | हेटौंडा कपडा उद्योग लि. | २००२ | खारेजी | - | - |
| २० | नेपाल यातायात संस्थान | २००२ | विघटन | - | - |
| २१ | बुटवल पावर कम्पनी लि. | जनवरी, २००३ | शेयर बिक्री | ८७४,२००+ १० लाख डलर | ७५ |
| २२ | वीरगञ्ज चिनी कारखाना लि. | २००३ | खारेजी | - | - |
| २३ | कृषि औजार कारखाना लि. | २००३ | खारेजी | - | - |
| २४ | भक्तपुर इटा कारखाना | २००४ | व्यवसाय एवं सम्पत्ति बिक्री | १४.५+३१.९ भाडा प्रति १० वर्ष | |

*[∝] अर्ध सरकारी संस्थानको रुपमा रहेको यस मिल्सको व्यवस्थापन करार सम्बन्धी अन्तिम निर्णय कम्पनीको संचालक समितिबाट भएको ।*

*[∂] श्री ५ को सरकारको बहुमत शेयरको हिस्सालाई घटाएर ४१ प्रतिशतमा ल्याइएको ।*

*स्रोत : अर्थ मन्त्रालय ।*

उल्लिखित २४ वटा सार्वजनिक संस्थानहरुमध्ये ४ वटा संस्थानको सम्पत्ति र व्यवसाय बिक्री, १० वटाको शेयर बिक्री, एउटाको व्यवस्थापन करार, ४ वटाको कम्पनी ऐन अनुसार खारेजी, ३ वटाको विघटन र २ वटाको निजीकरण ऐन, २०५० अनुसार खारेजी गरिएको छ । आर्थिक वर्ष २०६०/६१ मा भक्तपुर ईंटा कारखानाको निजीकरण कार्य सम्पन्न भएको छ । हिमाल सिमेन्ट कंपनी र नेपाल रोजिन एण्ड टर्पेनटाइन लिमिटेड निजीकरण, विघटन तथा खारेजीको क्रममा रहेका छन् । निजीकरण गरिसकिएको वुटवल पावर कंपनीको २.० प्रतिशत शेयर कर्मचारी/कामदारलाई र १०.० प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री गर्न नागरिक लगानी कोषलाई तोकिसकिएको छ । संस्थानहरुको आर्थिक एवं वित्तीय अवस्था सहित स्थापनाको उद्देश्य समेतलाई विश्लेषण गरी संचालन–सम्भाव्य नदेखिएका संस्थानहरुलाई खारेज/बन्द समेत गर्ने नीति श्री ५ को सरकारले अवलम्वन गरिरहेको छ ।

९.२९ निजीकरण प्रक्रियालाई निरन्तरता दिदै निजीकरण हुन नसकेका र नगरिने संस्थानको हकमा आर्थिक वर्ष २०६०/६१ को बजेट वक्तब्यमा उल्लेख भएवमोजिम संस्थानहरुको कार्यक्षमता र कुशलतामा वृद्धि ल्याउने अभिप्रायले कार्य सम्पादन सूचकाङ्क र उपलव्धिका निश्चित आधार र मापदण्ड तयार गरी तिनका आधारमा उच्च व्यवस्थापनलाई निरन्तरता दिने वा खारेज गर्ने रणनीति अवलम्वन गरिएको छ । यस क्रममा त्यस्ता संस्थानहरुका संचालक समिति र प्रमुख कार्यकारी अधिकृतसंग संयुक्त

रुपमा कार्यसम्पादन सम्वन्धी संझौता गरी संझौतावमोजिम कार्यसम्पादन भए-नभएको मूल्यांकन गर्ने, उत्कृष्ट नतिजा प्राप्त गर्नेलाई पुरस्कृत गर्ने तथा न्यून कार्य सम्पादन गर्नेलाई दण्डित गर्ने र पर्याप्त व्यवस्थापकीय स्वतन्त्रता दिने नीति लिइएको छ । बजेट वक्तव्यद्वारा उद्घोष गरिएको कार्यसम्पादन सम्झौता (performance contract - MOU) यसवर्ष उदयपुर सिमेन्ट उद्योग लिमिटेड, हेटौडा सिमेन्ट उद्योग लिमिटेड, कर्मचारी संचयकोष, कृषि विकास बैंक र जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडसंग सम्पन्न भैसकेका छन् । कार्यसम्पादन संझौतामा उल्लिखित सूचकाङ्कहरुमा भौतिक उत्पादन, जडित क्षमता उपयोग, सम्पत्तिको टर्नओभर (turnover), नाफा, लगानीको प्रतिफल, कामदार उत्पादकत्व, कच्चा पदार्थ खपत, प्राप्त प्रत्युपलब्धि दर, खूद मुनाफा आदि रहेका छन् ।

## चुनौतीहरु

९.३० ग्रामीण एवं विपन्न वर्ग र क्षेत्रसम्म पुग्ने गरी सीप विकास तथा तालिमको व्यवस्था गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई उपयुक्त तालिमको व्यवस्थाका साथै अदक्ष श्रमिकलाई सीपयुक्त र दक्ष बनाई वैदेशिक रोजगारीबाट पर्याप्त मात्रामा विदेशी मुद्रा आर्जन एवं देशभित्र सीपयुक्त रोजगारी बढाउनु अहिलेको चुनौती हो ।

९.३१ सीमित भौगोलिक क्षेत्रहरुमा मात्र पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु केन्द्रित रहनु, पर्यटकीय पूर्वाधारको विस्तार हुन नसक्नु, पर्यटकलाई आकर्षण गर्न व्यापक प्रचार-प्रसार हुन नसक्नु, शान्ति-सुरक्षाको असहज स्थिति, अन्तराष्ट्रिय संचार माध्यमबाट वेलावेलामा हुने नेपाल वारेको नकारात्मक प्रचार-प्रसार आदि कारणले पर्यटकहरुको आगमन संख्या र बसाइ अवधिलाई लम्वाउन सकिएको छैन । उपर्युक्त कठिनाइको सामना गरी पर्यटकसंख्या एवं पर्यटक बसाइ अवधि बढाई पर्यटन उद्योगलाई प्रवर्द्धन गर्ने कार्य अर्को ठूलो चुनौतीको रुपमा रहेको छ ।

९.३२ ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका मठ-मन्दिर, संस्कृति एवं परम्पराको संरक्षण एवं सम्वर्द्धनका माध्यमबाट नेपाललाई सांस्कृतिक गन्तव्यस्थलका रुपमा विकसित गरी अधिकाधिक मात्रामा पर्यटकहरुलाई आकर्षित गर्दै लैजानु अहिलेको महत्वपूर्ण आवश्यकता हो ।

९.३३ अत्यावश्यक उपभोग्य वस्तु एवं दुध र पेट्रोलियम पदार्थको आपूर्तिमा वेला-वखतमा देखिने अभाव वा अपर्याप्तता हटाउन निरन्तर र सहज सुलभ रुपमा आपूर्ति व्यवस्थालाई सुनिश्चित गर्नुका साथै बजारको नियमित अनुगमन गरी वस्तुहरुको मूल्य, गुणस्तर, नापतौल एवं उपलव्धतालाई विश्वसनीय र व्यवस्थित बनाउनु जरुरी छ ।

९.३४ समीक्षा अवधिमा केही वस्तुहरुको उत्पादन प्रवृत्ति घट्दो अवस्थामा रहेको र उत्पादन क्षमताको उपयोग पनि पर्याप्त मात्रामा हुन नसकेको अवस्थामा बजार व्यवस्थापन, पूँजीको पर्याप्तता, आधुनिक प्रविधिको उपयोग, बजारमुखी उत्पादन र गुणस्तरमा वृद्धि सबै चुनौतीका रुपमा रहेका छन् । नेपालले विश्व व्यापार संगठनको सदस्यता लिइसकेको परिप्रेक्ष्यमा त्यसबाट पर्ने असर एवं प्राप्त हुने अवसरको विश्लेषण गरी औद्योगिक अनुसन्धान एवं विकासलाई सहयोग हुने सुधारात्मक कार्यहरुको विस्तार अर्को प्रमुख चुनौतीको रुपमा रहेको छ ।

९.३५ सीपयुक्त व्यवस्थापन, आधुनिक प्रविधि, प्राविधिक दक्षता, व्यावसायिक संस्कार, अन्तराष्ट्रिय बजारमा पहुँच जस्ता व्यावसायिक गुणवलीको आवश्यकता पूर्ति गर्न मुलुकको अर्थतन्त्रमा वैदेशिक लगानीलाई आकर्षित गर्ने कार्य अति नै चुनौतीपूर्ण रहेको छ ।

९.३६ प्राकृतिक खनिज साधनको अन्वेषण र विकास गरी त्यसलाई उचित उपयोगमा ल्याउनेतर्फ वाञ्छित स्तरको उपलब्धि नभइराखेको वर्तमान अवस्थामा देशमा उपलब्ध खनिज साधनको उपयुक्त ढंगबाट परिचालन गरी औद्योगिक उत्पादन बढाउँदै त्यस दिशामा क्रमशः आत्मनिर्भर बन्दै जानु अहिलेको अर्को प्रमुख चुनौती हो ।

९.३७ अधिकांश संस्थानहरुमा क्षमताभन्दा बढी जनशक्ति भएको तथा सार्वजनिक संस्थानहरुले कामदार/कर्मचारीहरुलाई प्रदान गर्ने सुविधाहरुमा समेत एकरुपता नभएको र यस्ता संस्थानहरुले दायित्व सिर्जना गरेपछि व्यवस्था गर्नुपर्ने रकमहरुको व्यवस्था समेत नगरेको कारणबाट सार्वजनिक संस्थानहरुले सिर्जना गरेको दायित्व यकिन हुन नसक्ने अवस्था छ । यी समस्याहरुसंग जुध्दै संस्थानहरुलाई सक्षम, चुस्त, दक्ष एवं प्रभावकारी बनाउनु आजको चुनौती हो ।

# १०. ऊर्जा, वन तथा वातावरण

## ऊर्जा

१०.१ अघिल्लो वर्षको दाँजोमा आर्थिक वर्ष २०५९/६० मा ऊर्जा खपत ०.९ प्रतिशतले वृद्धि भई ८२८२ टन तेल शक्ति वरावर भएकोमा आर्थिक वर्ष २०६०/६१ मा २.९ प्रतिशतले थप वृद्धि भई ऊर्जा खपत ८ हजार ५ सय २१ टन तेल शक्ति वरावर पुग्ने अनुमान छ ।

१०.२ ऊर्जाको स्रोतलाई परम्परागत, व्यावसायिक एवं नवीकरणीय गरी तीन भागमा विभाजन गरी हेर्दा आर्थिक वर्ष २०५९/६० मा कुल ऊर्जा खपतमध्ये परम्परागत ऊर्जा खपत ८७.४ प्रतिशत, व्यावसायिक ऊर्जा खपत १२.० प्रतिशत र नवीकरणीय ऊर्जा ०.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा परम्परागत ऊर्जा खपत ८६.८ प्रतिशत, व्यवसायिक ऊर्जा खपत १२.६ प्रतिशत र नवीकरणीय ऊर्जा खपत ०.५ प्रतिशत रहने अनुमान छ । यसबाट नेपाली अर्थतन्त्र परम्परागत ऊर्जा स्रोतमा अझ पनि ठूलो मात्रामा निर्भर रहदै आएको स्पष्ट हुन्छ ।

१०.३ परम्परागत ऊर्जातर्फ, आर्थिक वर्ष २०५९/६० मा कुल ऊर्जा खपतको ७७.९ प्रतिशत दाउराबाट र ३.८ प्रतिशत तथा ५.७ प्रतिशत क्रमशः कृषिजन्य तथा पशुजन्य अवशेषबाट खपत भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ७७.३ प्रतिशत दाउराबाट र ३.८ प्रतिशत तथा ५.७ प्रतिशत क्रमशः कृषिजन्य तथा पशुजन्य अवशेषबाट खपत हुने अनुमान छ । त्यस्तै, व्यावसायिक ऊर्जा खपततर्फ, आर्थिक वर्ष २०५९/६० मा कुल ऊर्जा खपतमध्ये पेट्रोलियम पदार्थको ८.९ प्रतिशत, कोइलाको १.६ प्रतिशत तथा विद्युत्को १.६ प्रतिशत हिस्सा रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा पेट्रोलियम पदार्थको ९.० प्रतिशत, कोइलाको २.० प्रतिशत तथा विद्युत्को १.६ प्रतिशत खपत हुने अनुमान छ ।

१०.४ आर्थिक वर्ष २०५९/६० मा कूल ऊर्जा आपूर्तिको घरेलु प्रयोगतर्फ ८४.५ प्रतिशत, औद्योगिक क्षेत्रतर्फ ३.० प्रतिशत, व्यापारिक क्षेत्रतर्फ १.१ प्रतिशत, यातायात क्षेत्रतर्फ ३.७ प्रतिशत तथा कृषि क्षेत्रतर्फ ०.८ प्रतिशत खपत भएको देखिएकोमा आर्थिक वर्ष २०६०/६१ मा घरेलु प्रयोजनमा ८४.० प्रतिशत, औद्योगिक क्षेत्रतर्फ ३.४ प्रतिशत, व्यापारिक क्षेत्रतर्फ १.१ प्रतिशत, यातायात क्षेत्रतर्फ ३.६ प्रतिशत तथा कृषि क्षेत्रतर्फ ०.७ प्रतिशत खपत हुने अनुमान छ ।

## विद्युत्

१०.५ विभिन्न आयोजनाहरुबाट नेपाल अधिराज्यमा आर्थिक वर्ष २०५९/६० को अन्त्यसम्ममा जम्मा ५४९.२०१ मेगावाट विद्युत् उत्पादन गर्न सकिएको छ । चालु आर्थिक वर्षको फाल्गुणसम्ममा निजी क्षेत्रबाट सम्पन्न भएको ३ मेगावाट क्षमताको पिलुवा जलविद्युत् आयोजनाको उत्पादन समेत थप गर्दा कूल उत्पादन ५५२.२०१ मेगावाटसम्म पुगेको छ । उत्पादित जलविद्युत्मध्ये ५४५.७८५ मेगावाट विद्युत् राष्ट्रिय ग्रिडमा जडान भएको छ भने बाँकी ६.४१६ मेगावाट साना जलविद्युत् आयोजनाबाट

उत्पादन भै स्थानीय स्तरमा उपलव्ध गराइएको छ । त्यस्तै तापीय विद्युत् केन्द्रहरुबाट कुल ५६.७५६ मेगावाट र सौर्य शक्ति केन्द्रबाट १०० किलोवाट विद्युत् उत्पादन भैरहेको छ । हालसम्म अधिराज्यका ७५ वटै जिल्लाहरुमा विद्युत् सेवा पुऱ्याइसकिएको छ ।

१०.६ देशमा उत्पादित जलविद्युत् क्षमतालाई विस्तार गर्दै लैजाने क्रममा विद्युत् प्राधिकरण र निजी क्षेत्रबाट निर्माण भैरहेको चिलिमे जलविद्युत् आयोजना (२० मेगावाट) गत आर्थिक वर्ष मै सम्पन्न भै विद्युत् उत्पादन भैरहेको छ । यस्तै संखुवासभा स्थित पिलुवा खोला (३ मेगावाट) जलविद्युत् आयोजनाको निर्माण कार्य पनि यसै आर्थिक वर्षमा सम्पन्न भै विद्युत् उत्पादन भै रहेको छ । जर्मन सरकारको सहयोगमा मध्य मर्स्याङ्गदी जल विद्युत् आयोजना, लमजुङ्ग (७० मेगावाट) को निर्माण कार्य भइरहेको छ । शौर्य शक्तिबाट विद्युत् उपलव्ध गराइएका हुम्ला र मुगु जिल्लामा भरपर्दो विद्युत् सेवा पुऱ्याउन क्रमशः ५०० र ४०० किलोवाट क्षमताका हेल्दुङ र गमगाड साना जल विद्युत् आयोजनाहरुको निर्माण चालु नै छ ।

१०.७ निजी क्षेत्रबाट निर्माण भइरहेका विद्युत् आयोजनाहरु क्रमिक रुपमा सम्पन्न भई संचालनमा आउन थालेका छन् । यसै क्रममा चिलिमे र पिलुवा खोला योजना पुरा भै सकेका छन् भने यस आर्थिक वर्षको फाल्गुण सम्ममा कास्कीको मर्दि खोला (३.१ मेगावाट), लम्जुङको तल्लो म्याग्दी (४.५ मेगावाट) र कास्कीको मदी-१ (१० मेगावाट) बाट उत्पादन हुने विद्युत् खरीद गर्ने सम्झौता भएको छ । विद्युत् खरीद सम्झौता भएकामध्ये चाकु खोला (१.५ मेगावाट सिन्धुपाल्चोक), सुनकोसी सानो (२.६ मेगावाट, सिन्धुपाल्चोक) र रैराङ खोला (०.५ मेगावाट, धादिङ) आयोजनाहरुको निर्माण कार्य शुरु भएको छ ।

१०.८ विद्युतीकरणको विस्तार गर्दै लैजाने क्रममा आर्थिक वर्ष २०५९/६० को अन्त्यसम्ममा उच्च भोल्टेज प्रसारण लाइन १३२ के.भि. स्तरमा सिंगल सर्किट ११३२ कि.मि., डवल सर्किट ४१२ कि.मि.; ६६ के.भि. स्तरमा सिंगल सर्किट २३१ कि.मि., डवल सर्किट १६१ कि.मि., चार सर्किट ३ कि.मि.; ६६ र १३२ के.भि. संयुक्त प्रसारण लाइनमा २२ कि.मि. र ३३ के.भि. स्तरमा २३६२ कि.मि. लाइन चालु रहेका छन् । हाल १३२ के.भि. तर्फ वुटवल-सुनौली (२३ कि.मि.), परवानीपुर-पथलैया (२० कि.मि.) तथा ३३ के.भि. तर्फ इलाम-फिदिम-ताप्लेजङ्ग (९० कि.मि.), सितलपाटी-मुसीकोट (५० कि.मि.), वुइपा-ओखलढुंगा (२९ कि.मि.), छिन्चु-राकम-जाजरकोट (७० कि.मि.), घोराही-होलेरी (४५ कि.मि.) र उदीपुर-वेशीसहर-मनाङ (९० कि.मि.) प्रसारण लाइनहरु निर्माणाधीन रहेका छन् । भारतसंग ५० मेगावाट सम्मको विद्युत् आदान-प्रदान भैरहेकोमा सो क्षमतालाई बढाई १५० मेगावाट पुऱ्याउने सैद्धान्तिक सहमति भएबमोजिम थप विद्युत् आदान-प्रदान हुन नेपाल-भारत सीमाका थप तीन विन्दुमा प्रसारण लाइन निर्माण गर्ने लक्ष रहेको छ । सो अनुसार १३२ के.भि. क्षमतामा वुटवल-सुनौली (२५ कि.मि.), परवानीपुर-विरगंज (२५ कि.मि.), ढल्केवार-भित्तामोड (४५ कि.मि.) प्रसारण लाइनहरु निर्माणार्थ आवश्यक अध्ययन एवं तयारीका कार्यहरु भैरहेकोमा हाल वुटवल-सुनौलीको निर्माण कार्य सुरु हुन लागेको छ । बांकी २ लाइनमध्ये ढल्केवार-भित्तामोड विश्व वैंकको सहयोगमा र परवानीपुर-वीरगंज एशियाली विकास वैंकको सहयोगमा निर्माण हुने भएको छ । बढ्दो शहरीकरणले गर्दा काठमाण्डौ उपत्यकाको विद्युत् प्रसारण

क्षमता सुदृढीकरण गर्न १३२ के.भि. क्षमताको "रिंगमेन" प्रसारण लाइन बनाउने क्रममा एशियाली विकास बैंकको ऋण सहयोगमा थानकोट-चापागाउ-भक्तपुर १३२ के.भि. प्रसारण लाइनको निर्माण सुरु भएको छ । विद्यमान खिम्ती तथा भोटेकोशी जलविद्युत् केन्द्रहरु लगायत त्यस भेग (सिन्धुपाल्चोक, दोलखा) मा निर्माण हुने नयाँ आयोजनाहरुको विद्युत् शक्ति नेपालको पूर्वी क्षेत्रमा प्रसारण गर्न खिम्ती-ढल्केवार २२० के.भि. प्रसारण लाइन (७५ कि.मि.) विश्व बैंकको सहयोगमा निर्माण गरिनेछ ।

१०.९ अधिराज्यका मुख्य सव-स्टेशन तथा पावर हाउसहरुलाई भार प्रेषण केन्द्रसंगको संचार प्रणाली तथा स्काडा (SCADA) मा आबद्ध गरी प्रणाली नियन्त्रण गर्ने र उत्पादन वृद्धि गर्ने उद्देश्यका साथ भार प्रेषण केन्द्र विस्तार आयोजना चालु आर्थिक वर्षमा सम्पन्न भै संचालनमा आइसकेको छ ।

१०.१० विद्युत् वितरणतर्फ श्री ५ को सरकार एवं नेपाल विद्युत् प्राधिकरणको आफ्नो स्रोतबाट विद्युत् सेवा पुगेका सबै जिल्लामा विद्युतीकरण विस्तार गर्ने कार्य जारी राखिएको छ । डेनमार्क सरकारको सहयोगमा कैलाली, कञ्चनपुर जिल्लामा थप विद्युतीकरणको कार्य भइरहेको छ । अधिराज्यका २७ जिल्लाका थप स्थानहरुमा विद्युतीकरण गर्न एशियाली विकास बैंकसंग गरिने ऋण सम्झौताको प्रारम्भिक कार्य शुरु भैसकेको छ भने भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ र काभ्रेपलाञ्चोक लगायतका जिल्लाहरुका थप स्थानहरुमा विद्युतीकरण गर्न विश्व बैंकसंग ऋण संझौता भएको छ । मध्यपश्चिम र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका आठ जिल्लाहरु (सुर्खेत, दैलेख, अछाम, डोटी, वझाङ, डडेल्धुरा, वैतडी र दार्चुला) मा विद्युतीकरण गर्ने सन्दर्भमा स्वीडेन सरकारको सहयोगमा सम्भाव्यता अध्ययनको कार्य पुरा भै हाल विद्युतीकरणको लागि सहयोग गर्न उक्त सरकारसंग वार्ता भैरहेको छ ।

१०.११ जल विद्युत् सेवा विस्तारको लागि यसको विस्तृत सम्भाव्यता अध्ययनको क्रम जारी नै रहेको छ । चमेलियागाड जल विद्युत् आयोजनाको विकासको लागि वित्तीय व्यवस्था एवं पूर्वाधार विकास गर्ने कार्य जारी रहेको छ । जलाशययुक्त आयोजनाको अध्ययन गर्ने क्रममा पहिचान गरिएका १०२ वटा संभाव्य आयोजनाहरुको प्रारम्भिक छनौटद्वारा ४ वटा आकर्षक देखिएका आयोजनाहरु जस्तै माथिल्लो सेती (तनहूँ), मादी ईशानेश्वर (कास्की, लम्जुङ), लाङटाङ (रसुवा) र मादी/वेगनास (कास्की) संभाव्यता अध्ययनको लागि छनौट भएकोमा माथिल्लो सेती आयोजनाको संभाव्यता अध्ययन सम्पन्न गरिएको छ । राष्ट्रिय विद्युत् प्रणालीमा विद्यमान माग र आपूर्तिमा मौसमी असन्तुलन हटाउन जलाशययुक्त आयोजनाको कार्यान्वयन आवश्यक भएकोले हालसम्मको अध्ययनबाट आकर्षक देखिएको १२२ मेगावाट क्षमताको माथिल्लो सेती जलाशययुक्त आयोजनाको विस्तृत अध्ययनका लागि वैदेशिक स्रोत जुटाउने प्रयास भै रहेको छ । मादी ईशानेश्वर आयोजनाको पहिलो चरणको संभाव्यता अध्ययनको कार्य समाप्त भएको छ । उत्तरगंगा (वाग्लुङ), नलसियाउगढ (जाजरकोट) आयोजनाहरुको पूर्व संभाव्यता अध्ययन तथा सेती त्रिशूली (तनहूँ) आयोजनाको पहिलो चरणको संभाव्यता अध्ययन चालु रहेको छ । नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रको संयुक्त लगानीमा जलविद्युत् आयोजनाहरु विकास गर्न माथिल्लो तामाकोशी, माथिल्लो मोदी (ए) आयोजनाहरुको अध्ययन कार्य जारी रहेको छ । दोलखा जिल्लास्थित तामाकोशी जलविद्युत् आयोजनाको अध्ययनका लागि नर्वे सरकारबाट अनुदान सहयोग प्राप्त

भएको छ । साना जलविद्युत् गुरुयोजना अध्ययन आयोजनाबाट ५ मेगावाट भन्दा कम क्षमताका संभाव्य आयोजनाहरुको विभिन्न स्तरको अध्ययन कार्य जारी रहेको छ ।

१०.१२ आर्थिक वर्ष २०५९/६० मा जलविद्युत् २१०६.८५ गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन ४.४ गेगावाट घण्टा र भारतबाट पैठारी १४९.९ गेगावाट घण्टा समेत गरी जम्मा २२६१.१ गेगावाट घण्टा विद्युत् आपूर्ति भएको मध्ये १५२२.२ गेगावाट घण्टा आन्तरिक खपत भएको र १८६.३ गेगावाट घण्टा भारत निकासी भएको थियो । चालु आर्थिक वर्ष २०६०/६१ मा कुल जलविद्युत् उत्पादन २८७४.९ गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन ५.५ गेगावाट घण्टा र भारतबाट पैठारी १०६ गेगावाट घण्टा गरी जम्मा २९८६.४ गेगावाट घण्टा पुग्ने अनुमान छ । यसरी उपलब्ध विद्युत्मध्ये चालु वर्षमा आन्तरिक खपत तर्फ १६६१.३५ गेगावाट घण्टा र भारत निकासी २४५.२७ गेगावाट घण्टा हुने अनुमान गरिएको छ ।

१०.१३ क्षेत्रगत हिसावमा आर्थिक वर्ष २०५९/६० मा विद्युत् ऊर्जाको उपभोग उद्योग क्षेत्रले २६.७ प्रतिशत, गार्हस्थ्य क्षेत्रले ३६.० प्रतिशत, व्यापारिक क्षेत्रले ६.१ प्रतिशत, निर्यात क्षेत्रले १०.९ प्रतिशत र विविध क्षेत्रले १०.३ प्रतिशत गरेको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ मा औद्योगिक क्षेत्रले ३५.६ प्रतिशत, गार्हस्थ्य क्षेत्रले ३६.२ प्रतिशत, व्यापारिक क्षेत्रले ५.८ प्रतिशत, निर्यात क्षेत्रले १२.९ प्रतिशत र विविध क्षेत्रले ९.७ प्रतिशत उपभोग गर्ने अनुमान गरिएको छ ।

१०.१४ आर्थिक वर्ष २०५९/६० को अन्त्यसम्ममा विद्युत् खपत गर्ने ग्राहक संख्या ९ लाख ७१ हजार पुगेकोमा आर्थिक वर्ष २०६०/६१ को अन्त्यमा यो संख्या ११ लाख पुग्ने अनुमान छ ।

## पेट्रोलियम पदार्थ

१०.१५ आर्थिक वर्ष २०५९/६० मा अघिल्लो वर्षको पेट्रोलियम पदार्थको खपतमा २.५ प्रतिशतले कमी आई ७८४०६४ किलो लिटर र एल.पी. ग्यासको खपत १५ प्रतिशतले वृद्धि भई ५६०७९ मे.टन भएको छ । यी दुबैको मूल्य रु. १९ अर्ब ३३ करोड छ । आर्थिक वर्ष २०५९/६० को प्रथम आठ महीनामा ५१९०६४ किलो लिटर पेट्रोलियम पदार्थ र ३७०१२ मे.टन एल.पी. ग्यास खपत भएकोमा आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महीनामा पेट्रोलियम पदार्थको खपतमा ७.५१ प्रतिशतले कमी र एल.पी. ग्यासको खपतमा १८.५३ प्रतिशतले वृद्धि भएको छ । यी दुबैको मूल्य रु. १५ अर्ब ५६ करोड छ ।

१०.१६ अत्यधिक मात्रामा खपत हुने पेट्रोलियम पदार्थमा डिजेल, मट्टितेल, पेट्रोल र हवाइ इन्धन नै देखिन्छन् । आर्थिक वर्ष २०५९/६० मा पेट्रोलियम पदार्थ (एल.पि. ग्यास वाहेक) को कुल खपतमध्ये डिजेलको अंश ३८.२६ प्रतिशत, पेट्रोलको अंश ८.६ प्रतिशत, मट्टितेलको अंश ४४.४७ प्रतिशत र हवाइ इन्धनको अंश ६.७४ प्रतिशत रहेको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महीनामा खपत भएको पेट्रोलियम पदार्थमध्ये डिजेलको अंश ३७.५७ प्रतिशत, पेट्रोलको अंश ९.१७ प्रतिशत, मट्टितेलको अंश ४२.९९ प्रतिशत र हवाइ इन्धनको अंश ८.८१ प्रतिशत रहेको छ ।

१०.१७. पेट्रोलियम पदार्थ सबै आयात गरी पूर्ति गर्नुपर्ने स्थिति रहेकोले नेपाल आयल निगमले भण्डारणको व्यवस्था समेत गरिनै रहेको छ। निगमको भण्डारण क्षमता ७०३०० किलो लिटर भएतापनि प्राविधिक कारणले गर्दा हालको संचालित भण्डारण क्षमता ६५१७४ किलो लिटर रहेको छ। देशमा खपत हुने पेट्रोलिम पदार्थको करीव ६५ प्रतिशत परिमाण इण्डियन आयल कर्पोरेशनको रक्सौल डिपोबाट आयात हुने गरेको र मौजुदा रक्सौल डिपोको लोडिङ क्षमता एवं रक्सौलदेखि वीरगंज भन्सार क्षेत्रसम्मको सवारी चापलाई दृष्टिगत गर्दा अव ट्रकबाट मात्र ढुवानी गराई बढ्दो पेट्रोलियम पदार्थको मार्ग पूर्ति गर्न कठिन देखिएकोले रक्सौल देखि अमलेखगंज डिपोसम्म पेट्रोलियम प्रोडक्ट पाइपलाइन विछ्याउनुपर्ने आवश्यकता महसुस गरिएको छ । रक्सौल-अमलेखगंज product pipeline विछ्याउने बारे इण्डियन आयल कर्पोरेशनसंग वार्ता जारी छ भने श्री ५ को सरकारको (मन्त्रीस्तरीय) निर्णय बमोजिम गठन गरिएको कार्यदलले pipeline सम्बन्धी प्रतिवेदन श्री ५ को सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा बुझाइसकेको छ र त्यसमाथि कार्यवाही चलिरहेको छ।

## कोइला

१०.१८ आर्थिक वर्ष २०५९/६० मा १३४.२३ हजार टन तेल शक्ति वरावर कोइला उत्पादन र आयात भई औद्योगिक प्रयोजनको लागि ९९.५ प्रतिशत र घरेलु प्रयोजनको ०.५ प्रतिशत खपत भएकोमा आर्थिक वर्ष २०६०/६१ मा १७१.६९ हजार टन तेल शक्ति वरावर कोइला उत्पादन र आयात भै ९९.६ प्रतिशत औद्योगिक प्रयोजनमा र ०.४ प्रतिशत घरेलु प्रयोजनमा खपत हुने अनुमान गरिएको छ। त्यस्तै नवीकरणीय ऊर्जा अन्तर्गत आर्थिक वर्ष २०५९/६० मा वायो ग्यास ३८.० हजार टन तेल शक्ति वरावर उत्पादन भई सम्पूर्ण घरेलु प्रयोगमा खपत भएकोमा आर्थिक वर्ष २०६०/६१ मा ४३.९५ हजार टन तेल शक्ति वरावर वायो ग्यास उत्पादन भई सम्पूर्ण परिमाण घरेलु उपभोगमा खपत हुने अनुमान छ।

## वैकल्पिक ऊर्जा

१०.१९ शौर्य ऊर्जा तथा लघु जलविद्युत् आयोजनाको लागि श्री ५ को सरकार, डेनिस तथा नर्वेजियन सरकारको अनुदान प्राप्त हुने आर्थिक स्रोतहरुलाई व्यवस्थित, सरल, छिटो-छरितो रुपमा परिचालन गर्न तथा आवश्यक ऋणको लागि बैंकहरुसंग समन्वय गरी ऋणको व्यवस्था गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत अन्तरिम ग्रामीण ऊर्जा कोषको स्थापना गरी संचालन भइरहेको छ । यसबाट ग्रामीण जनताको नयाँ तथा दिगो ऊर्जा प्रणालीहरुमा पहुँच वृद्धि भई राष्ट्रिय विद्युत् प्रसारणबाट विद्युत् सेवा पुग्न नसकेका ठाउँहरुमा विद्युत् सेवा पुगी यसबाट ज्यादै सकारात्मक प्रभाव देखिन थालेको छ । भविष्यमा उक्त कोषलाई ग्रामीण ऊर्जा कोषमा परिणत गरी सवै वैकल्पिक/नवीकरणीय ऊर्जाहरुको अनुदान परिचालन गर्ने नीति लिई तदनुरुप कार्य भइरहेको छ।

**गोबरग्यास**

१०.२० विगत वर्षहरुमा जस्तै चालु वर्षमा पनि गोबरग्यास प्लाण्ट स्थापना गर्ने कार्यले निरन्तरता पाएको छ। हाल संचालन भइरहेको गोवरग्यास कार्यक्रमलाई खास गरी गरीब जनताको पहुँचमा पुऱ्याई खाना पकाउने स्वच्छ सफा ग्यासको साथै यसबाट निस्कने लेदो मल (स्लरी) बाट गुणस्तरीय कम्पोष्ट मल तयार गरी उपलब्ध गराउन गोवरग्यास प्लाण्ट निर्माणको लागि सस्तो ब्याजदरमा छिटो, सरल तथा व्यवस्थित रुपमा ऋण उपलब्ध गराउने उद्देश्य अनुरुप वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा वायोग्यास कर्जा इकाइ स्थापना गरी चालु आर्थिक वर्षमा गोवरग्यासमा संलग्न लघु वित्तीय संस्थाहरुमार्फत ग्रामीण क्षेत्रमा विशेष गरी विपन्न जनता तथा महिलाहरुलाई सस्तो ब्याजदरमा तथा विना धितोमा ऋण उपलब्ध गराई २४७६ वटा गोवर ग्यास प्लाण्टहरु निर्माण गरिएको छ । उक्त ऋण जर्मनीको KFW बाट आर्थिक वर्ष २०५८/५९ देखि उपलब्ध भइरहेको छ । आर्थिक वर्ष २०५९/६० मा जम्मा २४,००० गोवरग्यास प्लाण्ट स्थापना गर्ने लक्ष्य रहेकोमा वैदेशिक सहायता अन्तर्गत (SNV र KFW को अनुदान) वैकल्पिक ऊर्जा केन्द्र र कृषि विकास वैंकको ऋण लगानीमा २०३५३ गोवरग्यास प्लाण्टहरु स्थापना भएको थियो । चालु आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिना सम्ममा ११४६ प्लाण्टहरु स्थापना भएका छन् ।

**लघु जलविद्युत्**

१०.२१ ग्रामीण क्षेत्रका वन-जंगलमा परिरहेको ऊर्जाको चापलाई कम गर्न तथा बगेर खेर गैरहेको जलस्रोतलाई सदुपयोग गर्नुको साथै छिटो छरितो तवरबाट विद्युत् उत्पादन गर्ने उद्देश्यले अभिप्रेरित भै कम क्षमता भएका लघु विद्युत् केन्द्र स्थापना कार्यले आर्थिक वर्ष २०५९/६० मा पनि निरन्तरता पाइनै रहेको छ। आर्थिक वर्ष २०५९/६० मा ५०० किलोवाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएकोमा वर्षको अन्त्यसम्ममा ३२२.७ किलोवाट उत्पादन भएको र आर्थिक वर्ष २०६०/६१ मा पनि १७५० किलोवाट उत्पादन हुने लक्ष्य राखिएकोमा चालु आर्थिक वर्षको प्रथम ८ महिना सम्ममा ४३३.८ किलोवाट विद्युत् शक्ति उत्पादन भएका छन् ।

**सौर्य ऊर्जा**

१०.२२ आर्थिक वर्ष २०५९/६० मा सौर्य घरेलु विद्युत्प्रणाली जडानतर्फ ९००० थान र सोलार ड्रायर/कुकर तर्फ ५० थान सौर्य ऊर्जा प्रणाली जडान गर्ने लक्ष्य रहेकोमा वर्षको अन्त्यसम्ममा घरेलु सौर्य प्रणाली १४२८४ र सोलार ड्रायरतर्फ १२२ थान सौर्य ऊर्जा प्रणाली जडान गरिसकिएको छ । आर्थिक वर्ष २०६०/६१ मा सौर्य घरेलु विद्युत् प्रणाली १०००० थान जडान गर्ने लक्ष्य रहेकोमा प्रथम आठ महिनासम्ममा १०६१६ थान सौर्य ऊर्जा प्रणाली जडान गरिसकिएको छ। त्यस्तै सोलार ड्रापर/कुकर १०० थान वितरण गर्ने लक्ष रहेकोमा प्रथम आठ महिनामा ६४ थान र सुधारिएको पानी घट्ट २०० थान जडान गर्ने लक्ष रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ११८ थान जडान गरिसकिएको छ ।

चार्ट १०(क) : विद्युत उत्पादन तथा खपत
(दश लाख किलो वाट घण्टामा)




## वन

१०.२३ सामुदायिक र कवुलियती वन जस्ता गाँउघरका जनतासम्म पुग्ने सवै कार्यक्रमहरुमा समष्टिगत आर्थिक विकासका आधारहरु बढाउने, सामाजिक सशक्तीकरण, लैङ्गिक समानता, सामाजिक न्याय र समता एवं सुशासन कायम गरी गरीव, महिला र विपन्न वर्गका जनताको जीविकोपार्जनका अवसरहरु बढाउन एकीकृत रुपमा कार्यक्रम संचालन गर्ने लक्ष्य अनुरुप आर्थिक वर्ष २०५९/६० मा उपभोक्ता समूह गठन ३७७ गोटा, सामुदायिक वनमा वृक्षरोपण ५३० हेक्टर, वन कार्य योजना तयारी ३९८ गोटा, विरुवा उत्पादन (उपभोक्ता समूहबाट) १०२८००० गोटा, विरुवा उत्पादन ( जि.व.का.बाट) ५७५००० गोटा, वन कार्य योजना पुनरावलोकन ११९७ गोटा, सा.व.निरिक्षण तथा अनुगमन ७१९८ गोटा, वन सीमाङ्कन निर्माण १९३ कि.मि., तालिम (सामुदायिक वनका विविध पक्षमा) ९११ पटक, नर्सरी निर्माण १७३ गोटा र विरुवा उत्पादन तथा वितरण ६००००० गोटा (केन्द्रीय स्तर) कार्यक्रम रहेकोमा उक्त आर्थिक वर्षमा १३७ गोटा वन उपभोक्ता समूह गठन, १३८ गोटा वनकार्य योजना तयारी, २६३ गोटा वन कार्य योजना पुनरावलोकन, ५५९ पटक तालीम, ९१ गोटा नर्सरी निर्माण र

केन्द्रिय स्तरमा ३००००० गोटा विरुवा उत्पादन गरी वितरण गर्ने कार्य भएको । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा सामुदायिक र कवुलियत वन जस्ता कार्यहरुलाई समन्वय गरी गरीव, महिला तथा विपन्न वर्गसम्म पुऱ्याउने हेतुले एकीकृत रुपमा कार्यक्रम संचालन गरिएको छ । उपभोक्तालाई वनमा आधारित व्यवसाय र उद्योग संचालन गर्न संस्थागत रुपमा ऋण उपलब्ध गराउने कानूनी व्यवस्था गर्न सोको मस्यौदा तयार गरिएको छ । आधारभूत सेवा प्रवाह गर्ने अधिकार स्थानीय स्तरमा निक्षेपण गर्ने उद्देश्यले निम्न आय भएका गरिवीको रेखामुनिका जनताको जीवनस्तर उकास्न १४८ वटा कवुलियती वन समूह गठन गरिएको छ । कवुलियती वन समूहका सदस्यहरुका लागि जग्गा विकास, माहुरी पालन, नर्सरी व्यवस्था जस्ता तालीम संचालन गरिएको छ ।

१०.२४ वन तथा चरनमा आधारित व्यवसायको विकासबाट ग्रामीण स्तरमा वातावरणको सुधार तथा विपन्न वर्गको रोजगारीको अवसर सृजना गर्न हिमाली तथा पहाडी क्षेत्रमा साम्प्रदायिक वन, कवुलियती वन तथा चरन विकास कार्यक्रम; संरक्षित मध्यमवर्ती क्षेत्रमा सहभागितात्मक वन व्यवस्थापन र पर्या-पर्यटन जस्ता कार्यक्रममा जोड दिइने नीति अनुरुप आर्थिक वर्ष २०५९/६० मा स्थानीय स्तरबाटै सामुदायिक वनको विकास गरी व्यवस्थापन तथा सदुपयोग गर्न १३७ वन उपभोक्ता समूह गठन भै १३८ वटा वन कार्य योजना तयारी तथा वन हस्तान्तरण भएको छ । कवुलियती वनमा घाँसको विकास गरी पशुपालनमा टेवा पुगेको छ भने नांगो पाखामा हरियाली भई वातावरणमा सुधार आएको छ । चालु आर्थिक वर्ष २०६०/६१ मा हिमाली तथा पहाडी क्षेत्रमा सामुदायिक वन, कवुलियती वन तथा चरन विकास कार्यक्रम संचालन भैरहेको र भित्री मधेसमा स्थानीय जनता समूहलाई सरिक गराई सहभागितात्मक वन व्यवस्थापनको नीति अनुरुप वारा, पर्सा र रौतहटमा कार्यक्रम संचालन गरिन लागेको छ । आर्थिक वर्ष २०५९/६० मा भित्री मधेशमा स्थानीय समुदायको सहभागितामा सामुदायिक वनको व्यवस्थापन गर्न विभिन्न १८ जिल्लामा गरी कूल ६५ वन उपभोक्ता समूह गठनसंगै ५६ वटा वन कार्य योजना तयार गरी वन हस्तान्तरण गरिएको छ ।

१०.२५ झाडी-बुट्यान भएका वन क्षेत्रलाई दिगो वन विकासको दृष्टिकोणले उपयुक्त वन पैदावार उत्पादन तथा पर्यटनको निमित्त लामो अवधिको कवुलियत गरी दिने व्यवस्था गर्नुको साथै जडिवुटी, हरिण, वाँदर, वँदेल, सुगा जस्ता वन्यजन्तु एवं पशुपंक्षी पालन कार्यमा आवश्यक कानूनी व्यवस्था गरी निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने नीति अनुरुप चालु आर्थिक वर्षमा विभिन्न इच्छुक संघ-संस्थालाई प्रतिस्पर्धाको आधारमा कवुलियत वन उपलब्ध गराउने निर्णय वन विभागले गरेको छ । श्री ५ को सरकारले पूर्वाञ्चलका झापा, इलाम र ताप्लेजुङ्गको ५७५ हेक्टर, मध्यमाञ्चलको काठमाण्डौको ७० हेक्टर र पश्चिमाञ्चलको नवलपरासीको ३०६.५ हेक्टर वन क्षेत्रहरु निजी क्षेत्रलाई उपलब्ध गराउन आवश्यक कार्यवाही चलाएको छ । पूर्वाञ्चल र पश्चिमाञ्चलमा क्षेत्र छनौट गरी प्रस्ताव आव्हान भै परेको प्रस्तावको मूल्यांकन भैरहेको छ भने मध्यमाञ्चलको ७० हेक्टर वन कवुलियत वनको रुपमा प्रस्ताव आव्हान गरिएको छ ।

१०.२६ अति महत्वपूर्ण तर लोप हुँदै जान लागेको जडिवुटिहरुको उपयुक्त प्रविधि सम्बन्धी अनुसन्धान र तथ्यांक संकलन गरी त्यस्ता प्रजातिहरुको संरक्षण र दिगो व्यवस्थापनमा

जोड दिई हिमाली एवं पहाडी क्षेत्रहरुमा रोजगारी अभिवृद्धि, निकासी प्रवर्द्धन एवं आय आर्जनको प्रमुख स्रोतको रुपमा जडिवुटी उत्पादन, प्रशोधन एवं बजार व्यवस्थापनमा संम्वन्धित निकायहरु र निजी क्षेत्र समेतको सहभागितामा राष्ट्रिय कार्यक्रम अगाडि बढाउने नीति रहेकोमा आर्थिक वर्ष २०५९/६० मा दोलखा, रामेछाप, ललितपुर, डोल्पा, हुम्ला र जुम्ला जस्ता जिल्लाहरुमा उद्योग, वाणिज्य, कृषि, वन तथा स्वास्थ्य क्षेत्रसंग सम्वन्धित निकायहरु र निजी क्षेत्र समेतको सहभागितामा कार्यक्रम संचालन गरिएकोमा चालु आर्थिक वर्ष २०६०/६१ मा लोप हुन लागेको चिराइतो, सर्पगंधा र सुगन्धवाल जस्ता जडीवुटीको साथै रुद्राक्षको वायोटेक्नोलोजी प्रविधिबाट उन्नत र गुणस्तरीय विरुवा उत्पादन गरी तिनीहरुलाई सिसी भित्र संरक्षण गरी राखिएको छ । फिल्ड परीक्षणको क्रममा सुगन्धवालका विरुवाहरु जिल्ला वनस्पति कार्यालय मकवानपुरको टिष्टुङ र गोदावरीमा लगाइएको छ । भौगोलिक क्षेत्रको आधारमा वनस्पतिहरुको वंशानुगत स्रोतको संरक्षण गर्न अधिराज्यका विभिन्न १३ स्थानमा उद्यमहरुको व्यवस्था गरिएको छ । जडिवुटी एवं गैर-काष्ठ वन पैदावार समन्वय समितिको पहलमा ३० प्रकारका जडिवुटीहरुको पहिचानका साथ सूची तयार गरी तीमध्ये १२ वटालाई खेती प्रविधि विकास तथा अनुसन्धानका लागि छनौट गरिएको छ ।

१०.२७ वन पैदावार विकास कार्यक्रम अन्तर्गत सागरनाथ र नेपालजंग वन विकास परियोजनामा छिटो बढ्ने खालका विरुवा वृक्षरोपण गर्ने, रुखहरु काट्ने, छाँट्ने, काठ दाउरा उत्पादन गरी बिक्री वितरण गर्ने र वन पैदावारको विकास गर्नुका साथै राजस्व बढाउन एवं राष्ट्रिय उत्पादनको अभिवृद्धि गर्न वन स्रोतको अधिकतम उपयोग गरिने लक्ष रहेकोमा आर्थिक वर्ष २०५९/६० मा २७००० वटा पोल उत्पादन गर्ने, ४५०० चट्टा दाउरा उत्पादन गर्ने र २५००० क्यू फिट गोलीया काठ उत्पादन गर्ने कार्यक्रम रहेको थियो । यस अनुसार आर्थिक वर्ष २०५९/६० मा १०६४६ थान पोल, ६९५३४ क्यू फिट गोलिया र २६१० चट्टा दाउरा उत्पादनका साथै १११३७ थान पोल, ६९१८९ क्यू फिट गोलीया र ८२५० चट्टा दाउरा बिक्री गरी राजस्व वृद्धिमा योजदान दिइएकोमा आर्थिक वर्ष २०६०/६१ मा राष्ट्रिय वन उत्पादन अभिवृद्धि गर्ने उद्देश्यले तराई तथा भित्री मधेशका विभिन्न १९ जिल्लाहरुका लागि वन व्यवस्थापन कार्य योजना तयार गरी कार्यान्वयन गरिएको छ । चालु आर्थिक वर्षको आठ महिनाभित्र वन पैदावार रोयल्टी वापत रु. ११६९ लाख प्राप्त भएको छ भने वन पैदावार बिक्रीबाट रु. ४१५००००० समितिलाई आम्दानी हुनुका साथै राजस्व रु. २५८००००० र मू.अ.कर रु. ३१००००० संकलन भएको छ ।

१०.२८ पर्यटन विकास र गरिवी निवारणका लागि आरक्षहरुको प्रभावकारी उपयोग गर्न आर्थिक वर्ष २०६०/६१ देखि वातावरण र जैविक विविधता संरक्षणमा कुनै कमी नल्याइने शर्तमा इच्छुक गैरसरकारी वा अन्य संस्थालाई शाही चितवन राष्ट्रिय निकुञ्ज, शाही वर्दिया राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज र शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष वाहेक अन्य संरक्षण क्षेत्रहरुको व्यवस्थापन गर्न दिइने नीति अनुरुप चालु आर्थिक वर्षमा कन्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन गर्न कंचनजंघाको व्यवस्थापन समितिले प्रस्ताव सहित माग गरिएकोमा श्री ५ को सरकारको निर्णयानुसार व्यवस्थापन कार्य योजना तयार गर्न आशय पत्र प्रदान गरिएको छ । त्यस्तै श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषलाई शिवपुरी राष्ट्रिय

निकुञ्ज, शे-फोक्शुण्डो राष्ट्रिय निकुञ्ज र रारा राष्ट्रिय निकुञ्ज व्यवस्थापनको लागि कार्य योजना तयार गर्न श्री ५ को सरकारको निर्णयानुसार आशयपत्र प्रदान गरिएको छ ।

१०.२९ वन, वन्यजन्तु, वनस्थली एवं जलाधार व्यवस्थापन क्षेत्रमा नयाँ प्रविधि र उपायलाई प्रवर्द्धन गर्न अनुसन्धान तथा सर्वेक्षणका कार्यहरु पनि अघि बढाइने र वन, भू-संरक्षण र वन्यजन्तु संरक्षण क्षेत्रमा चेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरुलाई प्राथमिकताका साथ लागू गर्ने लक्ष लिइएकोमा चालु आर्थिक वर्ष २०६०/६१ मा नेपाल जैविक विविधता अनुसन्धान समाजले नेपाललाई रातो बाँदर (rhesus monkey) पालन र प्रजनन तथा नेपाल पक्षी संरक्षण संघलाई गिद्ध अनुसन्धान सम्वन्धी आशयपत्र प्रदान गरिएको छ । त्यस्तै सर्प सम्वन्धी अनुसन्धानका लागि र भैरहवा क्षेत्रमा वंदेल पालन प्रजनन तथा अनुसन्धानका लागि सिद्धार्थनगर नगरपालिकाका व्यक्तिलाई आशयपत्र दिइएको छ । जलाधार व्यवस्थापन क्षेत्रमा नयाँ प्रविधि र उपायहरुलाई प्रवर्धन गर्न भू-संरक्षण प्रविधि संम्वन्धी अध्ययन एवं विश्लेषण शुरु गरिएको छ ।

१०.३० सामुदायिक वन कार्यक्रमलाई वनको विकास, संरक्षण र उपयोगको रणनीतिका रुपमा अवलम्वन गरिने र भूमिहीन किसान तथा न्यून आय वर्गका उपभोक्ता मार्फत कवुलियती वन तथा चरण क्षेत्र विकास कार्यक्रम अन्तर्गत वन उपभोक्ता समूहलाई वनमा आधारित व्यवसाय र उद्योग संचालन गर्न संस्थागत रुपमा ऋण उपलव्ध गराउने कानूनी व्यवस्था गर्ने नीति अनुरुप चालु आर्थिक वर्षमा शाही चितवन राष्ट्रिय निकुञ्जमा १६ वटा मध्यवर्ती सामुदायिक वन हस्तान्तरण तथा ४५ वटा मध्यवर्ती सामुदायिक उपभोक्ता समूह गठन गरी विधान दर्ता भई कार्य योजना तयार गरी हस्तान्तरण गर्ने कार्य भैरहेको छ भने शाही वर्दिया राष्ट्रिय निकुञ्जमा ३२ वटा मध्यवर्ती सामुदायिक वन हस्तान्तरण तथा १८ वटाको कार्य योजनाको तयारी भएको छ । लाङटाङ राष्ट्रिय निकुञ्जमा १२ वटा, शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा ११ वटा, मकालु वरुण राष्ट्रिय निकुञ्जमा ६ वटा, सगरमाथा राष्ट्रिय निकुञ्जमा ६ वटा, शाही शुक्ला फाँटा आरक्षको प्रस्तावित क्षेत्रमा ११ वटा, कोशी टापु वन्यजन्तु शाखामा १ वटा र पर्सा वन्य जन्तु आरक्षको प्रस्तावित क्षेत्रमा ६ वटा सामुदायिक वन हस्तान्तरण भएको छ ।

१०.३१ प्राकृतिक वातावरण र विकासवीच सन्तुलन कायम राख्न वन क्षेत्रले ढाकेको क्षेत्रफल वृद्धि गरी राष्ट्रिय औसत ४० प्रतिशतमा कायम राख्न जिल्ला स्तरमा वन संरक्षण र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाई वनले ढाकेको क्षेत्रफल वृद्धि गर्न र वन अतिक्रमण नियन्त्रणमा जोड दिंदै आवश्यक कार्यक्रमहरु ल्याउने नीति अनुरुप गत आर्थिक वर्ष २०५९/६० मा विभिन्न जिल्लाहरुमा गरी जम्मा ९७२३.३४ हेक्टर वन क्षेत्रबाट अतिक्रमण हटाइएको र अतिक्रमण हटाइएको वन क्षेत्रको पुर्नस्थापनाको लागि वृक्षरोपण गर्ने कार्य भैरहेको छ । चालु आर्थिक वर्ष २०६०/६१ मा २ लाख विरुवा उत्पादन तथा १०० हेक्टर वृक्षरोपणको कार्यक्रम रहेकोमा सो कार्यक्रमलाई अतिक्रमण भएको क्षेत्रमा संचालन गरिएकोछ ।

१०.३२ भूमिगत जल तथा भूमिको संरक्षणको लागि चुरे, भावर र तराई क्षेत्रमा भू तथा नदी किनारा संरक्षण गर्ने गरी एकीकृत जलाधार व्यवस्था कार्यक्रम र भू तथा जलाधार

संरक्षण कार्यक्रम लागू भएका जिल्लाहरुमा उप-जलाधार क्षेत्र पहिचान गरी एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम संचालन गर्ने नीति अनुरुप चालु आर्थिक वर्षमा चुरे भावर क्षेत्रका ११ वटा जिल्लामा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमहरु उपलव्ध सीमित स्रोत र साधनबाट संचालन भइरहेको छ ।

१०.३३ विगत आर्थिक वर्षहरुदेखि चालू रहेको वनस्पति विकास कार्यक्रम, वनस्पति उद्यान विकास, नेपाल फ्लोरा, जडिवुटी प्रवर्द्धन कार्यक्रम र अन्तर्राष्ट्रिय पर्वतीय वर्ष सन् २००२ तथा संयुक्त राष्ट्र संघको आव्हानलाई निरन्तरता दिई दामनमा वनस्पति उद्यान संचालन गर्ने, हार्वेरियम तथा म्युजियमको व्यवस्थापन तथा सुदृढीकरण, वैज्ञानिक प्रकाशन, अनुसन्धान जस्ता कार्यक्रम ल्याउने नीति अनुरुप गत आर्थिक वर्ष २०५९/६० मा उच्च हिमाली भेग (लाङटाङ) मा विरुवा संकलन कार्य हुनुका साथै उल्लिखित कार्यक्रमहरु प्रकृति सम्पदा अनुसन्धानशाला, थापाथली र राष्ट्रिय हार्वेरियम प्रयोगशाला गोदावरीबाट संचालन भै रहेको र सो कार्यलाई चालु आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ ।

१०.३४ वानस्पतिक जैविक विविधताको पूर्ण अभिलेख तयार गर्न दश बर्षीय नेपाल फ्लोरा आयोजना गत आर्थिक वर्ष २०५९/६० बाट शुरु गरिएको छ । यस आयोजनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सहयोगका माध्यमबाट वानस्पतिक जैविक विविधताको पूर्ण अभिलेख तयार गर्ने लक्ष्य अनुरुप विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय गरी नेपाल फ्लोरा प्रकाशनको कार्य चालु आर्थिक वर्षमा पनि कायमै रहेको छ । यस्तै वन विकास गुरु योजनाले लक्षित गरेको जडिबुटी केन्द्र (herbal centre) को अवधारणालाई कार्यान्वयन गर्न ६ वटा जडिवुटी प्रवर्द्धन केन्द्रको स्थापना, १०० वटा जडिबुटी विकास समूहको गठन तथा १५०० जडिबुटी समूह सदस्यहरु तयार हुने लक्ष लिइएकोमा गत आर्थिक वर्ष २०५९/६० मा यस योजना अन्तरगत ७ जिल्लामा कार्यक्रम संचालन गरिएको र सो कार्यक्रम चालु आर्थिक वर्षमा पनि कायमै रहेको छ ।

## जनसंख्या तथा वातावरण

१०.३५ जनसंख्यालाई विकाससंग एकीकृत गर्दै वाह्रौं योजनाको अन्त्यसम्म नेपालको प्रजनन दरलाई प्रतिस्थापन तहमा पुऱ्याउने र शिक्षित, स्वस्थ तथा शीपयुक्त मानव स्रोत विकास गरी गरिवी निवारणमा सघाउ पुऱ्याउने दशौं योजनाको दीर्घकालीन उद्देश्य अनुरुप आर्थिक वर्ष २०५९/६० मा जनसंख्या तथा वातावरण मन्त्रालयको राष्ट्रिय जनसंख्या कार्यक्रम अन्तरगत जनसंख्या सम्वन्धी दीर्घकालीन नीति, योजना र कानून तर्जुमा, स्थानीय स्तरमा जनसंख्या व्यवस्थापन तथा किशोर किशोरी लक्षित कार्यक्रम राखिएकोमा सो आर्थिक वर्षको अन्त्यसम्ममा जनसंख्या सम्वन्धी दीर्घकालीन योजनाको आधारपत्रको मस्यौदा तयार गरिएको छ । जनसंख्या व्यवस्थापनमा स्थानीय निकायको भूमिका अभिवृद्धि गर्न जिल्ला विकास समितिको अगुवाइमा सम्बद्ध सरकारी तथा गैरसरकारी निकायहरुलाई संलग्न गराई स्थानीय स्तरमा जनसंख्या व्यवस्थापनको अवधारणा विकास गरी कार्यान्वयनमा ल्याइएको छ । यस अनुसार, उक्त कार्यक्रमलाई आर्थिक वर्ष २०५९/६० मा ६ जिल्लामा लागू गरिएकोमा आर्थिक वर्ष २०६०/६१ मा थप ५ जिल्लामा लागू गरिएको छ । यसैगरी किशोर-किशोरी लक्षित कार्यक्रमहरुको

प्रभावकारिता बढाउने परिप्रेक्ष्यमा जिल्ला स्तरमा कार्यरत गैर-सरकारी निकायहरुलाई क्रियाशील तुल्याउन जि.वि.स.लाई केन्द्रविन्दु बनाई सहभागितात्मक कार्यक्रम संचालन भैरहेको छ । गत आर्थिक वर्ष २०५९/६० मा जनसंख्या सम्वन्धी नीति, दीर्घकालीन योजना र कानून तर्जुमा गर्ने सन्दर्भमा जनसंख्या सम्वन्धी दीर्घकालीन योजनाको आधारपत्रको नेपाली संस्करण तयार हुनुका साथै किशोर-किशोरी लक्षित अवधारणापत्र तयार भै वितरण समेत भैसकेको छ । यस्तै, उक्त आर्थिक वर्षमा जनसांख्यिक शब्दावली (terminology) तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको, जनसंख्या र वातावरण सम्वन्धी तथ्य र तथ्याङ्क (facts and figures) तथा नेपाल जनसंख्या प्रतिवेदन २०६० तयार भई वितरण भइसकेको छ । चालु आर्थिक वर्ष २०६०/६१ मा जनसंख्या सम्वन्धी दीर्घकालीन अवधारणपत्र स्वीकृत हुनुका साथै लैगिक मूलप्रवाहीकरण सम्वन्धी प्रतिवेदन र जनसंख्या प्रक्षेपण सम्वन्धी विवरण (population projections for nepal 2001-2021) तयार भै वितरण समेत भैसकेको छ ।

१०.३६ संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको सहयोगमा सप्तरी, महोत्तरी, रौतहट, कपिलवस्तु, दाङ र डडेल्धुरामा जनसंख्या तथा प्रजनन स्वास्थ्य एकीकृत कार्यक्रम संचालन भएको छ । जनसंख्या प्रजनन स्वास्थ्य तथा लैंगिक सवालहरुमा नीतिगत एकीकरण गर्ने, जिल्लास्तरीय कार्यालयहरुको कार्यान्वयन क्षमता बढाउने तथा लैंगिक समता एवं सशक्तीकरण सम्वन्धी नीति र कार्यनीतिहरु तर्जुमा गर्ने सम्वन्धमा यस कार्यक्रमबाट सहयोग पुगेको छ । चालु आर्थिक वर्ष २०६०/६१ मा यस कार्यक्रमको लागि रु. १२ करोड विनियोजन भएकोमा श्री ५ को सरकारका तर्फबाट रु. ९२ लाख ८३ हजार र अमेरिकी डलर एक लाख ५९ हजार खर्च भएको छ ।

१०.३७ आर्थिक वर्ष २०५९/६० मा विकेन्द्रित कार्यक्रम, शहरी वातावरण सुधार, वातावरण प्रभाव मूल्यांकन, महासन्धिको कार्यान्वयन, वातावरण कोष, वातावरणीय प्रवर्द्धन तथा जन चेतना, वातावरणीय संगठनात्मक सुदृढीकरण, वातावरणीय पुनर्स्थापना जस्ता कार्यक्रम समावेश गरी २८ वटा क्रियाकलाप गर्ने लक्ष्य लिइएकोमा यी सवै कार्यक्रमहरु दोस्रो प्राथमिकता (P2) मा परी समयमै बजेट व्यवस्था हुन नसकेकोले कार्यक्रम कार्यान्वयन हुन नसकेतापनि वातावरण प्रभाव मूल्यांकन, महासन्धिको कार्यान्वयन, वातावरणीय प्रवर्द्धन तथा जनचेतना जस्ता कार्यहरु सम्पन्न भएका छन् । चालु आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा वार्षिक कार्यक्रमको ८० प्रतिशत सम्म प्रगति हुने अनुमान गरिएको छ ।

१०.३८ काठमाडौ उपत्यकाको फोहोरमैलाको दिगो व्यवस्थापन गर्नका लागि नुवाकोटको ओखरपौवामा अल्पकालीन फोहोर तह-लगाउने स्थल तयार गरी यथासंभव चालु आर्थिक वर्ष देखि नै प्रयोगमा ल्याउने तथा जनचेतना अभिवृद्धि गरी वातावरणीय प्रदूषण नियन्त्रण गर्ने र फोहोरलाई स्रोतको रुपमा परिचालन गर्ने लक्ष्य सहित आर्थिक वर्ष २०५४/५५ देखि शुरु भएको फोहोर मैला व्यवस्थापन कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०६०/६१ मा १८ रोपनी जग्गा अधिग्रहण, २६.४२२ कि.मि. प्रवेश मार्ग निर्माण, कोल्पुखोलामा पुल निर्माण, ४ हेक्टरमा ल्याण्डफिल्ड साइट विकास, स्थानीय स्तरको विकास निर्माण, अल्पकालीन ल्याण्डफिल्ड साइट विकास जस्ता कार्य गर्ने लक्ष लिइएकोमा चालु आर्थिक वर्षको पहिलो आठ महिनाको अवधिमा १८ रोपनी जग्गा अधिग्रहण, १.७६० कि.मि. ग्राभेलिङ एवं कालोपत्रे गर्ने कार्य सम्पन्न भैसकेको छ ।

१०.३९ फिनल्याण्ड सरकारको सहयोगमा मोरङ र सुनसरी जिल्लाका ३ नगरपालिका र ७ वटा गा.वि.स.मा स्थानीयस्तरमा वातावरणीय व्यवस्थापन सम्वन्धी कार्यक्रम आर्थिक वर्ष २०५८/५९ देखि संचालित रहेकोमा चालु आर्थिक वर्ष २०६०/६१ मा यस कार्यक्रमका लागि रु. ४ करोड ९८ लाख बजेट विनियोजन भएको छ । यस कार्यक्रममा वातावरणीय वस्तुस्थिति अध्ययन, पानीको प्रयोगशाला स्थापना वारे अध्ययन, ट्युववेलहरुको पानी नमूनाको नियमित संकलन र परीक्षण, शहरी वातावरण योजना तर्जुमा समिति गठन, फोहोर मैला व्यवस्थापन तथा कम्पोष्ट मल उत्पादन र वातावरण संरक्षण तथा अनुगमन कार्यहरु समावेश गरिएको छ ।

## चुनौतीहरु

१०.४० देशमा दिन-प्रतिदिन ऊर्जाको मागको वृद्धिको क्रम जारी नै छ । कुल ऊर्जा खपतको अधिकांश हिस्सा परम्परागत ऊर्जाबाट नै पूर्ति भएको देखिन्छ । यसबाट देशको वन संपदामा ठूलो चाप परी वातावरणीय असन्तुलन बढ्दै गएको छ । माग वमोजिमको ऊर्जा आपूर्ति गर्न र वन क्षेत्रको विनाश रोक्न निर्माणाधीन विद्युत् आयोजनाको निर्माण यथासम्भव चाँडो पूरा गर्नुका साथै स-साना जलविद्युत् आयोजना सम्पन्न गराई सुलभ र सुपथ मूल्यमा विद्युत् आपूर्ति गर्नु अहिलेको ठूलो चुनौती भएकोमा देशमा विद्यमान शान्ति सुरक्षाको असहज स्थितिले गर्दा समस्या झन् जटिल वन्दै गएको छ ।

१०.४१ देशमा विद्यमान वैकल्पिक ऊर्जामा वायोग्यास, लघु जलविद्युत्, सौर्य शक्ति तथा वायुशक्तिको नै प्रमुख स्थान रहेको छ । यी स्रोतहरुको संभाव्यता प्रशस्त मात्रामा भएतापनि तिनको समुचित विकास भने हुन सकेको छैन । वर्तमान स्थितिमा सुरक्षाको प्रतिकूल परिस्थितिले गर्दा निर्माण सामग्री प्राप्त गर्न कठिनाइ हुनु तथा अनुदान रकमको पर्याप्त व्यवस्था हुन नसक्नु जस्ता कठिनाइहरु कायमै रहेका छन् ।

१०.४२ राष्ट्रिय जनगणना, २०५८ को नतिजा अनुसार २०४८-२०५८ को अवधिमा देखिएको जनसंख्याको वार्षिक वृद्धि दर २.२ प्रतिशत अझ पनि उच्च नै हुँदा जनसंख्या व्यवस्थापनलाई अझ बढी प्रभावकारी बनाउदै लैजानु एक अर्को चुनौतीको रुपमा रहेको छ ।

१०.४३ आवश्यक कानूनी, नीतिगत तथा संस्थागत पूर्वाधारहरुको अझै पनि पर्याप्त व्यवस्था भइनसकेका कारण दुर्लभ जनावरहरुको गैर-कानूनी ओसारपसारमा प्रभावकारी नियन्त्रण हुन सकेको देखिँदैन । यसका लागि यस सम्वन्धी निषेध तथा नियन्त्रण वारेको विधेयक तथा वन्यजन्तु पालन (farming) को कानूनी आधार यथाशीघ्र तयार हुनु अत्यन्त आवश्यक देखिएको छ ।

१०.४४ आर्थिक वर्ष २०६०/६१ मा पनि प्रतिव्यक्ति जलविद्युत् उपभोग न्यून नै रहेकोले प्रतिव्यक्ति विद्युत् उपभोग बढाउन उत्पादन बढ्नुपर्ने हुँदा जलविद्युत् उत्पादन र उपभोगको परिमाणमा वृद्धि ल्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।

१०.४५ नेपालमा जलविद्युत्को उत्पादन लागत निकै उच्च रही आएकोले यसको निर्यातले मूर्त रुप लिन सकेको छैन । विद्युत् निर्यातको ठूलो संभाव्य क्षमता र बजारको संभावना भैकन पनि उच्च लागत मूल्यका कारण निर्यात हुन नसकेको हुँदा कम लागतमा विद्युत् उत्पादन गर्नु अर्को प्रमुख चुनौती रहेको छ ।

# ११. यातायात तथा संचार

## सडक यातायात

११.१ दशौं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा ७० वटा जिल्लाका सदरमुकामसम्म मोटरवाटोको सुविधा पुऱ्याउने उद्देश्य रहेकोमा हालसम्म ६० वटा जिल्ला सदरमुकाम सडक यातायातबाट जोडिएका छन् । आर्थिक वर्ष २०६०/६१ भित्र ४ जिल्ला सदरमुकामलाई सडक यातायातबाट जोड्ने लक्ष्य रहेता पनि शान्ति-सुरक्षाको प्रतिकूलताका कारण प्रथम आठ महिनासम्ममा कुनै प्रगति हुन सकेको छैन । आर्थिक वर्ष २०५९/६० को अन्त्यसम्म कालोपत्र ४ हजार ६ सय ४७ कि.मी., खण्डास्मित ४ हजार ३४ कि.मी. र कच्ची सडक ७ हजार ३ सय ३७ कि.मी. गरी जम्मा १६ हजार १८ कि.मी. सडक निर्माण भएकोमा आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा कालोपत्र ११ कि.मी. खण्डास्मित ३ कि.मी. र कच्ची सडक १० कि.मि. गरी जम्मा २४ कि.मी. मात्र सडक निर्माण भई नेपालको सडक लम्बाइ कालोपत्र ४ हजार ६ सय ५८ कि.मी., खण्डास्मित ४ हजार ३७ कि.मी. र कच्ची सडक ७ हजार ३ सय ४७ कि.मी. गरी कुल लम्बाई १६ हजार ४२ कि.मी. पुगेको छ ।

**तालिका ११(क) : नेपालमा उपलब्ध सडक सुविधा**

कि.मि.

| क्र.सं. | किसिम | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०५९/६०+ | २०६०/६१* | २०६०/६१** | |
| | | | | कि.मी. | अंश प्रतिशत |
| १ | कालोपत्र | ४६४७ | ११ | ४६५८ | २९.० |
| २ | खण्डास्मित | ४०३४ | ३ | ४०३७ | २५.२ |
| ३ | कच्ची सडक | ७३३७ | १० | ७३४७ | ४५.८ |
| | जम्मा | १६०१८ | २४ | १६०४२ | १००.० |

+ २०५९/६० को अन्त्यसम्म ।
** फाल्गुण मसान्तसम्म थप सडक सुविधा ।*
*** फाल्गुण मसान्तसम्मको जम्मा ।*
*स्रोत : सडक विभाग, बबरमहल, काठमाडौं ।*
*नोट : सडक विभागबाट बनाइएको सडक मात्र समावेश गरिएको ।*

## सवारी साधन

११.२ नेपाल अधिराज्यमा आर्थिक वर्ष २०५९/६० को अन्त्यसम्ममा कुल सवारी साधन संख्या ३ लाख ९२ हजार ५६५ रहेकोमा चालु आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा २६ हजार ३४५ (६.७ प्रतिशत) ले वृद्धि भई सवारी साधनहरुको कुल संख्या ४ लाख १८ हजार ९१० पुगेको छ । यसरी अधिराज्यभर आर्थिक वर्ष २०६०/६१ को फाल्गुण मसान्तसम्ममा सरदर प्रति कि.मी. २६ वटा सवारी साधनहरु पुगेको अनुमान छ । गत आर्थिक वर्षमा सरदर प्रति कि.मी. २४ सवारी साधन थिए ।

**चार्ट ११(क) : सडक सुविधाको विस्तार**




**तालिका ११(ख) : सवारी साधनहरुको संख्या**

| किसिम | आर्थिक वर्ष | | कुल | प्रतिशत वृद्धि |
|---|---|---|---|---|
| | २०५९/६०* | २०६०/६१** | | |
| बस | ११८४६ | ५६० | १२४०६ | ४.७ |
| मिनिबस | ३७३४ | १७९ | ३९१३ | ४.८ |
| ट्रक, टेंकर | २४५९० | ९८६ | २५५७६ | ४.० |
| कार, जीप, भ्यान | ६६३९५ | ४५९२ | ७०९८७ | ६.९ |
| ट्राक्टर | २९६६५ | १५५९ | ३१२२४ | ५.३ |
| मोटरसाइकल | २४४४०२ | १७६६५ | २६२०६७ | ७.२ |
| टेम्पो | ७१९९ | ९ | ७२०८ | ०.१ |
| डोजर, क्रेन र अन्य | ४७३४ | ७९५ | ५५२९ | १६.८ |
| जम्मा | ३९२५६५ | २६३४५ | ४१८९१० | ६.७ |
| प्रति कि.मी. सवारी संख्या | २४ | – | २६ | – |

** २०५९/६० को अन्त्यसम्म ।*
*** फाल्गुण महिनासम्म थप*
*स्रोत : यातायात व्यवस्था विभाग ।*

## अन्य यातायात

११.३ ट्रलि वस सेवा र साझा यातायात सेवा कही समयको लागि बन्द भएकोमा यस वर्षदेखि नागरिक समाज र नगरपालिकाको अगुवाइमा संचालनमा आएका छन् । त्यस्तै रेल्वे सेवा पनि सामान्य रुपमा संचालित छ ।

## नीतिगत तथा संस्थागत प्रगति

११.४ योजनाबद्ध मर्मत प्रक्रिया विकासको लागि सुदृढ डिभिजन सडक कार्यक्रम (SMD process), भू-वातावरण इकाइ (Geo-Environment Unit) र पुल इकाइ (Bridge Unit) खडा गरी कार्य भइरहेको छ ।

११.५ यातायात संजाल योजना क्षमता (Network Planning Capability) विकासको लागि १० वर्षे प्राथमिकताप्राप्त लगानी योजना (Priority Investment Plan) तयार गरी सो अनुरुप नवौं योजनादेखि कार्यान्वयनको प्रयास भइरहेको छ । साथै २० वर्षे सडक गुरु योजना तयार गरी लागू गरिएको छ । यसको अलावा मध्यकालीन खर्च संरचना (MTEF) लागु गरी सोही अनुसार वार्षिक कार्यक्रम र बजेट तयार गर्ने प्रक्रियाको थालनी गरिएको छ ।

११.६ राष्ट्रिय मानक (national standard) तयार गर्ने सिलसिलामा स्थानीय निर्माण सामग्री तथा मानकको नयाँ स्पेसिफिकेशन स्वीकृत भई कार्यान्वयन भएको छ ।

११.७ सडक विभागको जनशक्ति विकासको लागि सडक क्षेत्र सीप विकास इकाइ (Road Sector Skill Development Unit) खडा गरी कर्मचारीको तथ्यांक अभिलेख (database) तयार गर्ने तथा तालिम, गोष्ठी आदि संचालन गर्ने कार्य भइरहेको छ । हाल सडक क्षेत्र मानव संसाधन विकास नीति (Road Sector Human Resource Development Policy) स्वीकृत भैसकेको र सो वमोजिम कार्यहरु संचालन भैरहेका छन् ।

११.८ सडक सुरक्षामा सुधारको लागि ट्राफिक इन्जिनीयरिंग तथा सुरक्षा इकाइ (Traffic Engineering & Safety Unit) खडा भई ट्राफिक चिन्ह मानक (traffic sign standard) तयार गर्ने, दुर्घटना तथ्यांक अभिलेख (accident data record) राख्ने आदि कार्य भएको छ । यस बाहेक आवागमन सुरक्षा (traffic safety) का विभिन्न व्यवस्थाहरु लागू गर्नमा जोड दिई सो अनुरुप कार्य भइरहेको छ ।

११.९ योजना, मूल्यांकन र अनुगमन कार्यको लागि छुट्टै अनुगमन तथा मूल्यांकन इकाइ खडा गरी अनुगमन मूल्यांकनलाई योजनाको अभिन्न अंग वनाउने प्रक्रियाको थालनी गरिएको छ । सडक सुरक्षा सम्बन्धी समष्टिगत अनुगमन प्रणाली (Global Monitoring System) विकास गर्ने कार्य सम्पन्न भै पुस्तिका तयार गरी लागू गरिएको छ । अनुगमन कार्यमा सुदृढीकरणको लागि कम्प्युटर सूचना केन्द्रको स्थापना गरी विकास योजना तथा डिभिजनहरुबाट सहज रुपमा सूचना प्राप्त हुने गरी कम्प्युटर नेटवर्क प्रणालीलाई अझ सुदृढ वनाउने प्रयास जारी छ ।

११.१० स्थानीय स्तरका संरचनाहरु स्थानीय निकायहरुलाई नै हस्तान्तरण गर्ने लक्ष्य अनुरुप सडक विभाग अन्तर्गतका सम्पूर्ण स्थानीय सडकहरु स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR) मार्फत स्थानीय निकाय र शहरी सडक सम्वन्धित नगरपालिकाहरुलाई हस्तान्तरण गर्ने प्रक्रिया शुरु भैसकेको छ ।

## हवाइ यातायात सेवा

११.११ नेपालको भौगोलिक जटिलतालाई दृष्टिगत गरी हवाइ यातायात सेवाको विस्तार तथा सुदृढीकरणको क्रम आवधिक योजना तथा राष्ट्रिय हवाइ नीति अनुरुप जारी रहेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्कको लागि हवाइ उडान, हवाइ संचार, हवाइ पथ प्रदर्शन (air navigation) र हवाइ परिवहन (air transportation) सेवाहरुको संचालनलाई सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउने उद्देश्यअनुरुप कार्य भैरहेको छ । साथै नागरिक उडड्यन नियमावली, २०५८ मा संशोधनको लागि समेत कार्य भैरहेको छ । विमानस्थलबाट प्रदान गरिने सेवा गुणस्तरीय बनाउन र ICAO बाट सिफारिस भएवमोजिम विमानस्थल संचालन प्रमाणपत्र नियमावली (aerodrome certification regulation) नियमावली २०६० तर्जुमा गरी स्वीकृतिको लागि पेश भैसकेको छ । दुर्गम क्षेत्रको विकास तथा सो क्षेत्रका नागरिकहरुलाई हवाइ सेवा सुलभ वनाउन "दुर्गम क्षेत्र हवाइ सेवा कोष" को स्थापना गरी सोको प्रभावकारी कार्यान्वयनको लागि दुर्गम क्षेत्र हवाइ सेवा कोष सञ्चालन कार्यविधिको मसौदा तयार गरी सम्वन्धित निकाय तथा नागरिक समाजबाट प्रतिक्रिया संकलन गर्ने कार्य जारी रहेको छ ।

११.१२ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार गुरु योजना अनुरुप (ADB तथा OPEC को ऋण सहयोगमा) १ देखि ६ प्याकेज अन्तर्गतका सवै कार्यहरु संचालन गरिएका छन् । विराटनगर, भैरहवा तथा नेपालगंज विमानस्थलहरुको सुविधा विस्तार गरी तिनलाई मुख्य विमानस्थल (hub airport) को रुपमा विकसित गर्ने लक्ष्य अनुरुप अन्य भौतिक पूर्वाधारको साथै विराटनगरमा रात्रि अवतरण सुविधा (night landing facility) पहिले नै उपलव्ध भैसकेको छ र यस आर्थिक वर्ष मा विद्युत् आपूर्ति प्रणाली (power supply system) मा सुधार गरी CCTV (close circuit television) को जडान कार्य सम्पन्न भएको छ । नेपालगंज र भैरहवा विमानस्थलमा रात्रि अवतरण सुविधाको पूर्वाधार स्थापना गरिनुको साथै नेपालगंज विमानस्थलमा विद्युत् आपूर्ति प्रणालीमा सुधार, dual non directional becon को स्थापना, पुरानो CVOR/DME को सट्टा नयाँ DVOR/DME उपकरण जडान कार्य तथा धावन मार्गको overlaying कार्य पनि संचालन गरिएको छ । विमानस्थलको निर्माण, संचालन र हस्तान्तरण (BOOT) को अवधारणा अनुसार भैरहवा, पोखरा, धरान र धनगढी विमानस्थल संचालन गर्ने नीति श्री ५ को सरकारले लिएको छ ।

११.१३ भू-उपग्रह तथा अत्याधुनिक प्रविधिमा आधारित संचार तथा पथ प्रदर्शन, निगरानी तथा हवाइ यातायात व्यवस्थापन (CNS/ATM) प्रणाली क्रमिक रुपमा लागू गर्ने नीति अनुरुप GNSS मा आधारित हवाइ पथप्रदर्शनको विकास तथा विस्तार गर्न GPS procedure design गर्ने, सो सम्वन्धी तालिम दिने र पहिले Design भएका GPS procedure हरुको पुनरावलोकन गर्न सम्वन्धित दक्ष परामर्शदात्री संघ संस्थासंग संम्झौता गरी कार्य संचालन भैरहेको छ । वायु सेवा क्षेत्रमा ACC VHF coverage विस्तार गर्न नेपालगंजमा RCAG उपकरण स्थापना गरी V-SAT वा मिल्दो माध्यमबाट संचार सम्पर्क स्थापना गर्नको लागि आवश्यक कागजात तथा विवरण (tender document / technical specification) तयार गर्ने कार्य भैरहेको छ ।

११.१४ आर्थिक वर्ष २०५९/६० र २०६०/६१ को प्रथम आठ महिनासम्म इजराइल र मलेशियासंग नयाँ हवाइ सेवा संझौता (ASA) सम्पन्न भएको छ । युनाइटेड अरव इमिरेट्स, कतार, चीन, भुटान र थाइल्याण्डसंगको मौजुदा द्विपक्षिय हवाइ सेवा संझौताको पुनरावलोकन भै समझदारी पत्र (MOU) मा हस्ताक्षर भैसकेको छ । हालै क्रोएशियासंग भएको द्विपक्षीय समझदारी पत्र/हवाइ सेवा संझौता (MOU/ASA)

समेत गरी विश्वका ३४ मुलुकहरुसंग यस्तो संझौता सम्पन्न हुनुले हवाइ सेवाको विकास एवं विस्तारलाई अरु बढी प्रभावकारी वनाएको छ ।

११.१५ निजी क्षेत्रका विमान सेवालाई प्रोत्साहित गर्ने नीति अनुरुप आन्तरिक एवं वाह्य सेवा संचालन अनुमति (AOC) दिइएको छ । सो अनुसार हालसम्म ३३ विमान सेवाहरुले यस्तो अनुमति प्राप्त गरेकोमा १६ चालु अवस्थामा रहेका छन् । लामो दूरीको अन्तर्राष्ट्रिय हवाइ उडानमा निजी क्षेत्रको Cosmic Air लाई अनुमति प्रदान गरिसकिएको छ भने Air Shangrila ले अनुमतिको लागि निवेदन दिएको छ ।

११.१६ अन्तर्राष्ट्रिय नागरिक उडड्यन संगठन (ICAO) द्वारा निर्धारित स्तरको जीवनोद्धार तथा अग्नि निवारण सेवा विस्तार तथा सुदृढीकरण गर्ने नीति अनुरुप त्रि.अ.वि.लाई ICAO Category-VIII र भैरहवा, विराटनगर, पोखरा, नेपालगंज विमानस्थलहरुलाई Category-V मा बढोत्तरी गरिएको छ । Category-III मा रहेको सिमरा विमानस्थलको सुविधामा स्तरोन्नति (facility upgrade) गरी Category-V मा पुर्‍याउने र अन्य विमानस्थलहरुमा आवश्यकता अनुरुप सेवा वृद्धि तथा विस्तार गर्दै लैजाने लक्ष्य रहेको छ ।

११.१७ हिमालय पार उडान, पूर्व-पश्चिम अन्तर्राष्ट्रिय उडानहरुको माध्यमबाट नेपालको आकाश अधिकतम उपयोग हुने गरी हवाइ मार्ग प्रवर्द्धन गर्ने नीति अनुरुप EMARRSH Route हरु Himalaya-1, Hinalaya-2, Himalaya-3, BB-17, BB-18 स्थापना गर्ने तथा ICAO & IATA को अगुवाइमा दक्षिण पूर्व एशियाबाट हिमालयको दक्षिण हुँदै मध्यपूर्व/युरोप जाने भू-उपग्रहमा आधारित नयाँ अन्तर्राष्ट्रिय रुटहरु सन् २००२ को नोभेम्वर २८ देखि लागू भैसकेको र उक्त रुटहरु मध्ये नेपालको वायुक्षेत्र भै जाने पहिला प्रस्ताव गरिएका Himalaya-1 (Bangkok-Kolkata-Nepalgunj-Pakistan), Himalaya-2 (Kunming-Kathmandu) र Himalaya-3 (Kathmandu-Nepalgunj-Delhi) स्थापना गर्न ICAO, IATA तथा सम्वन्धित राष्ट्रहरुसंग समन्वय तथा पहल भैरहेको छ ।

११.१८ फ्लाइङ्ग क्लव, वेलुनिङ्ग, ग्लाइडिङ्ग जस्ता मनोरंजनात्मक उडान क्रियाकलापलाई प्रोत्साहन दिने नीति अनुरुप काठमाडौ उपत्यकामा वेलुनिङ्ग तथा पोखरा विमानस्थलमा micro light aircraft बाट power gliding संचालित छन् । यसै गरी paragliding आदि मनोरञ्जनात्मक उडानहरुलाई समेत प्रोत्साहन गरिएको छ ।

११.१९ देशको प्रमुख समस्याको रुपमा रहेको शान्ति सुरक्षाको असहज स्थितिले गर्दा विमानस्थल एवं भौतिक पूर्वाधारहरुमा भएको विध्वंसका कारण राष्ट्रले ठूलो क्षति भोग्नु परिरहेको अवस्थामा सुरक्षा तथा सेवा पुनर्स्थापना सम्वन्धी कार्यमा जोड दिइएको छ । यसै क्रममा माओवादी आक्रमणबाट ध्वस्त भएका विमानस्थलहरु फाप्लु, लामिडाँडा, भोजपुर, डोल्पा, साँफेवगर, वझाङ, वाजुरा, रुकुम (चौरजहारी र सल्ले) मा संचार उपकरणको पुनर्स्थापना, नवनिर्मित कांगेलडाँडा तथा रारा (मुगु) विमानस्थलमा आवश्यक संचार उपकरणको जडान कार्य र मनाङ विमानस्थलमा one man communication console जडान कार्य यसै वर्ष सम्पन्न भैसकेका छन् ।

११.२० आन्तरिक विमानस्थलहरुको निर्माण र सुदृढीकरण गरी हवाइ सेवालाई नियमित र भरपर्दो वनाउने नीति अनुरुप भरतपुर विमास्थलमा STOL aircraft लाई उडान अवतरण गर्न पुग्ने गरी ६५० मीटर धावनमार्ग कालोपत्रे गर्ने कार्यक्रम रहेको र

आगामी वर्षहरुमा थप विस्तार गर्दै लैजाने लक्ष रहेको छ । दुर्गम क्षेत्रका विमानस्थलहरुमध्ये मुगु विमानस्थलको धावनमार्ग निर्माण सम्पन्न भै सेवा संचालन भैरहेको छ । कमलवजार विमानस्थलको धावन मार्गको निर्माण कार्य प्रायः सम्पन्न भै सकेतापनि सुरक्षाको कारण परीक्षण उडान हुन सकेको छैन । निर्माणाधीन कालिकोट विमानस्थलको धावनमार्ग निर्माण कार्य सम्पन्न गरी परिक्षण उडान गर्ने लक्ष्य आर्थिक वर्ष २०५९/६० मा रहेकोमा सुरक्षाको कारण केही समय कार्य स्थगन भै पुनः निर्माणकार्य चालु रहेको र स्थितिमा सुधार आएमा आर्थिक वर्ष २०६०/६१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । काँगेलडाँडा विमानस्थलको धावनमार्ग निर्माणकार्य सम्पन्न भै सेवा संचालन भएकोमा सुरक्षा तथा अन्य भौतिक संरचनाको अभावका कारण हाल निरन्तर हुन सकेको छैन ।

११.२१ खोटाङ्ग जिल्लाको खानीडाँडामा ५०.० प्रतिशत लगानी स्थानीय स्तरबाट ब्योहोर्ने गरी आर्थिक वर्ष २०५९/६० देखि विमानस्थल निर्माण कार्य प्रारम्भ भएको छ ।

## सूचना तथा संचार

### हुलाक सेवा

११.२२ सूचना तथा संचारको साधनका रुपमा गाउँ-गाउँसम्म हुलाक सेवा पुगिसकेको छ । नेपाल अधिराज्यमा गोश्वारा हुलाक कार्यालय-१, क्षेत्रीय हुलाक निर्देशनालय-५, जिल्ला हुलाक कार्यालय ७०, इलाका हुलाक कार्यालय ८४२ र अतिरिक्त हुलाक कार्यालय ३०७४ समेत गरी जम्मा ३९९२ हुलाक कार्यालयहरुबाट सेवा प्रदान भै रहेको छ । धनादेश सेवालाई प्रभावकारी वनाउन चक्रकोषमा रकम वृद्धि गर्दै लगिएको छ । हाल यस कोषमा रु. १ करोड ३८ लाख ७५ हजार रहेको छ । यस सेवालाई भारत वाहेकका अन्य मुलुकहरुमा विस्तार गर्ने क्रममा जोर्डन र कतारमा विस्तार गरिएको छ । जनतालाई सर्वसुलभ तरिकाले हुलाकसेवा प्रदान गर्न अधिराज्यभर घुम्ती हुलाक सेवाको अवधारणा अनुरुप जनताको घरदैलोमा हुलाक वस्तु संकलन, टिकट बिक्री र हुलाक डेलिभरी सेवा पुऱ्याइएको र यसप्रति आम नागरिकको सकारात्मक धारणा रहेको पाइएको छ । पत्र मञ्जुषा (पोष्ट बक्स) को संख्या वृद्धि गर्नुका साथै गोश्वारा हुलाक कार्यालयमा २:०० बजेभित्र दर्ता भएका काठमाडौं महानगरपालिकाभित्र डेलिभरी हुने हुलाक वस्तु सोही दिन प्रापकलाई बुझाउने व्यवस्थाका साथ same day delivery service संचालन गरिएको छ । २०३३ सालदेखि संचालित हुलाक वचत बैंक सेवा ११७ हुलाक कार्यालयबाट संचालन भइरहेको छ । यस बैंकमा वचत रहेको रकम लगानी नहुँदा श्री ५ को सरकारलाई ब्याजको भार परिरहेकोमा हाल हुलाक बचत बैंकमा निक्षेपित रकमलाई लगानी गर्न लगानी निर्देशिका जारी गरी १६ बचत वैंकबाट लगानी गर्ने कार्यको शुभारम्भ गरिएको छ । आन्तरिक द्रुत डाँक सेवा अधिराज्यका ४५ स्थानमा र वैदेशिक द्रुत डाँक सेवा २६ देशमा संचालित छन् भने ५१९ हुलाक कार्यालयबाट धनादेश सेवा संचालन गरिएको छ ।

### दूरसञ्चार सेवा

११.२३ आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा नेपाल दूरसञ्चार प्राधिकरणबाट निजी क्षेत्रका २५ वटालाई इन्टरनेट (इमेल समेत), १० वटालाई भिस्याट सेवा प्रदायक, ६८ वटालाई सेवा प्रयोगकर्ता, ८ वटालाई रेडियो पेजिङ्ग नेटवर्क, १ वटालाई भिडियो कन्फरेन्सिङ्ग, ६ वटालाई फ्याक्स मेल सेवा, २ वटालाई आधारभूत दूरसञ्चार सेवा, १ वटालाई सेलुलर मोवाइल सेवा, २ वटालाई GMPCS र ग्रामीण दूर संचार १ समेत गरी जम्मा १२४ वटा सेवा प्रदायक (service providers) संस्थालाई इजाजतपत्र प्रदान भएको छ। श्री ५ को सरकारले लिएको आर्थिक उदारीकरणको नीति अनुरुप दूर संचार क्षेत्रको विकास प्रतिस्पर्धात्मक रुपमा गर्ने अवधारणा लिई नयाँ दूर संचार नीति, २०६० लागू गरिएको छ। नेपाल दूर संचार संस्थान २०६१/०१/०१ देखि कम्पनीमा परिणत भै क्रियाशील भएको छ।

११.२४ २०५९ माघसम्ममा अधिराज्यका जम्मा १७६१ गा.वि.स. हरुमा टेलिफोन सेवा उपलब्ध थियो। २०६० फागुनसम्म अधिराज्यका ३९१४ गा.वि.स. हरु मध्ये १९१९ अर्थात् ४९.० प्रतिशत गा.वि.स.हरुमा टेलिफोन सेवा उपलब्ध भएको छ। विगत एक वर्षको अवधिमा ग्रामीण क्षेत्रमा असुरक्षाको वावजुद थप गा.वि.स. हरुमा टेलिफोन सेवा विस्तारको काम अघि बढ्न गएको छ। आर्थिक वर्ष २०५९/६० मा V-SAT प्रविधिको उपयोग गरी जिल्ला सदरमुकाम र गा.वि.स. हरु गरी थप ८३ स्थानमा टेलिफोन सेवा जडान भएको छ। WLL प्रणाली अपनाई टेलिफोन सेवा विस्तार गर्ने उद्देश्य रहेको विशेष ग्रामीण दूरसञ्चार कार्यक्रमबाट पूर्वाञ्चल वाहेकका अन्य विकास क्षेत्रहरुका ५९ जिल्लाका १३६ स्थानहरुमा सेवा पुगेको छ।

११.२५ नेपाल दूरसञ्चार संस्थानबाट २०६० फाल्गुणसम्ममा अधिराज्यका कुल १८० वटा एक्सचेञ्जहरुबाट टेलिफोन सेवा सञ्चालन भएको छ। यी एक्सचेञ्जहरुमा कुल ४ लाख ६६ हजार १३० लाइन क्षमता रहेकोमा यस मध्ये करिव ३ लाख ९४ हजार ६४२ लाइन टेलिफोन वितरण भै सञ्चालनमा रहेका छन्। पोष्टपेड मोवाइल तर्फ ६३३३५ र प्रिपेड तर्फ ५३४४३ ग्राहक संख्या पुगेको छ। विश्वभरि सिधा अन्तर्राष्ट्रिय दूरसञ्चार सम्पर्क कायम हुन सक्ने गरी कुल अन्तर्राष्ट्रिय सर्किट क्षमता १३६२ पुगेको छ। टेलिफोन लाइन प्राप्त गर्न निवेदन दिई प्रतीक्षा सूचीमा बस्ने ग्राहकहरुको संख्या करिब ३ लाख १८ हजार २८२ रहेको छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा अधिराज्यभर २२८२६ नयाँ टेलिफोन लाइन वितरण गरिएको छ।

**चार्ट ११(ख) : टेलिफोन सुविधा विस्तार**




**तालिका ११(ग) : टेलिफोन सेवा (एक्सचेञ्ज) विस्तार**

| शीर्षक | आर्थिक वर्ष | |
|---|---|---|
| | २०५९/६० | २०६०/६१* |
| कुल जम्मा | | |
| (क) नगर क्षेत्र संख्या | ५८ | ५८ |
| (ख) टेलिफोन लाइन वितरण संख्या | ३७१८१६ | ३९४६४२ |
| (ग) जनसंख्या प्रतिहजार टेलिफोन लाइन** | १६.०६ | १७.०४ |

* *प्रथम आठ महिना।*
** *राष्ट्रिय जनगणना २०५८ को जनसंख्या (२३,१५१,४२३) मा आधारित।*
*स्रोत : नेपाल दूर सञ्चार संस्थान, भद्रकाली प्लाजा, काठमाडौं।*
*द्रष्टव्य : सबै एक्सचेञ्जहरु डिजिटल स्वचालितमा रहेको।*

## पत्रपत्रिकाहरु

११.२६ २०६० फाल्गुण मसान्तसम्ममा नेपाल अधिराज्यका विभिन्न जिल्लाहरुमा दर्ता भएका पत्रपत्रिकाहरुको संख्या ३७२३ पुगेको छ। तीमध्ये २६४ वटा दैनिक, ९ वटा अर्ध-साप्ताहिक, १३०० वटा साप्ताहिक, २५८ वटा पाक्षिक, ११०४ वटा मासिक, २५७ वटा द्वैमासिक, ३८७ वटा त्रैमासिक, २० वटा चौमासिक, ५७ वटा अर्ध-वार्षिक र ६७ वटा वार्षिक पत्रपत्रिकाहरु रहेका छन्। २०५९ फाल्गुण मसान्तसम्ममा नेपाल अधिराज्यका विभिन्न जिल्लाहरुमा दर्ता भएका पत्रपत्रिकाहरुको संख्या ३४४० पुगेको थियो जसमध्ये २४९ वटा दैनिक, १७ वटा अर्ध-साप्ताहिक, ११९२ वटा साप्ताहिक, २४५ वटा पाक्षिक, ११०६ वटा मासिक, २३८ वटा द्वैमासिक, ३६१ वटा त्रैमासिक, २० वटा चौमासिक, ५४ वटा अर्ध-वार्षिक र ५८ वटा वार्षिक पत्रपत्रिकाहरु रहेका थिए। यसै गरी भाषागत

रुपमा विभाजन गर्दा २०६० फाल्गुण मसान्तसम्ममा नेपाली २५८३, अंग्रेजी ३१८, नेपाली/अंग्रेजी ६२४, हिन्दी १२, नेवारी २३, मैथिली ९, भोजपुरी २, संस्कृत २, उर्दू १, तिब्बती १, थारु २ र अन्य भाषामा १४६ पत्रपत्रिकाहरु प्रकाशित हुने गरेका छन् । श्री ५ को सरकारले पत्रपत्रिका क्षेत्रसंग सम्बद्ध निकायहरु सूचना विभाग, प्रेस काउन्सिल, नेपाल पत्रकार महासंघलाई एकै थलोमा राखी एकीकृत रुपमा कार्य सञ्चालन गराउने हेतुले काठमाडौंको तिलगङ्गास्थित सञ्चारग्राममा उक्त निकायहरुको भौतिक पूर्वाधार निर्माण गर्ने कार्य पूरा गरिसकेको छ ।

## टेलिभिजन प्रसारण सेवा

११.२७ विद्युतीय सञ्चारको सशक्त माध्यमको रुपमा रहेको टेलिभिजन सेवा नेपालमा २०४२ साल देखि नियमित रुपमा संचालनमा रहेको छ । सीमित साधन र स्रोतबाट प्रसारण प्रारम्भ गरिएको यो सेवा हाल नेपाल टेलिभिजन (NTV) का ३ वटा स्टुडियो, वाँकेको कोहलपुरको क्षेत्रीय कार्यक्रम उत्पादन तथा प्रसारण केन्द्र र गत आर्थिक वर्षमा गोर्खा, बुदीतोला (कैलाली) र दाङमा नयाँ प्रसारण केन्द्रको स्थापनाका साथ विस्तार भएको छ । हाल नेपाल अधिराज्यको ५०% भू भागका करीव ६२.० प्रतिशत जनसंख्याले नेपाल टेलिभिजन हेर्न सक्ने अनुमान गरिएको छ भने गत वर्ष करीव ६०.० प्रतिशतले हेर्न सक्ने अनुमान गरिएको थियो । नेपाल टेलिभिजनको प्रसारण क्षमता वृद्धि गर्ने तथा क्षेत्र विस्तार गर्ने कार्य जारी छ । यसलाई अधिराज्यव्यापी वनाउन भू-उपग्रहको माध्यमको प्रयोग भै रहेको छ । NTV को दोस्रो च्यानल (मेट्रो च्यानल) को निर्माण कार्य सम्पन्न भै प्रसारण प्रारम्भ भै सकेको छ । चालू आर्थिक वर्षको अन्त्यसम्म digital satellite news gathering (DSNG) उपकरण खरीद भै NTV ले अधिराज्यको जुनसुकै स्थानबाट प्रत्यक्ष प्रसारण गर्न सक्ने क्षमता हासिल गर्ने अपेक्षा राखिएको छ । अधिराज्यभर हालसम्म करीव २०१ वटा केवल टेलिभिजन संचालकलाई टेलिभिजन प्रसारण सेवा संचालन गर्न इजाजत पत्र प्रदान गरिएको छ । आर्थिक वर्ष २०५९/६० मा करीव १३९ वटा संचालकहरुलाई इजाजत पत्र प्रदान गरिएको थियो । टेलिभिजन प्रसारणमा निजी क्षेत्रको लगानी आकर्षित गर्ने नीति अनुरुप हाल निजी क्षेत्रका ५ वटा संस्थालाई प्रसारण सेवा संचालन गर्न अनुमति प्रदान गरिएकोमा ३ वटाले सेवा संचालन गरिसकेका छन् ।

## रेडियो प्रसारण सेवा

११.२८ २००७ साल चैत्र २० गते स्थापना भएको रेडियो नेपाल व्यापक पहुँच भएको देशको जेठो विद्युत् संचार माध्यम हो । शर्टवेभ प्रसारण प्रणालीमा रेडियो नेपालको प्रसारण सेवा अधिराज्यभर तथा मिडियमवेभ प्रसारण प्रणालीमा ७०.० देखि ८०.० प्रतिशत जनतासम्म पुगेको छ। मिडियमवेभ प्रसारणले ढाक्न नसकेका क्षेत्रहरुमा स्थानीय सहभागिता समेत परिचालन गरी क्रमिक रुपमा फ्रिक्वेन्सी मोडुलेशन (FM) प्रणाली मार्फत सेवा विस्तार गर्ने गरी कार्य भैरहेको छ। अधिराज्यभर रेडियो प्रसारण स्पष्ट सुन्न सकियोस् भन्ने उद्देश्यले VSAT प्रविधिको समेत प्रयोग गरिएको छ। रेडियो नेपालले पाँचै विकास क्षेत्रमा स्थापित मिडियमवेभ प्रसारण केन्द्रहरुबाट विभिन्न राष्ट्रिय भाषामा गीत संगीत कार्यक्रम प्रसारण गर्नाका अतिरिक्त हाल नेपाली, अंग्रेजी, संस्कृत, हिन्दी, मैथिली, भोजपुरी, थारु, तामाङ्ग, नेवारी, राई–वान्तवा, गुरुङ्ग, अवधी, लिम्बु,

मगर, शेर्पा, उर्दू, खाममगर, रानाथारु र डोटेली लगायतका भाषाहरुमा समाचार प्रसारण गर्ने गरिएको छ। निजी क्षेत्रमा पनि मनोरञ्जनात्मक एवं सूचनामूलक कार्यक्रमहरु प्रसारण गर्ने उद्येश्यले फ्रिक्वेन्सी मोडुलेशन प्रणालीमा रेडियो प्रसारण केन्द्र सञ्चालन गर्न हालसम्म ५६ वटा निजी क्षेत्रका संस्थाहरुलाई इजाजतपत्र प्रदान गरिएकोमा २९ वटा चालु भैसकेका छन्। गत वर्ष नै यस्तो इजाजत पत्र २५ वटा संस्थालाई प्रदान गरिएकोमा २४ वटा चालु भैसकेको र १ वटा चालु हुन बाँकी रहेको थियो।

## मुद्रण सेवा

११.२९ श्री ५ को सरकारको मुद्रण विभागको छापाखानालाई क्रमशः सुरक्षण मुद्रणालयका रुपमा विकास, विस्तार र सुदृढ गर्दै लैजाने उद्देश्य अनुरुप भवन निर्माण कार्य सम्पन्न भई बैंकहरुको चेक बुक, राजश्व स्टिकर जस्ता सुरक्षण मुद्रण सामग्रीहरुको छपाइ कार्य भैरहेको छ। प्रथम चरणको सुरक्षण मुद्रण कार्य भइरहेको छ।

## चलचित्र

११.३० चलचित्र क्षेत्रको समन्वयात्मक विकास एवं विस्तारका लागि श्री ५ को सरकारले चलचित्र विकास बोर्ड गठन गरी सो क्षेत्रसंग सम्बन्धित विज्ञहरुको सहभागिताका साथ प्रवर्द्धनात्मक कार्यको थालनी गरिसकेको छ। आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा राष्ट्रभाषामा निर्माण भै जाँचपास भएका चलचित्र १९ वटा रहेका छन् जसबाट स्वदेशी परम्परा, रीति एवं संस्कृतिको प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। यसै अवधिमा नेपाली चलचित्र क्षेत्रको इतिहास लेखन कार्य सम्पन्न भएको छ। वोर्डको आफ्नै भवन निर्माणको लागि प्रारम्भिक तयारी शुरु गरिएको छ र निजी क्षेत्रको सहयोग जुटाउन अन्तर्क्रिया सम्पन्न भएका छन्।

## चुनौतीहरु

११.३१ सडक यातायातको विकासमा शान्ति सुरक्षाको अभाव हुनु, सडक निर्माण क्रममा आवश्यक पर्ने विस्फोटक पदार्थ उपलब्ध नहुनु, त्यस्ता विस्फोटक पदार्थको प्रयोगमा सुरक्षाको समस्या हुनु, समयमा कार्यक्रम स्वीकृत हुन नसक्नु जस्ता चुनौतीहरु विद्यमान रहेका छन्।

११.३२ सडकहरुको मर्मत-सम्भार कार्य नियमित र प्रभावकारी रुपमा हुन सकेको छैन भने नयाँ सडक निर्माणको हकमा थुप्रै आयोजनाहरु वार्षिक तथा आवधिक योजनामा समावेश भएर पनि सो अनुरुप साधन विनियोजन हुन नसक्नु एक अर्को चुनौती रहिआएको छ।

११.३३ खर्चिलो सडक, न्यून ट्राफिक घनत्व तथा एकीकृत विकास नभएका कारणबाट लगानीको दाँजोमा सडक क्षेत्रको आर्थिक प्रतिफल कम देखिनु अर्को प्रमुख समस्याको विषय बनेको छ।

११.३४ सूचना तथा सञ्चार क्षेत्रमा लगानीको स्रोत बढाउने र विध्वंसात्मक क्रियाकलापका कारण सुरक्षाको खस्कँदो स्थितिमा सुधार ल्याउने कार्य चुनौतीपूर्ण बनेको छ।

११.३५ विकट भौगोलिक स्थिति, यातायातको पूर्वाधारको विकासको अभाव र पर्याप्त मात्रामा आधुनिक प्रविधिको उपलब्धताको अभावमा संचार क्षेत्रले विकासको गति तीव्र बनाउनुपर्ने अवस्था पनि चुनौतीपूर्ण छ ।

११.३६ सडक विभाग, नेपाल खानेपानी संस्थान, खानेपानी तथा ढल निकास विभाग, नेपाल दूरसंचार संस्थान जस्ता निर्माण कार्यमा संलग्न निकायहरुबीच आवश्यक समन्वय स्थापित हुन नसक्दा शहरी क्षेत्रमा दिगो र समन्वित रुपमा सडक सुविधा पुऱ्याउनु चुनौतीपूर्ण रहेको छ ।

११.३७ अनुगमन तथा मूल्यांकन व्यवस्था कमजोर भएका कारण लगानीको तुलनामा सडकको आयु (life period) न्यून हुनुका साथै जनताबाट निर्माण कार्यप्रति पर्याप्त चासो र अभिरुची देखाइने वातावरणको सृजना हुन नसक्दा सडक निर्माणको गुणस्तर कायम राख्न कठिनाई देखा पर्ने गरेको छ ।

# १२. सामाजिक सेवा

१२.१ मुलुकको सर्वपक्षीय विकासका लागि सामाजिक सेवाका क्षेत्रहरु जस्तै शिक्षा, स्वास्थ्य, महिला विकास, समाजकल्याण, खानेपानी आदिको विकासलाई पनि संगसंगै लैजानुपर्ने आवश्यकता हुन्छ । सक्षम, उत्पादनशील, अनुशासित र स्वस्थ नागरिक उत्पादन गरी सवैको लागि शिक्षाको उपलब्धता सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रको विकासमा संलग्न सरकारी एवं गैरसरकारी संयन्त्रमा आर्थिक तथा मानवीय स्रोतको व्यवस्थापनमा सुधार, अधिकांश जनसमुदायमा वातावरणीय, पारिवारिक तथा व्यक्तिगत सरसफाइतर्फ पर्याप्त चेतनाको विकास, पानीजन्य रोगहरुको नियन्त्रण, स्वच्छ खानेपानीको वितरण, तथा लैंगिक विभेद सम्वन्धी कानूनी संरचना तथा वाल, अपाङ्ग नागरिक, जेष्ठ नागरिकहरुको अधिकारका सम्वन्धमा अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका प्रतिबद्धता जस्ता कार्यमा ठोस कदम चालिनु आवश्यक देखिन्छ ।

## शिक्षा

१२.२ सामाजिक सेवाको एक प्रमुख क्षेत्र शिक्षाको पहुँच सवै वर्ग र क्षेत्रका बालबालिकाहरुमा पुऱ्याउने सन्दर्भमा गाउँ विकास समिति वा नगरपालिकाको सहयोगमा खुलेको शिशु विकास केन्द्रलाई अनुदान दिन सकिने वारे शिक्षा ऐन तथा शिक्षा नियमावलीमा व्यवस्था भएअनुरुप हालसम्म ५७ सय शिशु विकास केन्द्र खुलिसकेका छन् । सवैको लागि शिक्षा भन्ने प्रतिबद्धतालाई मूर्तरुप दिन डकार सम्मेलनका ६ वटा उद्देश्य अनुरुप यस्ता शिशु विकास केन्द्र विस्तार एवं विकास गर्ने कार्यक्रम रहेको छ ।

१२.३ दशौं योजनामा परिकल्पित “सवैको लागि शिक्षा” भन्ने अवधारणालाई मूर्त रुप दिन सवैको लागि शिक्षा कार्यक्रम २००४-२००९ (पंचवर्षीय कार्यक्रम) को तर्जुमा गरिएको छ । अफ्रिकी राष्ट्र सेनेगलको राजधानी डकारमा सम्पन्न सम्मेलनमा गरिएका ६ बुँदे प्रतिबद्धताहरु जस्तै पहुँच नपुगेका तथा पिछडिएका वर्गका बालबालिकाहरुलाई शिक्षाको अवसर दिई तिनीहरुको सर्वाङ्गीण विकास गर्ने, सन् २०१५ सम्ममा सबै बालबालिकाहरु खास गरेर पहुँच नपुगेका र दलित वर्गका बालिकाहरुलाई गुणस्तरयुक्त निशुल्क प्राथमिक शिक्षा प्रदान गर्ने, युवा तथा प्रौढहरुका लागि जीवनोपयोगी ज्ञान र सीपको समान अवसर प्रदान गर्ने गरी शैक्षिक कार्यक्रम संचालन गर्ने, सन् २०१५ सम्ममा प्रौढ शिक्षा खासगरी महिला वर्गमा प्रदान गरी ५० प्रतिशत प्रौढहरुलाई साक्षर बनाउने, सन् २००५ सम्ममा प्राथमिक र निम्न माध्यमिक तहमा विना लैंगिक भेदभाव शिक्षा प्रदान गर्ने तथा सन् २०१५ सम्ममा महिला र पुरुष विद्यार्थीमा भेदभावरहित शिक्षा प्रदान गर्ने र अन्त्यमा शिक्षाको सर्वाङ्गीण विकास गरी सवैलाई लेखपढ गर्न जान्ने र जीवनोपयोगी सीप प्रदान गरी आत्मनिर्भर बनाउने तर्फ यो कार्यक्रम लक्षित छ । कार्यक्रमलाई कार्यान्वयनमा लैजान राष्ट्रिय कार्य योजनाको निर्माण पनि गरिएको छ र आवश्यक स्रोत-साधनको सुनिश्चितताका लागि मध्यमकालीन खर्च संरचनासंग तादात्म्य स्थापित गर्ने प्रयास गरिएको छ । साथै, शिक्षाको अवसर समान रुपमा सवैलाई उपलब्ध गराउने यो कार्यक्रमबाट गरिवी निवारणको दीर्घकालीन लक्ष्य पूर्तिमा समेत सघाउ पुग्ने दृष्टिकोण राखिएको छ । सहस्राब्दी विकास लक्ष्य अन्तर्गतका दुई प्रमुख लक्ष्यहरुसंग यसको सामञ्जस्य रहेकोले पनि यस कुराको पुष्टि हुन्छ । यो

कार्यक्रमको कार्यान्वयनमा आवश्यक पर्न सक्ने स्रोत साधनको खाँचो पूर्ति गर्ने क्रममा नभइनहुने वैदेशिक सहायता जुटाउनेतर्फ समेत सरकारले दातृ राष्ट्र तथा निकायहरुको ध्यानाकर्षण हालै सम्पन्न राष्ट्रिय विकास मञ्चको बैठकमा गरेको छ ।

१२.४ शिक्षा नियमावली (सातौ संशोधन), २०५९ अनुसार सामुदायिक विद्यालयको संचालन एवं रेखदेख गर्नको लागि विद्यालय व्यवस्थापन समितिलाई अधिकार दिइएअनुरुप आर्थिक वर्ष २०६०/६१ मा कम्तीमा ६०० विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने र हस्तान्तरण गरिएको विद्यालयलाई थप रु. एक लाख उपलब्ध गराउने लक्ष्य लिइएकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ७६० विद्यालयहरु समुदायमा हस्तान्तरण भैसकेको र उक्त विद्यालयको व्यवस्थापनको लागि रु. ६ करोड ८० लाख निकासा भैसकेको छ । समुदायबाट संचालित प्रा.वि.लाई तोकिएको विद्यार्थी अनुपातको मापदण्डका आधारमा तलव खर्चको १/४ वा अधिकतम १ शिक्षकको तलव वरावरको रकम सहयोग दिने नीति रहे अनुरुप ६७ जिल्लाका १७७० सामुदायिक प्रा.वि.लाई प्रति विद्यालय रु. ५३३०० का दरले जम्मा रु. ९ करोड ४३ लाख निकासा भइसकेको छ ।

१२.५ ग्रामीण क्षेत्रका सरकारी विद्यालयहरुमध्ये प्रवेशिका परीक्षामा ५० प्रतिशतभन्दा बढी सफलता प्राप्त गर्ने विद्यालयहरुलाई प्रति विद्यालय रु. ४ लाख एकमुष्ट अनुदान दिने नीतिअनुरुप तत् सम्वन्धी निर्देशिका निर्माण भै सोको आधारमा २०५९ सालको एस.एल.सी. परीक्षामा ५० जना विद्यार्थी सहभागी गराई ५४ प्रतिशत भन्दा बढी नतीजा ल्याउने २५ विद्यालय छनौट गरिएको छ ।

१२.६ माध्यमिक शिक्षा विकास परियोजना अन्तरगत माध्यमिक तथा निम्न माध्यमिक शिक्षकहरुलाई तालिम दिदै आएकोमा आर्थिक वर्ष २०५९/६० देखि माध्यमिक शिक्षा सहयोग कार्यक्रम लागू गरिएको छ । एशियाली विकास वैंक र डेनिडाको सहयोगमा अधिराज्यभरिका माध्यमिक शिक्षकलाई तालीम प्रदान गर्ने, माध्यमिक शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक र कक्षा शिक्षणमा सुधार गर्ने कार्य संचालन गरिएको छ । निःशुल्क पाठ्यपुस्तक वितरण, निरीक्षण कार्यलाई प्रभावकारी गराई शिक्षाको गुणस्तर विकास गर्न मन्त्रालयको संरचनामै विद्यालय निरीक्षणको व्यवस्था गरिएको छ । यो कार्यक्रम चालु आर्थिक वर्षमा पनि चालु रहेको छ ।

१२.७ शिक्षा ऐन (सातौ संशोधन) ले कक्षा ६ देखि १० सम्म शुल्क लगाउने व्यवस्था गरे अनुरुप आर्थिक वर्ष २०५९/६० देखि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा जिल्ला शिक्षा समितिले निर्णय गरे अनुसार विद्यालयको वर्गीकरण गरी प्रत्येक कक्षाको लागि शुल्क निर्धारण हुने परिपाटीको थालनी भएको छ । शिक्षामा विकेन्द्रीकरणको लागि जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजनाहरु पनि गत आर्थिक वर्ष देखि नै सुरु भै आर्थिक वर्ष २०६०/६१ मा पनि चालु रहेका छन् ।

१२.८ सवै दलित जनजाति, अपाङ्ग तथा छात्राहरुलाई विद्यालयको अवसर प्रदान गर्न प्रोत्साहनस्वरुप छात्रवृद्धि दिने नीति अनुरुप २०५९/६० मा विद्यालय भर्ना भएका ५२७२०४ मध्ये ३८४१७२ लाई दलित छात्रवत्ति प्रदान गरिएको र वांकी रहेकाहरुलाई पनि चालु आर्थिक वर्षभित्र वितरण गरिदै लगिएको छ । सरकारी अनुदानमा आश्रित महाविद्यालय र विश्वविद्यालयहरुले प्रत्येक शैक्षिक भर्नामा न्यूनतम १० प्रतिशत दलित,

१५ प्रतिशत जनजाति, २० प्रतिशत महिलालाई अनिवार्य रुपमा भर्ना गर्नेतर्फ पहल भैरहेको छ ।

१२.९ प्राथमिक तह देखिनै हरेक तहको पाठ्यपुस्तकमा लैङ्गिक समानताको अवधारणालाई आत्मसात् गर्दै जीवनोपयोगी पाठ्यक्रमको विकास गर्ने र कक्षा १ देखि ५ कक्षासम्म लागू गर्ने भनी दशौ योजनामा उल्लेख भएबमोजिम पाठ्यक्रम परिमार्जन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । निरन्तर विद्यार्थी मूल्यांकन सम्वन्धमा तालिम, अभिलेख राख्ने, अगुवा समूह (core group) तयार गर्ने, सचेतना कार्यक्रम तयार गर्ने जस्ता कार्यहरु चालु आर्थिक वर्षमा भैरहेका छन् ।

१२.१० गत आर्थिक वर्ष २०५९/६० र चालु आर्थिक वर्ष २०६०/६१ मा साक्षरता एवं साक्षरोत्तर आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरी विशेषतः पिछडिएका वर्ग तथा महिलाको जीवनस्तर उकास्ने उद्देश्य अनुरुप प्रौढ साक्षरता कार्यक्रममा ६६२९९ जना, साक्षरोत्तर कार्यक्रममा ३८३२१ जना, बाल शिक्षा कार्यक्रममा १७५९१ जना र आयमूलक कार्यक्रममा २८० जनालाई सहभागी गराइएको र साक्षरता कार्यक्रमलाई निरन्तरता दिन सामुदायिक अध्ययन केन्द्र २० वटा स्थापना गरिएको छ ।

१२.११ विश्वविद्यालयले प्रदान गर्ने शिक्षालाई लागत असूलीको सिद्धान्तमा आधारित बनाउन आवश्यक उपायको अवलम्वन गर्ने र त्रि.वि. अन्तर्गतका संस्थागत संरचनाहरुको उत्पादनशील प्रयोग गरी थप आम्दानी गर्ने र सो आम्दानी सम्पूर्ण आफैले राखी निश्चित मापदण्डका आधारमा अध्यापकहरुलाई थप आर्थिक प्रोत्साहन दिन सक्ने गराउने गरी स्वायत्तता प्रदान गर्ने सम्वन्धमा विश्वविद्यालय अनुदान आयोगबाट कार्य भैरहेको र वर्तमान अवस्थामा उच्च शिक्षा सम्वन्धी एउटै छाता कानून (Umbrella Act) तर्जुमा गर्न विश्वविद्यालय अनुदान आयोगले चालु आर्थिक वर्षमा एक कार्यदल गठन गरी विधेयक तयार गर्ने कार्य भैरहेको छ । आधारभूत, सीपयुक्त, मध्यमस्तरीय जनशक्ति उत्पादन गर्न मनमोहन पोलिटेक्निक स्थापना गर्ने नीति अनुरुप विल्डिङ डिजाइनको कार्य भैरहेको र व्यावसायिक शिक्षामा सरकार, जनता र निजी क्षेत्रवीच साझेदारी कार्यक्रम अन्तर्गत अधिराज्यको ५ विकास क्षेत्रमा एक/एक वटा स्थानमा ट्रेड स्कूल खोल्ने सम्वन्धमा चालु आर्थिक वर्षमा निर्देशक समिति र कार्यान्वयन समिति गठन गरिएको छ ।

१२.१२ प्राथमिक विद्यालय पोषण कार्यक्रमलाई निरन्तरता दिंदै अझ विस्तार गर्ने नीति अनुरुप आर्थिक वर्ष २०५९/६० मा दिवा खाजा अन्तरगत २७८२ विद्यालयका ३४२४१८ विद्यार्थीलाई पौष्टिक आहार वितरण गरिएकोमा चालु आर्थिक वर्षमा पनि यसलाई निरन्तरता दिइएको छ ।

१२.१३ अनौपचारिक शिक्षा कार्यकम अन्तर्गत विद्यालय जान नसक्ने सबै बाल-बालिकाहरुलाई आधारभूत प्राथमिक शिक्षा कार्यकममा अवसर प्रदान गर्न वैकल्पिक विद्यालय कार्यकमको व्यवस्था मिलाई यस अन्तर्गत विस्तारित शिक्षा कार्यकम (school outreach programme) र अनौपचारिक प्राथमिक शिक्षा कार्यकम (flexible schooling programme) लाई यस आर्थिक वर्षमा पनि चालु राखिएको छ ।

१२.१४ छात्रवृत्ति कार्यक्रम अन्तर्गत शिक्षा तथा खेलकूद मन्त्रालयबाट छनौट भई उच्च शिक्षामा आर्थिक वर्ष २०५९/६० मा स्वदेश र विदेश गरी मेडिसिनमा ९७ (स्वदेश), इन्जिनियरिङमा (रुस, चीन, चेक गणतन्त्र) मा ९ जना र अन्य बिषयमा १० जना इटली, जापान र रुसमा अध्ययन गर्न पठाइएकोमा आर्थिक वर्ष २०६०/६१ मा MBBS मा ११९ जना र ८ जना इन्जीनियरिङमा गरी जम्मा १२७ जना विद्यार्थीहरु स्वदेश र विदेशका विभिन्न मेडिकल तथा इन्जीनियरिङ कलेजहरुमा अध्ययनार्थ गएका छन् ।

१२.१५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले १९ वटा प्राविधिक शिक्षालयबाट व्यवसायिक विषयहरुमा अध्ययन-अध्यापन संचालन गराउँदै आएको र सम्पूर्ण शिक्षालयको व्यवस्थापकीय कार्य गर्ने गरेको छ । गत आर्थिक वर्ष २०५९/६० मा १००३ जना प्रशिक्षार्थी उत्पादन गरिएको थियो भने अल्पकालिन तालिम ३२३७ जना लाई दिइएको र १०२२ जनाको सिप परिक्षण परीक्षा लिइएको थियो । शिक्षा क्षेत्रको आवश्यकता अनुसार संस्थागत र संरचनागत सुधार गर्ने लक्ष्यअनुरुप गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा ७५ जिल्ला शिक्षा कार्यालय, ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र, ४० वटा माध्यमिक शिक्षा विकास इकाइ र १२९७ वटा स्रोत केन्द्र रहने गरी संस्थागत संरचनामा सुधार कार्य भैरहेको छ । त्यस्तै प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा तालीमप्राप्त शिक्षकको संख्या शतप्रतिशत पुऱ्याउने लक्ष्य अनुरुप चालु आर्थिक वर्षसम्ममा तालिमप्राप्त शिक्षकको संख्या १९१९४ पुऱ्याइएको छ ।

१२.१६ आर्थिक वर्ष २०५९/६० मा २६ हजार ६३८ प्राथमिक विद्यालय, ७ हजार ९१७ निम्न माध्यमिक विद्यालय र ४ हजार ५४१ माध्यमिक विद्यालय रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक विद्यालयको संख्या क्रमशः २६ हजार ८२३, ७ हजार ९५४ र ४ हजार ५६९ पुग्ने अनुमान छ। आर्थिक वर्ष २०६०/६१ मा शिक्षक संख्या प्राथमिक, निम्न माध्यमिक र माध्यमिकमा क्रमशः १ लाख ११ हजार २७, २८ हजार ५७१ र २३ हजार २८ पुग्ने अनुमान छ। त्यस्तै आर्थिक वर्ष २०६०/६१ मा प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक विद्यालयमा विद्यार्थी संख्या क्रमशः ३० लाख ७४ हजार, ११ लाख ८८ हजार र ४ लाख ९६ हजार पुग्ने अनुमान छ ।

१२.१७ २०६० आश्विनको अनुमानित तथ्यांक अनुसार प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको विद्यालय, विद्यार्थी र शिक्षक अनुपात देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १२(क) : विद्यालय, विद्यार्थी र शिक्षक अनुपात**

| अनुपात | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक |
|---|---|---|---|
| विद्यार्थी/विद्यालय * | १४८ | १४९ | १०९ |
| शिक्षक/विद्यालय * | ४ | ४ | ५ |
| विद्यार्थी/शिक्षक * | ३६ | ४२ | २२ |
| विद्यार्थी/तालिमप्राप्त शिक्षक * | १९६ | १५६ | ५३ |

** अनुमानित*
*स्रोत : शिक्षा तथा खेलकुद मन्त्रालय (अनुमानित)*

गत वर्षको सोही अवधिसंग तुलना गर्दा विद्यार्थी/विद्यालय अनुपात प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा क्रमशः १५०, १४५ र ८४ थियो। त्यसैगरी २०५९

आश्विनमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा शिक्षक/विद्यालय अनुपात क्रमशः ४, ५ र ४; विद्यार्थी/ शिक्षक अनुपात क्रमशः ४०, ३० र २३ तथा विद्यार्थी/तालिमप्राप्त शिक्षक अनुपात क्रमशः ३२२, १७४ र ५८ रहेको थियो ।

**चार्ट १२(क) : सार्वजनिक विद्यालयहरुको संख्या**




१२.१८ शिक्षा (सातौं संशोधन) ऐन, २०५८ को वर्गीकरणमा परेका सामुदायिक विद्यालयहरुले श्री ५ को सरकारबाट अनुदान प्राप्त गर्दछन् भने संस्थागत विद्यालयहरु गुठी वा कम्पनी ऐन अन्तर्गत रही संचालित हुन्छन् । सरकारी र सामुदायिक विद्यालयहरु वर्गीकरणको दृष्टिकोणले सामुदायिक विद्यालय अन्तर्गत पर्दछन् भने निजी विद्यालयहरु संस्थागत विद्यालय अन्तर्गत पर्दछन् । २०६० आश्विनको अनुमानित तथ्याङ्क अनुसार नेपाल अधिराज्यका पाँच विकास क्षेत्रहरुमा सरकारी, सामुदायिक र निजीस्तरबाट सञ्चालित विद्यालयहरुमा विद्यार्थी/शिक्षक अनुपात निम्न वमोजिम रहेको थियो :-

**तालिका १२(ख) : विद्यार्थी/शिक्षक अनुपात, २०६०/६१***

| क्षेत्र | प्रति शिक्षक विद्यार्थी अनुपात | | |
|---|---|---|---|
| | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक |
| नेपाल अधिराज्य | ३६ | ४२ | २२ |
| सरकारी | ४१ | ४९ | २६ |
| सामुदायिक | ३५ | ५९ | ४६ |
| निजी | १६ | २० | १० |

| क्षेत्र | प्रति शिक्षक विद्यार्थी अनुपात | | |
|---|---|---|---|
| | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक |
| पूर्वाञ्चल | ३८ | ५१ | ३१ |
| सरकारी | ४२ | ५० | ३० |
| सामुदायिक | ५५ | १५४ | १२९ |
| निजी | १८ | २१ | १४ |
| मध्यमाञ्चल | ३४ | ३३ | १७ |
| सरकारी | ४२ | ४० | २३ |
| सामुदायिक | २८ | ४३ | ३९ |
| निजी | १७ | २२ | ९ |
| पश्चिमाञ्चल | ३४ | ४४ | २२ |
| सरकारी | ३७ | ५३ | २८ |
| सामुदायिक | २० | ४९ | २६ |
| निजी | २७ | १८ | ९ |
| मध्य पश्चिमाञ्चल | ४२ | ४६ | २२ |
| सरकारी | ४३ | ५५ | २४ |
| सामुदायिक | ६० | ४७ | ३४ |
| निजी | ११ | ७ | ४ |
| सुदूर पश्चिमाञ्चल | ४१ | ४७ | २४ |
| सरकारी | ४८ | ५७ | २७ |
| सामुदायिक | २२ | ३४ | २४ |
| निजी | १६ | २३ | १२ |

* *अनुमानित ।*

*स्रोत : शिक्षा तथा खेलकुद मन्त्रालय*

*द्रष्टव्य : सरकारी र सामुदायिक विद्यालय भन्नाले क्रमशः अनुदान पाउने र अनुदान पाउने आशामा रहेका विद्यालय भन्ने बुझिन्छ ।*

अघिल्लो वर्षको यसै अवधिमा अधिराज्यका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा विद्यार्थी/शिक्षक अनुपात क्रमशः ४०, ३० र २३ रहेको थियो ।


सार्वजनिकस्तरका विद्यालयहरु
२३%
२९%
२४%
१४%
१०%
पूर्वाञ्चल
मध्यमाञ्चल
पश्चिमाञ्चल
मध्यपश्चिमाञ्चल
सुदूर प


सामुदायिकस्तरका विद्यालयहरु
13%
14%
19%
34%
20%
पूर्वाञ्चल
मध्यमाञ्चल
पश्चिमाञ्चल
मध्यपश्चिमाञ्चल
सुदूर पश्चिमाञ्चल




१२.१९ उच्च माध्यमिक शिक्षा प्रणाली (१०+२) लाई प्रोत्साहन गर्ने नीति अनुरुप उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत शैक्षिक सत्र २०६०/६१ सम्म सम्बन्धनप्राप्त विद्यालयहरुको क्षेत्रगत संख्या निम्नानुसार रहेको छ -

**तालिका १२(ग) : शैक्षिक सत्र २०६०/६१ सम्म सम्बन्धनप्राप्त विद्यालयहरु**

| विकास क्षेत्र | सार्वजनिक विद्यालय | निजी | निजी ०+२ | क्याम्पस | जम्मा विद्यालय संख्या |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | १०२ | १४ | ३८ | १९ | १७३ |
| मध्यमाञ्चल | १०३ | ९७ | १०२ | ४९ | ३५१ |
| क) उपत्यकाभित्र | २५ | ७७ | ७७ | २५ | २०४ |
| ख) उपत्यकाबाहिर | ७८ | २० | २५ | २४ | १४७ |
| पश्चिमाञ्चल | १४२ | ३४ | १६ | २४ | २१६ |
| मध्यपश्चिमाञ्चल | ३७ | ७ | ४ | ४ | ५२ |
| सुदूरपश्चिमाञ्चल | ५२ | ५ | ४ | ३ | ६४ |
| कुल जम्मा | ४३६ | १५७ | १६४ | ९९ | ८५६ |
| प्रतिशत | ५०.९३ | १८.३४ | १९.१६ | ११.५७ | १०० |

*स्रोत : उच्च माध्यमिक शिक्षा परिषद्*

१२.२० उच्च माध्यमिक विद्यालय अन्तरगत कक्षा ११ र १२ को परीक्षामा शैक्षिक वर्ष २०५० देखि २०६० सम्म नियमित तथा आंशिक रुपमा उपस्थित भएका विद्यार्थीहरुको संख्या निम्नानुसार रहेको छ :

**तालिका १२(घ) : शैक्षिक सत्र २०५०।५१ देखि २०६०/६१ सम्म कक्षा ११ र १२ को परीक्षामा उपस्थित विद्यार्थी संख्या**

| वर्ष | एघार कक्षा | | | बाह्र कक्षा | | | दुवैको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | नियमित | आंशिक | जम्मा | नियमित | आंशिक | जम्मा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०५० | १३४३ | | १३४३ | | | | १३४३ |
| २०५१ | १०६६ | | १०६६ | ७८२ | | ७८२ | १८४८ |
| २०५२ | ३०४० | ८२७ | ३८६७ | ८८४ | ११४० | २०२४ | ५८९१ |
| २०५३ | ६३४१ | २०२६ | ८३६७ | २२५६ | ७६६ | ३०२२ | ११३८९ |
| २०५४ | ८९०७ | ४६०१ | १३५०८ | ४७२७ | २००० | ६७२७ | २०२३५ |
| २०५५ | १२१६३ | ७५०५ | १९६६८ | ६९९५ | ३९१९ | १०९१४ | ३०५८२ |
| २०५६ | १८८३३ | ९२८८ | २८१२१ | १०१८८ | ८३८६ | १८५७४ | ४६६९५ |
| २०५७ | २८१२० | ३६६८ | ३१७८८ | १५९५४ | ७०१७ | २२९७१ | ५४७५९ |
| २०५८ | ४९९५१ | १८११७ | ६८३६८ | २४३६८ | ७४११ | ३१७७९ | १००१४७ |
| २०५९ | ४४४१६ | ३५७३७ | ८०१५३ | ४१८३८ | १६१२६ | ५७९६७ | १३८११७ |
| २०६० | ६६२६४ | ३९९७३ | १०६२३७ | ३७१३१ | ३०५७५ | ६७७०६ | १७३९४३ |
| जम्मा | २४०४४४ | १२२०४२ | ३६२४८६ | १४५१२३ | ७७३४० | २२२४६३ | ५८४९४९ |

*स्रोत : उच्च माध्यमिक शिक्षा परिषद्*

शैक्षिक सत्र २०५९ मा उच्च माध्यमिक तहको ११ कक्षाको परीक्षामा सम्मिलित विद्यार्थी संख्या ८०१५३ रहेकोमा चालु शैक्षिक वर्ष २०६० मा सो संख्यामा ३२.५ प्रतिशतले वृद्धि भई १०६२३७ पुगेको छ। त्यसैगरी बाह्र कक्षाको परीक्षामा सम्मिलित हुने विद्यार्थी संख्या ५७९६७ बाट १६ प्रतिशतले वृद्धि भई ६७७०६ पुग्न गएको छ।




१२.२१ भौगोलिक अवस्थितिका आधारमा शैक्षिक सत्र २०६०/६१ सम्म सम्बन्धनप्राप्त सार्वजनिक, निजी, दस जोड २ र क्याम्पसहरुको कूल संख्यामा हिमाली क्षेत्र, पहाडी क्षेत्र, तराई क्षेत्र र उपत्यकाभित्र रहेका विद्यालयहरुको संख्या देहाय वमोजिम रहेको छः

**तालिका १२(ङ) : भौगोलिक अवस्थितिका आधारमा**
**शैक्षिक सत्र २०६०/६१ सम्म सम्बन्धनप्राप्त विद्यालयहरु**

| विकास क्षेत्र | भौगोलिक अवस्थिति | | | जम्मा |
|---|---|---|---|---|
| | हिमाल | पहाड | तराइ | |
| पूर्वाञ्चल | १६ | ५२ | १०५ | १७३ |
| मध्यमाञ्चल | १६ | २३६ | ९९ | ३५१ |
| क) उपत्यका भित्र | | २०४ | | २०४ |
| ख) उपत्यका वाहिर | १६ | ३२ | ९९ | १४७ |
| पश्चिमाञ्चल | २ | १५८ | ५६ | २१६ |
| मध्य पश्चिमाञ्चल | ४ | २३ | २५ | ५२ |
| सुदुर पश्चिमाञ्चल | १३ | २७ | २४ | ६४ |
| जम्मा | ५१ | ४९६ | ३०९ | ८५६ |

*स्रोत : उच्च माध्यमिक शिक्षा परिषद्*

१२.२२ चालु आर्थिक वर्ष २०६०/६१ सम्म अधिराज्यभर संचालित ८५६ वटा उच्च माध्यमिक विद्यालयहरु मध्ये ४०१ सार्वजनिक उच्च माध्यमिक विद्यालयलाई दुई शिक्षकको तलव वरावरको रकम अनुदान् दिने नीति तथा कार्यक्रम रहेकोमा बजेटको कमीले गर्दा हालसम्म एक शिक्षकको तलव बरावरको रकम मात्र अनुदान् प्रदान गर्न सकिएको छ । नेपाल अधिराज्यभरका सार्वजनिक उच्च माध्यमिक विद्यालयहरुमा अध्ययनरत गरिवीको रेखामुनि रहेका दलित, उत्पीडित, जेहेन्दार एवं जनजातिका छात्र-छात्राहरुलाई प्रत्येक उच्च माध्यमिक विद्यालयमा २५ जनामा १ जनाको दरले रु. २००० रकम उपलव्ध गराइएको छ । सार्वजनिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका गरिवीको रेखामुनि रहेका उत्पीडित, दलित, अपाङ्ग एवं जनजातिका विद्यार्थीले प्राप्त गरेको उत्कृष्ट अंकको आधारमा कक्षा ११ र १२ मा नि:शुल्क अध्ययन गराउनको लागि परिषद्मा १ विद्यार्थी बैंक खडा गरी उक्त विद्यार्थीहरुलाई निजी उच्च माध्यमिक विद्यालयहरुमा पढाउने व्यवस्था गर्न कार्यवाही अगाडि बढाइएको छ र सम्भवत: आगामी आर्थिक वर्ष २०६१/६२ देखि उक्त कार्यक्रम लागू हुनेछ ।

१२.२३ विगत आर्थिक वर्षमा उच्च माध्यमिक शिक्षा परिषदबाट मात्र विद्यालय अनुगमन तथा निरीक्षणको कार्य भइरहेकोमा चालु आर्थिक वर्षदेखि क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयबाट समेत अनुगमन तथा निरीक्षण कार्य भैरहेको छ । आगामी आर्थिक वर्षमा २०६१/६२ भित्र पाँच विषयमा जम्मा ६०० शिक्षकलाई तालीम प्रदान गर्ने, उच्च माध्यमिक शिक्षा परिषद्का हालसम्म मौजुदा रहेका ऐन नियम, विनियम र संगठनात्मक संरचनालाई पुनरावलोकन गरी संशोधन तथा परिमार्जन गर्ने, हालसम्म संचालित ८५६ वटा उच्च माध्यमिक विद्यालयहरुको प्रोफाइल तयार गर्ने, यस वर्ष अधिराज्य भरिका १४ अञ्चलमा एक-एक वटा नमूना उच्च माध्यमिक विद्यालय संचालन गर्न अध्ययन गर्ने, हाल संचालित +२ मात्र संचालन गर्ने र उच्च माध्यमिक

विद्यालयलाई माध्यमिक विद्यालय तहको समेत कक्षा संचालन गराउनेतर्फ भइरहेको अध्ययनलाई चालु राख्ने लक्ष्य लिइएको छ ।

## उच्च शिक्षा

१२.२४ उच्च शिक्षा अन्तर्गत हाल नेपालमा त्रिभुवन विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय, काठमाडौ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालय गरी पाँच वटा विश्वविद्यालय संचालित छन् । आर्थिक वर्ष २०६०/६१ मा त्रिभुवन विश्वविद्यालय अन्तर्गत आंगिक क्याम्पस ६१ वटा तथा सम्बन्धन प्राप्त निजी क्षेत्रका क्याम्पस २७८ वटा गरी जम्मा ३३९ वटा क्याम्पसहरु सञ्चालनमा रहेका छन् । त्रिभुवन विश्वविद्यालयमा आंगिक तर्फ १ लाख १९ हजार १३९ तथा निजी क्षेत्रका (त्रि.वि.बाट सम्बन्धन प्राप्त) क्याम्पसतर्फ ७९ हजार ४२६ गरी जम्मा १ लाख ९८ हजार ५६५ विद्यार्थीहरु अध्ययनरत रहेको अनुमान छ । यो संख्या आर्थिक वर्ष २०५९/६० मा अध्ययन गर्ने विद्यार्थी संख्या २ लाख १६ हजार १७ को तुलनामा ८.१ प्रतिशतले कम हुने अनुमान छ । प्रमाणपत्र तहलाई उच्च माध्यमिक विद्यालय (१०+२) मा क्रमशः स्थानान्तरण गर्ने नीति अनुरुप प्रमाणपत्र तहमा क्रमशः कम विद्यार्थी भर्ना हुने अनुमान गरिएको हुँदा अध्ययनरत विद्यार्थी संख्या कम हुने अनुमान गरिएको छ ।

१२.२५. त्रिभुवन विश्वविद्यालय अन्तर्गत प्राविधिक क्षेत्रका अध्ययन संस्थानहरुको उत्पादन विवरण निम्न वमोजिम रहेको छ :

**तालिका १२(च) : त्रिभुवन विश्वविद्यालय प्राविधिक क्षेत्रका अध्ययन संस्थानहरुको उत्पादन विवरण**

| अध्ययन संस्थान र कार्यक्रम | २०५३।५४ | २०५४।५५ | २०५५।५६ | २०५६।५७ | २०५७।५८ | २०५८।५९ | २०५९।६० |
|---|---|---|---|---|---|---|---|
| १. इन्जिनियरिङ. | २५५ | ३३२ | ६४७ | ५५९ | ६४८ | ६६५ | ८७० |
| क. प्रमाणपत्र | २४१ | २३८ | ५१४ | ३७२ | ४३६ | ४४१ | ५५४ |
| ख. स्नातक | १४ | ९४ | १३३ | १५० | १८४ | १८१ | २५७ |
| ग. स्नातकोत्तर | - | - | - | ३७ | २८ | ४३ | ५९ |
| २. कृषि र पशुविज्ञान | ७५ | ११६क | १०१ | १४६ | उत्पाद | १७५ | २४१ |
| क. प्रमाणपत्र | ५७ | ३२ | २१ | ६९ | न | ४२ | ५३ |
| ख. स्नातक | १८ | ८४ | ८० | ७७ | भई | १०८ | १४४ |
| ग. स्नातकोत्तर | - | - | - | | नसकेक | २५ | ४४ |
| ३. चिकित्साशास्त्र | ३६५ | ३९० | ३७६ | ४५८ | ो | ५०४ | ५१६ |
| क. प्रमाणपत्र | २६८ | २२८ | २६८ | ३०९ | - | ३१४ | ३०२ |
| ख. स्नातक | ४८ | १३९ | ६७ | ९० | ४५० | १२४ | १४८ |
| ग. स्नातकोत्तर | ४९ | २३ | ४१ | ५९ | २९४ | ६६ | ६६ |
| ४. वन विज्ञान | १६६ | ९१ | ८७ | १३४ | १०९ | १६४ | ६६ |
| क. प्रमाणपत्र | १२४ | ८८ | ८७ | ९५ | ४७ | ११३ | ६६ |
| ख. स्नातक | ४२ | ३ | - | ३९ | १६९ | ५१ | परीक्षा |
| ५. विज्ञान तथा | ३६१ | ४५१ | ३४६ | १६४ | १०३ | ४१९० | भएको |
| प्रविधि अध्ययन | | | | | ६६ | | छैन |
| संस्थान | | | | | ३४९१ | २७८० | ३७२७ |
| क. प्रमाणपत्र | | | | | | ९६३ | |
| ख. स्नातक | ३६१ | ४५१ | ३४६ | १६४ | २२३५ | ४४७ | २२४९ |
| ग. स्नातकोत्तर | | | | | ८३९ | | ११७५ |
| | | | | | ४१५ | | ३०३ |
| कुल जम्मा | १२२२ | १३८० | १५५७ | १४६१ | ४७५६ | ५६९८ | ५४२० |

*स्रोत : त्रिभुवन विश्वविद्यालय ।*

१२.२६ उल्लिखित तालिका बमोजिम त्रिभुवन विश्वविद्यालय अन्तर्गतका प्राविधिक क्षेत्रका अध्ययन संस्थानहरुबाट आर्थिक वर्ष २०५८/५९ मा कुल ५ हजार ६९८ विद्यार्थी उत्पादन भएकोमा आर्थिक वर्ष २०५९/६० मा सो संख्या ५ हजार ४२० पुगेको छ।

**तालिका १२(छ) : विद्यावारिधि उत्पादन विवरण**

| अध्ययन संस्थान / संकाय | ०५३।५४ | ०५४।५५ | ०५५।५६ | ०५६।५७ | ०५७।५८ | ०५८।५९ | ०५९।६० |
|---|---|---|---|---|---|---|---|
| १. इन्जिनियरिङ्ग | - | - | - | - | - | १ | - |
| २. विज्ञान तथा प्रविधि अध्ययन संस्थान | २ | १ | १ | १ | २ | - | ३ |
| ३. व्यवस्थापन संकाय | १ | १ | ३ | १ | १ | ३ | ४ |
| ४. कानून संकाय | - | - | - | - | - | - | १ |
| ५. मानविकी तथा सामाजिकशास्त्र | ८ | ९ | ८ | ८ | ७ | १३ | १३ |
| कुल जम्मा | ११ | ११ | १२ | १० | १० | १७ | २१ |

*स्रोत : त्रिभुवन विश्वविद्यालय।*

त्रिभुवन विश्वविद्यालयबाट आर्थिक वर्ष २०५८/५९ मा १७ जनाले विद्यावारिधि हासिल गरेकोमा आर्थिक वर्ष २०५९/६० मा विद्यावारिधि हासिल गर्नेको संख्या २१ पुगेको छ।

१२.२७ त्रिभुवन विश्वविद्यालयले धेरै वर्ष अघि (वि.सं. २०३७ साल) देखि सेवा प्रदान गर्दै आइरहेको स्वास्थ्य सेवा क्षेत्र अन्तर्गत त्रि.वि. शिक्षण अस्पताल, वि.पि. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र (आँखा अस्पताल), लागू औषध दुर्व्यसनी स्याहार केन्द्र र त्रि.वि. हेल्थ सेण्टर कीर्तिपुरमा विभिन्न किसिमका चिकित्सा सेवा प्राप्त गर्नेहरुको कुल संख्या आर्थिक वर्ष २०५८।५९ मा ४ लाख १६ हजार ६०३ पुगेकोमा आर्थिक वर्ष २०५९/६० मा विभिन्न किसिमका ४ लाख ४ हजार ८५३ विरामीहरुले विरामी सेवा प्राप्त गरेका छन्।

१२.२८ संस्कृत विद्यालाई सर्वाङ्गिण रुपमा हासिल गर्न अन्य राष्ट्रका विद्वान्हरु पनि नेपालप्रति आकृष्ट होउन् भन्ने उद्देश्य राखी नेपाललाई संस्कृत विद्या अध्ययनको केन्द्रको रुपमा विकसित गर्ने एवं संस्कृत शिक्षाको विस्तारलाई निरन्तरता दिने उद्देश्यले स्थापित महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त विद्यापीठहरुमा आर्थिक वर्ष २०५९/६० मा कर्मकाण्ड, योग तथा संस्कृत भाषा प्रशिक्षणमा ३४६ समेत कूल ३ हजार १ विद्यार्थीहरु अध्ययनरत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा कर्मकाण्ड, योग तथा संस्कृत भाषा प्रशिक्षणमा ८२० जना सहित ३ हजार ६१० विद्यार्थीहरु अध्ययनरत छन्।

१२.२९ काठमाडौं विश्वविद्यालय अन्तर्गत आंगिक र सम्बन्धनप्राप्त कलेजहरुमा विभिन्न बिषयमा आर्थिक वर्ष २०५९/६० मा २ हजार ९५९ पुरुष तथा १ हजार ७४६ महिला अध्ययनरत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा ३ हजार ७४० पुरुष र २ हजार २७५ महिला अध्ययनरत रहेका छन्। आर्थिक वर्ष २०६०/६१ मा यस विश्वविद्यालयको आंगिक अध्यापनमा स्कुल अफ साइन्समा ७८६, स्कुल अफ इन्जिनियरिङ्गमा ५२१, स्कुल अफ म्यानेजमेण्टमा १२०, स्कुल अफ एजुकेशनमा १२८, स्कुल अफ आर्टस्मा ९८ तथा स्कुल आफ मेडिकल साइन्समा ५८६ छात्रछात्रा अध्ययनरत रहेका छन् भने

सम्बन्धनप्राप्त कलेजहरुमा मेडिकल साइन्सतर्फ ३०५६, व्यवस्थापनतर्फ ५४१, कलातर्फ १९२ तथा शिक्षातर्फ १४ जना छात्रछात्रा अध्ययनरत रहेका छन् ।

१२.३० पूर्वाञ्चल विश्वविद्यालय र अन्तर्गतका आङ्गिक र सो विश्वविद्यालयबाट सम्बन्धनप्राप्त क्याम्पसहरुमा समेत गरी आर्थिक वर्ष २०५९/६० मा कुल ४ हजार ३९९ जना विद्यार्थीहरु अध्ययनरत थिए भने आर्थिक वर्ष २०६०/६१ मा सो संख्या ६ हजार ३८८ पुगेको छ। आर्थिक वर्ष २०५९/६० मा यस विश्वविद्यालयबाट २९५ जना जनशक्ति उत्पादन भएको छ।

१२.३१ रोजगारीमूलक गुणस्तरीय शिक्षाको लागि वातावरण तयार गर्न, शिक्षकहरुको प्राज्ञिक उन्नयन, विशिष्ट शिक्षाको वातावरण अभिवृद्धि गर्ने, शिक्षण पद्धति र जनशक्ति विकासका लागि आवश्यकता अनुसार सूचना प्रणालीमा जोड दिने, सूचना प्रविधिमा आएको नवीनतम परिवर्तनलाई दृष्गित गरी सूचना प्रविधि सम्वन्धी शिक्षालाई प्रभावकारी रुपमा लागू गर्ने, सम्बन्धन विस्तार भन्दा हाल संचालित कार्यक्रमहरुलाई सुदृढीकरणको लागि जोड दिने, लागत आपूरण (cost recovery) नीतिलाई प्रभावकारी वनाउने जस्ता नीति लिएर पोखरा विश्वविद्यालय छैठौ वर्षमा प्रवेश गरिसकेको छ। यस विश्वविद्यालय र अन्तर्गतका आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरुमा समेत गरी आर्थिक वर्ष २०५९/६० मा जम्मा ४ हजार १३३ विद्यार्थीहरु अध्ययनरत थिए भने चालू आर्थिक वर्षमा सो संख्या ४ हजार ६१४ पुगेको छ।

१२.३२ सामुदायिक स्तरमा संचालित व्यवसायहरुलाई सञ्चालित कार्यक्रमको स्तर, तह, भौगोलिक अवस्था, आंगिक क्याम्पसको उपस्थिति आदि आधारहरु वमोजिम वार्षिक अनुदान दिने कार्यक्रम रहेकोमा सो नीतिलाई आर्थिक वर्ष २०६०/६१ मा पनि निरन्तरता दिइएको छ। आर्थिक वर्ष २०५९/६० मा १४८ वटा क्याम्पसलाई न्यूनतम रु. ८०,०००।- तथा अधिकतम रु. १,८६,०००।- को सीमाभित्र रही नियमित अनुदान प्रदान गरिएको र आर्थिक वर्ष २०५१/५२ देखि २०५९/६० सम्म क्रमशः १२८, १२३, १२८, २२५, १३२, १३३, १३७, १४३ र १४८ क्याम्पसहरुले यस्तो अनुदान पाएका छन् ।

१२.३३ उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई अन्तर्राष्ट्रिय स्तरसंग प्रतिस्पर्धा हुने गरी अनुसन्धान मुखी वनाउनका लागि विश्वविद्यालय अनुदान आयोगको स्थापना संगसंगै गुणस्तर सुधार कार्यक्रमको संचालनद्वारा आर्थिक वर्ष २०५९/६० मा अनुसन्धान प्रवर्धनमा ५४ वटा, पुनर्ताजगी तालिम/कार्यशालामा ७ वटा, भिजिटिङ कार्यक्रममा ४४ वटा, सेमिनार/वर्कसपमा २७ वटा, पि.एच.डि./एम.फिल.वृत्तिमा ३४ वटा तथा अन्यमा ३ वटा समेत जम्मा १६९ वटालाई अनुदान स्वीकृत गरी तदनुरुप कार्य भएको र यसबाट शिक्षकको क्षमता तथा दक्षतामा अभिवृद्धि भै समग्र उच्च शिक्षाको गुणस्तर अभिवृद्धिमा सकारात्मक योगदान पुगेको छ । यो कार्यक्रमलाई आर्थिक वर्ष २०६०/६१ मा पनि निरन्तरता दिइएको छ।

## स्वास्थ्य

१२.३४ श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयको दरवन्दी अनुसार आर्थिक वर्ष २०६०/६१ को आठ महिनासम्ममा नेपाल अधिराज्यभरि अस्पताल संख्या ८३, स्वास्थ्य केन्द्र १०, स्वास्थ्य चौकी ७००, आयुर्वेद औषधालय २८७, उपस्वास्थ्य चौकी ३ हजार १४१ र प्राथमिक स्वास्थ्य चौकी १८० रहेका छन् भने अस्पताल शैया ५ हजार २५०, डाक्टर

१२५९, परिचारिका १० हजार ९९, कविराज ३८१ (अधिकृत कविराज समेत), बैद्य ३५४, स्वास्थ्य सहायक (हे.अ. र अ.हे.व. समेत) ७ हजार ४९१, स्वास्थ्य कार्यकर्ता ( मा.शि.का.) ३ हजार १९०, स्थानीय स्वास्थ्य कार्यकर्ता ३ हजार ९८५ र अन्य स्वास्थ्य कार्यकर्ता (तालीम प्राप्त सुँडेनी, महिला स्वास्थ्य स्वंयसेविका) ६२ हजार ४४६ रहेका छन् ।

१२.३५ आर्थिक वर्ष २०५९/६० मा केन्द्रीय स्तरमा परिवार नियोजन तथा सुरक्षित मातृत्व एवं महिला स्वयंसेविका कार्यक्रम अन्तर्गत परिवार नियोजनको साधन खरीद तथा वितरण, सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजनको साधन प्रयोगकर्ता, महिला स्वयंसेविका, औषधि कीट खरिद लगायत ९ वटा कार्यक्रम संचालन भएकोमा शत-प्रतिशत, जिल्लास्तरीय परिवार नियोजन कार्यक्रम अन्तर्गत स्थायी वन्ध्याकरण, अस्थायी साधनहरुको वितरण र प्रयोग, सुत्केरी सामग्री खरीद तथा वितरण लगायत ७ वटा क्रियाकलापमा ९१.० प्रतिशत र शहरी स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत शहरी स्वास्थ्य क्लिनिकलाई उपकरण खरीद, वोर्ड हेल्थ प्रमोटरको तालीम लगायत ७ वटा कार्यक्रममा ९५.० प्रतिशत भौतिक प्रगति भएको छ भने चालु आर्थिक वर्ष २०६०/६१ को आठ महिनामा परिवार नियोजन तथा मातृ शिशु एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत संचालित कार्यक्रममा ५१.० प्रतिशत भौतिक प्रगति भएको छ ।

१२.३६ आर्थिक वर्ष २०५९/६० मा स्वास्थ्य मन्त्रालय अन्तर्गत केन्द्रीय तथा जिल्ला स्तरमा औषधि उपकरण तथा आपूर्ति, अधिराज्यका स्वास्थ्य संस्थाहरुका लागि उपकरण तथा मेसीन औजारको व्यवस्था, राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत केन्द्रीय स्तरमा रोग निदान तथा उपचार, तालीम, गुणस्तर नियन्त्रण, ५ वर्ष मुनिका बालबालिकाहरुमा निमोनिया रोग विरुद्धको उपचार, विस्तारित खोप तथा राष्ट्रिय पोलियो खोप कार्यक्रम अन्तर्गत १ वर्ष मुनिका बालबालिकाहरुलाई BCG, DPT, पोलियो, दादुरा तथा गर्भवती महिलालाई टि.टि. खोप दिने, १ वर्ष मुनिका बालबालिकाहरुलाई विभिन्न खोप, कुष्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत कुष्ठरोग नियन्त्रण सम्वन्धी स्वास्थ्य शिक्षण कार्यक्रम, मलेरिया, कालाज्वर तथा जापानीज इन्सेफलाइटिस रोगको रोकथामका लागि अनुसन्धान, तालीम, सुपरिवेक्षण, इपिडिमियोलजी, औलो तथा कालाज्वर नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन अन्तर्गत आकस्मिक रुपमा देखा पर्ने सरुवा रोगको निदान नियन्त्रणको लागि आवश्यक औषधि व्यवस्था गर्ने, एड्स तथा यौन रोग कार्यक्रम अन्तर्गत औषधि वितरण, HIV एड्स सम्वन्धी परामर्श सेवा प्रदान गर्ने, एड्स समाचारपत्र प्रकाशन तथा वितरण, विद्यालय शिक्षा, HIV/AIDS नियन्त्रण सम्वन्धी कार्य योजना तयारी जस्ता ४३ वटा कार्यक्रम/योजनाहरु संचालन गर्ने लक्ष्य लिई १९ वटा कार्यक्रमहरुलाई पहिलो प्राथमिकता ($P_1$) अन्तर्गत संचालन गरिएकोमा ५०.० प्रतिशत देखि शतप्रतिशतसम्म भौतिक प्रगति भएको छ । चालु आर्थिक वर्ष २०६०/६१ मा केन्द्रीय स्तरमा ३२ वटा र जिल्लास्तरमा ६ वटा गरी जम्मा ३८ वटा कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोमा आर्थिक वर्षको प्रथम आठ महिनामा $P_1$ अन्तर्गतका १९ वटा र $P_2$ अन्तर्गतका १३ वटा कार्यक्रम संचालन भै ५०.० प्रतिशत भन्दा बढी प्रगति भएको छ ।

चार्ट १२(घ) : स्वास्थ्य सेवाको विस्तार




१२.३७ विकेन्द्रीकरण नीति अन्तर्गत स्वास्थ्य मन्त्रालयको क्षेत्राधिकार भित्रका उप-स्वास्थ्य चौकीहरुलाई स्थानीय गाँउ विकास समितिमा हस्तान्तरण गरी व्यवस्थापकीय जिम्मेवारी सुम्पने नीति अनुरुप यस आर्थिक वर्ष २०६०/६१ मा ५०० उप-स्वास्थ्य चौकीहरु समुदायलाई हस्तान्तरण गरिने लक्ष्य रहेकोमा लक्ष्यभन्दा बढी ६१२ वटा उप-स्वास्थ्य चौकी हस्तान्तरण भएको छ । चालु आर्थिक वर्षमा अधिराज्यका १५ जिल्लाहरुमा विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य उपचार कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोमा प्रथम आठ महिनामा १२ जिल्लामा संचालन भैसकेको छ। त्यस्तै चुरोट एवं मदिरा बिक्री तथा उत्पादनकर्ताबाट संकलन भएको शुल्क वी.पी.कोइराला क्यान्सर अस्पताल, शहीद गंगालाल क्यान्सर अस्पताल, भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सर र मुटुरोग उपचारमा खर्च गरिएको छ।

१२.३८ विगत केही दशकदेखि विश्वमा देखा परेको HIV/AIDS ले नेपालमा पनि संक्रामक रुप लिन थालेकोले यस रोगको रोकथाम र नियन्त्रण गर्न संचालित यौनरोग नियन्त्रण कार्यक्रमलाई चालु आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ। यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६०/६१ मा एच.आइ.भि. बाट संक्रमित ३०० जना विरामीको उपचार गरिएको छ।

१२.३९ आर्थिक वर्ष २०५९/६० मा २ वर्ष मुनिका कुपोषित वच्चा १४.० प्रतिशत थिए भने वार्षिक श्वास प्रश्वास रोग प्रति १००० वच्चामा २८९ जनालाई, वार्षिक कडा श्वासप्रश्वास रोग ३.३ प्रतिशतलाई, वार्षिक झाडा पखाला रोग प्रति १००० वच्चामा २०० जनालाई र वार्षिक कडा झाडापखाला रोग ३.० प्रतिशतलाई लागेको थियो । त्यस्तै गत आर्थिक वर्षमा औलोको रक्त परीक्षण प्रति १००० जनसंख्यामा ८.०

प्रतिशत, क्षयरोगको निको हुने दर ९०.० प्रतिशत, कुष्ठरोग प्रति १००० जनसंख्यामा ३ जना रहेको थियो । गत आर्थिक वर्ष २०५९/६० मा विस्तारित खोपको अंश वि.सी.पी. खोपमा ९७.० प्रतिशत डी.पी.टी. तेस्रो र पोलियो तेस्रो डोज ८६.० प्रतिशत र दादुरा विरुद्धको खोपमा ८०.० प्रतिशत रहेको थियो । सुरक्षित मातृत्वतर्फ गर्भवती महिलाको सेवा अन्तर्गत पहिलो पटकको सेवा ५३.० प्रतिशत थियो भने तालीमप्राप्त व्यक्तिद्वारा उपलव्ध गराइएको प्रसूति सेवा १६.१ प्रतिशत र परिवार नियोजनको साधनको प्रयोगदर ३८.० प्रतिशत रहेको थियो ।

## खानेपानी, सरसफाइ तथा ढल निकास

१२.४० खानेपानी प्रणालीहरुलाई अधिराज्यका शहरी क्षेत्रहरुमा चुस्त र प्रभावकारी बनाई शहरी खानेपानी प्रणालीहरुमा भइरहेको चुहावट नियन्त्रण गर्नुका साथै सुदृढ बनाउनु आवश्यक भएको सन्दर्भमा प्रस्तुत कार्यक्रमहरु महत्वपूर्ण ठहर्दछन् । यसै सन्दर्भमा काठमाडौं उपत्यकाको खानेपानीको दीर्घकालीन समाधानको रुपमा मेलाम्ची खानेपानी आयोजनाबाट खानेपानी आपूर्ति नभएसम्मको अवधिभर पानीको माग पूर्ति गर्न उपत्यकाभित्र पहिचान भएका मनोहरा तथा सैवु स्रोतहरुबाट थप पानी ल्याउन काठमाडौं उपत्यका खानेपानी सुदृढीकरण आयोजना यसै आर्थिक वर्ष २०६०/६१ मा सम्पन्न गरिने भएको छ । उपत्यका वरिपरिका स-साना मूलहरु परिचालन गर्नुका साथै सतह तथा भूमिगत स्रोतहरुको समेत अझ बढी उपयोग गरी थप पानी उपलब्ध गर्दै लैजाने नीति अवलम्वन गरिएको छ ।

चार्ट १२(ङ) : स्वास्थ्य सुविधाको विस्तार



१२.४१ खानेपानी सुविधा विस्तारको लागि सरकारी प्रयास मात्र पर्याप्त नहुने हुँदा संभाव्यताको आधारमा स्थानीय निकायहरु, गैर-सरकारी संघ संस्था र निजी क्षेत्रको संलग्नताबाट समेत सुविधा विस्तारको नीति अवलम्वन गरिएको छ । आयोजनाको दिगोपन र सेवाको सुनिश्चितताको लागि ग्रामीण र अर्ध-शहरी क्षेत्रमा संचालन हुने आयोजनाहरुमा जनसहभागिताको सट्टा सामुदायिक व्यवस्थापनको अवधारणालाई अघि सारिएको छ । आयोजना कार्यान्वयनमा लाग्ने खर्चको कम्तीमा २० प्रतिशत रकम समुदायले व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ भने पिछडिएका वर्ग प्रति लक्षित समुदायका हकमा सो रकम १० प्रतिशत मात्र हुने नीति लिइएको छ । खानेपानी सुविधाबाट अपेक्षित लाभ तथा जनस्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव सुनिश्चित गर्नका लागि सरसफाइ तथा स्वास्थ्य शिक्षा कार्यक्रमलाई खानेपानी सुविधाको अभिन्न अंगको रुपमा विकसित गर्न निश्चित रकम छुट्याउने र थप जनसंख्यालाई खानेपानी सुविधा प्रदान गर्ने कार्यसंगै पानीको गुणस्तर सुधार, सेवाको सुनिश्चितता तथा सेवा स्तरमा अभिवृद्धि कार्यक्रमहरु संचालन गर्ने नीति लिइएको छ ।

१२.४२ खानेपानी क्षेत्रको संस्थागत सुधारमा ग्रामीण क्षेत्रका थोरै जनसंख्या भएका समुदायमा खानेपानी सुविधा प्रदान गर्न स्थानीय निकाय र गैर-सरकारी संस्थाहरुलाई संलग्न गराउने उद्देश्यले स्थानीय निकायको योजना कार्यान्वयनको लागि जिल्ला प्राविधिक कार्यालयहरुको स्थापना भएको छ भने ग्रामीण खानेपानी तथा सरसफाइ विकास कोष र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसंगको सहयोगमा गैर सरकारी संस्थाहरु समेत यस्तो सुविधा विस्तारमा संलग्न रहेका छन् । सरकारी निकायको अतिरिक्त अन्य निकायहरु समेत सेवा विस्तारमा संलग्न भएको अवस्थामा प्रत्येक जिल्लामा रहेका जिल्ला खानेपानी कार्यालयको सट्टा आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ डिभिजन/सवडिभिजन स्थापना गरिएको छ । शहरी/अर्धशहरी क्षेत्रमा सेवा स्तरमा वृद्धि, पानीको गुणस्तरमा सुधार जस्ता कार्यक्रमहरु लागत उठती सिद्धान्तमा संचालन गरिएका छन् । ग्रामीण क्षेत्रमा आयोजनाहरु संचालन गर्दा सरकारी तथा अन्य वाह्य सहयोगको अंशमा क्रमिक रुपमा कमी आएको छ भने सरसफाइ क्षेत्रमा जनचेतना अभिवृद्धि लगायत सुविधा विस्तार कार्यक्रम खानेपानी आयोजना कार्यान्वयनको अभिन्न अंगका रुपमा संचालन भएका छन् ।

१२.४३ आर्थिक वर्ष २०५९/६० मा खानेपानी तथा ढल निकास कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यका पाइपलाइन विस्तार, काठमाडौं उपत्यका वाहिर पाइपलाइन विस्तार र काठमाडौं र ललितपुर विस्तार कार्यक्रम १०० प्रतिशत, खानेपानी चुहावट नियन्त्रण तथा मर्मत कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यका, पोखरा, भरतपुर, हेटौडा र भैरहवामा चुहावट मर्मत कार्य र मुठा मुठा पाइप हटाउने कार्य १०० प्रतिशत, खानेपानी उत्पादन वृद्धि कार्यक्रम अन्तर्गत, रत्नपार्कमा ट्युववेल निर्माण कार्य, भैरहवामा ओभरहेड टैंक निर्माण कार्य, जनकपुरमा ओभरहेड टैंक निर्माण कार्य, धरानमा सवमर्सिवल पम्प खरिद तथा जडान कार्य १०० प्रतिशत, वृहत् ढल निकास आयोजना (कीर्तिपुर समेत) ४४.६६ प्रतिशत तथा शहरी क्षेत्र खानेपानी तथा सरसफाई पुनर्स्थापना आयोजना १०० प्रतिशत सम्पन्न भएको छ भने चालु आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा शहरी क्षेत्र खानेपानी तथा सरसफाइ पुनर्स्थापना आयोजना अन्तर्गत मिनभवनमा ३० लाख लिटर क्षमताको एलिभेटेड ट्याङ्क निर्माण ९० प्रतिशत, सिंहदरवार, अनामनगरमा २७ लाख लिटर क्षमताको एलिभेटेड ट्याङ्क

निर्माण ८० प्रतिशत र बोडे देखि मीनभवनसम्म ट्रेकमेन निर्माण ८० प्रतिशत सम्पन्न भैसकेको छ । चालु आर्थिक वर्षमा खानेपानी उत्पादन वृद्धि कार्यक्रम सरदर ४२ प्रतिशत, वृहत् ढल निकास आयोजना (कीर्तिपुर समेत) सरदर ३५ प्रतिशत, खानेपानी चुहावट नियन्त्रण तथा मर्मत कार्यक्रम सरदर ७० प्रतिशत, खानेपानी तथा ढल निकास कार्यक्रम सरदर ५३ प्रतिशत र नयाँ शहर प्रणाली सुधार कार्यक्रम सरदर ६८ प्रतिशत प्रगति भएको छ ।

१२.४४ खानेपानी संस्थानबाट आर्थिक वर्ष २०५९/६० को अन्त्यसम्ममा प्रतिदिन थप ५० लाख लिटर खानेपानी उपलब्ध गराइएको छ र यस थप व्यवस्थाबाट ३३ हजार जनता लाभान्वित भएका छन् । त्यस्तै, खानेपानी तथा ढल निकास विभागबाट ग्रामीण क्षेत्रमा संचालित नयाँ आयोजनाबाट थप ५५ लाख ५२ हजार लिटर पानी उपलब्ध गराइएको छ। यसबाट १ लाख २३ हजार जनता लाभान्वित भएका छन्। आर्थिक वर्ष २०६०/६१ को पहिलो आठ महिनामा खानेपानी संस्थानबाट प्रतिदिन थप ३० लाख लिटर पानी उपलब्ध गराइएको छ । यसबाट २० हजार जनता लाभान्वित भएका छन् । त्यस्तै, खानेपानी तथा ढल निकास विभागको नयाँ आयोजनाबाट ग्रामीण क्षेत्रमा प्रतिदिन थप ८५ लाख ५० हजार लिटर पानी उपलब्ध गराइएको छ । यसबाट १ लाख ९० हजार जनता लाभान्वित भएका छन् । आर्थिक वर्ष २०५९/६० मा आधुनिक ढल निकासतर्फ नेपाल खानेपानी संस्थानले थप २.९६ किलो मिटर ढल सुविधा उपलब्ध गराएको छ भने आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा १ किलो मिटर थप ढल सुविधा उपलब्ध गराएको छ ।

## आवास तथा शहरी विकास

१२.४५ मुलुकको राष्ट्रिय उत्पादनमा शहरी क्षेत्रको भूमिकालाई बढी सक्षम दिगो तथा रोजगारीमूलक तुल्याई ग्रामीण विकासको परिपूरकको रुपमा शहरी विकासका कार्यहरु संचालन गर्ने नीति रहेको छ । हाल भैरहेको अनियन्त्रित शहरीकरणको प्रक्रियालाई सुनियोजित, विकेन्द्रित र तहगत रुपमा विकसित गर्दै शहरी जीवनलाई बढी उत्पादनशील, स्वास्थ्यकर, रोजगारीमूलक र सुविधायुक्त तुल्याउन भौतिक विकास योजनाहरुलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै जाने तथा अधिराज्यका अन्य शहरी क्षेत्रहरुमा स्थानीय निकायको सहभागिता र साझेदारीमा जग्गा विकास, भौतिक पूर्वाधार सेवा र सुविधाहरुको विकास लगायत ग्रामीण विकास र गरिवी निवारण कार्यमा सहयोगी हुने अन्य कार्य कार्यान्वयन गरिने नीति लिइएकोमा आर्थिक वर्ष २०५९/६० र चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्म शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम अन्तरगत खुल्ला क्षेत्र संरक्षण तथा शहरी पूर्वाधार विकास सुधार गर्ने, भौतिक सुविधा सुधार गर्ने, जग्गा विकास कार्यक्रम संचालन गर्ने, भू-सूचना प्रणाली सुदृढ गर्ने, संयुक्त आवास निर्माण गर्ने र बजार केन्द्रहरुको अध्ययन गर्ने जस्ता कार्यमा ८६.२६ प्रतिशत प्रगति भएको छ । त्यस्तै साना शहर बजार विकासबाट ग्रामीण विकास कार्यमा ९४.०९ प्रतिशत, एकीकृत कार्यमूलक योजना कार्यक्रममा ८५.७५ प्रतिशत, विशेष भौतिक तथा पूर्वाधार विकास योजनामा ९१.५७ प्रतिशत, शहरी विकास योजना अन्तर्गत अधिराज्यका ५६ स्थानमा शहरी पूर्वाधार विकास कार्यक्रम संचालन गर्ने घोषित ५ वटा नमूना शहरहरुमा भौतिक पूर्वाधार विकास कार्यक्रम संचालन गर्ने कार्य, काठमाडौको टुँडिखेल फेन्सिङ कार्य, पुराना वस्ती

वसोवास सुधारको संभाव्यता अध्ययन र हरिसिद्धि उपनगर विकास कार्यक्रममा ९२.४८ प्रतिशत प्रगति भएको छ । विष्णुमति लिंक रोड आयोजनामा ९७.८६ प्रतिशत, म्याङलुङ बजार पुनर्निर्माण आयोजनामा १०० प्रतिशत, शहरी वातावरण सुधार आयोजनामा ६१.७४ प्रतिशत र भवन निर्माण संहिता, सरकारी भवन निर्माणमा ८६.२८ प्रतिशत भौतिक प्रगति भएको छ ।

१२.४६ एशियाली विकास बैंकको ऋण सहयोग कार्यक्रम अन्तर्गत अधिराज्यका साना शहरमा खानेपानी कार्यक्रम संचालन गर्न खानेपानी आयोजनाको कूल लागतको ३० प्रतिशत ऋणस्वरुप रकम उपलब्ध गराउने बिषयमा आर्थिक वर्ष २०५९/६० मा १५ वटा साना शहरहरु र नगर विकास कोषवीच प्रारम्भिक सम्झौता भएको छ । त्यस्तै उक्त कोषबाट ५ वटा साना शहरवीच मूल संझौता तथा १ वटा (पर्सा नगर खानेपानी तथा सरसफाइ आयोजना) को लागि करीव १ करोड रुपैया वरावरको ऋण संझौता सम्पन्न भएको छ भने २०६०/६१ को प्रथम आठ महिनामा ३ वटा साना शहरहरुमा शहरी खानेपानी तथा सरसफाइ कार्यक्रमको लागि मूल संझौता सम्पन्न भएका छन् । त्यस्तै KFW को सहयोगमा एच.एस.एस.पि./जि.टि.जेड. को समन्वयमा विभिन्न जिल्लाका हेल्थ पोष्टहरुको सुधार तथा प्राथमिक स्वास्थ्य उपचार केन्द्रहरुलाई पुनर्निर्माण तथा विस्तार कार्यान्वयनको लागि प्राविधिक सहयोग प्रदान गरिएको छ । नगर विकास कोषले नगरपालिका लगायत नगर विकासका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने, नगरलाई स्वच्छ र सफा राख्ने, विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्ने र नगर विकासमा देखा परेको समस्या समाधानका लागि कार्यमूलक अनुसन्धान गर्ने कार्यको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने नीति अनुरुप आर्थिक वर्ष २०५९/६० मा अनुदानतर्फ वार्षिक लक्ष्यको ५९.२४ प्रतिशत, ऋणतर्फ २८.९६ प्रतिशत, अध्ययन तर्फ २४.३८ प्रतिशत र निर्माण सुपरिवेक्षण तर्फ ३४.१७ प्रतिशत प्रगति भएकोमा चालु आर्थिक वर्ष २०६०/६१ मा अनुदानतर्फ ३९.४ प्रतिशत, ऋणतर्फ १०० प्रतिशत, अध्ययनतर्फ १०.४ प्रतिशत र निर्माण सुपरिवेक्षण तर्फ ४९ प्रतिशत प्रगति भएको देखिन्छ ।

## महिला, श्रम तथा सीप विकास तथा वाल बालिका एवं समाजकल्याण

१२.४७ महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गहरुको हक, अधिकारको संरक्षण तथा विकासका लागि उपलब्ध साधन तथा स्रोतको उपयोग र परिचालन गर्ने नीति अनुरुप आर्थिक वर्ष २०५९/६० र चालु आर्थिक वर्षमा संचालन भएका क्रियाकलापहरुमध्ये महिला विकास तथा सशक्तीकरण कार्यक्रम अन्तर्गत सार्वजनिक प्रशासनका क्षेत्रमा महिला सहभागिता वृद्धि गर्न विशेष तयारी कक्षा संचालन गरी हालसम्म २६३ जना महिलाहरुलाई तालिम प्रदान गरिएको, महिला विरुद्धका विद्यमान विभेदपूर्ण कानूनहरुलाई समतामूलक वनाउनका लागि विधेयक मस्यौदा तयार गरिएको, सवै मन्त्रालयमा लैङ्गिक सम्पर्क विन्दुको व्यवस्था गरिएको, महिला सीप विकास केन्द्रबाट नेपाली कला र संस्कृति झल्कने स्वदेशी कच्चा पदार्थहरुको प्रयोग गरी ७२९० थान हस्तकलाका वस्तु उत्पादन, ३०० जनालाई सिलाई कटाई प्रशिक्षण प्रदान गरिनुका साथै खाडी मुलुकमा महिला कामदारलाई जान रोक लगाएको अवस्थामा हाललाई संगठित क्षेत्रमा काम गर्ने प्रतिवन्ध फुकुवा जस्ता कार्य गरिएको छ । अधिराज्यका ७५ जिल्लामा स्थापना भएका महिला विकास कार्यक्रमबाट महिलाहरुको उत्थान र

विकासका लागि विभिन्न कार्यहरु भैरहेका छन् । चालू आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनासम्ममा महिला विकास कार्यक्रम ७५ जिल्लाका ५६७ गा.वि.स. र २८ नगरपालिकामा संचालन गरी ३०१८६ समूह गठन भएको छ र ती समूहमा १५५५२६ महिला आवद्ध भएका छन् । वडा स्तरमा २३६० समूह सहित जम्मा २९५ वटा सहकारी संस्था समेत गठन गरी कूल रु. १८,८९,७५,०००।- बचत संकलन गरिएको छ ।

१२.४८ लैंगिक समताका लागि मूल प्रवाहीकरण कार्यक्रमले दलित, मुस्लिम तथा पिछडिएका जनजाति महिलाहरुको उत्थान र विकासका लागि अधिराज्यका ५ विकास क्षेत्रको उदयपुर, सिरहा, काभ्रेपलाञ्चोक, भक्तपुर, म्याग्दी, वाग्लुङ, दाङ्ग, बाँके, कैलाली र डडेल्धुरा गरी १० जिल्लाहरुमा गठन गरेको ३५ वटा समूहमा ८५४ जना महिला र १९५ जना पुरुषहरु आबद्ध भएका छन् । साथै १७५ जना महिला र पुरुषहरुलाई प्रशिक्षक प्रशिक्षण र सहजकर्ताको तालिम प्रदान गरिएको छ ।

१२.४९ लैंगिक समताका लागि मूल प्रवाहीकरण कार्यक्रम अन्तर्गत १० जिल्लाहरुमा लैंगिक न्यायलाई दृष्टिगत गरी महिला तथा केटाकेटीहरुमा हुने घरेलु हिंसा नियन्त्रण, चेलीवेटी वेचविखन नियन्त्रण तथा वलात्कार लगायतका हिंसाबाट पीडित महिलाहरुलाई निःशुल्क कानूनी सहायता प्रदान गर्ने कार्यक्रम संचालन भएको छ । सो कार्यक्रम अन्तर्गत ३४४ वटा मुद्दाहरु दर्ता भएकोमा ती मध्ये ३८ वटा मुद्दाहरु विचाराधीन रहेका, ५६ वटा मुद्दाहरुमा फैसला भएको, ४४८ जनालाई टेलिफोन हेल्पलाइनका माध्यमबाट सेवा प्रदान गरिएको र १००९ जनालाई विभिन्न बिषयमा अभिमुखीकरण प्रशिक्षण प्रदान गरिएको छ । चेलीवेटी वेचविखन नियन्त्रण सम्बन्धी संयुक्त कार्यक्रम नुवाकोट, कास्की र रुपन्देही जिल्लामा संचालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत नुवाकोट र कास्की जिल्लाका १०/१० वटा गा.वि.स. छनोट गरी प्रत्येक जिल्लामा जम्मा ८५५३ घरको घरधुरी सर्भेक्षण सहित ती जिल्लाहरुमा १/१ वटा जिल्लास्तरीय र दुवै जिल्लाहरुमा १६३ जना सदस्य समावेश भएका १६ वटा गाउस्तरीय कार्यदल गठन गरिएको छ । कार्यक्रम संचालन भएका गा.वि.स.हरुमा महिलाहरुलाई आवद्ध गरी नुवाकोटमा १७६ वटा र कास्कीमा १३३ वटा महिला निर्माण संचालन र व्यवस्थापन समूहको गठन भएको र ती दुइवटै जिल्लाका समूहहरुमा ५००८ जना सदस्यहरु समावेश भै रु. २३३५६५६।- बचत गरी रु. १९०१५२७।- कर्जा प्रवाह समेत भएको छ । यस वाहेकका जिल्लाहरुमा ७ वटा स्वास्थ्य परिचालन समूहमा १२७ जना आवद्ध भएका र १० वटा नेतृत्व परिचालन समूहमा १५० जना सदस्यहरु रहेका छन् । यस वाहेक ६ वटा प्राकृतिक चिकित्सा क्लिनिक संचालन गरिएको र सो क्लिनिकबाट ३००० जनाले सेवा लिइसकेका छन् । वेचविखनमा परेका चेलीवेटीहरुको पुनर्स्थापनाका लागि २ वटा केन्द्रहरुको स्थापना गरिएको र ती केन्द्रहरुबाट हालसम्म ३२ वटा मुद्दाहरुमा समाधान खोजिएको छ ।

१२.५० वाल अधिकार तथा संरक्षणका लागि दशौं योजनाले लिएका नीति तथा रणनीतिहरुका आधारमा सडक बालबालिकाहरुको पुनर्स्थापना कार्यक्रम अन्तर्गत उनीहरुलाई व्यावसायिक सीप एवं शिक्षा दिई आत्मनिर्भर बनाउने क्रममा गै.स.स. मार्फत विभिन्न ६ वटा विषयहरुमा त्यस्ता १०० जना बालबालिकाहरुलाई प्राविधिक शिक्षा प्रदान गरिएको छ । अनाथ बालबालिकाहरुलाई संरक्षण दिने सन्दर्भमा विराटनगर, राजविराज,

वुटवल तथा वीरगंज प्रत्येकमा २७ जनाका दरले र गै.स.स. मार्फत महेन्द्रनगर, कन्चनपुरमा संचालन भएका बाल अनाथालयमा ५० जना बालबालिकाहरुलाई निरन्तर रुपमा संरक्षण प्रदान गरिएको छ । बालबालिकाहरुको लागि आपत्कालीन राहत कार्यक्रम अनुसार द्वन्द पीडित १८ जिल्लाका १८० जना बालबालिकाहरु प्रत्येकलाई प्रति महिना रु. १०००।- का दरले अनुदान उपलब्ध गराई जिल्ला वाल मन्दिर, धनगढी र कपिलवस्तु तथा गै.स.स. द्वारा संचालित वालगृह नेपालगंजमा पुनर्स्थापना गराइएको छ । वाल वालिकाहरुका लागि १० बर्षे कार्य योजना तयार गर्ने कार्य भैरहेको छ । वालगृह संचालनका लागि न्यूनतम मापदण्ड लागू गरिएको र द्वन्दपीडित बालबालिकाहरुका लागि समन्वयात्मक कार्यक्रम संचालन गर्ने एक समिति गठन गरिएको छ ।

१२.५१ दशौ योजनाले निर्दिष्ट गरेका नीति तथा कार्यनीतिहरु अनुरुप अपाङ्गताका सम्वन्धमा सहयोग गर्ने अभिप्रायले सो क्षेत्रमा काम गर्ने २४ वटा संस्थाहरुलाई अनुदान दिने लगायत ७५ जिल्लाहरुमा परिचयपत्र वितरणका लागि आवश्यक सामग्रीहरुको वितरण हुनुका साथै ६५ जनालाई सीप विकास तालिम प्रदान गर्नुका अतिरिक्त ६ जिल्लाहरुमा समुदायमा आधारित पुनर्स्थापना CBR (community based rehabilitation) कार्यक्रम संचालन भएको छ ।

१२.५२ जेष्ठ नागरिकहरुको जीवन सहज, सुरक्षित, सम्मानित एवं सुनिश्चित गर्दै उनीहरुको योग्यता, अनुभव, ज्ञान र सीपलाई सामाजिक विकासमा उपयोग गर्ने अभिप्रायले विभिन्न २० वटा गैससहरुलाई अनुदान दिइएको, पशुपति वृद्धाश्रममा २०५ जना वृद्ध वृद्धाहरुलाई निरन्तर रुपमा आश्रय दिइएको र जेष्ठ नागरिक उपचार सेवा कार्यक्रम अधिराज्यका विभिन्न २८ जिल्लाहरुमा संचालन गरिएको छ ।

१२.५३ राज्यले अनुमोदन गरेको महिला तथा बालबालिकासंग सरोकार राख्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्वन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (Convention on the Elimination of all forms of Discrimination Against Women-CEDAW) र वेइजिङ्ग घोषणापत्र (Beijing Platform for Action) को कार्यान्वयनका निम्ति राष्ट्रिय कार्ययोजनाहरु तयार गरिएको छ । वाल अधिकार सम्वन्धी महासन्धि, Trafficking र ILO अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप वाल अधिकार सम्वन्धी महासन्धिको दोस्रो तथा तेस्रो आवधिक राष्ट्रिय प्रतिवेदन राष्ट्रसंघमा बुझाइसकिएको छ ।

## चुनौतीहरु

१२.५४ स्वास्थ्य सुविधालाई दुर्गम तथा पहाडी क्षेत्रमा विस्तार गरी चिकित्सकहरु आवश्यक संख्यामा ती क्षेत्रमा गई सेवा प्रदान गर्ने वातावरण सृजना गर्नका लागि उपयुक्त व्यवस्था गरी उनीहरुलाई उत्साहित र प्रेरित गर्ने सन्दर्भमा शान्ति सुरक्षाको असहज स्थितिका कारण ठूलो समस्या देखा परेको छ ।

१२.५५ आवश्यक पूर्वाधारको व्यवस्था नभइकन अव्यवस्थित रुपमा बढिरहेको शहरीकरणको तीव्र गतिले शहरभित्र जटिल समस्याहरु देखिइरहेका छन् । शहरभित्रका सबै ठाउँमा

मझौला यातायातको साधनसम्म पुग्न नसक्नाले दैवी प्रकोपको समय समुचित उद्धार कार्य हुन नसक्नु, खानेपानी र ढलको वेग्लावेग्लै व्यवस्था हुन नसकी दुवैलाई एउटै ठाउँबाट लैजानाले समय-समयमा पानी प्रदूषित हुन गै संक्रमण फैलिने गरेको जस्ता समस्यालाई समाधान गर्न साविकमा रहेका घरहरु हटाउनुपर्ने, सडकको लागि जग्गा छोड्नु पर्ने, सडकको लागि जग्गा छाडिदिंदा घरका लागि जग्गा पर्याप्त नरहने, निःशुल्क जग्गा प्रदान गर्ने जस्ता स्थानीय बसोबाससंगै जोडिएका सामुदायिक सरोकारका विषयमा स्थानीय जनतालाई प्रत्यक्ष रुपमा संलग्न बनाई उनीहरुकै सहमति र स्वामित्वमा कार्यक्रम संचालन गर्न सक्नुपर्ने चुनौती पनि सरकार समक्ष छ ।

१२.५६ सामाजिक सुरक्षा कवचलाई राष्ट्रले धान्न सक्ने गरी संचालन, विस्तार र अनुगमन गर्ने कार्य अझै पनि चुनौतीपूर्ण रहिरहेकै छ ।

१२.५७ उच्च माध्यमिक शिक्षालाई माध्यमिक शिक्षाको अभिन्न अंगको रुपमा विकास गर्न र एस.एल.सि. परीक्षाको गुणस्तर सुधार गरी सो परीक्षालाइ व्यवस्थीत गर्नुको साथै शैक्षिक कार्यक्रममा समान लैङ्गिक सहभागीता गराउने, शैक्षिक वेरोजगारी न्यून गराउदै जाने, सामुदायिक विद्यालयहरु प्रति अभिभावकहरुको आकर्षणमा वृद्धि गराउने, विद्यालय शिक्षा र उच्च शिक्षा वीचको खाडल साँगुरो गराउने जस्ता कार्यमा सफलता प्राप्त गर्न कठिन भइरहेको छ ।

# तालिका

# तालिका–सूची


| क्र.सं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १. | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक गतिविधि | | |
| | १.१ | कुल गार्हस्थ्य उत्पादन | १ |
| | १.२ | कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार) (प्रचलित मूल्यमा) | २ |
| | १.३ | कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार) (२०५१/५२ को मूल्यमा) | ३ |
| | १.४ | राष्ट्रिय आय : साधनको स्रोत र उपयोग | ४ |
| २. | सार्वजनिक वित्त | | |
| | २.१ | सरकारी खर्च र साधनको स्रोत | ५ |
| | २.२ | कर राजस्व | ६ |
| | २.३ | गैर-कर राजस्व | ७ |
| | २.४ | साधारण खर्च | ८ |
| | २.५ | विकास खर्च | १० |
| | २.६ | स्वीकृत वैदेशिक सहायता रकम (स्रोत अनुसार) | ११ |
| | २.७ | स्वीकृत वैदेशिक सहायता रकम (क्षेत्र अनुसार) | १२ |
| | २.८ | वैदेशिक सहायताको उपयोग (स्रोत अनुसार) | १३ |
| | २.९ | वैदेशिक सहायताको उपयोग (क्षेत्र अनुसार) | १४ |
| | २.१० | खूद वैदेशिक ऋण | १६ |
| | २.११ | सरकारी ऋणपत्रहरु र ट्रेजरी विलहरुको स्वामित्वको विवरण | १७ |
| ३. | मूल्य तथा आपूर्ति स्थिति | | |
| | ३.१ | शहरी क्षेत्रको समग्र उपभोक्ता मूल्य सूचकाङ्क | १८ |
| | ३.२ | शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क | २० |
| | ३.३ | समूहगत उपभोग्य वस्तुहरुको शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क | २१ |
| | ३.४ | राष्ट्रिय थोक मूल्य सूचकाङ्क (वस्तुगत) | २५ |
| | ३.५ | केही प्रमुख वस्तुहरुको सरदर खुद्रा बजार मूल्य | २६ |
| | ३.६ | केही कृषिजन्य वस्तुहरुको मासिक राष्ट्रिय सरदर खुद्रा मूल्य | २७ |
| | ३.७ | केही पेट्रोलियम पदार्थको मूल्य स्थिति | २८ |
| | ३.८ | केही प्रमुख पेट्रोलियम पदार्थको आपूर्ति स्थिति | २९ |
| ४. | मुद्रा, बैंकिङ्ग तथा कर्जा | | |
| | ४.१ | मौद्रिक सर्वेक्षण | ३० |
| | ४.२ | मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरु | ३१ |
| | ४.३ | वाणिज्य बैंकहरुको साधनको स्रोत र उपयोग | ३२ |
| | ४.४ | वाणिज्य बैंकहरुबाट कर्जा वितरण | ३३ |
| | ४.५ | केही वित्तीय संस्थाहरुको कर्जा विवरण | ३४ |
| ६. | वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति | | |

| | | | |
|---|---|---|---|
| | ६.१ | वैदेशिक व्यापारको स्थिति | ३५ |
| | ६.२ | वस्तुगत व्यापार (एस.आई.टि.सी. समूह अनुसार) | ३६ |
| | ६.३ | भारत निर्यात भएका केही प्रमुख वस्तुहरु | ३७ |
| | ६.४ | अन्य मुलुकतर्फ निर्यात भएका केही प्रमुख वस्तुहरु | ३८ |
| | ६.५ | परिवर्त्य विदेशी विनिमयको आय-व्यय | ३९ |
| | ६.६ | बैंकहरुसंग रहेको सुन र विदेशी मुद्राको संचिति | ४० |
| | ६.७ | शोधनान्तर स्थिति | ४१ |
| ८. | कृषि | | |
| | ८.१ | प्रमुख खाद्यान्न बालीहरु लगाइएको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व | ४३ |
| | ८.२ | प्रमुख नगदेवालीहरु लगाइएको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व | ४४ |
| | ८.३ | अन्य बालीहरुको उत्पादन स्थिति | ४५ |
| | ८.४ | पशुजन्य उत्पादन स्थिति | ४६ |
| | ८.५ | कृषि उत्पादनको सूचाकाङ्क | ४७ |
| | ८.६ | रासायनिक मल, उन्नत बीऊ र किटनाशक औषधिको प्रयोग | ४८ |
| | ८.७ | थप सिंचाइ सुविधा विस्तार | ४९ |
| | ८.८ | कृषि ऋण लगानी तथा असूली | ५० |
| | ८.९ | रासायनिक मलको मूल्य | ५१ |
| ९. | उद्योग, पर्यटन तथा सरकारी संस्थान | | |
| | ९.१ | समूहगत औद्योगिक उत्पादन | ५२ |
| | ९.२ | समूहगत औद्योगिक सूचकाङ्क | ५४ |
| | ९.३ | केही छानिएका उद्योगहरुको उत्पादन क्षमताको उपयोग | ५६ |
| | ९.४ | उद्योगको किसिम अनुसार वितरित ऋणको विवरण | ५७ |
| | ९.५ | दर्ता भएका घरेलु तथा साना उद्योगको संख्या | ५८ |
| | ९.६ | वाणिज्य वैंकहरुबाट सघन बैंकिङ्ग कार्यक्रम अन्तर्गत घरेलु उद्योग क्षेत्रमा वितरित कर्जा विवरण | ५९ |
| | ९.७ | केही छानिएका सरकारी क्षेत्रका उद्योगका उत्पादन क्षमताको प्रयोग | ६० |
| | ९.८ | श्री ५ को सरकार र सरकारी क्षेत्रका संस्थानवीच भएको नगद प्रवाहको विवरण | ६१ |
| | ९.९ | सरकारी क्षेत्रका संस्थानको वित्तीय कार्यकुशलता | ६२ |
| | ९.१० | औद्योगिक क्षेत्रको वर्तमान स्थिति | ६३ |
| | ९.११ | पर्यटक संख्या वृद्धि दर तथा बसाइ अवधि | ६५ |
| | ९.१२ | भ्रमणको उद्देश्य अनुसार पर्यटक आगमन संख्या (आगमन कार्डको आधारमा) | ६६ |
| | ९.१३ | प्रमुख क्षेत्र अनुसार पर्यटक आगमन संख्याको विवरण | ६७ |
| | ९.१४ | पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा | ६८ |
| | ९.१५ | होटल र होटल शैया संख्या | ६९ |
| | ९.१६ | पर्वतारोहण दल र संख्या | ७० |
| | ९.१७ | होटल व्यवस्थापन तथा पर्यटन सम्वन्धी तालिम | ७२ |

१०. ऊर्जा, वन तथा वातावरण
१०.१ उर्जा खपतको स्थिति ७३
१०.२ विद्युत उत्पादन तथा खपतको स्थिति ७४
१०.३ पेट्रोलियम पदार्थको खपत विवरण ७५

११. यातायात तथा संचार
११.१ सडक सुविधाको विस्तार ७६
११.२ थप सवारी साधन संख्या ७७
११.३ यातायात सुविधाको विस्तार तथा सामान ढुवानी परिमाण ७८
११.४ टेलिफोन सेवा विस्तार ७९

१२. सामाजिक सेवा
१२.१ प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालय तथा विद्यार्थीहरुको संख्या ८०
१२.२ प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक शिक्षक संख्या ८१
१२.३ सरकारी तथा निजी स्तरमा संचालित विद्यालय, विद्यार्थी तथा शिक्षकहरुको विकास क्षेत्र अनुसार संख्या ८२
१२.४ उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्या ८३
१२.५ स्वास्थ्य सेवाको विस्तार ८४
१२.६ खानेपानी तथा ढल निकास सुविधाको विस्तार ८५

# तालिका–सूची

क्र.सं. विषय पृष्ठ

१. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक गतिविधि
१.१ कुल गार्हस्थ्य उत्पादन १
१.२ कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार) (प्रचलित मूल्यमा) २
१.३ कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार) (२०५१/५२ को मूल्यमा) ३
१.४ राष्ट्रिय आय : साधनको स्रोत र उपयोग ४

२. सार्वजनिक वित्त
२.१ सरकारी खर्च र साधनको स्रोत ५
२.२ कर राजस्व ६
२.३ गैर-कर राजस्व ७
२.४ साधारण खर्च ८
२.५ विकास खर्च १०
२.६ स्वीकृत वैदेशिक सहायता रकम (स्रोत अनुसार) ११
२.७ स्वीकृत वैदेशिक सहायता रकम (क्षेत्र अनुसार) १२
२.८ वैदेशिक सहायताको उपयोग (स्रोत अनुसार) १३
२.९ वैदेशिक सहायताको उपयोग (क्षेत्र अनुसार) १४
२.१० खूद वैदेशिक ऋण १६

| | | | |
|---|---|---|---|
| | २.११ | सरकारी ऋणपत्रहरु र ट्रेजरी विलहरुको स्वामित्वको विवरण | १७ |
| ३. | मूल्य तथा आपूर्ति स्थिति | | |
| | ३.१ | शहरी क्षेत्रको समग्र उपभोक्ता मूल्य सूचकाङ्क | १८ |
| | ३.२ | शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क | २० |
| | ३.३ | समूहगत उपभोग्य वस्तुहरुको शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क | २१ |
| | ३.४ | राष्ट्रिय थोक मूल्य सूचकाङ्क (वस्तुगत) | २५ |
| | ३.५ | केही प्रमुख वस्तुहरुको सरदर खुद्रा बजार मूल्य | २६ |
| | ३.६ | केही कृषिजन्य वस्तुहरुको मासिक राष्ट्रिय सरदर खुद्रा मूल्य | २७ |
| | ३.७ | केही पेट्रोलियम पदार्थको मूल्य स्थिति | २८ |
| | ३.८ | केही प्रमुख पेट्रोलियम पदार्थको आपूर्ति स्थिति | २९ |
| ४. | मुद्रा, बैंकिङ्ग तथा कर्जा | | |
| | ४.१ | मौद्रिक सर्वेक्षण | ३० |
| | ४.२ | मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरु | ३१ |
| | ४.३ | वाणिज्य बैंकहरुको साधनको स्रोत र उपयोग | ३२ |
| | ४.४ | वाणिज्य बैंकहरुबाट कर्जा वितरण | ३३ |
| | ४.५ | केही वित्तीय संस्थाहरुको कर्जा विवरण | ३४ |
| ६. | वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति | | |
| | ६.१ | वैदेशिक व्यापारको स्थिति | ३५ |
| | ६.२ | वस्तुगत व्यापार (एस.आई.टि.सी. समूह अनुसार) | ३६ |
| | ६.३ | भारत निर्यात भएका केही प्रमुख वस्तुहरु | ३७ |
| | ६.४ | अन्य मुलुकतर्फ निर्यात भएका केही प्रमुख वस्तुहरु | ३८ |
| | ६.५ | परिवर्त्य विदेशी विनिमयको आय-व्यय | ३९ |
| | ६.६ | बैंकहरुसंग रहेको सुन र विदेशी मुद्राको संचिति | ४० |
| | ६.७ | शोधनान्तर स्थिति | ४१ |
| ८. | कृषि | | |
| | ८.१ | प्रमुख खाद्यान्न बालीहरु लगाइएको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व | ४३ |
| | ८.२ | प्रमुख नगदेवालीहरु लगाइएको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व | ४४ |
| | ८.३ | अन्य बालीहरुको उत्पादन स्थिति | ४५ |
| | ८.४ | पशुजन्य उत्पादन स्थिति | ४६ |
| | ८.५ | कृषि उत्पादनको सूचाकाङ्क | ४७ |
| | ८.६ | रासायनिक मल, उन्नत बीऊ र किटनाशक औषधिको प्रयोग | ४८ |
| | ८.७ | थप सिंचाइ सुविधा विस्तार | ४९ |
| | ८.८ | कृषि ऋण लगानी तथा असूली | ५० |
| | ८.९ | रासायनिक मलको मूल्य | ५१ |
| ९. | उद्योग, पर्यटन तथा सरकारी संस्थान | | |

| | | | |
|---|---|---|---|
| | ९.१ | समूहगत औद्योगिक उत्पादन | ५२ |
| | ९.२ | समूहगत औद्योगिक सूचकाङ्क | ५४ |
| | ९.३ | केही छानिएका उद्योगहरुको उत्पादन क्षमताको उपयोग | ५६ |
| | ९.४ | उद्योगको किसिम अनुसार वितरित ऋणको विवरण | ५७ |
| | ९.५ | दर्ता भएका घरेलु तथा साना उद्योगको संख्या | ५८ |
| | ९.६ | वाणिज्य बैंकहरुबाट सघन बैंकिङ्ग कार्यक्रम अन्तर्गत घरेलु उद्योग क्षेत्रमा वितरित कर्जा विवरण | ५९ |
| | ९.७ | केही छानिएका सरकारी क्षेत्रका उद्योगका उत्पादन क्षमताको प्रयोग | ६० |
| | ९.८ | श्री ५ को सरकार र सरकारी क्षेत्रका संस्थानवीच भएको नगद प्रवाहको विवरण | ६१ |
| | ९.९ | सरकारी क्षेत्रका संस्थानको वित्तीय कार्यकुशलता | ६२ |
| | ९.१० | औद्योगिक क्षेत्रको वर्तमान स्थिति | ६३ |
| | ९.११ | पर्यटक संख्या वृद्धि दर तथा बसाइ अवधि | ६५ |
| | ९.१२ | भ्रमणको उद्देश्य अनुसार पर्यटक आगमन संख्या (आगमन कार्डको आधारमा) | ६६ |
| | ९.१३ | प्रमुख क्षेत्र अनुसार पर्यटक आगमन संख्याको विवरण | ६७ |
| | ९.१४ | पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा | ६८ |
| | ९.१५ | होटल र होटल शैया संख्या | ६९ |
| | ९.१६ | पर्वतारोहण दल र संख्या | ७० |
| | ९.१७ | होटल व्यवस्थापन तथा पर्यटन सम्वन्धी तालिम | ७२ |
| १०. | **ऊर्जा, वन तथा वातावरण** | | |
| | १०.१ | उर्जा खपतको स्थिति | ७३ |
| | १०.२ | विद्युत उत्पादन तथा खपतको स्थिति | ७४ |
| | १०.३ | पेट्रोलियम पदार्थको खपत विवरण | ७५ |
| ११. | **यातायात तथा संचार** | | |
| | ११.१ | सडक सुविधाको विस्तार | ७६ |
| | ११.२ | थप सवारी साधन संख्या | ७७ |
| | ११.३ | यातायात सुविधाको विस्तार तथा सामान ढुवानी परिमाण | ७८ |
| | ११.४ | टेलिफोन सेवा विस्तार | ७९ |
| १२. | **सामाजिक सेवा** | | |
| | १२.१ | प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालय तथा विद्यार्थीहरुको संख्या | ८० |
| | १२.२ | प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक शिक्षक संख्या | ८१ |
| | १२.३ | सरकारी तथा निजी स्तरमा संचालित विद्यालय, विद्यार्थी तथा शिक्षकहरुको विकास क्षेत्र अनुसार संख्या | ८२ |
| | १२.४ | उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्या | ८३ |
| | १२.५ | स्वास्थ्य सेवाको विस्तार | ८४ |
| | १२.६ | खानेपानी तथा ढल निकास सुविधाको विस्तार | ८५ |

## तालिकाहरु बारे केही जानकारी

- संलग्न तालिकाहरुमध्ये केहीमा प्रस्तुत तथ्यांकहरु अद्यावधिक र पुनर्वर्गीकृत गरिएकोले विगत वर्षका प्रकाशनहरुसंग नमिल्न सक्दछन् ।
- केही तालिकाहरुको ढाँचा (format) र तथ्यांक प्रस्तुतीकरण एवं वर्गीकरणमा परिवर्तन गरिएकोले विगत वर्षका तालिकाहरु भन्दा भिन्न रुपमा प्रस्तुत गरिएका छन् ।
- कतिपय तालिकाहरु खास गरी वैदेशिक ऋण आदी प्रचलित विनिमय दरमा हिसाव गरिएकाले अघिल्लो वर्षको तथ्यांकसंग नमिल्न सक्दछन् ।
- कतिपय तथ्यांकहरुलाई लाख वा करोडमा लैजादा अंकहरु वृत्ताकार पारिएकाले कुल जोड नमिल्न सक्दछ ।
- तालिकामा देखाइएको खाली ठाउँ वा तेर्सो धर्सो (-) ले अधिकांशतः सम्बन्धित तथ्यांक प्राप्त नभएको वा ज्यादै कम प्राप्त भएको जनाउँदछ ।
- मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरुमा खूद वैदेशिक सम्पत्तिमा विनिमय दर परिवर्तनबाट भएको वृद्धि वा ह्रासलाई मिलान गरिएको छैन ।
- शोधनान्तर स्थितिमा देखाइएको परिवर्तन खूद परिवर्तन हो ।

# तालिका १.१ : कुल गार्हस्थ्य उत्पादन #

रु. करोडमा

| | २०४५/४६ | २०४६/४७ | २०४७/४८ | २०४८/४९ | २०४९/५० | २०५०/५१ | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६०* | २०६०/६१** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादन** | **८५८३.१** | **९९७०.२** | **११६१२.७** | **१४४९३.३** | **१६५३५.०** | **१९१५९.६** | **२०९९७.६** | **२३९३८.८** | **२६९५७.०** | **२८९७९.८** | **३३००१.८** | **३६६२५.१** | **३९३५६.६** | **४०५६३.२** | **४३५५३.१** | **४७२४२.४** |
| **(प्रचलित मूल्यमा)** | | | | | | | | | | | | | | | | |
| कृषि क्षेत्र | ४२५७.२ | ५०४७.० | ५५३६.८ | ६५१५.६ | ७००९.० | ८०५८.९ | ८५५६.९ | ९६८९.६ | १०८७८.५ | ११२४९.५ | १३२३७.३ | १४५१३.१ | १५१०५.९ | १६०१४.४ | १७११०.४ | १८३३५.७ |
| गैर-कृषि क्षेत्र | ४३२५.९ | ४९२३.२ | ६०७५.९ | ७९७७.७ | ९५२६.० | १११००.७ | १२४४०.७ | १४२४९.२ | १६०७८.५ | १७७३०.३ | १९७६४.५ | २२११२.० | २४२५०.७ | २४५४८.८ | २६४४२.७ | २८९०६.७ |
| **कुल गार्हस्थ्य उत्पादन** | **१५६४७.८** | **१६३८९.३** | **१७४९०.८** | **१८३३७.१** | **१८८७८.०** | **२०४३९.७** | **२०९९७.६** | **२२१९३.०** | **२३३०४.०** | **२४०८१.६** | **२५१७५.८** | **२६७०९.६** | **२७९७४.९** | **२७८८४.८** | **२८६४८.०** | **२९६४५.९** |
| **(२०५१।५२ को मूल्यमा)** | | | | | | | | | | | | | | | | |
| कृषि क्षेत्र | ७५१३.७ | ७९५१.२ | ८१३२.० | ८०३९.२ | ७९६३.१ | ८६३५.६ | ८५५६.९ | ८८८३.० | ९२७०.६ | ९३४९.६ | ९६१५.१ | १००८५.६ | १०६३८.० | १०८७५.२ | १११४७.१ | ११५६२.९ |
| गैर-कृषि क्षेत्र | ८१३४.१ | ८४३८.१ | ९३५८.८ | १०२९७.९ | १०९१४.९ | ११८०४.१ | १२४४०.७ | १३३१०.० | १४०३३.४ | १४७३२.० | १५५६०.७ | १६६२४.० | १७३३६.९ | १७००९.६ | १७५००.९ | १८०८३.० |
| **कुल गार्हस्थ्य उत्पादन मूल्य** | . | | | | | | | | | | | | | | | |
| **सुचकांक** | **५४.९** | **६०.८** | **६६.४** | **७९.०** | **८७.६** | **९३.७** | **१००.०** | **१०७.९** | **११५.७** | **१२०.३** | **१३१.१** | **१३७.१** | **१४०.७** | **१४५.५** | **१५२.०** | **१५९.४** |
| कृषि क्षेत्र | ५६.७ | ६३.५ | ६८.१ | ८१.० | ८८.० | ९३.३ | १००.० | १०९.१ | ११७.३ | १२०.३ | १३७.७ | १४३.९ | १४२.० | १४७.३ | १५३.५ | १५८.६ |
| गैर कृषि क्षेत्र | ५३.२ | ५८.३ | ६४.९ | ७७.५ | ८७.३ | ९४.० | १००.० | १०७.६ | ११४.६ | १२०.४ | १२७.० | १३३.० | १३९.९ | १४४.३ | १५१.१ | १५९.९ |
| **प्रतिशत परिवर्तन** | | | | | | | | | | | | | | | | |
| **कुल गार्हस्थ्य उत्पादन** | **१७.३** | **१६.२** | **१६.५** | **२४.८** | **१४.१** | **१५.९** | **९.६** | **१४.०** | **१२.६** | **७.५** | **१३.९** | **११.०** | **७.५** | **३.१** | **७.४** | **८.५** |
| **(प्रचलित मूल्यमा)** | | | | | | | | | | | | | | | | |
| कृषि क्षेत्र | १५.८ | १८.६ | ९.७ | १७.७ | ७.६ | १५.० | ६.२ | १३.२ | १२.३ | ३.४ | १७.७ | ९.६ | ४.१ | ६.० | ६.८ | ७.२ |
| गैर कृषि क्षेत्र | १८.८ | १३.८ | २३.४ | ३१.३ | १९.४ | १६.५ | १२.१ | १४.५ | १२.८ | १०.३ | ११.५ | ११.९ | ९.७ | १.२ | ७.७ | ९.३ |
| **कुल गार्हस्थ्य उत्पादन** | **५.२** | **४.५** | **६.३** | **४.६** | **२.९** | **७.६** | **२.७** | **५.४** | **४.८** | **३.३** | **४.५** | **६.१** | **४.७** | **-०.३** | **२.७** | **३.५** |
| **(२०५१।५२ को मूल्यमा)** | | | | | | | | | | | | | | | | |
| कृषि क्षेत्र | ५.७ | ५.५ | २.२ | -१.२ | -१.० | ७.८ | -०.९ | ३.७ | ४.२ | ०.८ | २.८ | ४.९ | ५.५ | २.२ | २.५ | ३.७ |
| गैर कृषि क्षेत्र | ४.६ | ३.६ | ९.८ | ९.१ | ५.७ | ७.५ | ५.१ | ६.५ | ५.२ | ४.७ | ५.३ | ६.८ | ४.३ | -१.९ | २.९ | ३.३ |

# गार्हस्थ्य उत्पादन बैंक सेवा शुल्क (bank service charge) घटाउनुपूर्वको साधनको लागतमा ।

* संशोधित अनुमान

** प्रारम्भिक अनुमान

स्रोत : केन्द्रीय तथ्यांक विभाग ।

## तालिका १.२ : कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार)

(प्रचलित मूल्यमा)

(नयाँ सिरिज अनुसार)

रु. करोडमा

| सि.नं. | उद्योग | २०४५/४६ | २०४६/४७ | २०४७/४८ | २०४८/४९ | २०४९/५० | २०५०/५१ | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६०* | २०६०/६१** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि, मत्स्यपालन तथा वन | ४२५७.२ | ५०४७.० | ५५३६.८ | ६५१५.६ | ७००९.० | ८०५८.९ | ८५५६.९ | ९६८९.६ | १०८७८.५ | ११२४९.५ | १३२३७.३ | १४५१३.१ | १५१०५.९ | १६०१४.४ | १७११०.४ | १८३३५.७ |
| २ | खानी | ४२.१ | ४४.९ | ५७.५ | ७९.५ | ९२.१ | ९९.० | १११.७ | १३४.२ | १४९.५ | १५५.३ | १६८.५ | १८१.५ | १९२.४ | २०५.६ | २१८.८ | २३३.० |
| ३ | उत्पादन उद्योग | ४८५.७ | ५९५.६ | ७८९.४ | १२८२.२ | १४६१.८ | १७८६.१ | १९५५.५ | २२४६.६ | २४८१.६ | २६९८.७ | ३०३३.७ | ३३५५.० | ३५४९.५ | ३२८०.५ | ३४३३.७ | ३६४१.८ |
| ४ | विद्युत, ग्यास तथा पानी | ४६.६ | ५२.३ | ८१.५ | १२४.१ | १५४.३ | २१६.३ | २८६.२ | ३५९.८ | ४४५.७ | ४३८.३ | ४६३.२ | ५९४.२ | ७००.४ | ८२६.३ | ९५०.५ | १०२३.१ |
| ५ | निर्माण | ८२३.१ | ८९४.३ | ११०७.८ | १४७६.९ | १७३१.८ | १९६२.१ | २३०९.३ | २६०९.३ | २९२६.३ | ३०४८.३ | ३३२६.२ | ३७३८.२ | ३९५८.४ | ४२२९.० | ४५०१.४ | ४७६४.१ |
| ६ | व्यापार, रेष्टुरां तथा होटल | ९०५.२ | १०५०.७ | १२९०.२ | १६५६.३ | १९२६.० | २२४९.७ | २४३२.६ | २८३१.७ | ३०५५.१ | ३३६८.७ | ३९३१.३ | ४२८९.५ | ४४५७.२ | ४०७७.२ | ४४०२.७ | ४८९३.७ |
| ७ | यातायात, संचार तथा भण्डार | ४७३.२ | ५७२.४ | ६५६.० | ८५५.८ | १०८१.९ | १२६२.५ | १३९९.५ | १५८९.८ | १९३१.५ | २२५९.८ | २४६३.१ | २९३३.६ | ३३२९.७ | ३४६५.२ | ३८०९.५ | ४४६६.७ |
| ८ | वित्त तथा घर जग्गा | ८०३.२ | ९२६.९ | १०९४.४ | १३२४.१ | १५६८.४ | १८१२.२ | २०५३.३ | २३५२.१ | २७१५.७ | २९७७.८ | ३३२०.३ | ३६९१.९ | ४१६३.४ | ४३८८.२ | ४७५५.३ | ५१४६.१ |
| ९ | सामुदायिक तथा सामाजिक सेवाहरु | ७४६.९ | ७८६.१ | ९९९.१ | ११७८.८ | १५११.५ | १७१२.८ | १८९२.४ | २१२५.७ | २३७३.१ | २७८३.४ | ३०५८.२ | ३३२८.१ | ३८९९.७ | ४०७६.८ | ४३७०.८ | ४७३८.२ |
| १० | **कुल गार्हस्थ्य उत्पादन** | | | | | | | | | | | | | | | | |
| | (साधनको लागतमा) | **८५८३.१** | **९९७०.२** | **११६१२.७** | **१४४९३.३** | **१६५३६.८** | **१९१५९.६** | **२०९९७.४** | **२३९३८.८** | **२६९५७.०** | **२८९७९.८** | **३३००१.८** | **३६६२५.१** | **३९३५६.६** | **४०५६३.२** | **४३५५३.१** | **४७२४२.४** |
| | *कृषि* | ४२५७.२ | ५०४७.० | ५५३६.८ | ६५१५.६ | ७००९.० | ८०५८.९ | ८५५६.९ | ९६८९.६ | १०८७८.५ | ११२५० | १३२३७ | १४५१३.१ | १५१०५.९ | १६०१४.४ | १७११०.४ | १८३३५.७ |
| | *गैर-कृषि* | ४३२५.९ | ४९२३.२ | ६०७५.९ | ७९७७.७ | ९५२६.० | १११००.७ | १२४४०.५ | १४२४९.२ | १६०७८.५ | १७७३०.३ | १९७५९ | २२११२.० | २४२५०.७ | २४५४८.८ | २६४४२.७ | २८९०६.७ |
| ११ | बैकिङ्ग सेवा शुल्क (-) | १३१.९ | १९५.४ | २२८.९ | २९३.३ | ३५७.८ | ४४७.३ | ५०६.० | ५९३.२ | ७००.९ | ७८९.६ | ९४३.८ | १०७०.८ | ११९१.२ | १२६२.४ | १३७६.० | १४०२.२ |
| १२ | **कुल गार्हस्थ्य उत्पादन** | | | | | | | | | | | | | | | | |
| | (साधनको लागतमा) | **८४५१.२** | **९७७४.८** | **११३८३.८** | **१४२००.०** | **१६१७९.०** | **१८७१२.३** | **२०४९१.४** | **२३३४५.६** | **२६२५६.१** | **२८१९०.२** | **३२०५८.०** | **३५५५४.३** | **३८१६५.४** | **३९३००.८** | **४२१७७.१** | **४५८४०.२** |
| १३ | खुद अप्रत्यक्ष कर (+) | ४७५.८ | ५६६.८ | ६५३.२ | ७४८.७ | ९७०.२ | १२१४.९ | १४२६.१ | १५४५.७ | १७९५.२ | १८९४.३ | २१४५.६ | २३९४.५ | २९१३.५ | २९२९.३ | ३३१६.४ | ३६४८.० |
| १४ | कुल गार्हस्थ्य उत्पादन | | | | | | | | | | | | | | | | |
| | (उत्पादक मूल्यमा) | **८९२७.०** | **१०३४१.६** | **१२०३७.०** | **१४९४८.७** | **१७१४९.२** | **१९९२७.२** | **२१९१७.५** | **२४८९१.३** | **२८०५१.३** | **३००८४.५** | **३४२०३.६** | **३७९४८.८** | **४१०७८.९** | **४२२३०.१** | **४५४९३.५** | **४९४८८.२** |

* संशोधित अनुमान

** प्रारम्भिक अनुमान

स्रोत: केन्द्रीय तथ्यांक विभाग ।

## तालिका १.३ : कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार)

(२०५१।५२ को मुल्यमा नयां सिरिज अनुसार)

रु. करोडमा

| उद्योग | २०४५/४६ | २०४६/४७ | २०४७/४८ | २०४८/४९ | २०४९/५० | २०५०/५१ | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६०* | २०६०/६१** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ कृषि, मत्स्यपालन तथा वन | ७५१३.७ | ७९५१.२ | ८१३२.० | ८०३९.२ | ७९६३.१ | ८६३५.६ | ८५५६.९ | ८८८३.० | ९२७०.६ | ९३४९.६ | ९६१८.३ | १००८५.६ | १०६३८.० | १०८७५.२ | १११४७.१ | ११५६२.९ |
| २ खानी | ८९.५ | ८४.६ | ९२.२ | ९९.६ | १०१.८ | १०८.० | १११.७ | १२६.२ | १३४.८ | १३६.५ | १४१.६ | १४८.० | १५४.७ | १५७.१ | १६०.१ | १६४.१ |
| ३ उत्पादन उद्योग | ९४२.६ | १०३५.० | १२१७.९ | १६०७.६ | १७०७.५ | १९१७.९ | १९५५.५ | २१३२.२ | २२८२.६ | २३६०.७ | २४८५.६ | २६६४.६ | २७६४.९ | २४८९.२ | २५३८.४ | २६०१.४ |
| ४ विद्यूत, ग्यास तथा पानी | १४३.० | १८४.५ | २४८.१ | २६४.९ | २४०.६ | २५५.३ | २८६.२ | ३४१.४ | ३४७.५ | ३३३.१ | ३५२.० | ४०२.५ | ४४१.३ | ४९७.६ | ५३४.८ | ५७५.७ |
| ५ निर्माण | १७५१.५ | १६९५.७ | १८२८.५ | १९६९.५ | २०४७.४ | २१७६.५ | २३०९.३ | २४७३.३ | २६३७.२ | २६९५.३ | २८७८.६ | ३१५५.० | ३१८२.३ | ३२१८.० | ३२७२.४ | ३२८१.२ |
| ६ व्यापार, रेष्टूरां तथा होटल | १६४६.६ | १६८२.४ | १८७०.१ | १९८२.८ | २११३.० | २२९४.७ | २४३२.६ | २५४२.४ | २६४५.८ | २७९८.१ | २९०६.९ | ३१०३.६ | ३१५०.७ | २८३२.९ | २९४८.४ | ३११८.७ |
| ७ यातायात, संचार तथा भण्डार | ७९१.७ | ८७५.९ | ९९१.० | १०७७.२ | ११५९.७ | १२६५.३ | १३९९.५ | १४७५.९ | १५९०.२ | १७१८.६ | १८३५.५ | १९६४.४ | २०८६.० | २१२०.१ | २२०२.१ | २३२५.० |
| ८ वित्त तथा घर जग्गा | १४१९.८ | १५१९.८ | १६६४.७ | १७५१.९ | १८५२.२ | १९६८.४ | २०५३.४ | २२०९.६ | २३१३.६ | २४४९.४ | २५७१.९ | २७०२.६ | २७४९.१ | २८४०.२ | २९२०.६ | ३००१.७ |
| ९ सामूदायिक तथा सामाजिक सेवाहरु | १३४९.४ | १३६०.२ | १४४६.४ | १५४४.४ | १६९२.९ | १८१८.० | १८९२.४ | २००९.० | २०८१.७ | २२४०.३ | २३८८.५ | २४८३.३ | २८०८.० | २८५४.५ | २९२४.१ | ३०१५.२ |
| *कृषि गार्हस्थ्य उत्पादन* | **७५१३.७** | **७९५१.२** | **८१३२.०** | **८०३९.२** | **७९६३.१** | **८६३५.६** | **८५५६.९** | **८८८३.०** | **९२७०.६** | **९३४९.६** | **९६१८.३** | **१००८५.६** | **१०६३८.०** | **१०८७५.२** | **१११४७.१** | **११५६२.९** |
| *गैर-कृषि गार्हस्थ्य उत्पादन* | **८१३४.१** | **८४३८.१** | **९३५८.९** | **१०२९७.९** | **१०९१५.१** | **११८०४.१** | **१२४४०.६** | **१३३१०.०** | **१४०३३.४** | **१४७३२.०** | **१५५६०.६** | **१६६२४.०** | **१७३३७.०** | **१७००९.६** | **१७५००.९** | **१८०८३.०** |
| **१० कूल गार्हस्थ्य उत्पादन (साधनको लागतमा)** | **१५६४७.८** | **१६३८९.३** | **१७४९०.९** | **१८३३७.१** | **१८८७८.२** | **२०४३९.७** | **२०९९७.५** | **२२१९३.०** | **२३३०४.०** | **२४०८१.६** | **२५१७८.९** | **२६७०९.६** | **२७९७५.०** | **२७८८४.८** | **२८६४८.०** | **२९६४५.९** |
| ११ बैंकिंग सेवा शुल्क (–) | २२८.७ | ३०६.० | ३२७.७ | ३५१.९ | ३८९.२ | ४५१.८ | ५०६.० | ५६१.६ | ५७०.३ | ६१८.१ | ६६१.० | ७२३.० | ७८३.१ | ८०६.४ | ८३९.४ | ८२५.२ |
| **१२ कूल गार्हस्थ्य उत्पादन** | **१५४१९.१** | **१६०८३.३** | **१७१६३.२** | **१७९८५.२** | **१८४८९.०** | **१९९८७.९** | **२०४९१.५** | **२१६३१.४** | **२२७३३.७** | **२३४६३.५** | **२४५१७.९** | **२५९८६.६** | **२७१९१.९** | **२७०७८.४** | **२७८०८.६** | **२८८२०.७** |
| १३ खुद अप्रत्यक्ष कर (+) | ८२४.८ | ८८७.४ | ९३४.६ | ८९७.९ | १०५४.१ | १२२८.७ | १४२६.१ | १४५६.१ | १५६८.४ | १५५३.७ | १६२४.० | १७५०.८ | २०७०.९ | २०१३.७ | २१८१.४ | २२९०.५ |
| **१४ कूल गार्हस्थ्य उत्पादन (उत्पादक मुल्यमा)** | **१६२४३.९** | **१६९७०.७** | **१८०९७.८** | **१८८८३.१** | **१९५४३.१** | **२१२१६.६** | **२१९१७.६** | **२३०८७.५** | **२४३०२.१** | **२५०१७.२** | **२६१४१.९** | **२७७३७.४** | **२९२६२.८** | **२९०९२.१** | **२९९९०.०** | **३१११.२** |

* संशोधित अनुमान

** प्रारम्भिक अनुमान

स्रोत : केन्द्रीय तथ्यांक विभाग ।

# तालिका १.४ : राष्ट्रिय आय : साधनको स्रोत र उपयोग

(प्रचलित मूल्यमा)

रु. करोडमा

| | २०४५/४६ | २०४६/४७ | २०४७/४८ | २०४८/४९ | २०४९/५० | २०५०/५१ | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६०* | २०६०/६१** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्यमा)** | **८९२७.०** | **१०३४१.६** | **१२०३७.०** | **१४९४८.७** | **१७१४७.४** | **१९९२७.२** | **२१९१७.५** | **२४८९१.३** | **२८०५१.३** | **३००८४.५** | **३४२०३.६** | **३७९४८.८** | **४१०७८.९** | **४२२३०.१** | **४५४९३.५** | **४९४८८.३** |
| + वस्तु र सेवाको आयात | १९१६.२ | २१८२.० | २७७८.५ | ३९३२.१ | ४७४२.९ | ६२९७.२ | ७५८५.० | ८८९९.६ | १०५७७.५ | १०१९४.९ | १०१६४.८ | १२३०५.५ | १२९१०.४ | १२७९६.१ | १४०५२.२ | १५७०२.३ |
| **कुल उपलब्ध स्रोत उपयोग** | **१०८४३.२** | **१२५२३.६** | **१४८१५.५** | **१८८८०.८** | **२१८९०.३** | **२६२२४.४** | **२९५०२.५** | **३३७९०.९** | **३८६२८.८** | **४०२७९.४** | **४४३६८.४** | **५०२५४.३** | **५३९८९.३** | **५५०२६.२** | **५९५४५.७** | **६५१९०.६** |
| **कुल उपभोग** | **७९१२.०** | **९५२७.३** | **१०८८५.६** | **१३३२८.०** | **१४८३०.२** | **१७००५.२** | **१८६७१.०** | **२१४४८.७** | **२४१३५.१** | **२५९४०.७** | **२९५४७.३** | **३२१९१.१** | **३४९२५.७** | **३७१५२.६** | **४०२१८.८** | **४३४३९.०** |
| गैर सरकारी क्षेत्रको उपभोग | ७०१७.३ | ८६३१.४ | ९७७७.१ | १२१३७.२ | १३३४०.२ | १५४०६.५ | १६६४४.३ | १९१४६.९ | २१६३६.४ | २३१३९.२ | २६४९४.४ | २८७९४.७ | ३०९१०.७ | ३२९१९.९ | ३५५५३.५ | ३८३९७.८ |
| सरकारी क्षेत्रको उपभोग | ८९४.७ | ८९५.९ | ११०८.५ | ११९०.८ | १४९०.० | १५९८.७ | २०२६.७ | २३०१.८ | २४९८.७ | २८०१.५ | ३०५२.९ | ३३९६.४ | ४०१५.० | ४२३२.७ | ४६६५.३ | ५०४१.२ |
| **कुल लगानी** | **१९४१.५** | **१९०७.६** | **२५०७.४** | **३१६१.९** | **३९६५.३** | **४४६४.४** | **५५२३.१** | **६८०१.७** | **७१०८.४** | **७४७२.८** | **७००६.१** | **९२२७.२** | **९८८१.५** | **१०१६६.८** | **११७५०.४** | **१३२१०.७** |
| **कुल स्थिर पूंजी निर्माण** | **१६३९.२** | **१७००.२** | **२२७८.०** | **२९२७.७** | **३७२७.८** | **४२०३.२** | **४८३७.०** | **५६०८.१** | **६०७९.४** | **६५३७.५** | **६५२६.९** | **७३३२.४** | **७८०३.१** | **८१६१.३** | **८६९६.३** | **९२६१.९** |
| सरकारी | ७९०.२ | ७९६.८ | ८६८.३ | १०३३.१ | ११७६.९ | १३३८.० | १५०७.० | १७६२.४ | १९३९.२ | २२५७.३ | २३८८.८ | २६४३.६ | ३१२६.८ | ३२०४.४ | ३१२५.२ | ३३२७.४ |
| गैर सरकारी | ८४९.० | ९०३.४ | १४०९.७ | १८९४.५ | २५५०.९ | २८६५.२ | ३३३०.० | ३८४५.७ | ४१४०.२ | ४२८०.२ | ४१३८.१ | ४६८८.८ | ४६७६.३ | ४९५६.९ | ५५७१.१ | ५९३४.५ |
| स्टकमा परिवर्तन | ३०२.३ | २०७.४ | २२९.४ | २३४.२ | २३७.५ | २६१.२ | ६८६.१ | ११९३.६ | १०२९.० | ९३५.३ | ४७९.२ | १८९४.८ | २०७८.४ | २००५.६ | ३०५४.२ | ३९४८.८ |
| वस्तु र सेवाको निर्यात | ९८९.७ | १०८८.७ | १४२२.६ | २३९०.९ | ३०९४.८ | ४७५४.८ | ५३०८.४ | ५५४०.५ | ७३८५.३ | ६८६५.९ | ७८१५.० | ८८३६.० | ९१८२.१ | ७७०६.८ | ७५७६.४ | ८५४०.९ |
| कुल गार्हस्थ्य बचत | १०१५.० | ८१४.३ | ११५१.४ | १६२०.७ | २३१७.२ | २९२२.० | ३२४६.५ | ३४४२.६ | ३९१६.२ | ४१४३.८ | ४६५६.३ | ५७५७.७ | ६१५३.२ | ५०७७.५ | ५२७४.७ | ६०४९.३ |
| खूद साधनको आय | १५४.१ | १९३.४ | २१४.७ | २७१.५ | ३२३.१ | ३८६.३ | ४८१.७ | ३५६.६ | ४६६.० | ६०२.५ | १०८८.१ | १३१२.५ | १६१७.२ | १८३७.५ | १६१९.४ | १२९५.५ |
| खूद ट्रान्सफर | ११.६ | १७.२ | २१.८ | ४८.२ | ५८.१ | ४९.५ | ८१.९ | ९०.० | १००.९ | ११५.८ | १२०.५ | १३१.९ | १४५.६ | १७०.१ | २३९.२ | २६५.० |
| कुल राष्ट्रिय वचत | ११८०.७ | १०२४.९ | १३८७.९ | १९४०.४ | २६९८.४ | ३३५७.८ | ३८१०.१ | ३८८९.२ | ४४८३.१ | ४८६२.० | ५८६४.८ | ७०७०.२ | ७७७०.४ | ६९१५.० | ६८९४.१ | ७३४४.८ |
| **कुल राष्ट्रिय आय (वजार मूल्यमा)** | **९०८१.१** | **१०५३५.०** | **१२२५१.७** | **१५२२०.२** | **१७४७०.५** | **२०३१३.५** | **२२३९९.२** | **२५२४७.९** | **२८५१७.३** | **३०६८७.०** | **३५२९१.७** | **३९२६१.३** | **४२६९६.१** | **४४०६७.६** | **४७११२.९** | **५०७८३.८** |

* संशोधित अनुमान

** प्रारम्भिक अनुमान

स्रोत : केन्द्रीय तथ्यांक विभाग ।

तालिका २.१ : सरकारी खर्च र साधनको स्रोत

रु. करोडमा

| | २०४५/४६ | २०४६/४७ | २०४७/४८ | २०४८/४९ | २०४९/५० | २०५०/५१ | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **खर्च** | **१,८००.५०** | **१,९६६.९३** | **२,३५४.९८** | **२,६४१.८२** | **३,०८९.७७** | **३,३५९.७४** | **३,९०६.००** | **४,६५४.२४** | **५,०७२.३७** | **५,६११.८३** | **५,९५७.९०** | **६,६२७.२५** | **७,९८३.५१** | **८,००७.२२** | **८,४००.६१** |
| साधारण | ५६७.६२ | ६६७.१८ | ७५७.०३ | ९९०.५४ | १,१४८.४१ | १,२४०.९२ | १,९२६.५१ | २,१५६.१९ | २,४१८.११ | २,७१७.४४ | ३,१०४.७७ | ३,४५२.३३ | ४,२७६.९२ | ४,८५९.०० | ५,४९७.३१ |
| विकास | १,२३२.८८ | १,२९९.७५ | १,५९७.९५ | १,६५१.२८ | १,९४१.३६ | २,११८.८२ | १,९७९.४९ | २,४९८.०५ | २,६५४.२६ | २,८९४.३९ | २,८५३.१३ | ३,१७४.९२ | ३,७०६.५९ | ३,१४८.२२ | २,९०३.३० |
| **आय** | **९४५.७५** | **१,१२६.२९** | **१,२८९.४७** | **१,५१५.६५** | **१,८९४.१७** | **२,१९७.४४** | **२,८५१.२३** | **३,२७१.८२** | **३,६३६.१८** | **३,८३४.०५** | **४,१५८.७६** | **४,८६०.५५** | **५,५६४.७०** | **५,७१३.१६** | **६,७५६.८९** |
| राजस्व | ७७७.६९ | ९२८.७५ | १,०७२.९९ | १,३५१.२७ | १,५१४.८४ | १,९५८.०८ | २,४५७.५२ | २,७८९.३१ | ३,०३७.३५ | ३,२९३.७९ | ३,७२५.१० | ४,२८९.३८ | ४,८८९.३६ | ५,०४४.५५ | ५,६२२.९८ |
| बैदेशिक अनुदान | १६८.०६ | १९७.५४ | २१६.४८ | १६४.३८ | ३७९.३३ | २३९.३६ | ३९३.७१ | ४८२.५१ | ५९८.८३ | ५४०.२६ | ४३३.६६ | ५७१.१७ | ६७५.३४ | ६६८.६१ | १,१३३.९१ |
| **बचत (+) न्यून (-)** | **-८५४.७५** | **-८४०.६४** | **-१,०६५.५१** | **-१,१२६.१७** | **-१,१९५.६०** | **-१,१६२.३०** | **-१,०५४.७७** | **-१,३८२.४२** | **-१,४३६.१९** | **-१,७७७.७८** | **-१,७९९.१४** | **-१,७६६.७०** | **-२,४१८.८१** | **-२,२९४.०६** | **-१,६४३.७१** |
| | | | | | | | | | | | | | | | |
| न्यून ब्यहोरिने स्रोतहरु | | | | | | | | | | | | | | | |
| बैदेशिक ऋण | ५६६.६४ | ५९५.९६ | ६२५.६७ | ६८१.६९ | ६९२.०९ | ९१६.३६ | ७३१.२३ | ९४६.३९ | ९०४.३६ | १,१०५.४५ | १,१८५.२४ | १,१८१.२२ | १,२०४.४० | ७६९.८७ | ४५४.६४ |
| **आन्तरिक ऋण** | **१३३.००** | **२१५.००** | **४५५.२७** | **२०७.८८** | **१६२.००** | **१८२.००** | **१९०.००** | **२२०.००** | **३००.००** | **३४०.००** | **४७१.००** | **५५०.००** | **७००.००** | **८००.००** | **८८८.००** |
| (क) बैंकिङ्ग क्षेत्र | १३२.०० | १४५.०० | ३७१.३२ | ११७.८८ | ९२.०० | १००.०० | १३०.०० | ७५.०० | १५०.०० | १६०.०० | २८५.०० | ३३०.०० | - | - | - |
| (ख) गैर बैंकिङ्ग क्षेत्र | १.०० | ७०.०० | ८३.९५ | ९०.०० | ७०.०० | ८२.०० | ६०.०० | १४५.०० | १५०.०० | १८०.०० | १८६.०० | २२०.०० | - | - | - |
| **मौज्दात परिवर्तन (-) बचत** | **१५५.११** | **२९.६८** | **-१५.४३** | **२३६.६०** | **३४१.५१** | **६३.९४** | **१३३.५४** | **२१६.०३** | **२३१.८३** | **३३२.३३** | **१४२.९०** | **३५.४८** | **५१४.४१** | **७२४.१९** | **३०१.०७** |

द्रष्टव्य : प्रत्यक्ष भुक्तानीमा विनिमय दर परिवर्तन समायोजन गरिएको ।

स्रोत : अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय ।

तालिका २.२ : कर राजस्व

रु. करोडमा

| | शीर्षक | २०४५।४६ | २०४६।४७ | २०४७।४८ | २०४८।४९ | २०४९।५० | २०५०।५१ | २०५१।५२ | २०५२।५३ | २०५३।५४ | २०५४।५५ | २०५५।५६ | २०५६।५७ | २०५७।५८ | २०५८।५९ | २०५९।६० | प्रथम आठ महिना | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | | | | | | | | | | | | | | | | | २०५९/६०* | २०६०/६१* |
| १. | **भन्सार महसुल** | **२२८.९९** | **२६८.४९** | **३०४.४३** | **३३५.८९** | **३९४.५०** | **५२५.५०** | **७०१.८१** | **७३२.७४** | **८३०.९१** | **८५०.२२** | **९५१.७७** | **१०८१.३३** | **१२५५.२१** | **१२६५.८७** | **१४२३.६४** | **८८३.२७** | **९२३.९१** |
| | पैठारीवाट | २१३.३९ | २६४.६० | २७५.२६ | २७९.५२ | ३१७.८० | ४३५.६० | ५८४.०१ | ६२४.६५ | ७०९.३२ | ७०१.९४ | ७६९.८३ | ८९५.९९ | १०३९.१९ | ९६७.८४ | १०५६.७७ | ६७४.९८ | ७१८.१३ |
| | निकासीवाट | ६.२७ | ३.२६ | ७.८५ | ११.४७ | १४.०७ | ४२.७० | ३३.२५ | १४.९९ | १६.७८ | २१.७१ | ३७.८० | ४३.२५ | ४९.२६ | ९१.७४ | ८५.५६ | ६६.५७ | ४०.५४ |
| | भारतीय अन्तःशुल्क फिर्ता | ९.१६ | ०.०० | २१.१७ | ४४.७४ | ६२.३५ | ४६.०४ | ८३.७५ | ८९.९९ | १००.९१ | ११०.२० | १२०.६० | १३३.१७ | १४५.६२ | १७०.०९ | २३७.०६ | ११३.२२ | १३०.८६ |
| | अन्य | ०.१७ | ०.६३ | ०.१५ | ०.१६ | ०.२८ | १.१६ | ०.८० | ३.११ | ३.९० | १६.३७ | २३.५४ | ८.९२ | २१.१४ | ३६.२१ | ४४.२५ | २८.५० | ३४.३७ |
| २. | **वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर** | **२६६.५९** | **३१६.३९** | **३७६.३०** | **४९२.१५** | **५६८.१३** | **७२६.१२** | **८७९.२६** | **९६८.४७** | **१०७७.५२** | **११२४.९७** | **११७१.९१** | **१३३८.७४** | **१६१५.३६** | **१६०७.४३** | **१८२४.४८** | **१०८८.८५** | **१२७२.६१** |
| | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ८७.०९ | १०९.४९ | ११९.९६ | १४१.४१ | १४५.२४ | १५९.२२ | १६५.७३ | १९४.४३ | २२९.८१ | २८८.५८ | २९५.३२ | ३१२.७६ | ३७७.१२ | ३८०.७० | ४७८.५१ | २८८.०१ | ३९०.०४ |
| | भदभट्टी ठेक्का | ०.६८ | ०.२१ | ०.०६ | ०.०२ | ०.०४ | ०.०३ | - | - | - | - | ०.०० | ०.०० | | | | | |
| | बिक्री कर र मूल्य अभिवृद्धि कर | १३७.९७ | १६५.०१ | २०२.६१ | २८४.०७ | ३४३.८२ | ४६९.३१ | ६०३.१७ | ६४३.१३ | ७१२.६५ | ७१२.२६ | ७८८.२२ | ९८५.४९ | १२०४.७८ | ११९६.४० | १३४५.९७ | ८००.७३ | ८८२.५७ |
